२९६
भक्तपुर मासिक
Bhaktapur Monthly
जेठ २०७८
ISSN 2705-4454
9 772705 445004



# महामारी नियन्त्रण रोकथामको लागि
# जनसहयोगको ओइरो

- नेमकिपा निर्वाचनलाई देश र जनताको व्यापक हितमा उपयोग गर्छ
- नागरिकता अध्यादेश देश र जनताको हितमा छैन
- 'सरकारले सहयोग नगरेपछि हामीले जनतासँग सहयोग माग गऱ्यौँ'
- नागरिकता अध्यादेश : ओली सरकारको अर्को कलङ्क
- भक्तपुरको दत्तात्रय चोक र त्यहाँस्थित भीमसेन मन्दिर
- चोछैं टोल र सुन्दरगोपाल मन्दिरको महत्त्व
- 'मन्दबुद्धि' का विश्वविख्यात वैज्ञानिक अल्बर्ट आइन्स्टाइन (२)
- अदुवा खेती प्रविधि
- भक्तपुर नपाका गतिविधि

# चित्रमा केही गतिविधि







भक्तपुर नपाका प्रमुख र उपप्रमुखबाट कोभिड युनिटको एचडीयू र आइसोलेशन कक्षको निरीक्षण (वैशाख २९ गते) (चित्र १,२,३)



















भक्तपुर नपाबाट सबै वडामा स्थापित कोभिड १९ को खोप केन्द्र (चित्र ४-८)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j l{ #*⋆cÆ &⋆g};⫩!$!⋆lj÷;⫩@)&*h]7⋆A.D.2021

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)






'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

**‘गेरू वस्त्र धारण गर्दैमा साधु बनिँदैन मनलाई साधु बनाऊ ।’ – विदुर**

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | नेमकिपा निर्वाचनलाई देश र जनताको व्यापक हितमा उपयोग गर्छ | नारायणमान बिजुक्छें | ३ |
| २) | नागरिकता अध्यादेश देश र जनताको हितमा छैन | प्रेम सुवाल | ५ |
| ३) | ‘सरकारले सहयोग नगरेपछि हामीले जनतासँग सहयोग माग गऱ्यौं’ | सुनिल प्रजापति | ६ |
| ४) | भक्तपुर नपामा जनप्रतिनिधि बहाल भएको चार वर्ष | प्रमुख सुनिल प्रजापति | ८ |
| ५) | ख्वप अस्पताललाई जनताको अस्पताल बनाउने अभियानको सुखद् शुरुवात भएको छ | प्रमुख प्रजापति | १३ |
| ६) | नागरिकता अध्यादेश : ओली सरकारको अर्को कलङ्क | विवेक | १५ |
| ७) | भक्तपुरको दत्तात्रय चोक र त्यहाँस्थित भीमसेन मन्दिर | डा. बलराम कायस्थ | १७ |
| ८) | चोछेँ टोल र सुन्दरगोपाल मन्दिरको महत्त्व | ओम धौभडेल | २१ |
| ९) | किम इल सङको संस्मरण : शताब्दीका साथ (७) | – | २४ |
| १०) | भक्तपुर थालाछेँचोकको चैत्यको शिलाभिलेख | पुरुषोत्तमलोचन श्रेष्ठ | २९ |
| ११) | ‘मन्दबुद्धि’ का विश्वविख्यात वैज्ञानिक अल्बर्ट आइन्स्टाइन–२ | राजेन्द्रबहादुर कायष्ठ | ३० |
| १२) | आइन्स्टाइनको अर्को पाटो | प्रस्तुति : केशव | ३४ |
| १३) | ख्वप अस्पतालमा सुविधा सम्पन्न नि:शुल्क आइसोलेसन | सबिना श्रेष्ठ | ३६ |
| १४) | पीसीआर पोजिटिभ आए के गर्ने ? | डा. रवीन्द्र पाण्डे | ३८ |
| १५) | कोभिड महामारीको दोस्रो प्रहार ! | राकस्था | ३९ |
| १६) | हेनरी किसिन्जरको आँखामा चीन | एक शिक्षक | ४१ |
| १७) | अदुवा खेती प्रविधि | सबिन ख्याजू | ४५ |
| १८) | भक्तपुर नगरपालिका, कार्यपालिकाको बैठक निर्णय | – | ४८ |
| **१९)** | **भक्तपुर नपालाई सहयोगको ओइरो, दाताहरूलाई हार्दिक धन्यवाद !** | – | ५५ |
| **२०)** | **सहयोग हस्तान्तरणका केही चित्र** | – | क–त |
| **२१)** | **केही दाताहरूका प्रतिक्रिया** | – | ७५ |
| २२) | नपा गतिविधि | – | ८३ |
| २३) | विविध समाचार | – | ९१ |
| २४) | उदात्त सहयोगको उच्च सम्मान (सम्पादकको पृष्ठ) | – | १०८ |

**साथमा –** मूर्ख गधा–२३/बसिबियाँलो–३७/पाठक पत्र–९८/उपत्यकामा निषेधाज्ञा थपियो–९८/नेपालमा कोरोना सङ्क्रमण–९९/भक्तपुर जिल्लामा कोरोना सङ्क्रमितको विवरण–९९/विश्वमा कोभिड–१९ को स्थिति १००/ २७ वर्ष काम लाग्ने क्यालेन्डर–१०२/हाम्रो स्वास्थ्य–१०३/आफन्तीको कथा–१०३/स्थानीय सरकार सञ्चालन ऐन २०७४ (१९)–१०४/SKETCHES FROM NIPAL-Henry Ambrose Oldfield (60) १०६ ।





# 'नेमकिपा निर्वाचनलाई देश र जनताको व्यापक हितमा उपयोग गर्छ'- नारायणमान बिजुक्छेँ

*(संसद् विघटन, निर्वाचन घोषणा र नागरिकतासम्बन्धी जारी अध्यादेशबारे नेमकिपाको धारणा बुझ्न पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) सँग 'श्रमिक' साप्ताहिक (जेठ ११) ले लिएको अन्तरवार्ता)*

**प्रश्न :** फेरि चुनावको घोषणा भयो । के यो चुनाव हुन्छ ? नेमकिपाले स्वागत गर्नुको कारण के हो ? देशले निर्वाचन थेग्न सक्ला र यो स्थितिमा ?

**बिजुक्छेँ :** चुनावको घोषणा सधैँ सरकारले गर्छ, निर्वाचन आयोगले आवश्यक बन्दोवस्त गर्छ । कसैलाई मन पर्नु-नपर्नु दोस्रो विषय हो, नेमकिपाको दृष्टिकोणमा प्रजातन्त्रको एउटा महत्त्वपूर्ण सर्त निर्वाचन हो । निर्वाचनलाई स्वीकार नगर्नु बहिष्कार र आन्दोलन हो । नेमकिपा देश र जनताको हितमा हुने कुनै पनि आन्दोलनको पक्षमा रहन्छ । नेमकिपा निर्वाचनलाई देश र जनताको व्यापक हितमा उपयोग गर्छ ।

**प्रश्न :** नेमकिपाले निर्वाचनलाई उपयुक्त विकल्प भनेको छ । यसलाई कतिपयले केपी ओलीको नेतृत्वमा बनेको सरकारको समर्थनको रूपमा प्रचार गरिरहेका छन् । यसबारे स्पष्ट पारिदिनु हुन्छ कि ?

**बिजुक्छेँ :** नेमकिपाले निर्वाचनको विरोध र स्वीकारको सर्त आफ्नो दल सरकारमा सहभागी हुने वा नहुने भन्ने दृष्टिले हेर्दैन बरु निर्वाचनलाई पनि एक वर्गीय र राजनैतिक सङ्घर्ष तथा आन्दोलनको रूपमा हेर्छ । यसबारे नेका, एमाले, एमाओवादी आदि राजनैतिक दलहरूले २०३६ सालदेखि राम्रो जानकारी राखेकै विषय हो ।

**प्रश्न :** बदलिँदो राजनीतिक घटनाक्रमलाई यहाँले कसरी हेरिरहनुभएको छ ? विपक्षीहरू अदालत गएका छन् ? के भन्नुहुन्छ ?

**बिजुक्छेँ :** दुई ठूला र शासक दलहरूको सत्ताको झगडालाई नेमकिपा शासनमा जाने लुछाचुँडीको रूपमा हेर्छ । विपक्षीहरू अदालतमा जानु अनौठो होइन, अगाडि पनि गएकै हुन् । ल्याटिन अमेरिकी देशहरूमा पनि कहिलेकाहीँ अदालतले राजनैतिक निर्णय गरेकोबारे सबै राजनैतिक दलहरू अवगत नै छन् । जनता र संसद्ले गर्ने काम एक एक पाइला गरेर अदालतलाई जिम्मा दिने हो भने अर्को संविधानमा सोअनुसारको बन्दोवस्त हुने नै छ ।



**प्रश्न :** सत्ताधारी पार्टी र विपक्षी पार्टीहरू दुवै पक्षलाई भारतका गोटीको रूपमा नेमकिपाले लिइरहेको देखिन्छ । जनतामा रहेको अन्योल चिर्न नेमकिपाका कार्यकर्ताको जिम्मेवारी कस्तो हुनसक्छ ?

**बिजुक्छेँ :** शासक दलहरूको बीच सङ्घर्ष हुँदा भारतीय एकाधिकार पूँजीले सदा नेका र राजाको बीचमा खेलेकै थियो । राजाले नेका र वामपन्थीहरूको बीचमा खेल्थे । काठमाडौंमा हुने हरेक राजनैतिक सङ्घर्षको बेला मौकाको फाइदा भारतले उठाउने गरेको नेपाली जनताले बिर्सेका छैनन् । एउटा आन्दोलनपछि टनकपुर गयो भने अर्को आन्दोलनमा महाकाली गयो । अबको आन्दोलनपछि भारतले चुच्चे नक्सा फिर्ता लिन दबाब दिन्छ र अर्को आन्दोलनपछि लिम्पियाधुरा, कालापानी र लिपुलेक भारतको नक्सामा पार्ने सम्झौतामा नेपाललाई हस्ताक्षर गराउनेछ – तिब्बत जाने सडकका साथ । फेरि, कहिलेदेखि थाती रहेको नागरिकताको अध्यादेश अहिले आयो, पक्ष र विपक्षलाई पालैपालो सत्तामा ल्याएर भारतीय एकाधिकार पूँजीले अरू पनि आफ्नो पोल्टामा पार्ने निश्चित छ । यसकारण, एमालेलाई नेमकिपाले 'भाइकाङ्ग्रेस' भनेको प्रस्ट हुँदै छ । नेका, एमाले र एमाओवादी नाम र रङ्ग फरक-फरक भए पनि वर्गीयरूपले पूँजीवादी राजनैतिक दल नै हुन् ।

हरेक निर्वाचनमा नेमकिपाले पूँजीवादी व्यवस्थालाई उदाङ्ग्याउने नीति लिँदै आएको हो, अहिले पनि निर्वाचन भयो भने त्यही नीति लिने निश्चित छ। नेमकिपाका कार्यकर्ताहरूले आफ्नो बल र बुद्धिले भ्याएसम्म पूँजीवादी निर्वाचनलाई उदाङ्ग्याउँदै जानेछन्।

**प्रश्न :** नागकरिकतासम्बन्धी अध्यादेश जारी भयो। अध्यादेश देशको हितमा छ ? तराई–केन्द्रित दललाई खुसी पारेर सत्ता जोगाउने दाउ हो भनी विरोध हुँदै छ। यहाँ के भन्नुहुन्छ ?

**बिजुक्छैं :** देशको नागरिकता सिनेमा हलको टिकटभन्दा सस्तो –सजिलो पार्दै आएकोमा नेमकिपाले सदा विरोध गर्दै आएको हो। भारतीय एकाधिकार पूँजी एक–एक पाइला गरेर नेपालीभन्दा विदेशी नागरिक बढाउने उद्देश्य पूरा गर्ने बाटोमा छ। शेरबहादुर देउवा, माधव नेपाल र प्रचण्डहरू पहिलेदेखि यसै बाटोमा थिए। ठगहरूले साना केटाकेटीलाई चकलेट दिएर खुट्टाको कल्ली र कानको गहना लगे जस्तै भारतीय एकाधिकार पूँजीले पालैपालो नेपाली पूँजीवादी दलहरूलाई सत्तामा ल्याउँदै असमान सन्धिमा हस्ताक्षर गराउँदै दल र नेताहरूलाई पत्रु बनाउँदै छ।

**प्रश्न :** देश सिक्किमीकरण या फिजीकरणतर्फ उन्मुख भएकै हो त ? यस्तै अवस्थामा नागरिकता जस्तो संवेदनशील विषय अगाडि सारिनु के उचित हो र ?

**बिजुक्छैं :** बलियो शक्तिले कमजोर देशको हरेक राजनैतिक सङ्कटबाट फाइदा उठाउँदै गर्छ। विदेशी दबाब बढेको खण्डमा सबै राजनैतिक दलहरूले भारतीय एकाधिकार पूँजीसँग सङ्घर्ष गर्नु आवश्यक छ।

**प्रश्न :** एमसीसी जस्तो गम्भीर विषय पनि अहिले नै अगाडि सारिँदै छ। विदेशी दबाब झन् बढेको हो र ?

**बिजुक्छैं :** एमसीसीमा हस्ताक्षर गर्ने पहिलो दल नै नेपाली कांग्रेस हो, नेपाली कांग्रेसको सरकारको राजदूत र मन्त्रीले हस्ताक्षर गरेका हुन्। प्रचण्ड र माधवका भीम रावलहरू विरोधमा थिए, हेरौँ परिणाम के होला !

**प्रश्न :** जनता महामारीमा ज्यान गुमाउँदै छन्। अस्पतालहरूमा हाहाकार कायम नै छ। नेपाली जनतालाई के भन्नुहुन्छ ?

**बिजुक्छैं :** सरकार र प्रमुख प्रतिपक्ष दलहरू नेका तथा एमाओवादी र एमालेबाट छुटेका (माधव–झलनाथ खनाल) गुटले पनि कोरोनाको विरोधको सङ्घर्षमा आ–आफ्नो ठाउँबाट सेवा गरेमा देश र जनताको ठूलो सेवा हुनेछ र आ–आफ्नो कर्तव्य पनि पूरा हुनेछ। दुःखी जनताको सेवा कहिल्यै खेर जाने छैन। धन्यवाद !

चिनियाँ कम्युनिस्ट पार्टीसँग नेपालका राजनीतिक दलको बैठकमा **नारायणमान बिजुक्छैंको मन्तव्य**

# 'चीन वास्तवमै नेपालको दुःख कष्टको मित्र भएको कुरा पुनः पुष्टि'

*(चिनियाँ कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रिय विभागको आयोजनामा जेठ १२ गते 'महामारीविरुद्ध र जनताको जीवन रक्षाको लागि सहकार्य' विषयमा नेपालका राजनीतिक दलहरूबीच अनलाइन बैठकमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैंले दिनुभएको मन्तव्य)*

मानव जातिसामु एउटा ठूलो चुनौती तेर्सिएको आजको समयमा नेपाल र चीनबीच सहकार्य प्रवर्द्धनको विषयमा हाम्रा चिनियाँ मित्र र अन्य साथीहरूसँगको छलफलमा सहभागी बन्न पाउँदा खुसी लागेको छ। नेपाल र चीन असल छिमेकी र मित्र हुनु गौरवको कुरा हो। कोभिड–१९ महामारीको दोस्रो लहरको चुनौतीपूर्ण समयमा नेपाल र चीनका जनताबीचको हाम्रो मित्रता र सम्बन्ध अझ बलियो हुने हाम्रो विश्वास छ।

आज नेपाललगायत संसारका धेरै देशहरूले कोभिड–१९ को दुष्प्रभाव भोगिरहेका छन्। महामारीले हाम्रो स्वास्थ्य प्रणालीको कमजोरीलाई पूर्णरूपले उदाङ्ग्याएको छ। यो कठिन समयमा हामीलाई सहायताको हात बढाएर चीन हामीसँगै उभिएको छ। चिनियाँ कम्युनिस्ट पार्टी र चीन सरकारले उपलब्ध गराएका चिकित्सकीय सहायता र अन्य सहयोगको निम्ति हामी आभार व्यक्त गर्दछौँ। यसले नेपाली जनताको पीडामा मल्हमको काम गर्ने हाम्रो आशा छ। यसले चीन वास्तवमै नेपालको दुःख कष्टको मित्र भएको कुरा पुनः पुष्टि गर्‍यो।

महामारीविरुद्ध आफ्नो भीषण लडाइँमा प्राप्त अमूल्य अनुभव विश्व समुदायसँग साटेकोमा हामी चिनियाँ कम्युनिस्ट पार्टी, चीन सरकार र चिनियाँ जनताप्रति आभार व्यक्त गर्दछौँ। जनतालाई सङ्गठित गर्ने र भाइरसको प्रतिरोधमा जनपरिचालन गर्ने प्रभावशाली प्रयत्नले समाजवाद र समाजवादी नेतृत्वको वास्तविक क्षमता उजागर गर्‍यो। महामारीविरुद्धको युद्धमा चीनको विजय एक्काइसौँ शताब्दीको सुरुको एउटा उल्लेखनीय सफलता हो। यो सफलता संसारभरको लागि आशाको किरण बनेको छ।

अन्त्यमा, नेपाल मजदुर किसान पार्टीको तर्फबाट चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव र जनवादी गणतन्त्र चीनका राष्ट्रपति महामहिम सी चिनफिङलाई चिनियाँ कम्युनिस्ट पार्टीको शतवार्षिकीको अवसरमा म हाम्रो न्यानो अभिवादन र शुभकामना व्यक्त गर्न चाहन्छु। चिनियाँ कम्युनिस्ट पार्टीले आर्थिक समानतामा आधारित समाजवादी समाज निर्माण गर्न र तोकिएको समयमै दुई शताब्दी लक्ष्य हासिल गर्न सफलतापूर्वक अघि बढ्ने हाम्रो विश्वास छ। चिनियाँ कम्युनिस्ट पार्टीले विश्वको समाजवादी आन्दोलन र साम्राज्यवादविरोधी सङ्घर्षमा प्रेरणादायी भूमिकालाई निरन्तरता दिनेमा हाम्रो विश्वास छ। धन्यवाद !

# नागरिकता अध्यादेश देश र जनताको हितमा छैन

– प्रेम सुवाल

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले नागरिकतासम्बन्धी अध्यादेशमा जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले सोऱ्ह वर्ष पूरा भएपछि वंशजको आधारमा नेपाली नागरिकता पाउने व्यवस्था खुला सीमा भएको नेपालमा गलत भएको बताउनुभएको छ । नेपालको परिवर्तित राजनैतिक घटनाबारे नेपाल क्रान्तिकारी युवा सङ्घ चाँगुनारायण नगर समितिले जेठ १० गते आयोजना गरेको अनलाइन प्रवचन कार्यक्रममा उहाँले नेका, एमाले, माओवादीको सहमतिमा २०६३ सालमा तीन जना नेपालीले सरजमिनमा सहीछाप गरेको भरमा जन्मको आधारमा नेपाली नागरिकता दिने ऐन बनाएको र सो ऐनको विरूद्ध नेपाल मजदुर किसान पार्टीले मात्र विपक्षमा मत दिएको बताउनुभयो ।

'जन्मको आधारमा नेपाली नागरिकता पाएकाको छानबिन गर्नु जरूरी छ । छानबिन नगरी जन्मको आधारमा नेपाली नागरिकता पाएकाका सन्तानलाई वंशजको नेपाली नागरिकता दिने अध्यादेश देश र जनताको हितमा छैन । नागरिकतालाई सरजमिन गरेर दिने निस्सा बनाउनु देशको हितमा हुँदैन । यससम्बन्धी संवैधानिक व्यवस्थालाई पनि संविधान निर्माणको बेला पार्टीले संशोधन पेश गरी विरोध गरेको थियो ।' उहाँले स्पष्ट पार्नुभयो ।

उहाँले नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमै बसोबास गरेको र बुबाको पहिचान हुन नसकेको व्यक्तिले वंशजको नेपाली नागरिकता प्राप्त गर्ने अध्यादेशको व्यवस्था खुला सीमाको कारण संवेदनशील भएको उल्लेख गर्नुहुँदै नेपालको संविधानअनुसार वंशजको आधारमा नेपाली नागरिकता पाएकाहरू राष्ट्रपति, प्रम, प्रधानन्यायाधीश, सभामुख, प्रधानसेनापति, प्रहरी महानिरीक्षक, प्रदेश प्रमुख, प्रदेश मुख्यमन्त्री, राजदूतलगायत पदमा निर्वाचित र मनोनीत हुने भएकोले आमा र बुबा दुवै वंशजको नेपाली नागरिक भएकाको सन्तानले मात्र वंशजको नेपाली नागरिकता पाउने व्यवस्था गर्नु जरूरी रहेको बताउनुभयो ।

अतिथि सुवालले निर्वाचनमा संयुक्त मोर्चा बनाई 'कम्युनिस्ट' दाबी गरी धेरै स्थान जितेका एमाले र माओवादी सरकारको गठनदेखि भागबन्डाको विवादमा फसेकोले यिनीहरूको पार्टी एकता सिद्धान्तहीन साबित भएको उल्लेख गर्नुभयो ।



उहाँले सत्ता र प्रतिपक्ष पार्टी जिम्मेवार नहुँदा कोभिड–१९ सङ्क्रमण तीव्ररूपमा फैलिएको र अस्पतालमा अक्सिजन, भेन्टिलेटर र आईसीयू नपाएर धेरैको मृत्यु भएको उल्लेख गर्नुहुँदै यो अन्योलको स्थितिमा जनताको ताजा जनादेश प्राप्त गर्न निर्वाचनमा जानु जरूरी रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका अध्यक्ष न्हुछेभक्त फोजूले देशमा राजनैतिक अन्योल छाइरहेको बेला साम्राज्यवादी र विस्तारवादी देशहरूको चलखेल बढेको हुँदा युवाहरू सचेत हुनुपर्छ भन्नुभयो ।

उहाँले अमेरिकी नेतृत्वमा हिन्द–प्रशान्त रणनीतिअन्तर्गतको सैन्य गठबन्धन 'एमसीसी' सम्झौता चीनलाई घेर्ने योजना भएको हुँदा सशक्त विरोध गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ भजिसका अध्यक्ष मिनबहादुर बाटाले भारतीय विस्तारवादको हित हुने गरी प्रम ओलीको सिफारिसमा राष्ट्रपतिद्वारा ल्याइएको नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ को सशक्त विरोध गर्नु जरूरी रहेको उल्लेख गर्नुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ चाँगुनारायण नगर समितिका अध्यक्ष आर. साखकर्मीको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेक्रायुसङ्घ चाँगुका एलएन लिगलले पनि बोल्नुभएको थियो ।

# 'सरकारले सहयोग नगरेपछि हामीले जनतासँग सहयोग माग गऱ्यौं'

• सुनिल प्रजापति, प्रमुख

**१. कोभिड महामारीबीच भक्तपुर नपाले स्वास्थ्य क्षेत्रमा के कस्तो काम गर्दै आएको छ ?**

एक वर्षभन्दा बढी समय कोभिड १९ बीच बित्यो । जस्तोसुकै कठिन समयमा पनि भक्तपुर नपाले जनताको स्वास्थ्य उपचार सेवालाई बन्द गरेन । कोभिड महामारीबीच २०७७ साउन १ गतेदेखि वैशाख मसान्तसम्म मात्रै जनस्वास्थ्य केन्द्रले ९६ हजार १ सय ५७ जना बिरामीलाई सेवा प्रदान गऱ्यो । गत वर्ष पनि कोभिड सङ्क्रमितहरूको लागि आइसोलेसन र संभावित सङ्क्रमणलाई रोक्न घर, होटल र नगरपालिकाको छुटै क्वारेन्टाइन तथा आइसोलेसनको व्यवस्था गरी आवश्यक सेवा प्रदान गरेको थियो ।

**२. कोभिडको दोस्रो लहरपछि कसरी काम गर्नुभयो नि ?**

कोभिडको दोस्रो लहर अत्यन्त घातक देखिएको छ । समुदायमा कोभिड सङ्क्रमणलाई रोक्न समयमै नगरपालिकाले माइकिङ गर्ने, क्लोरिन र चून छर्ने, टोल टोलमा साबुन पानीले हात धुने व्यवस्था र सरसफाइलाई जोड दिँदै आयो । नगरपालिकाले २०७८ साल वैशाख १७ गतेबाट ख्वप अस्पताल कोभिड युनिट सञ्चालन गऱ्यो । ५० शय्याको आइसोलेसन र २५ शय्याको एचडीयू सेवा उपलब्ध गरायो । २४ सै घण्टा २ जना डाक्टर, ६ जना नर्स र आवश्यक सङ्ख्यामा कर्मचारी बन्दोबस्तको साथै १ जना फिजिसियन र १ जना एनेस्थेसियाका विशेषज्ञ राखेर सेवा प्रदान गर्दै आएको छ । त्यहाँ बसुञ्जेल सम्पूर्ण सेवा निः शुल्क प्रदान गरेको छ ।

**३. अक्सिजनको आपूर्ति कसरी गरिरहनुभएको छ ?**

बिरामीहरू थपिने क्रम बढेसँगै आइसोलेसन केन्द्र र इमर्जेन्सी सेवामा अक्सिजनको माग बढ्न थाल्यो । हामीले नेपाल सरकार स्वास्थ्य मन्त्रालयसँग अक्सिजन आपूर्तिको लागि पटक पटक आग्रह गऱ्यौँ । वैशाख २७ गते दैनिक ३० सिलिण्डर र २८ गते दैनिक ८० सिलिण्डर अक्सिजन ख्वप अस्पताललाई प्रदान गर्ने भनी सीसीएमसीले निर्णय गऱ्यो । तर त्यो निर्णयअनुसार कहिल्यै हामीले अक्सिजन पाएनौं । अक्सिजन अभावमा सङ्क्रमितहरू मृत्यु हुने सम्भावना बढ्न थाल्यो । हाम्रा कर्मचारीहरू विभिन्न अक्सिजन प्लान्टहरूमा रात रातभर ३।४ ओटा अक्सिजनको लागि लाइन बसेरै भए पनि अभाव हुन दिएनौं । तर त्यो लामो समयसम्म सम्भव थिएन ।



**४. के नगरपालिका आफैले अक्सिजन प्लान्ट राख्ने तयारी गरेकै हो ?**

हो, हामीले नेपाल सरकारसँग भेन्टिलेटर, आइसीयु र अक्सिजन प्लान्टको माग गऱ्यौं । पटक पटक माग गर्दा पनि हामीलाई सरकारले सहयोग गरेन । मानिस मरिसके पछि सहयोगको के अर्थ ? सरकारले सहयोग नगरेपछि स्थानीय सहकारी संस्थाहरू, शैक्षिक संस्थाहरू, व्यवसायीहरू र अन्य महानुभावहरूसँग पटक पटक बैठक गरी सहयोगको लागि आग्रह गऱ्यौं र आफैले स्रोत जुटाई अक्सिजन प्लान्ट, भेन्टिलेटर र आइसीयुको व्यवस्थाको लागि अगाडि बढ्यौं । हामीले जनताबीच भन्यौं– महामारीको बेला तपाइँहरूले नगरपालिकालाई सहयोग गर्नुहोस् हामी तपाइँहरूलाई उत्कृष्ट स्वास्थ्य उपचार सेवा दिन्छौं । हाम्रो आग्रहलाई स्वीकार गर्दै अहिले जनस्तरबाट उल्लेख्य सहयोग प्राप्त भएको छ । ती सबै सहयोगी संस्था र महानुभावहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट धन्यवाद दिन्छौं ।

**५. सङ्घीय सरकार र प्रदेश सरकारसँग आर्थिक सहयोग माग्नु भएन र ?**

माथि नै उल्लेखगरि सक्यौं नि ! सत्तामा बस्नेहरूमा भक्तपुर नगरपालिकालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छैन । जनताको सेवा गर्नेहरूलाईभन्दा आफ्नालाई प्राथमिकता दिने पञ्चायती शैलीले निरन्तरता पाएको छ । हामीले नगरवासीहरूको स्वाभिमानलाई बचाउँदै स्वायत्तताको अभ्यास

गर्दै आएका छौँ । सरकारले जनस्वास्थ्य केन्द्रलाई बिमा वापत दिनु पर्ने साढे पाँच करोड रूपैयाँभन्दा बढी रकम अहिलेसम्म उपलब्ध गराएको छैन । तापनि नगरवासीहरूको स्वास्थ्य उपचार सेवामा कति पनि कमी हुन दिएका छैनौँ । नगरवासीहरू हाम्रो साथमा रहेसम्म सङ्घ र प्रदेशले सहयोग नगरे पनि जनप्रतिनिधिहरूको सेवा गर्ने भावनामा अलिकति पनि कमी आउन दिने छैनौँ ।

**६. ख्वप अस्पताल कोभिड युनिटमा कतिजना सङ्क्रमितहरूले सेवा पाइसकेका छन् ?**

जेठ १२ गतेसम्म १५५ जनाले भर्ना भइ सेवा प्राप्त गरिसक्नु भएको छ । ती मध्ये १२५ जना आइसोलेसन सेवा र ३० जनाले एचडीयु सेवा लिनु भएको छ । हाल ४१ जनाले सेवा लिइरहनु भएको छ । घर घरमा बस्ने आठ सयभन्दा बढी हुनुहुन्छ । उहाँहरूका लागि पनि आवश्यक स्वास्थ्य परामर्श, औषधि वितरण, फोहर सङ्कलन जस्ता कामहरू नगरपालिकाले गरिरहेको छ ।

**७. च्याम्हासिंहमा ओपीडी सेवा बन्द भएको हो र ?**

कोभिड सङ्क्रमितहरू धेरै बढ्न थालेपछि त्यहाँ आउने बिरामीहरूलाई समेत रोग सङ्क्रमण फैलिने सम्भावना बढ्यो । त्यसको उचित व्यवस्थापन गरी अघि बढ्न ज्वरो आएका र सङ्क्रमणको सम्भावना भएकाहरू परीक्षणको लागि छुट्टै फिवर क्लिनिक व्यवस्था गरी ओपिडी सेवा केही समयको लागि स्थगित गरिएको हो । पुनः चरणबद्ध रूपमा स्वास्थ्य मापदण्डलाई अपनाइ सञ्चालन गर्दैछौँ । इमर्जेन्सी सेवाभने कहिल्यै बन्द भएको छैन ।

*(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग जेठ १३ गते **भक्तपुर खबर डटकम**का संवाददाताले लिएको अन्तरवार्ताको सार संक्षेप)*


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## सहकारी संस्थाहरूलाई अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रूपमा फैलिएको नयाँ भेरियन्टसहितको कोभिड-१९ को रोकथाम र नियन्त्रणको लागि जिल्ला प्रशासन कार्यालय, भक्तपुरले थप कडाइका साथ घोषणा गरेको निषेधाज्ञा आदेश र सहकारी विभागबाट वर्तमान अवस्था सहज नभएसम्म सम्पूर्ण क्रियाकलापहरू स्थगन गर्न निर्देशनसमेत जारी गरिएको सूचनाअनुसार भक्तपुर नगरपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरूले संस्थाबाट हुने सेवाहरू स्थगन गरी आफ्ना सदस्यहरूलाई आपत्कालीन सेवा प्रदान गर्न सम्पर्क व्यक्ति तोकी सेवा प्रवाह गर्नुहुन सम्पूर्ण सहकारी संस्थाहरूलाई भक्तपुर नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

**नोट** : भक्तपुर नगरपालिकाबाट अक्सिजन प्लान्ट स्थापना र अन्य स्वास्थ्य उपकरण खरिद गर्नको लागि हातेमालो गर्न सहकारी संस्थाहरूलाई अनुरोध पत्र सहकारीहरूको इमेलमा पठाइसकेको हुँदा सो पत्रलाई आधार मानी हातेमालो गर्नसमेत अनुरोध गर्दछु । इमेल पुरानो भई पत्र प्राप्त नभएका सहकारीहरूले भ.न.पा. को सहकारी शाखामा सम्पर्क गनुहुन ।




(२०७४ साल वैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट विजयी जनप्रतिनिधिहरूले मिति २०७८ जेठ ७ गते भक्तपुर नगरपालिकामा बहाली गर्दै कार्य गरेको ४ वर्ष पूरा भएको अवसरमा जुममार्फत आयोजित कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले प्रस्तुत गर्नुभएको प्रतिवेदनको पूर्ण पाठ)

## आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू,

हामी जनताबाट निर्वाचित भएर पदभार ग्रहण गरेको आजबाट ४ वर्ष पूरा भयो। २०७४ साल जेठ ७ गते हामीले जनप्रतिनिधिको रूपमा पदभार ग्रहण गरेका थियौँ। पदावधिको हिसाबले ८० प्रतिशत समय व्यतित भइसकेको छ। यस अवधिमा निर्वाचनको बेला नेपाल मजदुर किसान पार्टीको घोषणापत्रमार्फत जनतालाई दिएको वचन एक एक गरी पूरा गर्दै नगर र नगरवासीको हितमा काम गर्दै आएका छौँ। आजको महत्त्वपूर्ण दिनमा नगरपालिकाको हरेक काममा साथ र सहयोग गर्ने तमाम नगरवासीहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौँ।

कोरोना सङ्क्रमितहरूको जीवन रक्षाको निम्ति अहोरात्र खट्नुभएका तमाम जनप्रतिनिधि, चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी र स्वयंसेवकहरूलगायत सबैप्रति उच्च सम्मान व्यक्त गर्दछौँ।

कोरोना महामारीका कारण निधन भएका सबैप्रति श्रद्धाञ्जली दिँदै परिवारजनहरूमा समवेदना प्रकट गर्दछौँ र




आइसोलेसनमा बसेर स्वास्थ्यलाभ गरिरहनुभएका सबै सङ्क्रमित नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौँ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना सङ्क्रमणबाट नेपाल र नेपाली जनता पीडित भएको एक वर्षभन्दा बढी भइसकेको छ। २०७६ चैत्र ११ गतेबाट पहिलोपटक लकडाउन भएको थियो। त्यस अवधिमा विकास निर्माणका कामहरूलगायत आर्थिक गतिविधि, शैक्षिक क्रियाकलापलगायत कुनै पनि क्षेत्र राम्रोसँग सञ्चालन हुन सकेन। पर्यटकहरूको

नेपाल आगमन अत्यन्तै न्यून हुनुका साथै पर्यटन क्षेत्र झण्डै धरासायी भयो । भक्तपुर नगरपालिकाको महत्त्वपूर्ण आयस्रोतको रूपमा रहेको पर्यटन शुल्कवापतको आम्दानी झण्डै शून्य भयो र हाम्रो बजेटको आन्तरिक आय नराम्ररी प्रभावित भयो । तापनि जनताको हितमा गर्नुपर्ने काममा भक्तपुर नगरपालिकाले कुनै कमी हुन दिएन ।

कोरोनाबाट जनता प्रभावित हुन थालेपछि शुरुकै समयमा भक्तपुर नगरपालिकाले ७५ शय्याको छुट्टै आइसोलेसन केन्द्रको निर्माण गरेको थियो । घरमा एकान्तबास बस्न नमिल्ने नगरवासीहरूका लागि उचित वातावरणसहित आइसोलेसन केन्द्रको व्यवस्था र विदेशबाट आएकाहरूको लागि घर वा होटल क्वारेन्टाइनको व्यवस्था गरी जनतालाई रोग सङ्क्रमण हुनबाट बचाउने प्रयास गर्दै आएका छौँ ।

जनचेतनामूलक कार्यक्रमलाई प्राथमिकतामा राख्दै दैनिक माइकिङ, टोल–टोलमा साबुन पानीले हात धुने व्यवस्था, विशेष टोलीद्वारा फोहर सङ्कलनको व्यवस्था, आवश्यक स्वास्थ्य परामर्शको लागि चिकित्सकहरूको नाम सार्वजनिक गर्दै जनतालाई सक्दो सहजता प्रदान गर्दै आएका छौँ ।

जनजीवन सामान्य अवस्थामा फर्किन नपाउँदै पुनः कोरोनाको दोस्रो लहरबाट हामी नराम्ररी प्रभावित भयौँ । विभिन्न ठाउँमा कोभिडको दोस्रो लहरको प्रहारसँगै भक्तपुरवासीहरूको स्वास्थ्य सुरक्षाको लागि नगरपालिकाले ५० बेडको आइसोलेसन र २५ शय्याको एचडीयू (आइसीयुभन्दा कम र सामान्य भन्दा माथिको सेवा) सञ्चालनको तयारी गऱ्यौँ । २०७८ वैशाख १७ गतेदेखि ख्वप अस्पताल कोभिड युनिट सञ्चालनमा ल्यायौँ, जुन अहिले नगरवासीहरूका लागि ठूलो राहत भएको छ ।

ख्वपः अस्पताल भवन निर्माणाधीन छ । हाल २५ शय्याको स्वीकृति प्राप्त भए पनि भविष्यमा १०० शय्यासम्म विस्तार गर्ने उद्देश्यले भवन निर्माण भइरहेको छ । तर सम्पूर्ण तयारी नहुँदै कोरोनाको महामारी फैलिएको हुँदा भनपा वडा नं. ९ ब्रम्हायणीस्थित बहुउद्देशीय भवनमा हाल ख्वपः अस्पताल कोभिड युनिट सञ्चालन गरेका छौँ । त्यसको व्यवस्थापनका लागि भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वको संयोजकत्वमा सात सदस्यीय समिति गठन गरी कार्य अगाडि बढाइएको छ । हाल उक्त केन्द्रमा २ जना चिकित्सक, ६ जना नर्स र आवश्यक सङ्ख्यामा कर्मचारीहरूले २४ सैं घण्टा सेवा प्रदान गरिरहेका छन् । त्यसको अलावा १ जना फिजिसियन र १ जना एनेस्थेसिया चिकित्सकले पनि नियमित सेवा प्रदान गर्दै आएका छन् । उक्त केन्द्र सञ्चालनमा १ ओटा कोभिड डेडिकेटेड एम्बुलेन्स, स्वाब सङ्कलनको लागि १ ओटा र माइकिङको लागि १ ओटा तथा इमर्जेन्सी सेवाको लागि १ ओटा गरी जम्मा ४ ओटा गाडी व्यवस्थापन गरी सेवा गरिरहेको जानकारी गराउन चाहन्छौँ ।

सङ्क्रमितहरूको बढ्दो सङ्ख्यालाई ध्यानमा राखी जनस्वास्थ्य केन्द्रहरूमा केही समयको लागि ओपीडी सेवा बन्द गरी इमर्जेन्सी सेवा र ज्वरो आएका र कोभिडका शङ्कास्पद बिरामीहरूको परीक्षणको लागि फिभर क्लिनिकको व्यवस्था मिलाउँदै आएका छौँ । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल कोभिड युनिटमा जेठ ६ गतेसम्ममा १२१ जनाले उपचार सेवा प्राप्त गरिसक्नुभएको छ भने हाल आइसोलेसन र एचडीयुमा गरी ४५ जनाले स्वास्थ्यलाभ गरिरहनुभएको छ ।

अक्सिजन दिनुपर्ने सङ्क्रमितहरूको सङ्ख्या बढ्न थालेपछि नेपाल सरकारसँग अक्सिजनको लागि बारम्बार आग्रह गऱ्यौँ । २०७८ वैशाख २७ गतेदेखि दैनिक ३० सिलिण्डर र वैशाख २८ गतेदेखि दैनिक ८० सिलिण्डर अक्सिजन ग्यास ख्वप अस्पतालको लागि प्रदान गर्ने सीसीएमसीले निर्णय गऱ्यो । हाम्रो निम्ति त्यो निकै खुशीको कुरा थियो । तर त्यो निर्णयअनुसार हामीले कहिल्यै अक्सिजन पाएनौँ । १०–२० सिलिण्डर अक्सिजनले मात्रै हाम्रा नगरवासीहरूलाई बचाउन मुस्किल हुने देखिएपछि हामीले विभिन्न कम्पनीहरूमार्फत आपूर्ति व्यवस्था मिलाउँदै आएका छौँ ।

अक्सिजनको सहज आपूर्ति नहुने, अक्सिजनविना बिरामीहरूलाई बचाउन नसकिने, निजी र सरकारी अस्पतालमा आइसीयुको खोजीमै बिरामीको ज्यान गइरहेको स्थितिलाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले ख्वप अस्पतालमा आफ्नै अक्सिजन प्लान्ट राख्ने निष्कर्षमा पुगेको छ र सो प्लान्ट राख्ने प्रक्रिया अगाडि बढाइएको छ ।

भक्तपुर अस्पतालले विगतको तुलनामा राम्रो सेवा प्रदान गर्दै आएको छ । यो वर्ष बागमती प्रदेशकै उत्कृष्ट अस्पताल घोषित भएको छ । नगरपालिकाले अस्पताल व्यवस्थापनमा रही आवश्यक समन्वय र सहयोग प्रदान गर्दै आएको छ । अहिले कोभिड अस्पतालको रूपमा परिणत भई भक्तपुर अस्पतालले कोभिड सङ्क्रमितहरूको इमर्जेन्सी, आइसोलेसन, जनरल, आइसीयू र भेन्टिलेटर सुविधासहित उपचार गरिरहेको छ ।

हामीले गर्वका साथ भन्न सक्छौँ, स्वास्थ्य क्षेत्रमा नगरवासीहरूका लागि उत्कृष्ट सेवा प्रदान गर्दै आएका छौँ । सङ्घीय सरकारसँग हामीले ५ ओटा भेन्टिलेटरसहित १० ओटा आइसीयुको लागि र अक्सिजन प्लान्टको लागि आवश्यक सहयोग माग गरेका थियौँ । पछिल्लो चरणमा अहिलेसम्म ख्वप अस्पतालको नाउँमा न कुनै स्वास्थ्य उपकरणहरू प्राप्त भयो न कुनै आर्थिक सहयोग नै । हामी जनतामा विश्वास गर्छौँ र जनताकै भरमा काम गरिरहेका छौँ । गत वर्ष हामीले कोरोना सङ्क्रमितहरूको

## मन्तव्यका केही बुँदा

- निर्वाचनको बेला नेपाल मजदुर किसान पार्टीको घोषणापत्रमार्फत जनतालाई दिएको वचन एक एक गरी पूरा गर्दै नगर र नगरवासीको हितमा काम गर्दै आएको;
- भक्तपुर नपाको महत्त्वपूर्ण आयस्रोत रहेको पर्यटन शुल्क भण्डै शून्य भए पनि जनताको हितमा गर्नुपर्ने काममा कुनै कमी हुन नदिएको;
- जनचेतनामूलक कार्यक्रमलाई प्राथमिकतामा राख्दै दैनिक माइकिङ, टोल–टोलमा साबुन पानीले हात धुने व्यवस्था, विशेष टोलीद्वारा फोहर सङ्कलनको व्यवस्था, आवश्यक स्वास्थ्य परामर्शको लागि चिकित्सकहरूको नाम सार्वजनिक गर्दै जनतालाई सक्दो सहजता प्रदान;
- भक्तपुरवासीहरूको स्वास्थ्य सुरक्षाको लागि नगरपालिकाले ५० शय्याको आइसोलेसन र २५ शय्याको एचडीयु (आइसीयुभन्दा कम र सामान्य भन्दा माथिको सेवा) सञ्चालन;
- ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवनमा हाल ख्वपः अस्पताल कोभिड युनिट सञ्चालन गरी चिकित्सक, नर्स र कर्मचारीहरूबाट २४ सै घण्टा सेवा प्रदान;
- जनस्वास्थ्य केन्द्रहरूमा इमर्जेन्सी सेवा र कोभिडका बिरामीहरूका लागि फिभर क्लिनिकको व्यवस्था;
- ख्वप अस्पतालको नाउँमा स्वास्थ्य उपकरण र आर्थिक सहयोग प्राप्त नभए पनि स्थानीय व्यक्ति र सङ्घ–संस्थाहरूको सहयोगसहित कोभिडका बिरामीहरूको सेवा गरिरहेको;
- कोभिडविरुद्ध खोप अभियान सञ्चालन;
- नेपालमै पहिलो श्वासप्रश्वास केन्द्र स्थापना;
- आयुर्वेदिक र आँखाका बिरामीहरूका लागि पनि सहज सेवा;
- भूकम्प पछि कूल १०८ वटा सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न, अन्य डेढ दर्जनभन्दा बढी सम्पदाहरू जीर्णोद्धारको क्रममा;
- नगरपालिकाको आन्तरिक र बाह्य स्रोतबाट ८० ओटा योजनाहरू सञ्चालन मध्ये १८ ओटा सम्पन्न र ६२ ओटा योजनाहरू चालू अवस्थामा;
- अन्तर नगर खेलकुद र विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सम्पन्न;
- भर्चुअल कक्षालाई निरन्तरता;
- उच्च शिक्षा हासिल गर्न चाहने ११९ जना विद्यार्थीहरूलाई शैक्षिक ऋण;
- स्थानीय पाठ्यक्रम निर्माण;
- बजार अनुगमनलाई तीव्रता;
- भक्तपुर क्यान्सर अस्पताल सरकारीसरह सञ्चालन;
- रासायनिक मल उपलब्ध गराउन नगरपालिकाले पहल गर्दै आएको;
- खानेपानीको आपूर्तिलाई नगरपालिकाले विशेष जोड दिँदै (ट्यांकरबाट वितरण);
- भक्तपुर हस्तकला क्षेत्रको वातावरण र ध्वनि प्रदूषण गर्ने उद्योगहरू स्थानान्तरणको लागि निरन्तर पहल;
- इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषामा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरूको लागि पूर्ण छात्रवृत्तिको व्यवस्था;
- जग्गा एकीकरण आवास योजनामा जग्गा फिर्ताको क्रममा जनताका गुनासाहरूको सम्बोधन;
- नगरपालिकाका गतिविधिहरू विभिन्न सञ्चार माध्यमहरूमार्फत प्रशारण;
- आ.व. २०७८।७९ को बजेट तयारी गर्दै;
- यतिखेर समाजलाई कोरोना सङ्क्रमणबाट जोगाउनु नै तपाइँ हामी सबै नागरिकको साझा र प्रथम कर्तव्य हो;
- कोभिडको महामारीमा तपाइँहरूलाई परेका हरेक समस्यामा साथ दिन हामी जनप्रतिनिधिहरू सधैँ तयार;
- नगरपालिकाको काममा प्रत्यक्ष र अप्रत्यक्ष साथ र सहयोग गर्नुहुने तमाम नगरवासी दाजुभाइ तथा दिदी बहिनीहरूप्रति हार्दिक आभार ।

लागि आइसोलेसनलगायत आवश्यक बन्दोबस्तको लागि सहयोग आह्वान गर्दा धेरै स्थानीय व्यक्ति र सङ्घ–संस्थाहरूले सहयोग गर्नुभयो । गत आ.व. २०७६/७७ मा ६० लाख ७३ हजार रुपैयाँ र चालू आ.व.२०७७/७८ को यस १० महिनामा ४२ लाख ४० हजार रूपैयाँ गरी कूल १ करोड २ लाख रुपैयाँभन्दा बढी नगद र लाखौँ रुपैयाँ बराबरको जिन्सी सहयोग प्राप्त भएको छ । ती सबै रकम नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा जम्मा गरी खर्च गर्दै आएको व्यहोरा यहाँ स्पष्ट पार्न चाहन्छौँ । खुला मनले सहयोग गर्ने ती सहयोगी हातहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट आजको दिनमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ ।

कोभिडविरुद्ध खोप अभियान सञ्चालन भइरहेको छ । यस अवधिमा हालसम्म नगरपालिकाभित्र मात्रै २१,७८१ जनालाई चिनियाँ खोप भेरोसेल र ३०,७०२ जनालाई भारतीय खोप कोभिशिल्ड पहिलो चरणको खोप लगाइसकेको छ । त्यसैगरी कोभिशिल्डको दोश्रो खोप २,४३७ जनालाई र भेरोसेल खोपको दोस्रो मात्रा हिजो वैशाख ६ गतेबाट क्रमशः लगाउन सुरु भएको छ । जेठ ६ गते एकैदिन भनपा १ देखि ५ वडामा १,२८६ जनालाई भेरोसेल खोपको दोस्रो मात्रा दिइएको थियो । खोप लिने

समयमा नगरवासीहरूलाई धैर्यपूर्वक बस्न आग्रह गर्दछौँ । तपाईँहरूको जीवन सुरक्षाको निम्ति भक्तपुर नगरपालिकाले निरन्तर सहयोग गरिरहनेछ । नगरवासीहरूको स्वास्थ्य सुरक्षाको निम्ति नगरपालिका सधैँ क्रियाशील रहने वचनवद्धता व्यक्त गर्दछौँ ।

कोरोना महामारीबीच पनि नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रले ओपीडी सेवा र इमर्जेन्सी सेवालाई निरन्तरता दिँदै आएकोमा चालू आ.व.को १० महिनामा कूल ९६,१५७ जना बिरामीहरूलाई स्वास्थ्य उपचार प्रदान गरिसकेको छ । तथापि दु:खका साथ भन्नुपर्छ नेपाल सरकारले बीमा वापत दिनुपर्ने रु. ५ करोड ५० लाखभन्दा बढी रकम अहिलेसम्म जनस्वास्थ्य केन्द्रलाई प्राप्त भएको छैन । यसबारे स्वास्थ्य मन्त्रालय, बीमा संस्थानसँग हामीले बारम्बार माग गरिरहेका छौँ तर सुनुवाइ भइरहेको छैन ।

दमखोकी जस्ता दीर्घ रोग लागेका बिरामीहरूको जापानी प्रविधिबाट उपचार गर्न नेपालमै पहिलो श्वासप्रश्वास केन्द्र भक्तपुर नगरपालिकामा स्थापना गरी उपचार गर्दै आएका छौं । साथै आयुर्वेदिक र आँखाका बिरामीहरूका लागि पनि सहज सेवा प्रदान गर्दै आएका छौं ।

## दाजुभाइ तथा दिदी बहिनीहरू,

२०७२ सालको भूकम्पले भक्तपुर नराम्ररी प्रभावित भएको थियो । १२० भन्दा बढी सम्पदामा आँशिक र पूर्ण क्षति भएको थियो भने ८ हजारभन्दा बढी घर आँशिक र पूर्ण क्षति भएको थियो । हामी निर्वाचित भएर नगरपालिकामा बहाली हुँदा पुन:निर्माणको ठूलो चुनौती हाम्रोसामु थियो । त्यसलाई ध्यानमा राखेर नगरपालिकाले सम्पदा र निजी घर पुन:निर्माणलाई जोड दिँदै आएको छ । हालसम्ममा २३ ओटा मन्दिर, ४० ओटा पाटी, ६ ओटा द्य:छेँ, ३ ओटा प्रवेशद्वार, ८ ओटा पोखरी, ७ ओटा इनार, ८ ओटा सत्तल, ७ ओटा ढुङ्गेधारा र अन्य ६ ओटा सम्पदा गरी कूल १०८ वटा सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार सम्पन्न भएका छन् भने अन्य डेढ दर्जनभन्दा बढी सम्पदाहरू जीर्णोद्धारको क्रममा छन् । भूकम्पबाट क्षतिग्रष्ट निजी घरहरूमध्ये लाभग्राही सूचीमा सूचिकृत झण्डै ४० प्रतिशत घरहरूको पुन:निर्माण सम्पन्न भइसकेको छ । बाँकी निर्माणाधीन अवस्थामा छन् ।

चालू आर्थिक वर्ष २०७७/७८ को पूरै अवधि कोभिड महामारीकै बीच बित्यो । यो वर्ष नगरपालिकाको आन्तरिक र बाह्य स्रोतबाट गरी ८० ओटा योजनाहरू सञ्चालनमा रहेकोमा १८ ओटा योजनाहरू सम्पन्न भएका छन् भने ६२ ओटा योजनाहरू चालू अवस्थामा छन् । यही आ.व.मा विश्वप्रसिद्ध ङातापोल्हँ मन्दिर जीर्णोद्धार, दरबार क्षेत्रस्थित वत्सला मन्दिर पुन: निर्माण, भार्वाचोदेखि च्याम्हासिंहसम्मको भक्तपुरको मूल सडकमा ढुङ्गा छपाइ कार्य, भक्तपुर नपा ४ स्थित चपाल भैरव द्य: छेँ पुन: निर्माण, भक्तपुर ५ ल्योसिंख्योस्थित च्यासिंदेग: पुन:निर्माण, भनपा ६ स्थित भोलाछेँ पुखु जीर्णोद्धार, भनपा ७ स्थित गय् भिंद्यो पुल र हनुमानघाटस्थित छिपा ताँको पुन:निर्माण, सडक बत्तीको व्यवस्थालगायतका कार्यहरू सम्पन्न भएका छन् । साथै अन्य धेरै सम्पदाहरूको पुन:निर्माण एवं जीर्णोद्धार कार्य भइरहेको छ ।

कोभिडको प्रभाव कम भई जनजीवन सामान्य अवस्थामा पुगेको बेला नगरपालिकाको आयोजनामा अन्तर नगर खेलकुदलाई निरन्तरता दिँदै २०७७ फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म अन्तर नगर बुद्धिचाल प्रतियोगिता सम्पन्न गर्न सफल भयौँ । देशका २२ ओटा नगरपालिकाले उक्त प्रतियोगितामा सहभागिता जनाएका थिए । सोही अवसरमा विद्यालयस्तरीय खेलकुद प्रतियोगिता पनि सञ्चालन गरिएको थियो । उक्त प्रतियोगितामा ५९ वटा विद्यालयका १,८१८ खेलाडीहरूले सहभागिता जनाएका थिए ।

कोभिडको कारण शिक्षा क्षेत्र पनि नराम्ररी प्रभावित भयो । भौतिक उपस्थितिमा कक्षा सञ्चालन सम्भव नभएको बेला अनलाइनमार्फत कक्षा सञ्चालनमा जोड दिएका छौँ । विद्यार्थीहरूको शैक्षिक स्तर खस्कन नदिन विभिन्न वैकल्पिक विधिद्वारा कक्षा सञ्चालनको व्यवस्था मिलाउन विद्यालय व्यवस्थापन समिति र शिक्षकहरूलाई आग्रह गर्दै आएका छौँ । एसईई परीक्षालाई ध्यानमा राखी भर्चुअल कक्षालाई निरन्तरता दिँदै आएका छौँ । कक्षा ८ को परीक्षासम्बन्धी सरोकारवालाहरूबीच छलफल अगाडि बढाएका छौँ । साथै उच्च शिक्षा हासिल गर्न चाहने गरिब विद्यार्थीहरूमध्ये यो वर्ष ११९ जना विद्यार्थीहरूका लागि प्रतिविद्यार्थी रु. ५ लाखसम्मको शैक्षिक ऋण स्वीकृति भएको जानकारी गराउन चाहन्छौँ । विद्यार्थीहरूलाई स्थानीय विषयवस्तुबारे जानकारी दिने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण गरी कक्षा १ देखि ८ सम्म पठनपाठन भइरहेको छ ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमध्ये ख्वप इन्जिनियरिङ कलेज पूर्वाञ्चल विश्वविद्यालयद्वारा सञ्चालित कलेजहरूमध्ये उत्कृष्ट घोषित भएको छ । यो हामी सबैको निम्ति खुशीको कुरा हो ।

निषेधाज्ञाको बेला व्यापारीहरूले कृत्रिम अभाव सृजना गरी उपभोक्ताहरूलाई ठग्नसक्ने कुरालाई ध्यानमा राखी बजार अनुगमनलाई तीव्रता दिँदै आएका छौँ । त्यस क्रममा मिसावट भएका वस्तुहरू र गुणस्तरहीन तथा म्याद नाघेका वस्तुहरू बिक्री गर्ने व्यवसायीहरूलाई कानुनबमोजिम कारबाही पनि भइरहेको छ ।

भक्तपुर क्यान्सर अस्पतालमा भइरहेको आर्थिक अनियमितता रोक्न निरन्तरको प्रयासपछि पनि तत्कालीन व्यवस्थापन समितिका पदाधिकारीहरूले बेवास्ता गरेका कारण नगरपालिकाकै अगुवाईमा व्यवस्थापन समिति गठन गरी अगाडि

बढेको यहाँहरूमा जानकारी भएकै विषय हो। एउटा गैरसरकारी संस्था (एनजीओ) ले जनताको सम्पत्तिको रूपमा रहेको उक्त अस्पताल नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७ साल कार्तिक २४ गतेको बैठकले गठन आदेश जारी गर्दै सरकारको स्वास्थ्य नीतिअनुसार सरकारीसरह सञ्चालन भएको छ। यो हामी भक्तपुरबासीहरूको लागि खुशीको कुरा हो।

समयमै रासायनिक मल उपलब्ध हुन नसक्दा कृषि उत्पादनमा ह्रास आउन सक्ने विषयलाई ध्यानमा राखी कृषिमन्त्री, साल्ट ट्रेडिङ लिमिटेड र कृषि सामग्री कम्पनीमा प्रतिनिधि मण्डल गई मल उपलब्ध गराउने काममा नगरपालिकाले पहल गर्दै आएको पनि जानकारी गराउन चाहन्छौँ।

बढ्दो जनसङ्ख्या वृद्धिसँगै खानेपानीको आपूर्तिलाई पनि नगरपालिकाले विशेष जोड दिँदै आएको छ। उपलब्ध स्रोतको व्यवस्थित वितरण, नयाँ–नयाँ स्रोतको खोजी गर्दै नगरवासीहरूलाई खानेपानीको सहज आपूर्तिको व्यवस्था मिलाउँदै आएका छौँ। यसैक्रममा काठमाडौँ उपत्यका खानेपानी बोर्ड, केयुकेएल र भक्तपुर नगरपालिकाका पदाधिकारीहरूको संयुक्त बैठकले भक्तपुर नगरभित्र मेलम्चीको खानेपानी शीघ्र वितरण गर्ने निर्णय गरेको छ। मेलम्चीको पानी वितरण नभएसम्मको लागि बोडेको पानी भक्तपुरमा बढाएर पठाउने सहमति भएको थियो। सोहीबमोजिम केही सहज भइरहेको छ।

भक्तपुर हस्तकला क्षेत्रमा स्थापना कालको उद्देश्य विपरीत अहिले ठूलठूला उद्योगहरू स्थापना गरी वातावरण प्रदूषण तथा ध्वनी प्रदूषण समेत भइरहेको जनगुनासोलाई सम्मान गर्दै उक्त औद्योगिक क्षेत्र स्थानान्तरणको लागि निरन्तर पहल गरिरहेका छौँ। त्यस क्षेत्रलाई स्थापनाको उद्देश्यअनुसार नै हस्तकलामा आधारित औद्योगिक केन्द्रकै रूपमा विकास गर्न हाम्रो पहल जारी छ।

भक्तपुर नगरपालिका क्षेत्रभित्रका दीर्घरोग क्यान्सर, मुटु, मृगौला तथा मस्तिष्कघात भएका रोगीहरूलाई प्रतिव्यक्ति रु. १०,०००।– का दरले सहयोग गर्दै आएकोमा आ.व. २०७७/७८ को यो १० महिनाको अवधिमा १२८ जनाले रु. १२,८०,०००।– (बाह लाख असी हजार रुपैयाँ) सहयोग रकम प्राप्त गरिसकेका छन्।

इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषामा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरूको लागि पूर्ण छात्रवृत्तिको व्यवस्था गर्दै आएकोमा यो वर्ष ती विषय लिई उच्च शिक्षा अध्ययनरत विद्यार्थीले कूल ५ लाख ६८ हजार रुपैयाँ बराबर छात्रवृत्ति पाएका छन्।

नगरपालिकाको आयोजनामा सञ्चालित देको मिवा इटापाके जग्गा एकीकरण आवास योजनामा जग्गा फिर्ताको क्रममा जनताका गुनासो लिने प्रक्रियाअनुसार योजनामा परेको गुनासाहरूको सम्बोधन गर्ने प्रक्रिया चलिरहेको छ। शीघ्र त्यसको सम्बोधन गरी अगाडि बढाइनेछ।

नगरपालिकाका गतिविधिहरू जनताबीचमा पुऱ्याउन मासिक पत्रिका 'भक्तपुर', पाक्षिक 'ख्वप पौ,' 'भक्तपुर खबर डटकम' अनलाइन, रेडियो कार्यक्रम 'ख्वप सः' लगायत सञ्चार मध्यमहरूमार्फत प्रशारण गर्दै आएका छौँ। त्यसैगरी 'हाम्रो अभ्यास', 'सम्पदा पुनःनिर्माण र जीर्णोद्धार', 'ख्वपको पहिचान' लगायत पुस्तकहरू पनि प्रकाशित गरेका छौँ। यी र यस्ता महत्त्वपूर्ण पुस्तकहरू प्रकाशित गर्ने काममा नगरपालिकाले निरन्तरता दिनेछ।

आ.व. २०७८।७९ को बजेट प्रस्तुत गर्ने समय पनि नजिकिँदैछ। हामी बजेट तयारीमा लाग्दैछौँ। आगामी आर्थिक वर्षको बजेटमा नगरको विकासको लागि के–कस्ता विकास निर्माण र कार्यक्रमहरू अगाडि बढाउनु उपयुक्त हुन्छ ? त्यसबारे आ–आफ्नो सुझावहरू दिएर नगरपालिकालाई रचनात्मक सहयोग गर्नु हुन आजको यस कार्यक्रममार्फत अनुरोध गर्दछौँ।

नगरपालिकाले यहाँहरूसँग आग्रह गरिरहेको छ, कृपया अति आवश्यक काम परेको बेलाबाहेक निषेधाज्ञाको अवधिमा घरबाट ननिस्कनु होला। तपाईँ आफ्नो घरमा बस्नु नै कोरोना रोग नियन्त्रणको निम्ति ठूलो सहयोग हुनेछ। बाहिर निस्कनै परेको खण्डमा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी मात्रै निस्कनु हुन आग्रह गर्दछौँ। यतिखेर समाजलाई कोरोना सङ्क्रमणबाट जोगाउनु नै तपाईँ हामी सबै नागरिकको साझा र प्रथम कर्तव्य हो।

**नगरवासी दाजुभाइ दिदी बहिनीहरू,**

यो कोभिडको महामारीमा कोही पनि नआतिनुहोस्, संयम र धैर्यपूर्वक आ–आफ्नो घरमै बसेर सहयोग गर्नुहोस्। तपाईँहरूलाई परेका हरेक समस्यामा साथ दिन हामी जनप्रतिनिधिहरू सधैँ तयारी छौं।

अन्त्यमा, जनप्रतिनिधिहरूको काम कर्तव्यबारे समय–समयमा हामी जनप्रतिनिधिहरूलाई सचेत पार्दै जनताको सेवामा समर्पित भएर लाग्न निरन्तर उत्प्रेरित गरिरहनु हुने नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछौँ। जनताका समस्या समाधानमा सधैँ साथ दिँदै प्रतिनिधिसभामा जनताको समस्या उठाई सरकारको ध्यानाकर्षण गरिरहनु हुने माननीय प्रेम सुवालज्यू, नगरपालिकाको काममा आवश्यक सल्लाह र सुझावहरू दिई सहयोग गर्नुहुने माननीय सुरेन्द्रराज गोसाइँ र माननीय सृजना सैँजुलगायत जनप्रतिनिधिहरू, कर्मचारीहरू र निरन्तर नगरपालिकाको काममा प्रत्यक्ष र अप्रत्यक्ष साथ र सहयोग गर्नुहुने तमाम नगरबासी दाजुभाइ तथा दिदी बहिनीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं। धन्यवाद !

# ख्वप अस्पताललाई जनताको अस्पताल बनाउने अभियानको सुखद् शुरुवात भएको छ : प्रमुख प्रजापति



कोभिड १९ रोगको दोस्रो लहरको सङ्क्रमण तीव्र गतिमा फैलिएसँगै सङ्क्रमितहरूको उपचारका लागि भक्तपुर नगरपालिकाले सञ्चालन गरेको ख्वप अस्पतालमा अक्सिजन प्लान्ट, भेन्टिलेटर, आइसीयुलगायतका स्वास्थ्य उपकरण खरिदका लागि जनस्तरबाट आर्थिक एवं भौतिक सहयोग सङ्कलन भइरहेको छ ।

जेठ ५ गतेबाट १३ गतेसम्ममा विभिन्न सहकारी संस्था, विद्यालय, कलेज, उद्योगी व्यवसायी तथा सङ्घसंस्था र व्यक्तिहरूबाट १ करोड ३४ लाख ६९ हजार ६ सय २५ रुपैयाँ सङ्कलन भएको छ । जेठ १३ गते एक दिनमा मात्र ७१ लाख ३१ हजार ९ सय २७ रुपैयाँ सङ्कलन भएको थियो ।

सहयोग सङ्कलन अभियानको हप्तादिनमा जनस्तरबाट यति धेरै सहयोग रकम सङ्कलन हुनुमा कोभिड रोग सङ्क्रमणको जोखिम न्यूनिकरण एवं सङ्क्रमितहरूको उपचारका लागि नगरपालिकाले गरिरहेको कार्यप्रति जनताको उच्च मूल्याङ्कन रहेको नगर प्रमुख सुनिल प्रजापतिले बताउनुभयो ।

उहाँले भन्नुभयो, 'ख्वप अस्पताललाई जनताको अस्पताल बनाउने अभियानको सुखद् शुरुवात हो यो । यसलाई ख्वप अस्पतालमा जनताको अपनत्व कायम भएको एक उदाहरणको रूपमा पनि लिन सकिन्छ ।'

कोभिडको दोस्रो लहरको सङ्क्रमण फैलिएसँगै सङ्क्रमितहरूले अस्पतालमा सामान्य बेड, आइसीयू र भेन्टिलेटर पाउन मुश्किल हुन थालेको र उपचारको निम्ति आधारभूत आवश्यकताको रूपमा रहेको अक्सिजनसमेतको अभावमा कैयौँ बिरामीहरू अकालमै मृत्युवरण गर्न वाध्य भएको अवस्थामा भक्तपुर नगरपालिकाले अक्सिजन प्लान्ट जडान गर्ने तयारी थालेको हो ।

प्रमुख प्रजापतिले प्लान्ट जडान तथा आइसीयू र भेन्टिलेटरको निम्ति सङ्घीय सरकार र प्रदेश सरकारसँग पटक पटक सहयोग माग गरेको उल्लेख गर्नुहुँदै अहिलेसम्म दुवै सरकारले वास्ता नगरेको बताउनुभयो । उहाँले नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रले बिरामीको उपचारवापत बीमामार्फत आउनुपर्ने करिब साढे ५ करोड रुपैयाँ समेत सङ्घीय सरकारले अहिलेसम्म निकासा नदिएको बताउनुभयो ।

'सरकारबाट पैसा आएन भनेर बिरामीको उपचार गर्न रोक्दैनौँ', उहाँले भन्नुभयो, 'स्थानीय जनतालाई नगरपालिकाको सबै आयव्यय पारदर्शी गरेपछि जनताको अस्पताल निर्माणमा जनता आफै जागेको उदाहरण हो सहयोग सङ्कलन अभियान ।'

प्रमुख प्रजापतिले जनताबाट प्राप्त एक एक पैसाको सही सदुपयोग हुने प्रष्ट पार्नुहुँदै अगाडि भन्नुभयो, 'जनताले स्वेच्छाले दिएको पैसाबाट नै हामी अक्सिजन प्लान्ट, भेन्टिलेटर र आइसीयू स्थापना गर्छौं ।'

भक्तपुरका कामदार जनताले आफ्नो गाँस काटेर ख्वप अस्पतालका लागि हार्दिकता पूर्वक सहयोग गरेको उहाँको कथन थियो । उहाँले नगरपालिकाले सहयोगको लागि आह्वान नगर्दै जनताले आर्थिक सहयोग गर्न थालेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले हाल ब्रम्हायणीस्थित आफ्नै भवनमा २५ शय्याको हाइ डिपेन्डेन्सी यूनिट (एचडीयू) र ५० शय्याको आइसोलेसनसहित ख्वप अस्पताल कोभिड यूनिट सञ्चालन गरेको छ । हालसम्म उक्त यूनिटले १५६ जना बिरामीको उपचार गरिसकेको छ । कोभिड सङ्क्रमित भई गृह एकान्तवासमा बस्न नमिल्ने तथा अक्सिजन आवश्यकता हुने बिरामीहरूको त्यहाँ उपचार भइरहेको छ । यूनिटमा २ जना एमबीबीएस डाक्टरसहित ६ जना स्टाफ नर्सले चौविसै घण्टा उपचार सेवा दिन्छन् भने एक जना जनरल फिजिसियन दिनभरि र एक जना एनेस्थेसियोलोजिस्टले पनि सेवा दिइरहेको छ । उक्त अस्पतालमा सम्पूर्ण उपचार खर्च निःशुल्क भइरहेको प्रमुख प्रजापतिले जानकारी दिनुभयो ।

'हामीले अस्पतालमा दैनिक उपचार गरिरहेका बिरामीहरूको विस्तृत विवरण केन्द्र सरकारलाई पठाइरहेका

छौँ । सरकारले उपचार खर्च पठाउने कुरा गरेको छ तर निश्चित छैन ।' उहाँले भन्नुभयो, 'केन्द्र सरकारले खर्च नपठाउँदा पनि नगरपालिकाले आफ्नै विकास बजेट कटाएर भए पनि स्वास्थ्य उपचारलाई पहिलो प्राथमिकता दिन्छ ।'

ख्वप अस्पताल सञ्चालनका लागि दैनिक रूपमा जनस्तरबाट आर्थिक सहयोग आइरहँदा साँच्चै नेपाल मजदुर किसान पार्टी र यसका कार्यकर्ताहरूले जनताको निःस्वार्थ सेवा गरिरहेको जनताको मूल्याङ्कन रहेको उप प्रमुख रजनी जोशीले अनुभव गर्नुभयो । 'हामी इमानदारीपूर्वक जनताको सेवा गरिरहेको जनताले मूल्याङ्कन गरिरहेका रहेछन् । नभए आफ्नो छाक काटेर अस्पतालको निम्ति सहयोग गर्न किन आउँथे र ?' उप प्रमुख हरेक दिन विभिन्न व्यक्ति तथा संस्थाबाट प्राप्त सहयोग ग्रहण गर्दै सबैलाई नगरपालिकाको तर्फबाट धन्यवाद पत्र प्रदान गर्नमा व्यस्त हुनुहुन्छ ।

कोभिड सङ्क्रमणको जोखिममा समेत अस्पतालको स्वास्थ्य सामग्री खरिदका लागि स्थानीय जनताले सहृदयतापूर्वक नगरपालिकालाई आर्थिक सहयोग प्रदान गरिरहेको देखेर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ दङ्ग पर्नुभएको छ । 'स्थानीय तह र स्थानीय निकायमा लामो समय जागीर खाइयो, तर भक्तपुर नगरपालिकामा जस्तो जनप्रतिनिधि र स्थानीय जनताको एकतावद्ध भावना कहीँ देख्न पाइएको थिएन । नगरपालिकाले सहयोगको आह्वान नगर्दै अक्सिजन प्लान्ट, भेन्टिलेटर र आइसीयू स्थापनाको लागि जनस्तरबाट करोडौं सहयोग सङ्कलन हुनु चानचुने पक्कै होइन ।' उहाँले भक्तपुर मोडेल सबैका लागि अनुकरणीय हुने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाले १०० शय्या क्षमताको ख्वप अस्पताल सञ्चालनका लागि भनपा ९ च्याम्हासिंहमा भवन निर्माण कार्यलाई तीव्रता दिएको छ । नगरपालिकाको आफ्नै लगानीमा निर्माण भइरहेको उक्त भवनमा चाँडै नै सुविधासम्पन्न अस्पताल सञ्चालनको तयारी भइरहेको बताइएको छ ।

उक्त भवनसँगै नगरपालिकाको जनस्वास्थ्य केन्द्र सञ्चालन भइरहेको छ । केन्द्रमा विभिन्न रोगका विशेषज्ञहरूबाट नियमित ओपीडी सेवा, इमरजेन्सी सेवा, ल्याव सेवा, एक्स रे र अल्ट्रासाउण्ड सेवा, फिजियोथेरापी सेवा, खोप सेवा र फार्मेसी सेवा सञ्चालन भइरहेको छ । कोभिड सङ्क्रमणका बीच पनि गत वर्ष ९ हजार ६ सयभन्दा बढी बिरामीहरूलाई उक्त केन्द्रबाट स्वास्थ्य उपचार सेवा प्रदान गरेको नगरपालिका स्रोतले बताएको छ ।


# भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## राय सुझाव सङ्कलनसम्बन्धी सूचना

यस नगरपालिकाबाट हरेक वर्ष नयाँ आर्थिक वर्षको **नीति तथा कार्यक्रम, बजेट तर्जुमा र योजना छनोट**का लागि नगरवासी, बुद्धिजीवी, शिक्षक, मजदुर, किसान, महिला, विद्यार्थी, उद्योगी, व्यापारीलगायत सम्बन्धित सबैसँग राय सुझाव सङ्कलन गर्दै आएको सबैमा विदित्तै छ ।

यसै सन्दर्भमा यस नगरपालिकाको **आगामी आ.व. ०७८।७९ को लागि नीति तथा कार्यक्रम, बजेट तर्जुमा र योजना छनोट**को लागि नगरवासीहरूसँग राय, सुझाव सङ्कलन गर्न यस वर्ष विश्वव्यापी महामारीको रूपमा फैलिरहेको नोवेल कोरोना भाइरस सङ्क्रमणका कारण भौतिक उपस्थितिमा सम्भव नभएकोले यस नगरपालिकाको वेभसाइट www.bhaktapurmuni.gov.np र फेसबुक bhaktapur municipality वा सम्बन्धित वडा कार्यालय र भक्तपुर नगरपालिकाको प्रशासन शाखामा मिति २०७८ जेठ २५ गतेभित्र आ-आफ्नो अमूल्य राय सुझाव प्रदान गरी सहयोग गरिदिनुहुन अनुरोध छ ।

**भक्तपुर नगरपालिका**

# नागरिकता अध्यादेश : ओली सरकारको अर्को कलङ्क

विवेक

के.पी. ओली सरकारले आफ्नो सत्ता जोगाउन नागरिकतासम्बन्धी अध्यादेश ल्याएकोमा जनस्तरबाट चर्को विरोध भइरहेको छ । नेकपाको दुई तिहाइ सरकार हुँदासमेत ३ वर्षसम्म संसदमा पेश नभएको नागरिकता विधेयक अहिले किन ओली नेतृत्वको काम चलाउ सरकारले अध्यादेशमार्फत ल्यायो ? यो सबैको चासोको विषय बनेको छ ।

अध्यादेशमा जन्मको आधारमा नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले १६ वर्ष पुगेपछि वंशजको नागरिकता पाउने व्यवस्था गरिएको छ । यो व्यवस्थाले देशको सार्वभौमिकता कमजोर बनाउनेमा कुनै शङ्का छैन । त्यसैले देशभक्त सचेत नागरिकहरूले यसको विरोध गरेका हुन् । आफ्नो देशप्रति माया हुने सबैले अध्यादेश खारेज नभएसम्म आ–आफ्नो ठाउँबाट विरोध गर्नु पर्छ ।

२०६२ साल अघिसम्म जन्मको आधारमा धेरैले नागरिकता पाइसकेका थिएनन् । २०६२ चैत्र मसान्तसम्म वंशजको आधारमा १,३१,०३,९४० जना, जन्मसिद्धको आधारमा ६३,९३२ जना, वैवाहिक अंगीकृत १,६१,९७४ जना र अङ्गीकृत १३,३७४ जना गरी जम्मा १,३३,४३,२२० जनाले नेपाली नागरिकता पाएको अभिलेख छ । २०६३ सालमा नागरिकतासम्बन्धी ऐन बनाएर जन्मको आधारमा नागरिकता दिने व्यवस्था गरियो । त्यस ऐनमा '२०४६ साल चैत्र मसान्तभन्दा अगाडि नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी रूपमा बसोबास गर्दै आएको व्यक्ति जन्मको आधारमा नेपालको नागरिक हुनेछ' भन्ने व्यवस्था गरियो । नागरिकतासम्बन्धी यो खुकुलो कानुनी व्यवस्था नै नेपालमा जन्मको आधारमा विदेशीहरू (विशेषगरी भारतीय) ले व्यापक रूपमा नागरिकता पाउने आधार बन्यो । अझै त्यस ऐनमा 'तोकिएको अधिकारीले स्थलगत सरजमिन, निवेदकलाई चिन्ने सोही ठाउँमा बसोबास गर्ने कम्तीमा तीनजना नेपाली नागरिकले गरेको सनाखत' को आधारमा नागरिकता प्रदान गर्ने व्यवस्था गरियो ।

त्यस ऐनमा नागरिकता वितरण गर्न टोली खटाउन सक्ने व्यवस्था गरिएबमोजिम जिल्ला जिल्लामा नागरिकता टोली खटाई नागरिकता वितरण पनि गरियो । त्यसरी नागरिकता वितरणको लागि खटी गएका टोलीमा संलग्न 'सबै कर्मचारीहरूलाई थुनी सम्पूर्ण कागजात लुटेर लगेको (बारा), टोली प्रमुखलाई काट्ने धम्की दिएको (कपिलवस्तु), गाविस सचिवलाई कुटपिट गरेको (बाँके), मधेस आन्दोलनको क्रममा सुनसरी, पर्सा, रौतहटमा जिल्ला प्रशासनमा आगजनी हुँदा नागरिकता कार्ड, होलोग्राम, रजिष्टरलगायत जली नष्ट भएको, स्थानीय राजनैतिक दलका कार्यकर्ताहरू समेतको मिलेमतोमा गलत व्यक्तिले नागरिकता प्राप्त गरेको र सरजमिन तथा सनाखत गर्नेहरू आर्थिक प्रलोभनमा परेको (बाँके, कपिलवस्तु, पर्सा, सप्तरी) लगायतका बुँदाहरू उल्लेख गरी तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौलाले सर्वदलीय बैठकमा लिखित प्रतिवेदन पेश गरेका थिए । त्यसरी नागरिकता पाएका लाखौँ भारतीय नागरिकहरूलाई सरकारद्वारा जारी अध्यादेशले वंशजको नागरिक बनाउने भएको छ । **यो सरकारको देशघाती कदम हो, सत्ताको लागि देश र जनताको विरुद्ध गरिएको अक्षम्य अपराध हो ।**

मधेसी दलहरू नागरिकतालाई सदाबहार एजेन्डा बनाइ राख्न चाहन्छन् । उनीहरूले २०४७ सालदेखि नै नागरिकतालाई निरन्तर उठाउँदै आएका छन् । उनीहरूले दाबी गरेको सङ्ख्या भन्दा बढीले नागरिकता पाइसकेका छन् । तापनि त्यो माग झन् झन् बढाउँदै लगेका छन् । नागरिकताकै मागको आधारमा उनीहरू हरेक पटक चुनाव लड्छन्, जित्छन् र नागरिकतालाई सरकारमा जाने भऱ्याङ बनाउँछन् । देशको सार्वभौमिकतासँग जोडिएको महत्त्वपूर्ण दस्तावेजलाई उनीहरू कागजको खोस्टा बनाउन चाहन्छन् र त्यसो नबनुञ्जेल त्यो मागलाई उठाइरहनेछन् । उनीहरू नेपालप्रति भन्दा भारतप्रति बफादार छन् । शरीर नेपाली भए पनि उनीहरूको तन, मन र ध्यान भारतकै छन् । भारतको निर्देशनमा उनीहरू नेपालमा राजनीति गरिरहेका छन् । बराबर दूतावास धाउने र भारतीय मन्त्रीहरूसँग बैठक बस्ने गरेको कुरा सारालाई थाहा नभएको होइन ।

**वास्तविक नेपाली नागरिकलाई सरल तरिकाले नागरिकता दिइनु पर्नेमा कसैको दुईमत हुनसक्दैन ।** तर विदेशीहरूलाई नागरिकता दिन मधेसी दलहरूमा किन यति माया मोह ? देशको सार्वभौमिकता बचाउने हो भने एक जना पनि विदेशीले नागरिकता लिन नसक्ने कडा कानुन बनाउनु आवश्यक छ । अन्तरिम संविधान निर्माणको सिलसिलामा दलहरूबाट राय सुझाव लिने क्रममा नेपाल मजदुर किसान पार्टीले २०६३ मंसिर २८ गते 'जन्मको आधारमा नागरिकताको प्रावधान हटाइनुपर्ने' प्रस्ताव पेश गरेको थियो । अन्तरिम संविधान निर्माण गर्ने सिलसिलामा सबैभन्दा बढी छलफल भएको र अन्तिम समयमा अर्थात् २०६३ मंसिर मसान्तको दिन रातभर छलफल गरी पुस १ गते बिहान ६ बजेमात्रै हस्ताक्षर भएको विषय हो, नागरिकता । प्रधानमन्त्री निवास बालुवाटारमा भएको

सर्वदलीय बैठकमा नेमकिपाले फरक मत राखेको थियो भने शेरबहादुर देउवा र माधव नेपालले 'कति कराउने' भन्दै मधेसी दलका नेताहरू सामु झुकेर हस्ताक्षर गरेका थिए। त्यसबेला भरत विमल यादव, राजेन्द्र महतो र सरिता गिरीले सद्भावना पार्टीकोतर्फबाट प्रतिनिधित्व गरेका थिए। सर्वोच्च अदालतका पूर्व न्यायाधीश लक्ष्मण अर्यालको अध्यक्षतामा गठित अन्तरिम संविधान निर्माण समितिले नागरिकताबारे टुङ्ग्याउन नसकेपछि शीर्ष नेताहरूलाई त्यसको जिम्मेवारी दिने निर्णयसहित संविधानको मस्यौदा बुझाएको थियो।

२०७० सालमा संसदको राज्य व्यवस्था समितिले विदेशी महिलाले नेपालीसँग विवाह गरेमा ७ वर्षपछि मात्रै नेपाली नागरिकता पाउने बन्दोबस्त गर्नुपर्ने निर्णयसहित प्रतिवेदन बुझाएको थियो। मधेसी दलहरू र केही कथित महिलावादीहरूले राज्य व्यवस्था समितिको उक्त निर्णयको चर्को विरोध गरे। उनीहरू **एउटा हातले सिन्दुर लगाएर अर्को हातले नागरिकता पाउनुपर्ने** पक्षमा थिए। उनीहरूले लैङ्गिक भेदभाव र क्षेत्रीय भेदभाव भन्दै विरोध गरेका थिए।

नेपालीहरूले सोच्नुपर्ने विषय के हो भने अहिले नै नेपालको अधिकांश श्रम बजार भारतीयहरूले कब्जा गरिसकेका छन्। घर बनाउने, इँटा बनाउने, प्लाष्टर, रङ्ग रोगनजस्ता स-साना निर्माण कामदेखि सुन, कपडा, व्यवसायलगायत महत्त्वपूर्ण व्यापार व्यवसाय, कल कारखानाहरू समेत भारतीयहरूकै हातमा पुगेका छन्। लाखौँको सङ्ख्यामा नेपालमा आएर काम गरिरहेका भारतीयहरूले नेपाली नागरिकता पाएमा र उनीहरूको वंशजको अधिकार स्थापित भएमा स्थानीय, प्रदेश र केन्द्रका प्रतिनिधि मात्रै होइन वंशजको नागरिकहरूले मात्रै पाउने राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीशलगायत देशका प्रमुख पदहरू पनि सजिलै प्राप्त गर्नेछन्। त्यसैकारण भारतले नेपालमा आफ्नो अनुकूलको सरकार गठन गर्न र नागरिकतामा खुकुलो बनाउन निरन्तर प्रयास जारी राखेको छ।

सर्वोच्च अदालतको २०६३ सालको एउटा फैसलाले गर्दा पनि यो समस्या आएको देखिन्छ। फैसलाले 'नेपालमा जन्मेका सन्तानका बाबु वा आमा नेपालको नागरिक छ भने आमाको नाउँबाट नेपालको नागरिकता पाउन सक्ने' ठहर गरेको थियो। खुला सीमा भएको नेपालमा नागरिकताको सजिलो प्रावधान राख्दा त्यसको परिणाम सारा नेपालीले भोग्नुपर्ने हुन्छ। **भारतमै पनि विदेशी बुहारीले नागरिकता पाउन ७ वर्ष कुर्नुपर्ने कानुनी व्यवस्था छ।** माल्दिभ्समा १२ वर्ष, बंगलादेशमा ५ वर्ष र पाकिस्तानमा पनि ५ वर्षपछि मात्रै पाउने व्यवस्था छ। भुटानमा १० वर्ष, अफगानिस्तानमा ५ वर्षभित्र कुनै अपराध नगरेको हुनुपर्ने व्यवस्था छ भने श्रीलंकामा विदेशी बुहारीलाई स्थायी बसोबासको अनुमति नै नदिने प्रावधान राखिएको छ। सबै देशले आफ्नो देशको सार्वभौमिकता रक्षाको हिसाबले संविधान र कानुनमा आवश्यक व्यवस्था गरिएको हुन्छ। **केही विदेशीको निर्देशनमा चल्ने एनजीओ, आइएनजीओ र राजनैतिक दलहरूले गरेको प्रायोजित प्रचारबाजीकै आधारमा नागरिकता अध्यादेश जारी गरेको देखिन्छ।** यो देशको हित विपरीत छ र यसलाई सरकार गठनसँग जोडेर ओलीले मधेसी दलसामु आत्मसमर्पण गर्नु भारतीय दलाल बन्नु हो। त्यसको सशक्त विरोध नेपाली जनताको तर्फबाट हुन आवश्यक छ। देश रहेसम्म सरकार भनेको आउने जाने विषय हो। तर देशै रहेन भने कहाँ बसेर कसको निम्ति राजनीति गर्ने ?

भारत नेपाललाई सके सिक्किम बनाउने नसके भुटान बनाउने नीतिअन्तर्गत दीर्घकालीन योजनासाथ अघि बढिरहेको छ। नेपालमा राजनैतिक अस्थिरता ल्याउन उसले प्रत्यक्ष अप्रत्यक्ष भूमिका खेलिरहेकै हुन्छ किनभने **भारत नेपालमा कहिल्यै बलियो सरकार रहेको चाहँदैन।**

ओलीले नागरिकता अध्यादेश जारी गरेर महन्थ ठाकुर र राजेन्द्र महतो नेतृत्वको जसपालाई साथमा लिएर सरकार पुनःगठन गरी निर्वाचन सम्पन्न गर्न चाहेको प्रष्ट छ। निर्वाचन प्रजातान्त्रिक प्रकृया भएकोले मध्यावधिमा जानु नराम्रो होइन तर नागरिकता जस्तो गम्भीर विषय संसदमा व्यापक छलफल पछि मात्रै पारित गर्नु पर्ने हो। **नागरिकता सम्बन्धी अध्यादेश ओलीकै निम्ति पनि आत्मघाती हुनेछ र यो महाकाली सन्धि झैँ ओली शासनकालको कहिल्यै नमेटिने कलङ्क सावित हुनेछ।**

नेपाल सरकार कति कमजोर छन् भने त लाखौँ भुटानीहरू नेपालको भूभागमा ल्याएर छोड्दा समेत दशकौँ केही गर्न नसकेकोबाट थाहा हुन्छ। तिनीहरूले नेपालमै विवाह गरे, सन्तान जन्माए र नागरिकता पाए। अहिले त्यसका सन्तानहरूले पनि वंशजको नागरिकता पाउने भए पछि नेपालको सार्वभौमिकता बाँकी रहन्छ, कसरी ?

फिजीमा १९७७ मा नागरिकता नीतिमा खुकुलो बनाए पछि १९९७ सम्ममा भारतीय मूलका नागरिकहरूले संसदमा बहुमत कायम गरे। मौरिससमा रैथानेहरू अल्पमतमा परे र भारतीयहरू बहुमत भए। नेपाल विश्वकै दोस्रो ठूलो जनसङ्ख्या भएको भारतसँगै खुल्ला सीमा रहेको अवस्थामा नागरिकताको सहज व्यवस्था गर्नु देशलाई फिजीकरणकै बाटोमा अगाडि बढाउनु हो। कति भारतमा स्थानीय निर्वाचनमा हारेका, भारतीय चेलीहरू नेपालको सङ्घ, प्रदेश र स्थानीय निर्वाचनमा निर्वाचित भएको देखिरहेका छौँ। त्यसैले देशभन्दा सरकार ठूलो हुनै सक्दैन। नागरिकता अध्यादेश फिर्ता गर्न सम्पूर्ण देशभक्त नागरिकहरूले आ-आफ्नो ठाउँबाट सशक्त विरोध गर्नुपर्ने बेला आएको छ।

# भक्तपुरको दत्तात्रय चोक र त्यहाँस्थित भीमसेन मन्दिर



डा. बलराम कायस्थ

**दत्तात्रय चोक–** भक्तपुर नगरको पूर्वी भेग अर्थात् माथिल्लो टोलको मूलमार्गमै पर्ने तचपाल टोलमा एउटा ठूलो चोक छ, जहाँ दत्तात्रयको विशाल मन्दिर रहेको छ । **दत्तात्रय मन्दिर** त्यहाँ अवस्थित रहेको कारणले गर्दा नै समग्र त्यस चोकलाई दत्तात्रय चोक भन्ने गरिन्छ । टौमढी चोक जस्तै यो चोक पनि भक्तपुरको प्रसिद्ध चोक हो । धार्मिक, सांस्कृतिक दृष्टिकोणबाट भक्तपुरमा यस चोकको पनि निक्कै महत्त्वपूर्ण स्थान रहिआएको छ । किनकि त्यहाँ गुरु दत्तात्रयका अतिरिक्त अरू पनि थुप्रै प्रख्यात देवीदेवताका मठमन्दिरहरू रहेका छन् । त्यस्तैगरेर मध्यकालमा हिन्दू धर्मदर्शनको अध्ययन अध्यापन गरिने **भक्तपुरका कुल ३५ ओटा मठहरू** मध्येको सातओटा मठ त यसै चोक वरपर रहेका छन् । जस्तो– पुजारी मठ, तजः(ताजा) मठ, दथु मठ, सिथु मठ, बार्दली मठ, चिकंफले मठ आदि । यसमध्ये **पुजारी मठ** निक्कै प्रसिद्ध छ । यो मठ भगवान दत्तात्रयको पूजा र मन्दिरको सुरक्षाको सबै जिम्मा वहन गरेका महन्त सन्यासीहरू बस्नकालागि भक्तपुरका राजा विश्व मल्लले बनाएका थिए (**कायस्थ**, २०७५: ९७) । यसैले यस मठलाई पुजारी मठ भनिएको हो । विश्व प्रसिद्ध भक्तपुरको **मयूर झ्याल** यही मठमा रहेको छ । यस मठमा हाल नेपाल सरकारको राष्ट्रिय काष्ठकला सङ्ग्रहालय रहेको छ । त्यस्तै **चिकंफले मठ**मा नेपाल सरकार अन्तर्गतको धातुकला सम्बन्धी सङ्ग्रहालय रहेको छ । यहाँ विभिन्न मध्यकालीन धातुकलाका नमुनाहरू प्रदर्शनमा राखिएका छन् । साथै यस मठमा काष्ठकलाका विभिन्न नमुनाहरू पनि सुरक्षित रहेका छन्, जसमध्ये बाहिरबाट हेर्दा आकर्षक काष्ठढोका, आँखीझ्यालहरू र विमानझ्याल सँगसँगै टुँडालसहितका झिँगटीले छाएको छाना देख्न सकिन्छ । यताबाट यो दत्तात्रय परिसर मध्यकालमा भक्तपुरका अति विकसित स्थानहरू मध्ये एक भएको तथ्य थाहा हुन्छ ।

दत्तात्रय चोकको पश्चिमतिर प्रख्यात **भीमसेन मन्दिर** रहेको छ । पूर्वाभिमुख त्यस मन्दिरपछिल्तिर, भन्नलाई भीमसेन पोखरी भनिन्छ, तर त्यहाँ पोखरी नभएर पोखरी आकारको आकर्षक गहिरो धारा रहेको छ । भीमसेन मन्दिर सामु मण्डप (डबली) पनि रहेको छ, जसलाई 'भीसिंद्यःया दबु' अर्थात् भीमसेनको डबली भन्ने गरिन्छ । त्यस दबुमा एउटा अग्लो प्रस्तर स्तम्भमाथि टुप्पामा मन्दिरतर्फ उन्मुख एउटा खुट्टा उचालिरहेको सुनौलो धातुको सिंह रहेका छन् । त्यो सँगै दुईतले झिँगटी छाना भएको **लक्ष्मीनारायण**को सानो मन्दिर पनि त्यहाँ देख्न सकिन्छ । त्यस मन्दिरभित्र आधी भाग लक्ष्मीको र आधी भाग नारायणको शरीर भएको प्रस्तर मूर्ति रहेको छ । त्यसको छेवैमा भित्ताको खोपामा **सरस्वती**को मूर्ति प्रतिस्थापित छ । सँगै तुल्सी रोप्ने सानो बगैंचा जस्तो खाली ठाउँ पनि रहेको छ, जहाँ बर्सेनि दशैंपछिको पूर्णिमाका दिन तुल्सी रोप्ने स्थानीय चलन रहेको छ । त्यसको उत्तरपश्चिमतिर बाटोबीच



**बालकुमारी** देवी स्थापित छिन्। त्यसको ईशान कोणमा एउटा पोखरी पनि रहेको छ, जसलाई **'याताछैं पुखु'** भनिन्छ। दत्तात्रय मन्दिरको बायाँपट्टि भित्र एउटा चोक छ, जसलाई **'वानेलायकू'** भन्ने गरिन्छ। यसको प्राचीन रूप 'बन्दे राजकुल' हो। चौधौँ शताब्दीमा तलेजु भवानीलाई बाहिरबाट ल्याउँदा सर्वप्रथम यहीं स्थापना गरिएको विश्वास गरिन्छ। यसैले यसलाई पहिलो तलेजु पनि भन्ने चलन छ (**शर्मा**, २०५७ : २२)। चोकको चारैतिर यस लायकूको घरहरू भएपनि हाल प्रायः ती सबै व्यक्तिविशेषका निजी घरमा परिणत भइसकेका देखिन्छन्। यसैगरेर दत्तात्रय मन्दिरको देब्रे छेउतिर **सलाँ गणेश** र सलाँ गणेशभन्दा केही पर उत्तरपूर्वतिर भक्तपुरको प्रख्यात **नवदुर्गा देवगृह** अवस्थित रहेका छन्। त्यसैगरेर दत्तात्रय मन्दिरको पछाडि पूर्वतिर **वाकुपति चाँगुनारायण**को मन्दिर स्थापित छन्। यसका अतिरिक्त त्यस वरपर असङ्ख्य पाटीपौवा, ढुङ्गेधारा, डबली, ईनार, देवदेवीका प्रस्तर मूर्तिहरू, पोखरी आदि अनेक किसिमका सुन्दर कलाकृतिहरू पनि देख्न सकिन्छ। यताबाट प्राचीन र मध्यकालीन भक्तपुरको एउटा महत्त्वपूर्ण स्थान वा गन्तव्यको रूपमा रहेको दत्तात्रय चोक भक्तपुरको प्रमुख ऐतिहासिक सम्पदास्थल मध्येको एक हो भन्ने कुरा थाहा लाग्दछ।

**भीमसेन मन्दिर–** काठमाडौं उपत्यकाको नेवार समुदायमा व्यापारी वर्ग र साहु महाजनले अत्यधिक रूपमा पुज्ने देवता भीमसेन हुन्, जसलाई उनीहरू भींद्यः वा भीसिन्द्यः भन्ने गर्दछन्। यसैले नेवारहरूका प्रायः सबैजसो प्राचीन बस्तीहरूमा भीमसेनको पनि मन्दिर वा मूर्ति स्थापना गरिएको देखिन्छ। पाण्डुपुत्र भीमसेन अत्यन्त बलशाली भएको कुरा महाभारत आख्यानबाट थाहा हुन्छ। र यहाँका नेवार व्यापारीहरू प्राचीनकालदेखि सुदूर प्रदेशहरूमा झुण्ड-झुण्ड भई व्यापारकालागि जाने हुँदा तिनलाई बलबान व्यक्तिहरूको सहयोग अपेक्षित हुन्छ (**जोशी**, २०७० : ६६७)। यताबाट व्यापार व्यवसायमा सहयोग गरी मनग्गे आम्दानी गराउने देवता भएकाले भीमसेन नेवारहरूका प्रिय देवता हुन गएको स्पष्टतः थाहा हुन्छ। र उपत्यकाका तीनै शहरमा भीमसेनको पूजाअर्चना अत्यधिक रूपमा हुने गरेको देखिन्छ। तीनै शहरमा भीमसेनका प्रख्यात मन्दिरहरू स्थापित छन्, जसमध्ये भक्तपुर दत्तात्रय चोक अर्थात् तचपाल टोलको भीमसेन मन्दिर पनि एक हो। यस मन्दिरको निर्माण मध्यकालीन भक्तपुरका राजा जगतप्रकाश मल्लको समयमा दरसिंह र बारसिंह नाम गरेका स्थानीय दुई दाजुभाइले ने.सं. ७७५ (वि.सं. १७१२) मा गरेका थिए। त्यसबेला तिनले त्यहाँ भीमसेनको मूर्ति स्थापना गरी ढोकाको दायाँबायाँ सिंहको मूर्ति राखिदिएका थिए (**मुनंकर्मी**, २०२५ : ३९)।



विश्व प्रसिद्ध मयूर झ्याल

यो भीमसेन मन्दिर दत्तात्रय चोकको पश्चिमतिर रहेको छ। झिँगटी छानाले छाएको दुईतले यस मन्दिरको पहिलो तलाको छाना फराकिलो रहेको छ भने त्यसमाथिको छाना सानो छ। त्यस छानामाथि टुप्पामा सुनौलो धातुका लहरै सातओटा गजुर रहेका छन्, जसमध्ये माझको गजुर अलि ठूलो छ। पूर्वाभिमुख यो मन्दिर चतुष्कोण आकारको नभएर उत्तर–दक्षिण लाम्चो आकारमा देखिन्छ। यसको भुइँतलामा छओटा थाम हालेर पाटी जस्तै गरी बनाइएको खुल्ला दलान छ, जसमा बसेर स्थानीय बुढापाकाहरू बसिबियाँलो गर्ने गर्दछन् भने त्यसको दाहिने छेउ मन्दिरको मूलप्रवेशद्वार छ, प्रवेशद्वारको बाहिर दायाँबायाँ एक जोडी प्रस्तरका सिंह छन् भने द्वारभित्र माथि मूलदेवताकहाँ जाने काठको सानो भऱ्याङ छ। पहिलो तलामा उक्लेपछि खुल्ला रूपमा रहेको मटानको माझमा रहेको बन्द कक्षमा अजङ्गको भीमसेन देवता विराजमान देखिन्छन्।

यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने यस मन्दिरभित्र रहेको देवताको मूर्ति अन्य मन्दिरमा पाइने मूर्तिहरू भन्दा सर्वथा भिन्न रहेको पाइन्छ। प्रायःगरेर मन्दिरहरूमा देवीदेवताका मूर्ति प्रस्तरका बनेका हुन्छन्। कुनै–कुनै मन्दिरहरूमा धातु मूर्ति स्थापना गरी पूजाआजा गरिएको पनि देख्न सकिन्छ भने कहीं कतै काष्ठ मूर्ति पनि स्थापना गरी पूजाआजा गरिएको पाइन्छ। तर यस भीमसेन मन्दिरमा विराजमान भीमसेन देवताको मूर्ति कुन पदार्थ प्रयोग गरेर बनाइएको हो भन्ने कुरा प्रायः मानिसहरूलाई थाहा नहुन सक्छ। उभिइराखेको अवस्थामा रहेका यी देवताको मूर्ति काठको जस्तो देखिए पनि वास्तवमा त्यो काठबाट बनेको होइन। यस सम्बन्धमा स्थानीयवासीका दुई किसिमका भनाइहरू रहेका छन्। पहिलो भनाइअनुसार नेवारहरूको पूजा परम्परामा प्रयोग गरिने सबुँ वा स्याबजी (एक प्रकारको फुलेको चिउरा विशेष) लाई भिजाएर यो मूर्ति बनाइएको हो। र वर्तमानमा यो मूर्ति धेरै पुरानो भएर जीर्ण



भइसकेको हुनाले अर्को नयाँ मूर्ति पुरानै ढाँचामा सबुँ प्रयोग गरी बनाउनु पर्ने आवश्यकतासमेत तिनले औँल्याएका छन् भने अर्को थरीको भनाइअनुसार यो मूर्ति माटोबाट बनाइएको हो। वास्तवमा स्थलगत अध्ययन र अनुश्रुतिलाई समेत आधार मान्दा उक्त **भीमसेनको मूर्ति माटोबाटै बनेको** भन्ने थाहा लागदछ। यस सम्बन्धमा अनुश्रुति के रहेको पाइन्छ भने वि.सं. १९७१ मा भक्तपुर ईपाछेँ टोलका विद्वान ब्राम्हण अनन्तकुमार राजोपाध्यायले भीमसेन आकृतिको माटोको मूर्तिलाई आफ्नो मन्त्र शक्तिको बलद्वारा पूर्ण जीवन्यास गरी हिँडाएर सो मन्दिरमा प्रतिस्था गरेका थिए (**शर्मा**, २०५७: २१)। यताबाट यस मन्दिरमा रहेका हालका भीमसेन देवता स्थापनकालकै देवता हुन् भन्ने देखिँदैन। यी पछि मात्र स्थापना गरिएका देवता हुन् भन्ने देखिन्छ। जेहोस्, यिनी निक्कै शक्तिशाली देवता मानिन्छन्। यसैले यहाँ दैनिक रूपमा नित्य पूजा हुन्छ भने तिथिपर्वमा विशेष पूजा पनि हुने गर्छ। 'भीमा भैरवः, भयानक मूर्ति, छागबली महाराज... (प्रत्येक दिन एउटा बलि लिने भीमसेन भैरव जस्तै हेर्दै डरलाग्दा छन् ...)' भनेर यी भीमसेनको शक्तिको स्तुति गर्दै यहाँ पहिले दैनिक रूपमा भजन गर्ने चलन पनि थियो। कौलागा बाला चतुर्दशीका दिन वर्षको एकपल्ट यी देवताको जात्रा पनि गरिन्छ। योमरी पूर्णिमाका दिन यस मन्दिरमा भव्य पूजा हुने गर्छ। सो अवसरमा मन्दिरको अग्रभागमा रहेको भींद्यः वा भीसिन्द्यः दबुबाट काठको पुल जस्तो बनाई सिधैं झ्यालबाट बलि दिने राँगोलाई माथि ल्याई देवताकहाँ बलि दिने गरिन्थ्यो। तर हाल यो चलन पनि हराइसकेको छ।

त्यस्तै फागुपूर्णिमाका दिन पनि यहाँ ठूलो पर्वपूजा हुने गर्छ। विशेषगरेर बर्सेनि फागु पर्वका बेला सर्वप्रथम 'चिरस्वायगु' भनेर सार्वजनिक रूपमा यस मन्दिरभित्र लिङ्ग आकारको एउटा ठूलो काठको मुढोलाई तेर्सो पारेर डोरीमा झुण्ड्याउने र त्यसको अगाडिपट्टि योनी आकारमा प्वाल पारेर रातो कपडा टाङ्गने गरिन्छ। यसलाई भीमसेनको लिङ्ग र द्रौपदीको योनीको प्रतीक मानिन्छ। यसपछि भक्तपुरमा फागुपर्व शुरु हुन्छ। यस पर्वमा स्थानीय श्रद्धालु भक्तजनहरूले मन्दिरमा आएर त्यस लिङ्गलाई योनीमा धकेलेर ढोग्ने गर्छन्। यसबाट परिवारमा सुख शान्ति मिल्ने विश्वास गरिन्छ। यसरी हल्लाउँदा अर्थात् लिङ्ग र योनीको समागम गराउँदा लिङ्गको टुप्पोमा रहेको वीर्यको प्रतीक सेतो कपास झर्ने गरी हल्लाउनु पर्छ भनी स्थानीयहरू जिस्किने गर्छन्। यस क्रियालाई भीमसेन र दौपद्रीबीच आपसी समागम भएको अर्थमा लिने गरिन्छ। बाहिरबाट हेर्दा यो क्रिया अश्लिल र छाडा जस्तो देखिएपनि वास्तवमा तान्त्रिक दृष्टिले हेर्दा यसको ठूलो महत्त्व रहेको देखिन्छ। किनकि तन्त्रमा लिङ्ग र योनी, जसलाई शिव र शक्ति वा पुरुष र प्रकृति चाहे जुनै नाम दिइएपनि आखिर दुवैका बीच हुने आपसी समागमबाट नै सृष्टि प्रभृति भई यो संसार अघि बढेको मान्ने गरिन्छ। अन्त्यमा, फागुपूर्णिमाका दिन, जसरी शुरुको दिन त्यस काठको लिङ्ग (लगः)लाई मन्दिरबाट बाहिर निकाली कमलविनायक पोखरीमा लगेर स्नान गराई विधिवत् रूपले पूजापाठ गरेपछि गोलमढी, सुकुलढोका, भोलाछेँ, नागपोखरी घुमाएर पुनः सोही



'वानेलायकू' अर्थात् पहिलो तलेजु

मन्दिरमाथि ल्याएर झुण्ड्याइएको हो, त्यसैगरी अन्तिम दिनमा पनि त्यस लिङ्गलाई मन्दिरबाट निकाली सूर्यमढी, च्यामासिंह हुँदै ब्रम्हायणी नदीसम्म बोकेर लगी स्नान गराइन्छ। जनविश्वास के छ भने जसले त्यसदिन भीमसेनको लिङ्गलाई बोकेर लगी ब्रम्हायणीमा धुन्छ, त्यसको छोरा हुन्छ। यसलेगर्दा त्यसबेला लिङ्ग बोक्न आउनेहरूको भीड लाग्ने गर्छ। जेहोस्, फागुपूर्णिमाको बेलुका भीमसेनको लिङ्ग धोएपछि भक्तपुरमा होली पर्व समाप्त भएको मानिन्छ। यसप्रकार यो भीमसेन मन्दिर भक्तपुरमा परम्परादेखि चल्दै आएको होली पर्वसँग पनि सम्बन्धित रहेको थाहा हुन्छ। जबकि होली पर्वको आख्यान भगवान श्रीकृष्णको लीलासँग सम्बन्धित रहेको पाइन्छ अर्थात् कंशले श्रीकृष्णलाई मार्न पठाएको पुतनाको दहनपछि त्यस खुसीयालीमा श्रीकृष्णले गोपिनीहरूसँग मनाएको उत्सव नै होली पर्व भनेर जानिन्छ। त्यस्तै हिरण्यकशिपुले विष्णुभक्त आफ्ना पुत्र प्रल्हादलाई मार्न पठाएको होलिकाको दहनपछि यो पर्व मनाउन थालिएको भन्ने भनाइ पनि पाइन्छ (**जोशी**, २०७० : १००९)। जेहोस्, युवायुवतीले मनाउने उत्सवका रूपमा रहेको यस पर्वलाई नेपालका साथै भारतमा पनि धुमधामले मनाउने गरिन्छ। तर यहाँ भने होली पर्वका अवसरमा 'चिरस्वायगु' भनेर भीमसेनको लिङ्गलाई द्रौपदीको योनीमा धकेलेर यौन समागमद्वारा फागु पर्व प्रारम्भ भएको मान्ने गरिन्छ। अन्यत्रको भन्दा सर्वथा भिन्न रहेको मल्लकालदेखि प्रचलित यस परम्परालाई भक्तपुरको आफ्नै मौलिक संस्कृति मान्न सकिन्छ।

यसैगरेर यस मन्दिर सामु रहेको भिंद्यः दबु (मण्डप) को पनि ठूलो सांस्कृतिक महत्त्व रहेको छ। विशेषगरेर यो दबु मध्यकालदेखि प्रचलित खःप्याखँ प्रदर्शन गरिने भक्तपुरका दबुहरू मध्ये एक भएको थाहा हुन्छ। यसै दबुमा प्रत्येक वर्ष इन्द्रजात्राका दिन ल्याइने पुलुकिसिलाई विश्राम गराई पुलुकिसि बोक्ने मानिसहरूलाई ज्याला प्रदान गर्ने विधि सम्पन्न गरिन्छ।

## सन्दर्भ सामग्री


कायस्थ, बलराम (२०७५)– **मध्यकालीन भक्तपुर**, काठमाडौं : रत्नपुस्तक भण्डार।

जोशी, हरिराम (२०७०) – **प्रदीप : अभिनव संस्कृति विश्वकोष**, भक्तपुर : वर्कर्स पब्लिकेसन्स्।

मुनंकर्मी, लीलाभक्त (२०२५) – **मध्यकालीन नेपाल**, काठमाडौं : रत्नपुस्तक भण्डार।

शर्मा, विनोदराज (२०५७) – **इतिहास-संस्कृति : केही पृष्ठहरू**, भक्तपुर : स्टुडेण्ट्स लाइब्रेरी।



# कोभिड-१९ को उग्र रूपको

; a\qmd0faf6

## आफू बचौं र अरुलाई बचाऔं

**कोभिड-१९ ले फेरि उग्र रुप लिन थालेको छ। तर अस्पताल र स्वास्थ्य सेवाको अवस्था सहज र सुलभ छैन। त्यसैले कोरोनासँग निहुँ खोजेर होइन सतर्क भएर स्वस्थ रहौं।**

**कोभिड-१९ का लक्षण**

- रुघाका साथै सुख्खा खोकी लाग्ने
- टाउको दुख्ने
- ज्वरो १००.४° भन्दा बढी आउने
- घाँटी दुख्ने
- सास फेर्न अप्ठेरो वा गाह्रो हुने।

**बच्ने उपाय**

- हात नमिलाउने, त्यसको सट्टा नमस्कार गर्ने।
- साबुन–पानीले कम्तिमा २० सकेण्डसम्म पटक–पटक हात धुने।
- नधोइएका हातले आँखा, मुख र नाक नछुने।
- बाहिरबाट आएपछि राम्रोसँग साबुन पानीले अनिवार्य हात धुने।
- अनावश्यक बाहिरी वस्तु केही नछुने, छोएपछि हात धुने।
- शारीरिक दूरी कायम गर्ने।
- रुघा खोकी लागेका, ज्वरो आएका मान्छेसँग एउटै कोठामा नबस्ने।
- भीडभाडमा नजाने।
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख रुमालले छोप्ने वा कुहिना दोब्र्याएर छेक्ने।
- पाएसम्म राम्रो मास्क प्रयोग गर्ने।
- **खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएमा तुरुन्त अस्पताल जाने।**

नियमित रूपमा प्रक्रिया पुऱ्याएर साबुन पानीले राम्ररी हात धुने गरेमा कोरोना भाइरस लाग्न नपाउने अनुसन्धान तथा प्रयोगशालाबाट प्रमाणित भएको छ। साबुन पानीले बरोबर हात धुँदा कोरोनामात्र होइन मौसमी रुघाखोकी, श्वासप्रश्वासबाट हुने सङ्क्रमण, टाइफाइड, झाडापखालालगायतका थुप्रै सङ्क्रमणबाट बच्न सकिन्छ।

त्यसैले नियमित हात धुने गरौं।

# चोछैं टोल र सुन्दरगोपाल मन्दिरको महत्व



ओम धौभडेल

भक्तपुर नगरका कयौं ऐतिहासिक तथा सामरिक स्थलमा एक भक्तपुर चोछैं टोल पनि एक हो । मल्लकालीन २४ टोलमा एक चोछैं नगरको उत्तर दिशामा रहेको छ[१]। मल्लकालमा चोछैं टोल नजिक भक्तपुर नगर प्रवेश गर्ने महाकाली ढोका र ब्यासी ढोका थियो । यसमा पनि ब्यासी ढोकाबाट अत्यन्त नजिक रहेको कारण चोछैं टोल एक महत्त्वपूर्ण ठाउँ हो भन्ने बुझिन आउँछ । यसबाट पनि चोछैं टोलको महत्त्व अझ बढी झल्किन आउँछ । त्यसो त किंवदन्तीमा चोछैं र खिछैं नामको दुई टोलको नामाकरण हुनु पछाडि आ-आफ्नै तर्क दिने गरेको छ । नेपालभाषामा चो भनेको पिसाव भन्ने तर्क गरी पिसाव फेर्ने ठाउँ भएर चोछैं भनिएको र खि भन्नेको दिसा र दिसा गर्ने ठाउँलाई खिछैं भनिएको भनी अपब्याख्या भएको पाइन्छ । यसमा चोछैं र खिछैं सँगसँगै बसेको टोल भएको आधारमा कता कता हो जस्तो पनि लाग्नु स्वाभाविक हो[२] । तर वास्तविक इतिहास यो होइन । चो को अर्थ पिसाव पनि होइन । नेपालभाषामा ठाउँ बस्तीको नाम पछाडि चो आउने गर्छ । जस्तै तुमचो, भार्वाचो, नलिंचो, फुचो, दलिंचो, जामाचो आदि ठाउँहरूको नाममा आएको चोले माथि भन्ने बुझाउँछ । यस अर्थमा चोछैंले पनि माथिल्लो टोल भन्ने बुझाउँछ । यस अर्थमा चोछैंको भौगोलिक स्वरूपबारे चासो राख्नु आवश्यक हुन्छ । चोछैं टोल नगरको उत्तरतर्फ रहेको ठाउँ हो । यो ठाउँको उत्तर पश्चिममा ब्यासी टोल छ । ब्यासीबाट चोछैं आउने दुईटा बाटो छ । छुँम्ह तँ (उकालो) भएर आउने बाटो छोटो अनि सामरिक हिसावले महत्त्वपुर्ण मार्ग हो । अर्को एउटा बाटो याला तँ (उकालो) भएर आउने मार्ग हो । यो दुवै बाटो भएर चोछैं आउँदा उकालो भएर नै आउनु पर्छ । यसकारण चोछैं माथिल्लो टोल हो भन्ने एक महत्त्वपूर्ण आधार हुन आउँछ । अझ चोछैंबाट यी ठाउँहरू हेर्दा त झ्यालबाट मुनि हेरे झैं हेर्न पाउँदा चोछैं च्वयेछैं नै हो भन्ने स्पष्ट हुन्छ । त्यसो भए खिछैं के हो त चासो उठ्न सक्छ । अवश्य पनि खिछैंको अर्थ दिसा गर्ने ठाउँ होइन । वास्तवमा खिछैंको खास नाम **खिं छैं** हो । यहाँ खिं भनेको एक नेवारी बाजा हो । श्री तलेजु भवानीको लागि आवश्यक खिं यहाँबाट नै तयार हुन्थ्यो । र यहाँ खिं तयार गर्ने र बिक्री वितरण गर्नेहरूलाई खिंबंजा भनिन्छ । उनीहरूको बसोवास अहिलेसम्म पनि यहाँ मौजुद छ[३] । यस्तो महत्त्वपूर्ण ठाउँलाई अचेल खिछैं भनिदिंदा एउटा महत्त्वपूर्ण ठाउँको नाम मात्र परिवर्तन भएको छैन । इतिहास नै गलत ब्याख्यामा पुगेको छ ।

चोछैं टोलमा धेरै मठमन्दिर, द्यःछैं, पाटी, पौवा, ढुङ्गेधारालगायतका सम्पदाहरूले भरिएको ठाउँ हो । यहाँ रहेको छुँम्ह गणेश मन्दिर यहाँकै एक प्रसिद्ध सम्पदा हो[४] । साथै सोही मन्दिर समिप रहेको छुँम्ह गणेश द्यःछैं अति कलात्मक सम्पदामा पर्छ । चोछैं टोलको वरपर यस्ता प्रशस्त सम्पदाहरू रहेकोमा यहाँ निजी घर रहेको घना बस्ती भित्र रहेको एउटा मन्दिरबारे त्यति रामो जानकारी प्रकाशमा आउन सकिरहेको छैन । चोछैं टोल पुग्ने यालाछैं हुँदै छुँम्ह गणेशतर्फ जाने बाटोबाट उत्तरतर्फ घना बस्ती जाने साना साना गल्लीहरू भएर भित्र जाने बखत चोक ननि आउँछ । यस्तै एक ननिको नाम **दरबार ननि** हो[५] । यस ननिको नाम दरबार ननि हुनु पछाडि यसको सम्बन्ध लायकु वा दरबारसित रहनु हो । यस



सुन्दर गोपाल मन्दिर

ननिमा एउटा मन्दिर रहेको छ। शीखर शैलीको यो मन्दिर पुग्ने मुख्य दुई बाटो छ। यसमा दक्षिण दिशाबाट प्रवेश गर्ने एउटा गल्ली र पूर्वबाट प्रवेश गर्ने अर्को गल्ली छ। भित्र छिरे पछि साना साना अन्य गल्लीहरू भेटिन्छ। यो मन्दिर रहेको ठाउँ नै यहाँको अलि फराकिलो ठाउँ हो। मन्दिरमा तीन तहको पेटी रहेको छ। यसमा जमिनभन्दा माथिको पहिलो पेटी अस्वाभाविक छ। जमिनसँगै जोडिएको पेटीको उचाइ सबैभन्दा बढी हुनु पर्नेमा त्यस्तो छैन। थोरै उचाइको यो पेटी कतै जमिन मुनि दबिएको पो छ कि जस्तो भान हुन्छ। अझ मन्दिरको दोश्रो तहको पेटीसँग दाँज्ने हो भने पहिलो तहको पेटी झनै अस्वाभाविक देखिन्छ। मन्दिरको शैली तथा उचाइ हेर्दा दोश्रो तहको पेटी स्वाभाविक देखिन्छ। त्यस्तै मन्दिरको तेश्रो पेटीको उचाइ पनि स्वाभाविक देखिँदैन। यसरी बाहिरबाट झट्ट हेर्दा मन्दिरको पहिलो र तेश्रो पेटी पछि जीर्णोद्धार भएको देखिन्छ। मन्दिरको मूल ढोका प्रस्तरको अति कलात्मक बुट्टाले भरिएको छ। मन्दिरको पहिलो तल्लो भाग इँटाले बनेको देखिन्छ। त्यसभन्दा माथि सेतो पोतेको छ। त्यहाँ चारैतिर चतुर्भुज नारायणको सुन्दर मूर्ति रहेको छ। चारै कुनामा उड्न लागेको सजीव मूर्तिले मन्दिर अझ शोभायमान देखिन्छ। त्यसबाहेक कलात्मक बुट्टेदार इँटाहरूले सजिएको सो मन्दिरको गजुर पित्तलको छ। यसरी शिखर शैलीमा रहेको मन्दिर अत्यन्त सुन्दर एवम् कलात्मक छ। मन्दिरको नाम नै सुन्दर छ, अर्थात सुन्दर गोपाल मन्दिर भनि चिनिन्छ। त्यसो त यो मन्दिरबारे आजसम्म कहिंकतैबाट त्यति चासो दिएको देखिँदैन। स्थानीयलाई बाहेक अरूलाई त्यति जानकारी नभएको सुन्दर गोपाल मन्दिर सुन्दर भएर पनि घुम्तो भित्र लुकेकी दुलही झैँ छ। निजी घर बस्ती भित्र पनि यति रामो सुन्दर मन्दिर होला भनी कसैले कल्पना गर्न सक्दैन। बाहिरबाट हेर्दा मन्दिर जुन तवरले सुन्दर छ, मन्दिर भित्रको बाँसुरी बजाइरहेको पूर्ण कदको कृष्णाको मूर्ति अति सुन्दर छ। त्यसैले पनि यो मन्दिरको नामाकरण नै सुन्दर गोपाल भनिएको छ।

निजी घरहरू भित्र यतिविधि सुन्दर मन्दिर स्थापना हुनु पछि दरबारकै भारदारहरूको ठूलो योगदान भएर नै हो। विशेषगरि राजा रणजित मल्लका सात छोराहरूमा देवेन्द मल्ल तेखाचोमा बस्न पुगे पछि यिनले त्यहाँ रहेको बाराही द्यःछेँ मा सुनको छाना लगाउनेदेखि यहाँ रहेको बंशी गोपाल मन्दिरलाई अझ आर्कषक बनाउने काम गरे। यसैलाई मध्य नजर गरी रणजित मल्लका अर्का एक सन्तान जो चोछेँ दरबार ननिभित्रको चोछेँ बाहामा बस्न पुगे, उनले आफ्नो निवास समिप अति आर्कषक गोपाल अर्थात कृष्णको मन्दिर बनाउन लगाएको देखिन्छ[६]। जसरी तेखाचोस्थित कृष्णको मन्दिर बंशी गोपालबाट प्रख्यात रहयो त्यसैबाट प्रभावित भई चोछेँको सो मन्दिरको नाम पनि सुन्दर गोपाल रहन पुग्यो। चोछेँ दरबार ननिमा मल्लहरूको उपस्थिति यसको ठोस उदाहरण हो।

सुन्दरगोपाल मन्दिर रहेको चोछेँको इतिहास यतिमात्र अवश्य होइन। लिच्छवि राजा आनन्ददेवले नवौं शताब्दितिर नेपालमण्डलको राजधानी भक्तपुर बनाउने क्रममा चोछेँ नजिकको तुलाछेँमा त्रिपुर राजवासको निर्माण गरेको थियो। यसै समयदेखि चोछेँ टोलको भूमिका बढ्न पुग्यो। त्यसो त भक्तपुर नगरको स्थापनाकालमै चोछेँ टोलको छुँम्ह गणेश अस्तित्वमा रहिसकेको किंवदन्ती प्रचलित नभएको होईन[७]। तर ऐतिहासिक प्रमाण तथा सामरिक दृष्टिकोणले त्रिपुर राजवासको नजिकको एक महत्त्वपूर्ण बस्ती चोछेँ हुन पग्यो। यसमा एक समयमा त चोछेँ टोल त्रिपुर राजवास पस्ने एक मुख्य नाका नै बन्न पुग्यो। यसको प्रमाण नेपाल संवत् ३६४ मा राजा अनर्घमलदेवको समयमा डोय राजाहरूले भक्तपुरमा आक्रमण गर्न आउँदा चोछेँका भारदार जगत ब्रम्हाले डोयहरूलाई रोकी राखेको घटना गोपाल राजवंशावलीमा उल्लेख छ[८]। गोपाल राजवंशावलीको पत्र सङ्ख्या ३६ मा यसको उल्लेख यसरी गरेको छ, *सं ३६४ ज्येष्ठ कृष्ण प्रतिपदा खण्डाधारगुंस डोय लासन वल्यम्, धाह् याङ, तल म्वण्ड ङयङा द्वलआह रामसिंह राजास कटकः चोछेँ जगतब्रम्हा भाटो धाह्स ङव। लिंज जय जुव जात्रा याङ लास्यं वया राजा श्री अनर्घमल देवस ॥*

अर्थात 'नेपाल संवत् ३६४( विसं १३०१) ज्येष्ठकृष्ण प्रतिपदाको दिन खण्डाधार डाँडोमा डोयहरू लड्न आए। उनीहरूलाई रोकेर राखियो। धेरै मानिस काटिए। राजा रामसिंह लड्न आएका थिए। रोकी राख्नेमा चोछेँका जगतब्रम्हा भारदार पनि थिए। पछि त्रिपुरको जित भयो। राजा अनर्घमलदेव जात्रा गरी फर्की आए।' यसबाट तत्कालीन समयमै यहाँ बलियो किल्ला भइसकेको देखिन्छ। यसमा नेपाल संवत् ६३० को एउटा घटनाले चोछेँको इतिहासमा कायापलट भएको देखिन्छ। भक्तपुरका राजा राय मल्लको मृत्युपछि उनका छोरा भुवन मल्लको समयमा चोछेँका एक शक्तिशाली भारदार कमलाज भक्तपुरका मन्त्री हुन पुगे। त्यसो त कमलाज भारोलाई चोछेँ तोमरछेका भारदार भनिएको छ। तत्कालीन समयमा चोछेँको किल्ला रहेको हालको दरबार ननि रहेको ठाउँलाई **तोमरछे** भनिने पनि थाहा हुन आउँछ[९]। यहि चोछेँ टोलमा मल्लकालमा मल्ल राजपरिवारका महत्त्वपूर्ण सदस्यहरूलाई यो ठाउँको किल्ला सुरक्षार्थ खटाउने चलन पछिसम्म पनि रहयो। राजा भुवन मल्लले आफना भाइ जित मल्लका सन्तानहरूलाई यहि चोछेँमा किल्ला बनाई रहने ब्यवस्था गरे। जित मल्लका सन्तानहरू

यहाँका मुख्य भारदार हुन पुगे। यिनीहरू मल्ल भएता पनि पछि चोछेँ किल्लाको सुरक्षा गर्ने गरी नायजु कहलिए। नायजुहरूको मुख्य जिम्मा ब्यासी भइआउने शत्रुको गतिविधि रोक्नु थियो। ब्यासी ढोकाको सुरक्षार्थ पहिहरूलाई यही बसोबास गर्ने ब्यवस्था भयो। साथै ब्यासी टोलवासीहरूलाई खः प्याखँको चलन यसैबेला आयो। नायजुहरू ब्यासी यालाछेँ र चोछेँ छुँम्ह गणेशको मार्ग नेर आवाससहित रहेको देखिन्छ। पछि यिनीहरू भक्तपुरबाट विस्थापित भई बढी जसो बाग्लुङतिर लागेको देखिन्छ। यता मल्लकालमै अन्तिम समयसम्म आइपुग्दा त राजा रणजित मल्लले आफ्ना सात सन्तानहरू मध्ये एकलाई रहनको लागि यहाँ एक बाहा बनाउन लगाए। बाहा रहेको ठाउँ दरबार ननि भनिए। यसबाट सुन्दरगोपाल मन्दिर राजा रणजित मल्लका सन्तानहरूबाट निमार्ण गर्न लगाएको स्पष्ट हुन्छ।

त्यसो त चोछेँटोलको इतिहासमा गोपालराज वंशावलीमा देखिएका जगत ब्रम्हा नामका भारदार होस्, राजा भुवन मल्ल ताका देखिएका कमलाज भारो होस्, उनीहरू चोछेँ टोलका हर्ताकर्ता भएर पछिसम्म नै यही बसोवास गरिबसेको पाइन्छ। खोजबिनको क्रममा यिनीहरू चोछेँ टोलका मुनंकर्मी [१०] र सत्ता प्रधानाङ्गहरूको[११] पुर्खा हुनसक्ने आधार छ। यता भुवन मल्लको पालामा चोछेँ किल्लाको हकदार भुवन मल्लका भाइ जित मल्लका छोराहरू हुन पुगे। यिनीहरू पछि नायजु थरले चिनिए। सबैभन्दा पछिल्लो पटक राजा रणजित मल्लको समयमा यहाँ उनका सात सन्तान मध्ये एकको आवास भयो। उनका शाखासन्तान मल्ल नै थरले यहाँ रहेकोमा पछि यिनीहरु धेरै यहाँबाट विस्थापित भए। यिनीहरूको विस्थापन सँगै सुन्दरगोपाल मन्दिरको पूजापर्व तथा गुथि आदि सबै बन्द हुन पुगे। यो मन्दिरको पूजाआजा स्थानीयहरूकै रेखदेखमा हुँदै आएको छ। समय समयमा नगरभरि कृष्ण पूजा हुँदा बाहेक अन्य समय टोल बाहिरका मानिस यहाँ विरलै पुग्छन्। एक पटक नेपालकै एक नामी विद्वान स्व. लैनसिंह वाङडेलले यस मन्दिरबारे थाहा पाएर यहाँ पुग्दा यति सुन्दर मन्दिर तथा मूर्ति देखेर तीनछक्क परेको घटना सुनाउने मान्छे अझै यहाँ छ।[१२]

## पाद टिपोट

१) भक्तपुरमा मल्लकालमा २४ टोलहरू रहेको तथ्य मोहनी नखामा प्रत्येक टोलबाट एक एक ओटा राँगो श्री तलेजु भवानीकोमा बलि चढाउनु पर्नेबाट थाहा हुन्छ।

२) चोछेँ र खिंछेँ सँगसँगै भएता पनि हाल चोछेँ वडा नं. ६ मा पर्छ भने खिंछेँ वडा नं. ५ मा परेको छ।

३) भक्तपुरमा थरको पछाडि बंजा आउने थुप्रै थरहरू छन्। यसमा खिंबंजा पनि एक हो।

४) चोछेँ टोलको मुख्य विशेषता भनेको वैशाख ४ गतेको छुँम्ह गणेश र यससँग सम्बन्धित विभिन्न जात्राहरू नै हुन्।

नैतिक कथा

### मूर्ख गधा

एक नून व्यापारी हरेक दिन नूनका बोराहरू आफ्नो गधालाई बोकाएर बजारमा बेच्न लैजान्थ्यो।

बाटोमा एउटा खोला तर्नुपर्थ्यो। एक दिन खोला तर्दै गर्दा गधा खोलामा लड्यो। नूनको बोरा पनि भिज्यो र पानीले केही नून पगाल्यो। नूनको बोझ केही हलुका भयो र गधा खुशी भयो।

गधाले यो चलाकी सधैँ दोहोऱ्याउन थाल्यो। व्यापारीले गधाको चलाकी बुझ्यो र उसले नसीहत दिने सोच्यो। व्यापारीले एकदिन नूनको साटो कपासको भारी बोकाएर बजारतिर लाग्यो। गधाले त्यही चलाकी दोहोऱ्यायो। पानीले कपास भिज्यो र झनै गह्रुङ्गो भयो। गधालाई थप सास्ती भयो। भोलिपल्टदेखि गधाले मूर्खतापूर्ण चलाकी दोहोऱ्याएन, मालिक पनि खुशी भयो।

शिक्षा : गलत चलाकीले थप दुख पाउँछ।

५) चोकभन्दा सानो चारैतिरबाट घरहरूले घेरिएको सम्पदालाई ननि भनिन्छ।

६) रणजित मल्लका सात सन्तानहरूको लागि बनाउन लगाएका सात बाहाहरूको नाम खौमा बाहा, दुवसी बाहा, कुथु बाहा, चोछेँ बाहा, सन्तन बाहा, दथु बाहा, भोट्या बाहा रहेको र ती राजकुमारहरूको नाम अजितसिंह, अच्युतसिंह, मनोरथसिंह, जयसिंह, धनसिंह, देवेन्द्र, अवधुतसिंह आदि रहेको देखिन्छ।

७) किंवदन्ती अनुसार भक्तपुर नगरको स्थापनासित छुँम्ह गणेशको सम्बन्ध रहेको छ।

८) गोपालराज वंशावली पत्र सङ्ख्या ३६ बाट

९) भक्तपुर दरबारका मल्लकालीन भारदारहरू – ओम धौभडेल

१०) चोछेँ टोलका मुनकर्मीहरू यहाँका भारदारहरूका वंशजका हुन सक्ने आधार उनीहरूको थरबाट प्रष्ट हुन्छ। विशेषगरि श्री तलेजु भवानीको समिप रहने गरी श्रीलाई मु नं अर्थात मुख्य लुगा बनाउने रकमीको रूपमा रहेको बाट थाहा हुन्छ। मल्ल परिवार तथा दरबारका भारदारहरू श्री तलेजु भवानीको सेवामा रहने परम्परामा मुनंकर्मी पनि रहेकोबाट पनि यसको थप पुष्टि हुन्छ। विशेषगरि श्री तलेजु भवानीलाई विशेष वस्त्र बनाउने आधारमा मुनंकर्मी पछि मात्र तय भएको थर हो। यसभन्दा अघि यिनीहरूको खास थर अनुसन्धानको विषय बन्न आउँछ।

११) चोछेँ टोलको अर्को एक प्रमुख थर सत्ताजु अर्थात प्रधानाङ्ग पनि हो। जसलाई काजी खलक पनि भनिन्छ। सत्ताहरूको मूलस्थान चोछेँ हुनु र काजी खलक कहलिनुबाट यिनीहरू मल्लकालमा दरबारका भारदार हो भन्ने थाहा हुन्छ। अझ मोहनी ताका श्री तलेजु भवानीकोमा गर्नुपर्ने गुथि पूजा तथा महालक्ष्मी व्रत पूजा आदिबाट यसको थप पुष्टि हुन्छ। तर यिनीहरूको वंशावलीमा सात आठ पुस्ताबाट माथि जान नसकेको सन्दर्भमा नेपाल संवत् ६३० ताका देखा परेका कमलाज भारो सम्म पुग्न ज्यादै मिहिनेत गर्नुपर्ने देखिन्छ।

१२) कृष्णराम नायजुबाट प्राप्त जानकारी अनुसार।

चित्र : लेखक



# किम इल सङको संस्मरण
# शताब्दीका साथ -&_




## पर्खालले घेरेको प्रिय नगरमा

भाग-९ , परिच्छेद ४ (ख)

बुढो कमाण्डरप्रति मलाई दया लाग्यो। के गर्ने, कसो गर्ने उनले केही मेलोमेसो पाएका थिएनन्। आफ्ना सहकर्मीहरूले उनलाई तर्केर हेर्ने गर्थे। यसो भन्दा आफैलाई अनौठो लाग्ला, खासमा त्यस्तो अवस्थाको निम्ति उनलाई उत्तरदायी ठह्र्याउनुको सट्टा म उनकै पक्षमा बोल्दै थिएँ। संयुक्त कारबाहीको बन्दोबस्त देखेर अरू कोहीभन्दा बढी उत्साही थिए। संयुक्त कारबाहीको लागि अरू कसैले भन्दा उनले ज्यादै रचनात्मक विचार दिइरहेका थिए। उनी आफ्ना लडाकुलाई कारबाहीको क्रममा समयको ख्याल राख्न र कारबाहीका अनुशासनको पालना गर्न बारम्बार जोड दिइरहेका थिए। यसले हामीलाई बलियो सहयोग र उत्साह थपियो। जापानविरोधी सेनासँग साझा मोर्चालाई हामीले निकै ठूलो महत्त्व दिएका थियौँ।

जनक्रान्तिकारी सेनासँगको मोर्चालाई प्रभावकारी बनाउन उनको अथक प्रयास र व्यवहारिक अक्षमताबीच बेढङ्गको असमानता थियो। उनका व्यवहारिक अक्षमताकै कारण उनको गतिविधि विकास हुन सकेको थिएन। बुढो कमान्डरको त्यही अवस्थाको कारण मलाई उनीप्रति दया लाग्थ्यो।

यद्यपि, म कसैलाई पनि दया देखाउने अवस्थामा थिइनँ। समय बित्दै गयो। म सिङ्गो कारबाहीको कमान्डर थिएँ। त्यसकारण मेरो मनमा ढ्याङ्ग्रो ठोकिन थाल्यो। मैले सयौँ लडाइँ लडिसकेको थिएँ। तर, त्यो बेलाजस्तो कहिल्यै पनि आत्तिएको वा हतास भएको थिइनँ।

समयको कडाइका साथ पालनाबारे तयारी बैठकहरूमा विशेष जोड दिन नसकेकोमा मलाई पश्चाताप लागेको थियो। मैले जनताको जीवन र सम्पत्तिमा कुनै हानि नोक्सानी नगर्न र जनतासँग हाम्रो सम्बन्ध कत्ति पनि नबिगार्न जोड दिएको थिएँ। दोङनिङ काउन्टीको लडाइँमा जापानविरोधी शक्तिका मान्छेहरूले गरेको जस्तो दुर्व्यवहार फुसोङमा नदोहोरियोस् भन्ने विषयमा म सजग थिएँ। उस्तै व्यवहार दोहोरिए हामीले सहने कुरा पनि हुन्थेन।

वन शुनको एकाइ आइपुग्न विलम्ब हुन सक्ने विषयमा मैले खास चिन्ता गरेको थिइनँ। उनीहरूले समयको विषयलाई बेवास्ता गरेको देखेर म आश्चर्यचकित भएँ। लडाइँको धार नै उल्टो घुम्न सक्ने त्यो असामान्य घटनाले हामीलाई गम्भीर अवस्थातिर धकेलेको थियो। त्यो अवस्थामा हामीसँग दुई विकल्प थिए-लचिलो उपाय अपनाउनु वा लडाइँ नै छोड्नु। दोस्रो विकल्पमा जान सम्भव थिएन किनभने निकै मिहिनेत पछि लडाइँमा जाने निर्णय भएको थियो। लडाइँ स्थगन गर्नुले जापानविरोधी सेना र जनक्रान्तिकारी सेना दुवैको मनोबललाई कमजोर बनाउन सक्थ्यो। संयुक्त कारबाहीको निर्णयले उनीहरूको बढेको मनोबल खस्कन सक्थ्यो।

वन शुनका सैनिक अधिकारी र सिपाहीहरूलाई अफिमको अभावको कारण उनीहरू समयमै हिँड्न सकेका थिएनन्। उनीहरू अधिकांशलाई अफिमको लत परेको थियो। अफिम नसल्काइकन उनीहरू आवश्यक गतिमा हिँड्न पनि सक्दैनथे।

संयुक्त कारबाही सफल बनाउन हामीले बाटोमा आउँदै गरेका वन शुनका सेनाको लागि अफिम पठाउनुपरेको थियो।

यदि हामीले आकस्मिक रूपमा यो कदम नचालेको भए वन शुनका लडाकुहरूले बाटोमै पूरा दिन लगाइदिने थियो।

इमु काउन्टीको लडाइँ पछि वाङ रन चेङले मलाई जापानविरोधी सेनाले संयुक्त कारबाहीमा तुलनात्मक रूपमा राम्ररी लडेको र त्यसो हुन सक्नुको कारण अफिम भएको कुरा मलाई सुनाए। त्यत्तिबेला मैले उनको कुरालाई हाँसो ठट्टाको रूपमा मात्र लिएको थिएँ। अफिमकै अभावको कारण वन शुनका लडाकु आउन ढिला भएको कुरा थाहा पाए पछि मात्र मैले वाङको कुरा सत्य भएको बुझेँ।

तोकिएको समयभन्दा वन शुनको सेना निकै ढिला मात्र आइपुगेको थियो। मुख्य शक्तिको रेजिमेन्ट कमान्डर सबभन्दा ढिला आइपुगेका थिए। उनी हस्याङफस्याङ गर्दै

आफ्नो कमान्डरलाई आफ्नो आगमनको खबर गरेका थिए। रेजिमेन्ट कमान्डरको त्यस्तो बेवास्ता देखेर वन शुनले आफ्नो मौजर (पेस्टोल राख्ने छालाको थैली) बाट पेस्टोल निकालेर उनलाई मार्ने चेतावनी दिएका थिए।

अफिमले पार्ने क्षतिबारे त्यत्तिबेला जति नजिकबाट मैले कहिल्यै अनुभव गरेको थिइनँ। त्यो पीडादायी अनुभवकै कारण गुरिल्ला सेनामा कोही अफिमका लती भए निकाल्ने निर्णयमा पुऱ्याएको थियो।

अफिमकै कारण सयौं वर्ष पुरानो छिङ वंशको विनाश भएको बताइन्छ। छिङ वंशले बेलायतविरुद्ध दुई ओटा अफिम युद्ध लडेको थियो। बेलायतले छिङ वंशले शासन गरेको चीनमा अफिम निकासा गर्थ्यो। भारतमा उत्पादन हुने अफिम चीनमा पुऱ्याइन्थ्यो र त्यही अफिमको कारण करोडौं चिनियाँहरू अफिमका लती थिए। चीनमा अफिम बेचेर बेलायतीहरूले ठूलो परिमाणमा चाँदी लिएर जान्थे। चीनमा अफिमको व्यापारबाट बेलायतले निकै ठूलो नाफा कमाएको थियो।

लिन चे-सु र छिङ शासनका केही प्रगतिशीलहरूले अफिम कारोबारको विरोध गर्दै बेलायती आक्रमणकारीहरूविरुद्ध लड्न चिनियाँ जनतालाई आह्वान गरे। चिनियाँ जनताको प्रतिकार भयानक थियो। तै पनि चीनले बेलायतका शासकहरूको विश्वासघातको कारण आफ्नो भूभाग हङकङ बेलायतलाई बुझाउनुपरेको थियो।

इतिहासका यी घटनाबाट हामीले चीनलाई अफिमले निलेको देख्छौं। छिङ वंशले चीनलाई उन्नाइसौं र बीसौं शताब्दीमा पुऱ्याएको दुःख र पीडाको मूल कारण अफिम नै थियो। सन् १९३० दसकमा समेत मञ्चुरियामा गोप्य रूपमा अफिमको व्यापार व्यापक थियो। मञ्चुरियाका धनी र सरकारी अधिकारीहरूको कुरा छोडौं, हात-मुख जोड्न समेत धौ धौ परेका मानिसहरू समेत अफिम तान्थे। नशालु आँखा र बगिरहेको नाक लिएर संसारलाई निस्सारतामा हेरिरहने कोही पनि अफिमका लतीहरूलाई जब म देख्छु, म हाम्रो छिमेकी देशको लामो रक्तपातपूर्ण इतिहास सम्झन्छु र मेरो मनमा त्यहाँका जनताप्रति सद्भाव पलाउँछ।

एकगठ भएका सबै लडाकुहरू हस्याङफस्याङ गर्दै दौडेर आई त पुगे। तर, त्यसले केही लछारपाटो लगाउन सकेन। पर्खालमाथिको ध्वाखामा पहरा बसेका कठपुतली मन्चुको सेनाको कम्पनीभित्रका जापानविरोधी सङ्गठनका सदस्यहरू हमलाको उपयुक्त सङ्केतको प्रतिक्षा गर्दै बसे। तर, भनिएको समयमा कुनै सङ्केत नपाए पछि उनीहरूले आफ्नो मेसिन गनमा बालुवा भरेर त्यहाँबाट पछि हटे। गोप्य रूपमा ध्वाखाभित्र पसेर एकै चोटिमा पर्खालभित्रको नगरका सबै सेनालाई सिध्याउने हाम्रो योजना सुरुमै विफल भयो।

प्रष्ट भन्नुपर्दा त्यत्तिबेला मैले त्यो लडाइँबाट पछि हट्नुपर्ने विचार गरिसकेको थिएँ। त्यस परिस्थितिमा लडाइँलाई स्थगित गरेर पछि सर्नुमै बुद्धिमानी हुने थियो।

तथापि, शत्रुप्रति हाम्रो घृणा यति बाक्लो र त्यो लडाइँबाट पेक्डु पर्वतमा कब्जा गर्ने हाम्रो अपेक्षा यति जब्बर बनिसकेको थियो कि रगतको आहालमा डुबेको र हाम्रो आँखै अगाडिको फुसोङमाथि हमला गर्न हामीलाई कसैले पनि रोक्न सक्ने थिएन।

यदि १८ सय लडाकु भएको हाम्रो सेना हमलाको प्रयत्न पनि नगरी फर्के हाम्रो हालत कस्तो होला ? सर्वसाधारणले हामीलाई कायरको संज्ञा दिने थिए। त्यसै कारण जापानीहरूविरुद्धको संयुक्त मोर्चा छताछुल्ल हुने थियो। पेक्डु पर्वतमा गोली पड्केको आवाज प्रतिध्वनित गर्ने हाम्रो योजना विफल हुने थियो।

मैले जनक्रान्तिकारी सेनाका कमान्डिङ अधिकारीहरूलाई बोलाएर प्रतिकूल अवस्था सामनाको निम्ति तयार रहन र लडाइँको नेतृत्व गर्न निर्देशन दिएँ। निकै मिहिनेतका साथ तयारी गरिएको लडाइँलाई विजयसम्म पुऱ्याउन आफ्नो ज्यानको बाजी लगाउन मैले उनीहरूलाई भनें।

यी सबै जटिलताबीच लडाइँ सुरु भयो।

मैले हमला गर्न आदेश दिए पछि जनक्रान्तिकारी सेनाका लडाकुहरूले एकैबाजी पूर्वी पहाडी क्षेत्रमाथि कब्जा जमाए र सियाओनानमेनतिर टोली अघि बढ्यो। जापानविरोधी सिपाहींहरू पनि बेइमेन र दोङमेनतिर अघि बढे। सियाओनानमेनको सडकमा शत्रुसँग हात हातै लडाइँ भयो। शत्रुको एउटा मेसिन गनले नगरको ध्वाखा नजिक पुगेका हाम्रा लडाकुहरूमाथि लगातार गोली वर्षाइरहेको थियो। सियाओनानमेननजिक मैले सम्हालेको मोर्चामा मेसिन गनको गोलीको पर्रा कानै खाने खालको थियो।

जेनतेन जनक्रान्तिकारी सेनाका टोलीहरू आफ्नो मेसिन गन कम्पनीको सहायतामा ध्वाखाभित्र पसेर नगरमा प्रवेश गर्न सफल भए। हाम्रा लडाकुहरूको आत्मबलिदानले ओतप्रोत प्रयासको कारण नगरभित्र प्रवेश गर्न सम्भव भयो। बेइमेनमा हमला गरिरहेको वन शुनको एकाइ शत्रुको तर्फबाट भइरहेको गोलाबारीबाट डराएर पछि हट्न लागेको खबर प्राप्त गरें। मैले कम्पनी कमान्डर रि तोङ हकलाई आफ्नो टोली लिएर बेइमेनमा तत्काल जान र वन शुनको टोलीलाई मद्दत गर्न आदेश दिएँ।

केही बेर पछि दोङमेनमा हमला गरिरहेको लि होङ-बिनका लडाकुहरू शत्रुको प्रत्याक्रमणबाट डराएर पछि हटे।

त्यही कारण दोङमेनबाट बाहिर आएका शत्रुका लडाकुहरू सियाओनानमेनतिर हुर्रिएर आए ।

वाङलियाङहमा हमला नगरी जोन क्वाङको सानो टोली फर्केको खबरले मलाई निराश बनायो । अवस्था अझ खराब भइरहेको थियो । तोउदोउ–सोङह्वा नदीमा बाढी आइरहेको थियो । त्यसकारण नदी तर्न असम्भव थियो । शत्रु सेनाबाट आइरहेको लगातारको गोली वर्षामात्र बेइमेनबाट वन शुन एकाइ पछि हट्नुको एउटै कारण थिएन । उनीहरूले हमलाको लागि खटिएको जोन क्वाङको टोलीलाई शत्रु सेना ठान्दा आफूमाथि अघि र पछि दुवैतिरबाट हमला हुने डरले वन शुनको टोली पछि हटेको थियो ।

वन शुनका लडाकुहरूको भद्रगोल चालढालले उनको साथमा रहेको लि होङ–बिनको टोलीलाई नराम्ररी असर गऱ्यो । आफ्नो लक्ष्यमा असफल भएको जोन क्वाङले ढिला मात्र आफ्नो असफलताको खबर दिँदा समग्र हमलामा घातक प्रभाव पाऱ्यो ।

घाम टाउकै माथि चढिसकेको थियो । तर, लडाइँको अन्योलपूर्ण अवस्था अझै मेटिसकेको थिएन । समय घर्केसँगै बरु अवस्था झन् पछि झन् जटिल बन्दै गएको थियो । लि होङ–बिन दौडिँदै म भएको ठाउँमा आइपुगे ।

'जनरल', उनले भने,'अवस्था निराशाजनक छ । हामीले थोरै मात्र समय खेर फाले पनि हामी सबै सकिनेछौँ ।' उनले तत्कालै पछि हट्नुपर्ने छनक दिए ।

'यो सब मेरै कारण भयो !', उनले रुँदै भने । खरानी रङको बिहानको आकाश हेर्दै उनी निरीहता पोखिरहेका थिए ।

मैले उनको कुम समातेर चिच्याउँदै भने,'टोली नेता, यति सारो निराश नहुनुहोस् । यस्ता अवस्थाको हामीले सामना गर्न सक्नुपर्छ र प्रतिकूलतालाई अनुकूलतामा बदल्नुपर्छ । हरेक समस्यासँगै समाधान पनि हुन्छ र हरेक सहजतासँगै प्रतिकूलता पनि हुने गर्छ ।'

प्रतिकूलतालाई अनुकूलतामा बदल्ने मसँग कुनै प्रष्ट विचार भएर मैले उनलाई ती कुरा भनिरहेको थिइनँ । जापानविरोधी टोली पछि हटिसकेको अवस्थामा तत्क्षण उपयुक्त रणनीति प्रयोग गरी लडाइँमा अघि बढ्ने मेरो निर्णयप्रति दृढता देखाउन मैले ती कुरा भनेको थिएँ ।

शत्रुलाई पर्खालभित्रको सहरबाट तानेर उपत्यकामा पुऱ्याउने र त्यहाँको प्रतिकूल परिस्थितिमा गुरिल्ला युद्धका रणनीतिक सिद्धान्तअनुसार शत्रुलाई सिध्याउने हाम्रो योजना थियो । लडाइँको योजना बुन्दा नै मेरो दिमागमा यो वैकल्पिक योजना बनिसकेको थियो । तर, यस्तो रणनीति रातको समयमा मात्र प्रयोग गर्दा फलदायी हुने सम्भावना थियो ।

तब हाम्रोसामू दुई ओटामात्र विकल्प बाँकी रहेको देखियो– दिउँसो हुनुअघि नै हामीले पछि हट्नु अथवा मृत्युको कति पनि डर नमानी सिधै गएर शुत्रमाथि जाई लाग्नु ।

शत्रुलाई छकाउने रणनीति प्रयोग गर्ने निधो भइसके पछि पनि मैले हाम्रा लडाकुहरू घाइते हुन सक्ने सम्भावनालाई विचार गरेर उनीहरूलाई पछि हट्न आदेश दिन अनकनाएँ । त्यही बेला एउटा चमत्कार भयो । अचानक बाक्लो हुस्सु आएर पूरै सहर र वरपरका क्षेत्र छपक्कै छोपियो । हुस्सुले आँखै अघिका कुरालाई पनि ठम्याउन हम्मेहम्मे भयो ।

मैले सबै छरिएका सिपाहींहरूलाई एकै ठाउँमा जम्मा गर्न र पूर्वतिरको पहाड र स्याओमालुक्वको लेकतिर उक्लिन सबै कमान्डरहरूलाई आदेश दिएँ ।

शत्रु हाम्रो सिपाहींहरूलाई लखेट्दै नगरबाहिर आए ।

हामीले पूर्वको पहाड उक्लिन थाल्दा मैले पहाडको गल्छीमा गोली चलेको आवाज सुनेँ । मेरो मनमा चिसो पस्यो । लडाकुको लागि बिहानको खाना तयारी गर्न सात–आठ जना महिला सिपाहींहरूलाई मैले गल्छीमा खटाएको थिएँ । हाम्रो मुख्य सेना त्यही पहाडतिर गएको ठम्याएर हामीलाई रोक्न, हामी जान सक्ने गल्छीको बाटो कब्जा गरेर मेरो स्थलगत मुख्यालय र मुख्य सेनालाई दुईतिरबाट घेर्न शत्रु त्यही गल्छीतिर गएको थियो ।

गल्छीबाट राइफल पड्केको आवाज अझ लगातार गुञ्जिन थाल्यो । पछि थाहा भयो, महिला सिपाहींहरूले शत्रुको ठूलो फौजविरुद्ध चर्को प्रतिरक्षा गरेका रहेछन् ।

गल्छीमा के भइरहेको छ, बुझ्न मैले मेरो अर्दलीलाई पठाएँ । मेरो अर्दली कमरेडहरू किम ह्वाक सिल र किम जोङ सुक जुन कुनै हालतमा मुख्यालयको सुरक्षा सुनिश्चत गर्ने भन्दै शत्रुसँग भिडिरहेको खबर लिएर फर्के । त्यत्तिबेला महिला कमरेडहरूको साहसिक प्रतिरक्षाकै कारण मुख्यालयको रक्षा भएको वास्तविकता मैले भन्नै पर्छ । उनीहरूले त्यो दिन गल्छीमा शत्रुको सामना गरेर मुख्यालयको रक्षा गरेका थिए । उनीहरूले शत्रुलाई त्यहाँ नरोकेका भए हामी पहाड उक्लिन नपाउँदै शत्रुले हामीलाई रोकिसक्ने थियो । महिला कमरेड, चौथो कम्पनी र सातौँ रेजिमेन्टले पूर्वी पहाडको रक्षा गऱ्यो र मृत्युमाथि विजय हासिल गऱ्यो ।

गल्छीमा भीषण लडाइँ चल्दै गर्दा सातौँ रेजिमेन्टको मुख्य टोलीले पूर्वी पहाडको दक्षिणका उचाइहरूमाथि कब्जा जमाएर बाटोमा धराप बिछ्याइसकेको थियो । जापानविरोधी सेनाका लडाकुहरू पनि पल्लोतिरको लेकमा बसिसकेका थिए । त्यसपछि मात्र मुख्य टोलीलाई पछि हट्ने समयको लागि शत्रुमाथि

हमला गरिरहेको कम्पनी हुस्सु परेको उपत्यका हुँदै शत्रुलाई छक्याउँदै पछि हट्यो । त्यो कम्पनी पनि पहाडको काँधमा पुग्यो र धराप बिछ्याउन थाल्यो ।

टाउको काट्नमा कुख्यात ताकाहाशी नेतृत्वको शत्रु सेना हाम्रो घेरामा पऱ्यो । उनीहरूले भाग्ने कुनै बाटो नै पाएनन् । फलतः त्यो लडाइँको उपलब्धि पनि हामीले अपेक्षा गरेअनुसार नै भयो ।

हाम्रो सेना र शत्रुबीच उपत्यकामा भएको गोली हानाहानको आवाज केही समयसम्म पहाडका कुइँनेटाहरूमा गुञ्जिरह्यो । वन शुनले भनेअनुसार ताकाहाशीका लडाकुहरू छालझैँ आएर बहादुरीका साथ लडेका थिए । तर, शत्रुका ती प्रत्येक छाललाई रोकियो । शत्रु सेनामा ठूलो क्षति भयो । आफ्नो प्रहारको कुनै अर्थ वा प्रभाव नभएको अनुभव गरेर शत्रुले युद्धविराम गऱ्यो र थप शक्तिको कामना गर्दै पहाडको फेदमा झोक्राएर बसिरह्यो ।

मैले हाम्रा लडाकुहरूलाई प्रत्याक्रमणको आदेश दिएँ ।

दुन्दुभीको मिठो आवाजसँगै हाम्रा लडाकुहरू शत्रुमाथि छोप्न पुगे । तत्कालै उनीहरूलाई घुँडा टेकाए । **'यान्जी कारागार'** उपनाम पाएका सातौँ रेजिमेन्टका स्क्वाएड नेता किम म्योङ जुले आमने–सामने लडाइँमा नेतृत्व गरेका थिए ।

किम म्योङ जु मे ३० को विद्रोहमा पक्राउ परेका थिए । उनलाई यान्जी कारागारमा थुनिएको थियो । पाँच वर्ष जेल बस्दा उनले जेलभित्रका भूमिगत सङ्गठनका अन्य सदस्यहरूसँग मिलेर छ पटक भाग्ने प्रयास गरेका थिए । उनले कारागार प्रमुखलाई बञ्चरोले हानेर मारेका थिए । अन्तिम पटकको प्रयासमा उनी जेलबाट भाग्न सफल भएका थिए । त्यही सफलताको सम्मान स्वरुप उनलाई सहकर्मीहरूले त्यो नाम दिएका थिए ।

उनको अर्को एउटा पनि उपनाम थियो–**चिलसोङजा** । यसको अर्थ एकै चोटि सात ओटा कार्टेज राख्न मिल्ने पिस्टोल हो । सात ओटा ठूलो लडाइँमा सामेल भएपछि मात्र उनी पहिलो चोटि घाइते भएका थिए । त्यही कुरा स्मरणमा राख्न उनका सहयोद्धाहरूले यो उपनाम जुराएका थिए । उनी हाम्रो सेनाका शेर थिए जसलाई मृत्युदेखि कति पनि डर लाग्दैनथ्यो ।

न्यो योङ जुन आठौँ रेजिमेन्टका कम्पनी कमान्डर थिए । यान्जी कारागारबाट भाग्ने प्रयासमा उनले किम म्योङ जुलाई आफ्नो ज्यानको बाजी लगाएर सहायता गरेका थिए । चिलसोङजाले भन्दा उनले पनि कम सहासिक लडाइँ लडेका थिएनन् । उनी हाम्रो सङ्घर्षका सबैका प्रिय बनेका थिए ।

गुरिल्ला सेनामा किम ह्वाक सिलको उपनाम थियो–**'महिला जनरल'** । उनी सधैँभरि खुला रहने आफ्ना दुवै आँखा खोलेरै मेसिन गन चलाउँथिन् । मेसिन गन चलाउँदा किन दुवै आँखा खुला रहन्छ भनी सोध्दा उनले जापानीको कुरुप अनुहार देखियोस् भनेर त्यसो गर्ने गरेको बताएकी थिइन् । आफ्नो मेसिन गनले उनी चिच्याइरहेका शत्रुलाई घाँस खुवाउँथिन् । त्यो दिन त उनले सङ्गीनबाट पनि शत्रुमाथि प्रहार गरेकी थिइन् ।

फुसोङको लडाइँबाट किम जोङ सुकको विषयमा पनि गज्जबको उपाख्यान बनेको थियो । उनले त्यो दिनको लडाइँमा दुवै हातले मौजर बोकेर मेसिन गन चलाएजस्तै चलाएर दर्जनभन्दा बढी सिपाहीँहरूलाई मास छर्न पठाएकी थिइन् ।

अफिम तानेको कारण वन शुनको रेजिमेन्ट कमान्डर मौजरसँग डराएर एउटा ढुङ्गामा उभिएर आफ्ना लडाकुहरूलाई शत्रुमाथि हमला गर्न आदेश दिइरहेका थिए । जापानविरोधी सेनाका सबै लडाकुहरूले पनि त्यो दिन आफ्नो पूर्ण सामर्थ्य देखाएका थिए ।

ताकाहाशीको 'पागल टोली'ले त्यो दिन उपत्यकामा नराम्ररी धूलो चाटेको थियो । त्यही दिनको बिहान क्वान्तुङ सेना मुख्यालयमा सो वियोगपूर्ण घटनाबारे जानकारी गराइयो । पछि मैले **तोङ–ए इल्बो** र **जोसन इल्बो** पत्रिका पढेर थाहा पाएँ– फुसोङमा मद्दतको लागि सिनचिनको हवाइ मैदानबाट हातहतियारले सुसज्जित वमवर्षकहरूले उडान भरेका थिए । त्यस्तै तोङह्वा, ह्वानरेन र सिपिङचेबाट पनि अतिरिक्त सैनिक शक्ति हतारमा फुसोङतिर लागेका थिए । जुङगाङजिनको व्यारेकबाट पनि आकस्मिक रूपमा फुसोङमा अतिरिक्त सेना परिचालन गरिएको थियो ।

ताकाहाशीले सम्भवतः क्वान्तुङ सैनिक मुख्यालयमा निकै अतिरञ्जनापूर्ण खबर पठाएको हुनुपर्छ– बटालियन कमान्डर वनले लोचिक्वमा गरेजस्तै । नत्र भने फुसोङमा यति ठूलो सङ्ख्यामा थप सैनिक बल आउने नै थिएन र त्यस्तो खैलाबैला पनि मच्चिने थिएन । लिनजियाङ, चाङबाई, मेङजियाङ र वरपरका काउन्टीहरूबाट फुसोङमा ताकाहाशीको उद्दार गर्न शत्रु सेनाको ओइरो नै लाग्यो । तर, शत्रु सेनाको त्यस्तो जोडबलले पनि ताकाहाशीलाई चक्रव्युहमा फस्नबाट कसैले रोक्न सकेन । अगस्ट १७ को अपरान्ह फुसोङमा शत्रु सेनाको अतिरिक्त शक्ति आइपुग्दासम्म लडाइँको छिनोफानो भइसकेको थियो ।

लडाइँ सकेर हामी जङ्गलभित्र उपयुक्त स्थानको खोजी गर्दै हिँड्दै गर्दा सिनजिनबाट आएका शत्रु सेनाका बमवर्षकहरूले जथाभावी पूर्वी पहाडका गठ्ठाघर अनि पर्खालभित्रको सहर वरपरका जनताको घरमा बम खसालेका

थिए। उनीहरूले ध्वस्त बनाउनु अघि नै गठ्ठाघरहरू हामीले नष्ट गरिसकेका थियौँ।

'कमान्डर किम, तपाईँलाई यी बमवर्षक विमानहरूको कर्कश आवाज सुनेर दिक्क लागेको छैन ?', वन शुनले आकाशमा उडिरहेका बमवर्षक विमानतिर आजित भएर हेर्दै मलाई सोधे।

त्यहीँ एउटा टिप्पणीले पनि म यो लडाइँको लक्ष्यमा सफल भएकोमा पूर्णतः ढुक्क भइसकेको थिएँ।

वन शुनसाम् शत्रुबाट कब्जामा लिइएका सरसामानको भारी बोकेका उनका सयौँ लडाकुहरू रेजिमेन्ट कमान्डरको नेतृत्वमा शानका साथ उभिएका थिए। त्यहाँ मन चङ्गा, मुहार उज्यालो बनाएर उभिएका लडाकु कुनै बेला नियमित कासनमा पनि भेला हुन सकेका थिएनन् र अफिम खान नपाएर आफ्नो काम पनि गतिलो गरी गर्न सकेका थिएनन् भन्दा कसैलाई पत्यार नलाग्ला। सिपाहींहरूका पङ्क्तिबाट लगातार हाँसो र ठट्टाका आवाज गुन्जायमान भइरहेको थियो।

'हामीले यसरी नै लडिरहे यी मान्छेहरूले अफिम खान छोड्ने छन्', वन शुनलाई मैले पूर्ण विश्वासका साथ भनेँ, 'अब कृपया रेजिमेन्ट कमान्डरलाई माफ गर्नुहोला।'

मेरा यी शब्द सुनेर वन शुनका आँखा रसाए।

'धन्यवाद कमान्डर किम। यो कुरा खासमा मैले तपाईँलाई भन्नुपर्ने हो। तपाईँको कुरा सुनेर हामी सबैले माफी पाएको मेरो विश्वास छ। अब मेरो विचारमा मेरा मान्छेहरू केही राम्रो काम गर्न सक्नेछन्। म तपाईँसँगको संयुक्त मोर्चामा इमानदार रहनेछु, कमान्डर किम। ऊ यि चेङजस्तै जीवनको अन्तिम समयसम्म तपाईँकै साथमा हुनेछु', उनले भने।

दोङनिङ काउन्टी सहर र लोचिक्वमा भएको लडाइँजस्तै फुसोङ काउन्टीको लडाइँ पनि निःसन्देह उल्लेखनीय घटना थियो। त्यो लडाइँले जापानविरोधी सेनाका अधिकारी र लडाकुहरूका वैचारिक रूपान्तरणमा मार्गप्रशस्त गऱ्यो। त्यो लडाइँमा उनीहरूले संयुक्त मोर्चाको स्वाद थाहा पाए। सिद्धान्तले भन्दा व्यवहारले मान्छेलाई अझ बढी व्यवहारसिद्ध र बलियो विश्वास दिने गरेको हुन्छ। जापानविरोधी सेनासँग संयुक्त मोर्चा गर्ने हाम्रो विचार र सिद्धान्तको सान्दर्भिकता फुसोङ काउन्टीको लडाइँले अझ पुष्टि गऱ्यो।

त्यो लडाइँले हामीलाई धेरै गम्भीर रणनीतिक पाठ सिकायो। मैले धेरै लडाइँहरू लडेँ। तर, त्यो लडाइँमा जस्तो परिवर्तनशील अवस्थाको कहिल्यै सामना गरेको थिइनँ। सामान्यतः शत्रुको गतिविधिसँगै लडाइँको अवस्थामा परिवर्तन हुने गर्छ। तथापि, फुसोङ काउन्टीको लडाइँमा असामान्य अवस्था निम्तियो। त्यसको कारण हाम्रो आफ्नै लापरबाही थियो र त्यसैले केही समयका लागि अन्योलको अवस्था पनि बन्यो।

लडाइँमा जब कुनै अनपेक्षित परिवर्तन आइपर्छ र बाटो बदल्नुपर्ने अवरोध आइलाग्छ, तब कमान्डरले बलियो इच्छाशक्ति, व्यापक र सौम्य मूल्याङ्कन सहित लचिलो नीति लिनुपर्छ र दृढताका साथ अघिका कठिनाइको पर्खाल तोड्नुपर्छ। शत्रुविरुद्ध लडाइँको लागि, व्यापक हितको रक्षाको लागि र समाजको प्रकृतिमा रूपान्तरणको प्रयासमा यी अत्यावश्यक कुरा हुन्। परिवर्तित अवस्थालाई कुशलतापूर्वक सामना गर्नु र परिस्थितिअनुसार तत्काल निर्णय गर्नु एक जना कमान्डरसँग हुनुपर्ने महत्त्वपूर्ण विशेषता हुन्।

फुसोङको लडाइँको परिणामलाई मैले निकै सन्तोषका साथ लिएँ। त्यो लडाइँको सैनिक र प्राविधिक महत्त्वभन्दा त्यसको विजयले पार्ने राजनीतिक प्रभावलाई हामीले विशेष महत्त्व दिएका थियौँ।

त्यो लडाइँ राजनीतिक रूपमा महत्त्वपूर्ण थियो किनभने हामी जापानविरोधी सेनासँग साझा मोर्चालाई बलियो बनाउन सफल भएका थियौँ र पेक्डु पर्वतको उत्तरपश्चिम क्षेत्रलाई हाम्रो नियन्त्रणमा ल्याउन पनि सफल भएका थियौँ। शत्रु पक्षमा पुगेको सङ्ख्यात्मक क्षति र शत्रुबाट कब्जा गरिएका सम्पत्ति हाम्रो प्राथमिकतामै परेन। तथापि, त्यो लडाइँबाट हामीलाई कति पनि पश्चातापबोध भएन।

***नेपालीमा अनुवाद : नीरज***


## हार्दिक समवेदना



**स्व. मन्दोदरी फैजु**

**जन्म : १९९४ माघ | निधन : २०७८ जेठ ६**

भक्तपुर नगरपालिकाका कर्मचारी गीता फैजुका माता **मन्दोदरी फैजु**को दुःखद निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**भक्तपुर नगरपालिका परिवार**

# इतिहासका कुरा

# भक्तपुर, थालाछेँचोकको चैत्यको ने.सं. ८६२ को शिलाभिलेख



पुरुषोत्तमलोचन श्रेष्ठ

यस शिलाभिलेखको शिरोभागमा आभरणसहितको चैत्य अङ्कित छ। यसको अभिलेखांश शङ्करमान राजवंशीद्वारा **भक्तपुर-शिलालेख-सूची**मा (बाँ.सं. ८, खा.सं.१, अ.सं.२१२, पृष्ठ ८३) छापिएको छ। यहाँ प्रथपमल्ट यसको पूरै पाठ दिइएको छ। शिलाभिलेखका केही अक्षरहरू अस्पष्ट छन्। लिपि : नेपाललिपि।

**मूलपाठ**

१. स्वस्ति ॥ (कृ)ष्णमाध(व)चैत्रका(र) चुकुतिमयि, गंगाधलिमयि स्वम्हां

२. (मा)चा (समु)चयन दयका जुरो चिवाहार प्रतिष्ठा याङा दिन

३. ज्येष्ठ शुक्लपक्ष द्वादशी ॥ स्वाति नक्ष(तर) शिवजोगे ॥

४. (वृ)हस्पतिवार मि(थु)न राशिगते सवितलि ॥ तुररा-

५. शिगते चन्द्रमसि गुथि पंच पुणसिंह धर्म्ममा-

६. धव संखर शिप्रि(?)राज - माधव लच्छ(?)मिधन ॥ थ्व

७. ते पञ्चसमुच्चयन थ्व चीवा(हा)र सेल्हो याग्रमाल ॥ः॥

८. - व्य हारपामाहेतु धम्म -तिजु ॥ ॥ सं ८६२ -

९. व शुदि १३ -- ॥ शिरख वुरोव नस्य २, थ्व वुया

१०. वरसानन -कायाव -त्ति पुनिशिकुन्हु मताच्छा-

११. यकेमार ॥ वुसाधन याग्रमार ॥ -र्ण -यात

१२. -(य)केमार ॥ --स्वन्तिहा(?) ॥ मात्राजु ---रिजु

१३. -क रच्छि ७ -- णत मयातसा पंच मा(हापा)त

१४. (क) राक जुरो ॥ थ्वतेया दृष्टसाक्षी दे(?)व-र --म

१५ रसिंह चैत्रकार -- ॥ शुभमस्तु ॥ः॥ संक्षिप्तानुवाद

**संक्षिप्तानुवाद**

कृष्णमाधव चित्रकार, चुकुतिमयि र गंगाधरमयि तीनजनाले ने.सं. ८६२ (वि.सं.१७९९) यो चिवाहार प्रतिष्ठा गरियो। पञ्चसमुच्चययले यसको विचार गर्नुपर्ने भयो। यस चिवाहारमा बत्ती बाल्न वर्षबन्धन पूजा आदिका लागि शिरखको दुई रोपनी खेत चढाइयो। चिवाहारको संभार नगरेमा पंचमहापाप लाग्नेछ।

हामीले हाम्रा पुर्खालाई इतिहासका जानकार थिएनन् भन्ने ठाउँ छैन। उनीहरू इतिहासका पनि ज्ञाता थिए। अनेक कालखण्डका शिलाभिलेखलगायत प्रस्तुत शिलाभिलेख पनि यस कुराको एक उदाहरण हो। शिलाभिलेख इतिहासका अकाट्य पुरातात्त्विक प्रमाण हुन्। शिलाभिलेखका लिपि र भाषालाई जनसाधारणले चिन्न पढ्न नसके तापनि त्यसमा उत्कीर्ण लिपि र भाषालाई देवलिपि र देववाणी मानेर धूपदीप चन्दन अक्षता समेत चढाएर पूजा गर्ने चलन रहिआएको देखिन्छ।

चैत्य, विहार, शिवलिङ्ग, सत्तल, पाटी, मठमन्दिर आदि पनि नेवार वास्तुका अपरिहार्य अङ्ग हुन्। यस लोकमा सुख शान्तिपूर्वक बाँच्न र परलोकमा मोक्ष प्राप्त होस् भन्ने कामना गरी र, येथेष्ट खेत-जग्गा अर्पित गरी त्यसको आयस्ताबाट राखिदिएका कृतिको नित्य एवं पर्वकाल पूजालगायत बेलाबखतमा जीर्णोद्धार भइरहोस् भन्नाका लागि यस प्रकारको स्थायी बन्दोबस्त गरी दिएका हुन्थे।

समृद्ध नेवार संस्कृति र सभ्यताको मूल आधार गुठी जग्गा हो। गुठी जग्गा म्हास्दा, बेच्दा वा लोप हुँदा त्योसित सम्बद्ध भौतिक अभौतिक सम्पदा पनि स्वतः लोप हुने कुरा सहजै जानिन्छ। सिङ्गो राष्ट्रको शान र विश्वमा असली राष्ट्रिय पहिचान पुऱ्याएको रूपमा रहिआएको नेवार सम्पदाले यही नियति भोग्नुपरेको छ।

के गर्दै छ
भक्तपुर नगरपालिका ?
थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्
■ 'भक्तपुर' मासिक
■ 'ख्वप पौ'
■ http://bhaktapurmun.gov.np
■ www.bhaktapurkhabar.com
■ www.facebook.com/BhaktapurMunicipality/
■ ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० - ८:३० र शुक्रबार साँझ ६:३० - ७:३० सम्म
■ अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६

# ‘मन्दबुद्धि’ का विश्वविख्यात वैज्ञानिक अल्बर्ट आइन्स्टाइन - २





राजेन्द्रबहादुर कायष्ठ

**विवाह** : सन् १९०३ मा आइन्स्टाइनले ज्युरिचमा अध्ययन गर्दाको साथी Mileva Maric सँग विवाह गरे । उनको तर्फबाट तीनजना सन्तान 'Lieserl' Einstein, Hans Albert Einstein Eduard 'Tete' Einstein को जन्म भयो । तर उनीसँग सन् १९१९ मा पारपाचुके गरे । सोही वर्ष १९१९ मा नै Elsa Luwenthal सित दोस्रो विवाह गरे । दोस्रो श्रीमतीको पनि सन् १९३६ मा मृत्यु भएको थियो ।

**आइन्स्टाइन सम्बन्धी रोचक घटनाहरू :**

**पहिलो घटना** : आइन्स्टाइनलाई फोन नम्बर कण्ठ गर्न गाह्रो लाग्दथ्यो । यसैक्रममा एकदिन एकजना पाहुना उनलाई घरमा भेट्न आए र जाने बेलामा आइन्स्टाइनको फोन नम्बर मागे । आइन्स्टाइनले फोन डायरी पल्टाएर भन्न थाले । यो देखेर पाहुना आश्चर्य मान्दै सोधे ‘तपाइँ जस्तो बुद्धिमान मानिसलाई आफ्नो फोन नम्बर पनि सम्झना छैन ?’ आइन्स्टाइनले जवाफ दिए ‘फोन डायरी पल्टाउँदैमा थाहा हुने फोन नम्बर मैले किन कण्ठ गर्ने ?’

**दोस्रो घटना** : आइन्स्टाइनको बिर्सने बानी पनि गजव छ । एकदिन प्रिन्स्टन कलेजमा प्रोफेसरहरूको बैठकबाट घर फर्कन ट्याक्सीमा बसेका थिए । चालकले जाने ठाउँको बारेमा सोध्दा आइन्स्टाइनले आफ्नो घरको ठेगाना बिर्से । चालकले पनि आइन्स्टाइनलाई चिनेको रहेनछ । उनले चालकलाई सोधे ‘तपाईँलाई आइन्स्टाइनको घर थाहा छ ?’ चालकले जवाफ दिए ‘यो शहरमा आइन्स्टाइनको घर थाहा नहुने को होला ? मलाई थाहा छ ।’ उनले भने ‘म नै आइन्स्टाइन हुँ । मैले आफ्नो घरको ठेगाना बिर्सें । मलाई घरसम्म पुऱ्याइ दिनुस् ।’

**तेस्रो घटना** : एकदिन आइन्स्टाइन प्रिन्स्टनबाट कुनै स्थानमा जानको लागि रेलको यात्रा गरिरहेका थिए । त्यसै क्रममा रेलको टिकट जाँचकी आएर उनीसँग टिकट मागे । उनले आफ्नो गोजीमा खोजे तर भेट्टाएन । फेरि सुटकेशमा खोजे तैपनि भेटिएन । रेलको टिकट जाँचकीले उनलाई चिनेको हुँदा र टिकट काटेको विश्वास भएकोले नखोज्न आग्रह गरे । टिकट जाँचकी अन्य यात्रीहरूको टिकट जाँचेर फर्कँदा पनि आइन्स्टाइन सिट मुनि टिकट खोजिरहेको देखेर सोधे ‘मलाई विश्वास छ तपाईँले टिकट काट्नु भएको छ । तपाईँले टिकट खोज्नु पर्दैन ?’ आइन्स्टाइनले उत्तर दिए ‘तपाईँको सहृदयताको लागि धन्यवाद । तर टिकट फेला परेन भने म जाने ठाउँको बारेमा मैले कसरी थाहा पाउने ?’



आइन्स्टाइन मिलेभासँग (सन् १९१२)



इल्सासँग (सन् १९२१) मा

**चौथो घटना** : उनलाई बाटोमा देख्दा अन्य मानिसहरूले सम्मान दिएको बेला भन्ने गर्दथे 'म एकदम तपाईँहरू जस्तै साधारण व्यक्ति नै हुँ फरक यति हो कि मेरो मस्तिष्कमा जिज्ञाशा र उत्सुकताहरू मात्र धेरै छन् ।'

**पाँचौं घटना** : आइन्स्टाइन प्रायः जुत्ता लगाउँदा मोजा लगाउन मन पर्दैनथ्यो । यसको कारण उनका सहकर्मीहरूले सोध्दा भन्ने गर्दथे 'म सानो छँदा मेरा खुट्टाको बुढी औँला अरूको भन्दा ठूलो थियो । जस्ले गर्दा विद्यालय पढ्दा मेरा मोजामा छिटो प्वाल पर्दथ्यो । यसले गर्दा मैले मोजा नै लाउन छोडेँ । पछि यो मेरो बानी नै हुन गयो ।'

**छैटौं घटना** : आइन्स्टाइनले आफ्नो जीवनको अन्तिम सास फेरिरहेका बेला जर्मन भाषामा केही वाक्यहरू बोलेका थिए । तर उनको नजिक बसेका मानिस जर्मन भाषा नबुझ्ने भएकोले उनको अन्तिम बोली रहस्यको रूपमा रहन गयो र यसबारे विश्वलाई जानकारी भएन ।

**सातौं घटना** : आइन्स्टाइनका धेरै विद्यार्थीहरू उनको क्षमता र बुद्धि देखेर धेरै आश्चर्यचकित हुन्थे । त्यसमध्ये एकजना विद्यार्थीले एकचोटि उनलाई सोधे 'तपाईँलाई अहिले विश्वको महान् वैज्ञानिकको रूपमा सबैले मान्छन् । तपाईँसँग असाधारण क्षमता छ । यसको सफलताको रहस्य के हो ?' आइन्स्टाइनले एक शब्दमा उत्तर दिए 'मिहिनेत' ।

**आठौं घटना** : आइन्स्टाइनलाई सिगार पिउन मन पर्थ्यो । उनको विभिन्न तस्बिरहरूमा सिगार पिएको देखिन्छ । एकपटक समुद्री यात्राको क्रममा उनी जहाजबाट समुद्रमा खसे । उनलाई पौडी खेल्न आउँदैनथ्यो । अरूले उनलाई बचाए । त्यसबेला उनी निथ्रुक्क भिजेका थिए तर उनले त्यसबेला पनि सिगारलाई बचाएर राखेका थिए ।

**नवौं घटना** : आइन्स्टाइनले परमाणु बमको आविष्कार गरेका थिएनन् । तर परमाणु बम बनाउनमा उनले आविष्कार गरेको सूत्रको महत्त्वपूर्ण भूमिका थियो । दोस्रो विश्वयुद्धमा उनको सूत्रबाट बनेको परमाणुले धेरै मानिसको ज्यान लिए पछि उनलाई आत्मग्लानी भयो । उनलाई लाग्यो उनको सूत्रले सम्पूर्ण मानव जातिको विनाश गर्नमा प्रयोग हुन सक्छ ।

**दशौं घटना** : अमेरिकाको **'टाइम'** पत्रिकाले उनलाई सन् १९९९ मा बिसौं शताब्दीको सबभन्दा महान् व्यक्ति वा एभचकयल या तजभ ऋभलतगचथ उपाधी दिएको थियो ।

**एघारौं घटना** : आइन्स्टाइन युद्धलाई घेरै खतरनाक कार्य मान्दथे । एकचोटि उनलाई तेस्रो विश्वयुद्ध कसरी हुन्छ भनी सोधियो । उनको उत्तर थियो ' तेस्रो विश्वयुद्ध कसरी हुन्छ भनेर त म भन्न सक्दिन तर चौथौ विश्वयुद्ध ढुङ्गे हतियारबाट हुनेछ । किनभने तेस्रो विश्वयुद्धमा यो विकसित र उच्च मानव सभ्यताको विनाश हुनेछ ।'

**बाह्रौं घटना** : धेरै मानिसहरू उनको प्रयोगशालाबारे प्रश्नहरू सोध्दा उनी आफ्नो मस्तिष्क देखाउने गर्दथे । एकचोटि उनलाई एकजना वैज्ञानिकले उनको प्रयोगशालाको उपकरणहरूबारे सोध्दा उनले कलम देखाए । उनको वैज्ञानिक अनुसन्धानमा कलमलाई उपकरण र मस्तिष्कलाई प्रयोगशाला मान्दथे ।



आइन्स्टाइनको अध्ययन कोठा

**तेह्रौं घटना** : उनी प्रोफेसर **छँदा** एकजना विद्यार्थीले परीक्षामा पहिले कै प्रश्न सोधिएको गुनासो गरे । आइन्स्टाइनले जवाफ दिए 'हो । प्रश्न पहिले कै हो । तर यो वर्ष यसको उत्तर परिवर्तन भइसकेको छ ।'

**चौधौं घटना** : ३ जनवरी १९५४ मा वा मृत्यु हुनु एक वर्ष अघि आइन्स्टाइनले इश्वर र धर्मबारेमा जर्मन दार्शनिक Eric Gutkind लाई दुई पृष्ठ लामो पत्र लेखेका थिए । उक्त पत्र Eric को नयाँ पुस्तक Choose Life The Biblical Call To Revolt को प्रत्युत्तरमा लेखेका थिए । जुन पत्र पछि ३३ करोड रुपैयाँमा बिक्री भयो । पत्रमा उनले लेखेका थिए 'मेरो लागि भगवान वा ईश्वर केही पनि होइन बरु भगवान वा ईश्वर मानिसहरूको कमजोरीबाट उत्पन्न भएको शब्द मात्र हो । बाइबल आदरणीय त छ तर यो प्राचीन कहानीहरूको सङ्ग्रह मात्र हो ।'

**पन्ध्रौं घटना** : उनी जब Abdominal aortic aneurysm (3AAA) (फुल्ने समस्या) बाट ग्रसित थिए । त्यसबेला चिकित्सकहरू यसको उपचार शल्यक्रियाबाट गर्न चाहन्थे । तर आइन्स्टाइनले यसको लागि मनाही गरे । उनले भने 'मलाई जीवन बाँच्न पुगिसक्यो । मलाई यन्त्रको सहयोग लिएर बाँच्नु छैन ।'

## आइन्स्टाइन सम्वन्धी रोचक तथ्यहरू :

**पहिलो तथ्य :** आइन्स्टाइनको सबभन्दा प्रिय वैज्ञानिक ग्यालिलियो ग्यालिली थिए ।

**दोस्रो तथ्य :** प्रसिद्ध वैज्ञानिक ग्यालिलियो ग्यालिलीको मृत्यु भएको सालमा नै अर्का प्रसिद्ध वैज्ञानिक सर आइज्याक न्युटनको जन्म भएको थियो । यसरी नै अर्का प्रसिद्ध वैज्ञानिक जेम्स म्याक्सवेलको मृत्यु भएको सालमा अल्बर्ट आइन्स्टाइनको जन्म भएको थियो ।

**तेस्रो तथ्य :** आइन्स्टाइनको जन्म दिन १४ मार्चलाई 'जिनियस दिन'को रूपमा उनको जिनियस दिमागको सम्झनामा विश्वभरि मनाइन्छ ।

**चौथो तथ्य :** आइन्स्टाइनलाई कपाल काट्न विलकुलै मन पर्दैनथ्यो । उनी कपाल नकोरी त्यसै छोडने गर्दथे । पछि गएर उनको कपाल त्यसै छोड्ने तरीका 'जिनियस हेयर स्टाइल'को रूपमा देखिन थाल्यो ।

**पाँचौं तथ्य :** उनी आफ्नो आविष्कारबाट धेरै आर्थिक आर्जन गरे पनि उनलाई कार चलाउन आउँदैनथ्यो । उनलाई समुद्री यात्रा धेरै मन पर्दथ्यो तर उनलाई पौडी खेल्न भने आउँदैनथ्यो ।

**छैटौं तथ्य :** सानो बेलामा उनलाई सबैले मन्द बुद्धि भएको बच्चा भन्ने गर्दथे । उनको शिक्षकले आइन्स्टाइनलाई जिन्दगीमा केही पनि गर्न सक्दैन पनि भनेका थिए । तर त्यही बच्चा बिसौं शताब्दीको महान् वैज्ञानिक बन्न पुगे ।

**सातौं तथ्य :** जन्मन्दा आइन्स्टाइनको टाउको अन्य शिशुहरूको भन्दा धेरै ठूलो थियो । उनलाई डाक्टरहरूले मानसिक विकलाङ्ग भएको बच्चा भन्ने गर्दथे । उनले सातवर्ष पछि पढ्न शुरु गरे भने ४ वर्षसम्म बोली पनि फुटेको थिएन ।

**आठौं तथ्य :** उनी आफ्नो काम एकदम ध्यान दिएर मिहिनेतका साथ गर्दथे । यसको लागि उनी प्रशस्त आराम पनि लिने गर्दथे । उनी प्रायः दैनिक १० घण्टा आराम सित सुत्ने गर्दथे ।

**नवौं तथ्य :** उनी आफ्नो अटोग्राफ दिए बापत ५ डलर र कुनै कार्यक्रममा बोल्दा १००० डलर लिने गर्दथे । त्यो रकम कुनै कल्याण कोषमा जम्मा गरिदिन्थे ।

**दशौं तथ्य :** आइन्स्टाइन चारवटा देशका नागरिक बने । उनी जर्मनीमा जन्मेका थिए । उनले सन् १८९६ मा जर्मन नागरिक त्यागे र त्यसको ५ वर्षसम्म कुनै पनि देशको नागरिकता लिएनन् । सन् १९०१ मा स्वीस नागरिकता लिए । सन् १९११ मा अष्ट्रियाको नागरिकता लिए । सन् १९४० देखि मृत्युपर्यन्त अमेरिकी नागरिक रहे ।

कार्यक्षेत्र : Physics, philosophy.

## आइन्स्टाइनको विश्व प्रसिद्ध केही भनाइहरू :

- Imagination is more important than knowledge.
- If you can't explain it simply, you don't understand it well enough.
- Life is like riding a bicycle. To keep your balance you must keep moving.
- Imagination is everything. It is the preview of life's coming attractions.
- No problem can be solved from the same level of consciousness that created it.
- In the middle of difficulty lies opportunity.
- Two things are infinite: the universe and human stupidity; and I'm not sure about the universe.
- Coincidence is God's way of remaining anonymous.
- The important thing is not to stop questioning. Curiosity has its own reason for existing.
- Insanity: doing the same thing over and over again and expecting different results.

## आइन्स्टाइनको प्रसिद्ध कार्यक्षेत्रहरू :

- General relativity
- Special relativity
- Photoelectric effect
- E=mc2 (Mass–energy equivalence)
- E=hf (Planck–Einstein relation)
- Theory of Brownian motion
- Einstein field equations
- Bose–Einstein statistics
- Bose–Einstein condensate
- Gravitational wave
- Cosmological constant
- Unified field theory
- EPR paradox
- Ensemble interpretation
- List of other concepts

## प्राप्त गरेका पुरस्कारहरू :

- Barnard Medal (1920)
- Nobel Prize in Physics (1921)
- Matteucci Medal (1921)
- ForMemRS (1921)[3]
- Copley Medal (1925)[3]
- Gold Medal of the Royal Astronomical Society (1926)
- Max Planck Medal (1929)
- Member of the National Academy of Sciences (1942)

- Time Person of the Century (1999)

**काम गरेका संस्थाहरू :**

- Swiss Patent Office (Bern) (1902–1909)
- University of Bern (1908–1909)
- University of Zurich (1909–1911)
- Charles University in Prague (1911–1912)
- ETH Zurich (1912–1914)
- Prussian Academy of Sciences (1914–1933)
- Humboldt University of Berlin (1914–1933)
- Kaiser Wilhelm Institute (director, 1917–1933)
- German Physical Society (president, 1916–1918)
- Leiden University (visits, 1920)
- Institute for Advanced Study (1933–1955)
- Caltech (visits, 1931–1933)
- University of Oxford (visits, 1931–1933)



आइन्स्टाइन मृत्यु शय्यामा

**मृत्यु :** महान् वैज्ञानिक आइन्स्टाइनको मृत्यु १८ अप्रिल १९५५ मा ७६ वर्षको उमेरमा Penn Medicine Princeton Medical Center, New Jersey, United States मा भएको थियो। उनी Abdominal aortic aneurysm (3AAA) रोगले (abdominal aorta फुल्ने समस्या) मृत्यु भएको थियो। उनले आफ्नो जीवनकालमा सयौँ पुस्तक र लेखहरू लेखे, ३०० ओटाभन्दा बढी वैज्ञानिक शोधपत्रहरू, १५० ओटा जति गैर वैज्ञानिक शोधपत्रहरू प्रकाशित गरे। अहिले प्रयोग भैरहेको भू उपग्रह, इन्टरनेट, सौर्य शक्ति, अन्तरिक्ष अनुसन्धान आदिमा उनको योगदान रहेको छ। उनको जीवनमा सबैभन्दा दुखः उनको सिद्धान्तबाट बनेको परमाणु बमले नागासाकी र हिरोशिमामा लाखौं मानिसको मृत्यु मान्दछन्। आइन्स्टाइन चाहन्थे उनको मृत्यु पछि उनको शरीरको कुनै भागको अनुसन्धानको लागि प्रयोग नगरियोस्। तर उनको मृत्यु पछि पोष्टमार्टमको लागि प्याथोलोजिस्ट डा. थोमस हार्वेलाई बोलाइयो। आइन्स्टाइनको परिवारको स्वीकृतिविना प्याथोलोजिस्ट डा. हार्वेले उनको मस्तिष्क अध्ययनको लागि निकालेका थिए। उनी आइन्स्टाइनको मस्तिष्क लिएर भागे। उनलाई नोकरीबाट वर्खास्त गरियो। उनले सफाइमा भनेका थिए 'मैले गलत मनसायले आइन्स्टाइनको मस्तिष्क चोरेको होइन, मैले त उनको मस्तिष्कको अध्ययनको लागि मात्र चोरेको हुँ। म उनको मस्तिष्क अध्ययन गरेर उनको विलक्षण क्षमताबारे विश्वलाई बताउन चाहन्थेँ।' उनले आइन्स्टाइनको मस्तिष्कलाई एउटा जारमा २० वर्ष सम्म सुरक्षित राखे। सन् १९७५ वा २० वर्ष पछि उनको छोरा ज्वलक बदिभचत भ्ब्लकतभष्ल सँग स्वीकृति लिएर आइन्स्टाइनको मस्तिष्कको हार्वेले अध्ययन शुरु गरे। सर्वप्रथम उनले उनको मस्तिष्कको पिण्ड नापे। उनको मस्तिष्कको पिण्ड १२३० ग्राम भेटियो। सामान्यतया एकजना मानिसको मस्तिष्कको तौल १४०० ग्राम जति हुन्छ। त्यसपछि मस्तिष्कलाई वैज्ञानिकहरूलाई अध्ययनको लागि दिए। अध्ययनबाट वैज्ञानिकहरू आश्चर्यचकित भए। उनको मस्तिष्कमा




आइन्स्टाइनको मस्तिष्क



आइन्स्टाइनको मस्तिष्कको साथ डा. थोमस हार्वे

# आइन्स्टाइनको अर्को पाटो

विश्वमा विज्ञानको क्षेत्रबाट परिवर्तन ल्याउन अतुलनीय योगदान दिने आइन्स्टाइनको जीवनको अर्को पाटो पनि उल्लेखनीय रहेको छ । कुनै पनि क्षेत्रका व्यक्ति राजनीतिबाट प्रत्यक्ष–परोक्ष अछुतो रहन सक्दैन भन्ने तथ्य आइन्स्टाइनको जीवनमा पनि लागू भएको छ ।

आइन्स्टाइन वैज्ञानिक हुनुका साथै राजनीतिक व्यक्तित्व, नागरिक अधिकारवादी, साम्राज्यवाद विरोधी, समाजवादका पक्षधर पनि हुन् ।

सन् १९१८ मा स्थापना भएको जर्मन प्रजातान्त्रिक पार्टीका एक संस्थापक आइन्स्टाइन थिए । तर पछि उनी पूँजीवाद विरोधी र समाजवादका पक्षधर भए ।

सन् १९२५ तिर उनी रुसको बोल्सेभिकको शासन शैलीप्रति आलोचक देखिए । तर सन् १९२९ मा लेनिनको प्रशंसा गर्दै लेखे– 'लेनिनले आफ्नो सम्पूर्ण जीवन र उर्जा सामाजिक न्यायको लागि समर्पण गरेकोमा म सम्मान गर्छु । लेनिनजस्ता व्यक्ति मानवतावादी विवेकका अभिभावक र पुनर्स्थापक हुन् ।'

सन् १९२७ मा ब्रसेल्समा भएको साम्राज्यवाद विरोधी लीगको सम्मेलनमा आइन्स्टाइन सहभागी भएका थिए ।

आइन्स्टाइन नागरिक अधिकारका एक प्रखर अभियन्ता थिए । उनी थुप्रै नागरिक अधिकार समूहहरूका सदस्य थिए र नागरिक अधिकारका अगुवाहरूसँग काम गरे ।

जहाँ अन्याय हुन्छ त्यहाँ आइन्स्टाइन त्यसको विरोधमा बोल्थे । एक पटक अफ्रिकी–अमेरिकी प्रख्यात गायिका तथा नागरिक अधिकारकर्मी मेरियन एन्डरसनलाई सन् १९३९ मा The Daughters of the American Revolution (DAR) ले एक सभास्थलमा कार्यक्रम गर्न, होटलमा बस्न र सार्वजनिक रेष्टुराँमा गएर खान रोक लगाए । त्यो संस्थाको पदाधिकारीमा तत्कालीन राष्ट्रपतिकी श्रीमती लगायतका थिए । तब आइन्स्टाइनले त्यसको प्रतिकारमा मेरियनलाई आफ्नै घरमा निम्ता गरे ।

आइन्स्टाइनले अमेरिकी नागरिकता लिनु अघि संरा अमेरिकाको भ्रमण गरेका थिए । तर अमेरिकाको जासुसी

➲




मेक्सिको स्थित आइन्स्टाइनको एक प्रतिमा

रहेको न्युरोनको घनत्व अन्य मानिसहरूको तुलनामा १७ प्रतिशत बढि पाइयो । उनको मस्तिष्कमा कोषहरू सामान्य मानिसकोभन्दा धेरै पाइयो ।

उनको मस्तिष्कमा रहेको सेरेब्रल कर्टेक्स (ठूलो मस्तिष्कको बाहिरी भागमा रहेको पातलो तह) अन्य मानिसको तुलनामा फरक पाइयो । यही भागले मस्तिष्कको जटिल कार्यहरू गर्नमा मुख्य भूमिका खेल्दछ । मस्तिष्कको यो भाग नै चेतना, प्रत्यक्षीकरण, सोच्ने शक्ति, संवेग, कार्ययोजना, तर्क वितर्क, हेर्न, सुन्न, विचार विश्लेषण, उत्तेजना, भविष्यवाणी, कल्पना गर्न, बोल्न आदिमा जिम्मेवार हुन्छ । पछि आइनस्टानको मस्तिष्कलाई ४० भागमा विभाजित गरेर अमेरिकाको फिलाडेफेलियाको एउटा म्युजियममा सुरक्षित राखियो । जुन हालसम्म पनि सुरक्षित छ र समय समयमा यसको अनुसन्धान कार्य भइरहेको छ ।

**सन्दर्भ सामग्रीहरू :**

१) प्रयोगात्मक विज्ञान र प्रसिद्ध वैज्ञानिकहरू : भेषराज मैनाली
२) शताब्दी पुरुषहरू : टाइम्स पत्रिका
३) संसार फेर्ने महान वैज्ञानिकहरू : तुल्सीदास महर्जन
४) विश्वका महान् वैज्ञानिकहरू : लर्नर प्रेस

चित्र : इन्टरनेट




'समाजवाद किन ?' प्रकाशित 'मन्थ्ली रिभ्यु' को प्रवेशाङ्क र पुस्तक

संस्था एफबीआइ उनीमाथि घनीभूत रूपमा निगरानी राख्थे। सन् १९३३ मा एफबीआइले आइन्स्टाइनबारे खडा गरिएको फाइलको पृष्ठ नै १,४२७ को ठूलो ढड्डा बनेको थियो। त्यसमा आइन्स्टाइनको युद्ध विरोधी र समाजवादी संस्थाहरूसँगको आबद्धता सम्बन्धी गतिविधि समेटिएका थिए। एफबीआइका तत्कालीन प्रमुख जे.एडगर हुभरले त आइन्स्टाइनलाई अमेरिकाबाट टाढै राख्नसमेत सिफारिस गरेका थिए।

जर्मनीमा हिटलरी क्रुरता व्यापक हुँदैजाँदा यहुदीहरू सबभन्दा बढी आक्रान्त भए। यहुदी आइस्टाइनले जन्मभूमि छोडे। अन्य यहुदीसँगै उनी पनि यहुदीहरूको बसोबासको लागि इजरायल स्थापना गर्न चाहन्थे। तर 'यहुदी राज्य' चाहँदैनथे। उनी यहुदी र अरबका जनता मिलेर बस्ने देश चाहन्थे। तर यहुदी राज्य स्थापना गर्न चाहनेहरूले सन् १९४८ अप्रिल ९ का दिन देर यासिन (Deir Yassin) मा ठूलो हत्याकाण्ड मच्चाए। बुढाबुढीदेखि केटाकेटीसम्मको आमनरसंहारको एकमहिना पछि सन् १९४८ मे १४ मा इजरायलको स्थापना गरियो।

त्यस नगरसंहारको विरोधमा यहुदी बुद्धिजीवीहरू आइन्स्टाइन, हन्नाह अरेन्ट, सिडनी हुकलगायतले अमेरिकाको न्यूयोर्क टाइम्समा चिठ्ठी छपाए।

आइन्स्टाइनले समाजवाद प्रतिको आफ्नो झुकावलाई एउटा निबन्ध लेखेर स्पष्ट गरेका छन्। न्यु योर्कबाट प्रकाशित 'मन्थली रिभ्यु' को प्रवेशाङ्क (सन् १९४९ मे) मा आइन्स्टाइनको **'समाजवाद किन ?'** शीर्षकको निबन्ध छापियो। उक्त निबन्ध 'मन्थली रिभ्यु' मा पुन:प्रकाशन गरिनुका साथै पुस्तिकाकारमा समेत प्रकाशन गरिएको छ।

निबन्धमा उनले 'The economic anarchy of capitalist society as it exists today is, in my opinion, the real source of the evil.' (मेरो विचारमा आजको पूजीवादी समाजमा व्याप्त आर्थिक अराजकता नै खरावीको वास्तविक स्रोत हो।) लेखेका छन्

उनी अगाडि लेख्छन् 'I am convinced there is only one way to eliminate these grave evils, namely through the establishment of a socialist economy, accompanied by an educational system which would be oriented toward social goals. In such an economy, the means of production are owned by society itself and are utilized in a planned fashion. A planned economy, which adjusts production to the needs of the community, would distribute the work to be done among all those able to work and would guarantee a livelihood to every man, woman, and child. The education of the individual, in addition to promoting his own innate abilities, would attempt to develop in him a sense of responsibility for his fellow-men in place of the glorification of power and success in our present society.' अर्थात यी सबै घातक खरावीहरूलाई समाप्त पार्ने एउटैमात्र तरीका छ भन्ने कुरामा म विश्वस्त छु। सामाजिक ध्येयलाई आत्मसाथ गरेको शिक्षा प्रणालीसँगै लिएर हिँड्ने समाजवादी अर्थतन्त्रको स्थापना नै त्यो एकमात्र तरिका हो। त्यस्तो अर्थतन्त्रमा उत्पादनका साधनहरू समाजकै स्वामित्वमा रहने छन् र तिनलाई योजनाबद्ध किसिमले सदुपयोग गरिने छ। त्यो अर्थतन्त्रले उत्पादनलाई समुदायको आवश्यकतासित समायोजन गर्ने छ, कामलाई सबै सामर्थ्यवान व्यक्तिहरूबीच बाँडिने छ तथा प्रत्येक पुरुष, महिला र बालबालिकालाई जीविकोपार्जनको प्रत्याभूति दिने छ। शिक्षाले मानिसहरू भित्रको सामर्थ्यलाईलाई विकास गर्न दिने बन्दोवस्त त गर्छ नै, त्यसले तिनलाई सत्ताको गौरव बढाउन होइन समाजप्रतिको आफ्नो दायित्व बोध गराउन र आफ्नो वर्तमान समाजलाई सफल पार्नेतिर कृयाशील रहन उत्प्रेरित गर्ने छ।)

(उक्त रचना 'भक्तपुर' वर्ष १९ अङ्क ७ सङ्ख्या १६४, २०५८ वैशाखमा प्रकाशित छ–सं.)

सन् १९३० देखि मृत्युपर्यन्त आइन्स्टाइनको राजनीतिक गतिविधिमा अन्तर्राष्ट्रिय आपसी सहयोगमा केन्द्रित भएको देखिन्छ। त्यस क्रममा उनले सयौँ चिठ्ठी, मन्तव्य, अन्तरवार्तामा विभिन्न कोणबाट अन्तर्राष्ट्रवादको प्रत्यक्ष रूपमा वकालत गरेको पाइन्छ।

चित्र : इन्टरनेट

**प्रस्तुति : केशव**

# ख्वप अस्पतालमा सुविधा सम्पन्न नि:शुल्क आइसोलेसन



रबिना श्रेष्ठ

**भक्तपुर बस्नुहुन्छ र कोरोना सङ्क्रमित हुनुहुन्छ भने आइसोलेसन बस्न कहाँ जाने ?**

महामारीलाई मध्यनजर गर्दै भक्तपुर नगरपालिकाले ख्वप अस्पताल पुनः सञ्चालनमा ल्याएको छ । ब्रह्मायणीस्थित यो अस्पतालमा सामान्य बिरामीका लागि ५० शय्या र गम्भीरका लागि २५ शय्याको हाइ डिपेन्डेन्सी युनिट (एचडियु) सञ्चालन गरिएको हो ।

'अघिल्लो वर्ष असोज १० गतेबाट हामीले आइसोलेसन सुरू गरेका थियौँ । त्योबेला सामान्य आइसोलेसन मात्र थियो । अहिले भने एचडियु पनि यसैमा सञ्चालन गर्न लागेका छौँ,' अस्पतालका डाक्टर रत्नसुन्दर लासिवाले भने, '७५ जनालाई हामीले सजिलै सेवा दिन सक्छौँ ।'

पोहोर यहाँबाट ९७ जनाले स्वास्थ्य सेवा पाएर निको भएपछि फर्किएका थिए । त्यसपछि केही समय कोरोना मत्थर भएकाले आइसोलेसन सेवा बन्द थियो । बीचमा एक–दुई जनालाई सङ्क्रमण देखिए पनि सिङ्गो अस्पतालमा बस्न नचाहेर घरमै बसेको लासिवाले जानकारी दिए । अहिले फेरि कोरोनाको दोस्रो लहर सुरू भएकाले १७ गतेबाट सामान्य रूपमा आइसोलेसनमा बस्ने सुविधा सुरू भएको हो ।

'हाम्रोमा घर–आइसोलेसन पनि छ । कतिपयको एउटै कोठामा धेरै परिवार बस्नुपर्ने र छुट्टै बस्न नमिल्ने पनि हुन सक्छ । कति त नगर बाहिरका डेरा बस्ने पनि हुन्छन् । उनीहरूलाई पनि हामीले राख्ने गरेका छौँ,' लासिवाले भने, 'भेन्टिलेटर वा आइसियुमा राख्न नपर्ने केश छन् भने पनि लिने गरेका छौँ ।'

वैशाख १७ गते पहिलो दिनमा यहाँ सात जना भर्ना भएका थिए । त्यसपछि थपिनेक्रम, निको हुनेक्रम सबै गर्दा २२ जना यहाँ आइसकेका छन् । दुई जनालाई भने अक्सिजनको स्याचुरेसन नमिलेर प्रहरी अस्पताल महाराजगञ्ज र अर्कोलाई भक्तपुर अस्पताल रिफर गरिएको थियो ।

यहाँको आइसोलेसनमा बिरामीले भर्ना भएर उपचार सेवा मात्र पाउने होइनन्, हरेकका लागि अलग–अलग पानी तताउने इलेक्ट्रिक जग, नि:शुल्क वाइफाइ, मोबाइल चार्जका लागि छुट्टाछुट्टै एक्सटेन्सन वायर, म्युजिक सिस्टम र प्रत्येक तलामा पढ्नका लागि किताब र पत्रपत्रिकाको व्यवस्था छ । दिनमा उनीहरूले चार पटकसम्म खाना पाउने व्यवस्था छ । बिरामीलाई जेलमा बसेजस्तो अनुभव नहोस् भनेर बाहिरको गतिविधिबारे जानकारी दिने र विशेषज्ञले परामर्शसमेत दिने लासिवा बताउँछन् ।

'आइसोलेसन भनेको के हो, कसरी बस्ने लगायत सबै जानकारी हामी जुम मिटिङमार्फत दिन्छौँ,' उनले भने, 'त्योबाहेक यस्तो समयमा फिजिओथेरापीको पनि धेरै ठूलो महत्त्व हुन्छ । सास कसरी तान्दा राम्रो हुन्छ, फाल्ने कसरी, कुन पोजिसनमा सुत्ने लगायत सबै कुरा कक्षामार्फत सिकाउँछौँ ।'

परिवारलाई आफ्नो बिरामी कस्तो अवस्थामा छ भनेर सोध्न अहिले त आ–आफ्नो हातमा भएको फोन सुविधा छँदैछ । त्योबाहेक उनीहरूलाई हेर्नै मन भए अस्पताल आएर




डाक्टर रत्नसुन्दर लासिवा



एचडीयुको एक कक्ष

सिसिटिभी क्यामरामार्फत हेर्न पाउँछन् । माथि तलामा भने सङ्क्रमित, चिकित्सक र सरसफाइकर्मी बाहेकलाई जान निषेध छ ।

चौबीसै घन्टा बस्नेगरी यहाँ दुई जना स्वास्थ्यकर्मी छन् । उनीहरूलाई सहयोग गर्ने प्रशासनिक कर्मचारी, सफाइकर्मीहरू पनि छन् । चार तलाको भवनमा महिला, गर्भवती, पुरुष, केटाकेटी र वृद्धवृद्धा बिरामी राख्ने छुट्टाछुट्टै कोठा छन् । उनीहरूलाई एकआपसमा कसरी बस्ने भनेर बेड पनि मिलाइएको छ । टाढैबाट उनीहरू कुराकानी गरेर मन बहलाउन सक्छन् । उनीहरूलाई सूचना प्रवाहका लागि माइकिङ गरिन्छ । त्यहाँ गइसकेपछि उनीहरूले आफूले प्रयोग गर्ने लुगाबाहेक सबै सुविधा नगरपालिकामार्फत निःशुल्क पाउने उनले जानकारी दिए ।

**'यहाँ पाइने सेवा-सुविधा निःशुल्क हुन् ।** नगरभित्रका मान्छेको कोरोना परीक्षण गर्न परे घरै गएर स्वाब लिइन्छ,' लासिवाले भने, 'भक्तपुरमा मान्छे धेरै भए पनि क्षेत्रफलको हिसाबमा सानो छ । त्यसैले वडा-वडामा स्वाब परीक्षण गराउनुभन्दा हामीले छुट्टै टिम बनाएर घर जाने व्यवस्था गरेका छौँ । एम्बुलेन्स पनि कोभिड बिरामी र अन्यका लागि बेग्लै व्यवस्था छ ।'

नगरप्रमुख सुनिल प्रजापतिका अनुसार अस्पताल र अन्य खर्च व्यवस्थापनका लागि 'कोभिड व्यवस्थापन कोष' बनाइएको छ । अहिलेको लागि ख्वप अस्पतालमा आकस्मिक रूपमा कोरोना बिरामीले सेवा पाइरहेको र अर्को ठूलो अस्पताल पनि निर्माण भइरहेको उनले जानकारी दिए ।

'च्याम्हासिंहमा अहिले ७६ करोड लागतमा ठूलो अस्पताल बनिरहेको छ । भवन यही वर्षसम्ममा बनाउने लक्ष्य लिएका छौँ,' मेयर प्रजापतिले भने ।

*सेतोपाटी, वैशाख २४, २०७८ बाट*

**आफू बस्ने घर, चोक, टोल र नगर हाम्रो लागि हामी आफै सफा गरौं । सफाइ गर्दा इज्जत घट्दैन बरू सभ्य भइन्छ र रोगबाट समेत मुक्त हुन्छ ।**

## बासिबियाँलो



बायाँ दिशा फर्केको माछालाई ३ वटा काँटी सारेर कसरी दायाँ फर्काउन सकिन्छ ? (उत्तर ८० पृष्ठमा)

## हार्दिक समवेदना



**स्व. काशीनारायण प्रजापति**

**जन्म : १९९८ पुस १२ | निधन : २०७८ जेठ १६**

भक्तपुर नगरपालिकाका, नगर कार्यपालिकाका सदस्य छोरीमैया सुजखु (प्रजापति) का ससुरा तथा भक्तपुर नगरपालिकाका कर्मचारी एशोसियसनका पूर्वअध्यक्ष काशीलाल प्रजापतिका पूजनीय पिता **काशीनारायण प्रजापति**को दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**भक्तपुर नगरपालिका परिवार**

# पीसीआर पोजिटिभ आए के गर्ने ?



डा. रवीन्द्र पाण्डे

यसपटकको नयाँ प्रजातिको महामारी गत सालको जस्तो सामान्य छैन । ज्वरो आउने, खोकी लाग्ने, शरीर दुख्ने, स्वाद र गन्ध हराउने, पखाला वा बान्ता हुने, एकदम थकान हुने, निद्रा लागिरहने, छालामा बिमिरा आउने र आँखा रातो हुनेमध्ये केही लक्षण मिलेमा तुरुन्त पीसीआर टेस्ट गर्नुहोला । परिवारमा एकजना सङ्क्रमित भएमा सबै सङ्क्रमित हुने अवस्था छ । तसर्थ, कुनै लक्षण देखिएमा आइसोलेसनमा बस्नुहोला । सङ्क्रमणको शङ्का लागेमा तुरुन्त पीसीआर टेस्ट गर्नुहोला । सहेर वा हेरौँ भनेर अलमल नगर्नुहोला । जति छिटो रोग पत्ता लाग्यो, त्यति छिटो उपचार पाउने अवस्था हुन्छ ।

- पीसीआर पोजिटिभ आएमा गत सालजस्तो सप्लिमेन्ट (भिटामिन वा इम्युन बुस्टर) खाएर ढुक्क नहुनुहोला । निमोनिया हुने भएकोले तुरुन्तै नजिकको कोभिड अस्पतालको फिभर क्लिनिकमा जानुहोला । त्यहाँ चिकित्सकले तपाईँलाई परीक्षण गरेर आवश्यकताअनुसार छातीको एक्स रे, रगतको जाँच तथा सिटि स्क्यान गर्ने सल्लाह दिनुहुन्छ । यदि तपाईँको अवस्था खराब छ भने उहाँहरूले औषधि वा भर्नाको लागि सल्लाह दिनुहुनेछ । उहाँहरूको सल्लाह अक्षरसः पालना गर्नुहोला ।
- लामो समय ज्वरो आयो, खोकी लाग्यो, सास फेर्न गाह्रो भयो, खाना खान गाह्रो भयो वा अक्सिजनको स्तर ९४ भन्दा तल भइरह्यो भने घरमा नबस्नुहोला । यो अवस्थामा तपाईँलाई छातीमा सङ्क्रमण भएको बुझ्न सकिन्छ । जति छिटो अस्पताल पुग्यो त्यति छिटो भर्ना हुन नपर्ने एवम् सजिलोसँग निको हुने अवस्था हुन्छ ।
- गत साल सङ्क्रमण भएका वा यो साल खोप लगाएका व्यक्तिलाई पनि सङ्क्रमण हुनसक्छ । प्रजाति फरक भएकोले गाह्रो हुनसक्छ । मैले खोप लगाएको छु वा पोहोरको एन्टिबडीले काम गर्छ भनेर लापरबाही नगर्नुहोला । अप्ठ्यारो भए तुरुन्त अस्पताल जानुहोला ।
- बालबालिका तथा युवालाई केही हुँदैन भनेर घरमा नबस्नुहोला । बालबालिका र युवाको सङ्क्रमण दर, गम्भीर हुने दर तथा मृत्यु दर गत सालको भन्दा धेरै छ ।
- अस्पताल जाने बेलासम्म घोप्टो परेर सुत्नुभयो भने अक्सिजनको स्तर केही बढ्छ । तसर्थ, पेटको बलमा घोप्टो परेर सुत्नुहोला ।
- अस्पताल प्याक छन् भनेर नआत्तिनुहोला । अस्पताल जाँदैमा सबै भर्ना हुनु पर्दैन । प्याक भएका अस्पतालले अस्पताल बाहिर पनि अक्सिजन दिएर उपचार गरिरहेका छन् ।
- चिकित्सकको सल्लाहबिना आफै अक्सिजन लगाएर घरमा नबस्नुहोला । अक्सिजन उपचार हैन । निमोनिया वा अन्य छातीको सङ्क्रमणको औषधि चलाउँदै अक्सिजन लगाउनुपर्छ । अक्सिजनको मात्रा चिकित्सकको सल्लाहअनुसार मात्र थपघट गर्नुपर्छ ।
- औषधि उपचार प्रत्येक व्यक्तिको फरक हुनसक्छ । एकजनालाई निको भएको औषधिले अर्को व्यक्तिलाई निको नहुन सक्छ । तसर्थ, स्वास्थ्यकर्मीबाहेकका व्यक्तिले सिफारिस गरेको औषधि सेवन नगर्नुहोला । कुनै पनि औषधिले कोरोना चट्ट निको हुने वा लाग्न नदिने कुरा गर्छ भने त्यो गलत हो ।
- प्रतिरोध क्षमता बढाउनको लागि जथाभावी आयुर्वेद औषधि नखानुहोला । सम्बन्धित चिकित्सक तथा स्वास्थ्यकर्मीको सिफारसअनुसार आयुर्वेद औषधि सेवन गर्नुहोला । आयुर्वेद औषधिले कोभिड निको हुँदैन । यसले तपाईँको स्टामिना बढाउँछ । यस्तो बेला सबै चिकित्सा पद्धतिको एकीकृत उपचार प्रभावकारी हुन्छ ।
- यसपटकको सङ्क्रमण छिटो फोक्सोमा असर गर्ने किसिमको छ । ४–६ घण्टामा निकै बढी असर गर्न सक्छ । तसर्थ, भोलि अस्पताल जाउँला भनेर नबस्नुहोला । निको भएका सङ्क्रमितको कुरा सुन्नुहोला ।
- कुनै पनि चिकित्सकले औषधि चलाएको बेला पनि भित्रभित्रै असर हुनसक्छ । यो भाइरल सङ्क्रमण भएको हुँदा एन्टिबायोटिकको भरपर्नु हुँदैन । यस्तो अवस्थामा एकपटक छातीको एक्स रे वा सिटि स्क्यान गर्नु सुरक्षित हुन्छ ।
- अस्पतालमा गम्भीर बिरामीप्रति चिकित्सकको ध्यान बढी हुन्छ । तसर्थ नआत्तिनुहोला ।
- उपचारपश्चात् पीसीआर नेगेटिभ आए पनि कोभिडले तपाईँका विभिन्न अङ्गमा असर गरेको हुनसक्छ । चिकित्सकको सल्लाहअनुसार यसको पनि उपचार गरेर स्वास्थ्यलाभ गर्नुपर्ने हुन्छ ।

**(सरकारले जारी गरेको सूचना, सतर्कता तथा जनस्वास्थ्यका मापदण्ड पालनाबाट हामी सङ्क्रमणबाट बच्नेछौँ । कृपया पटक्कै लापरबाही नगर्नुहोला । हामीले आफू, परिवार तथा समाजलाई सङ्क्रमण हुन नदिनको लागि सतर्क बनौँ । सतर्क भएमा हामी अस्पताल जानु पर्दैन ।)**

(डा. पाण्डेको फेसबुकबाट)

भक्तपुर नगरमा महामारीको दोस्रो लहर

# कोभिड महामारीको दोस्रो प्रहार !

एकस्था

कोभिड-१९ महामारीको समयमा नेपालको नक्सामा यतिखेर सुदूरपश्चिम प्रदेशका हिमाली जिल्ला, पूर्वी तराई र पूर्वी नेपालका हिमाली क्षेत्रबाहेक सबै ठाउँमा 'रातो रङ्ग' पोतिएको देखिन्छ। काठमाडौं उपत्यका र लुम्बिनी प्रदेशको अझ गाढा रातो रङ्गले 'कोरोना भाइरसको हटस्पट' भन्ने बुझाउँछ। दैनिक ८-९ हजार कोरोना सङ्क्रमित थपिँदै गरेकामध्ये आधाजसो काठमाडौं उपत्यकामा छन्। २०७८ को वैशाखमा मात्र देशभर १ लाख बिरामी थपिएकोमा (२०७७ को वर्षभरिमा जम्मा ३ लाख सङ्क्रमित थिए) आधाजसो काठमाडौं उपत्यकावासी छन्। काठमाडौं उपत्यकावासी कसरी कोरोना भाइरस सङ्क्रमणको चपेटामा परे ? यो पङ्क्तिकारले केही घटनाको अध्ययन गरेको छ।

प्रस्तुत कोभिडका केस भने भक्तपुर नगरपालिकाकेन्द्रित हुन्। जनघनत्वको हिसाबले सबभन्दा बढी आबादी भएको नगर मानिन्छ यो नगरपालिका। कोभिड-१९ बाट सङ्क्रमितको कन्ट्याक्ट ट्रेसिङको क्रममा भक्तपुर नगरपालिकाले २०७७ पुस २२ गतेदेखि फागुन ५ गतेसम्म गरेका ५१ ओटा पीसीआर परीक्षणमा जम्मा ११ ओटा केसमात्र पोजिटिभ भेटिए। त्यसपछि (२०७७ चैत ३१ सम्म) गरिएका कन्ट्याक्ट ट्रेसिङ परीक्षणमा कोही पनि पोजिटिभ भेटिएनन्। तर, २०७८ वैशाख ९ गते १५ जनामा गरिएको कन्ट्याक्ट ट्रेसिङ परीक्षणमा ६ जना पोजिटिभ निस्किए। यसलाई नै भक्तपुरमा कोभिड-१९ महामारीको दोस्रो लहर सुरु भएको प्रमाण मान्न सकिन्छ।

**केस नं १**

२०७८ वैशाख २ गते भक्तपुर नगरपालिका वडा नं ८ का लालबहादुर कोजू (नाम परिवर्तन) आफ्नी श्रीमती र छोरासहित टोलवासीहरूसँग मुक्तिनाथ भ्रमणमा गए। सो टोलीमा ५३ जना थिए। सबैजना वैशाख ६ गते बेलुका यात्राबाट आ-आफ्नो घर फर्किए। लालबहादुरकी आमाको आँखाको उपचारको निम्ति कोभिड-१९ बाट सङ्क्रमित भए नभएको पत्ता लगाउन वैशाख ८ गते पीसीआर गराउनुपर्ने भयो। उनकी आमालाई कोभिड भएको रहेछ। वैशाख ९ गते सपरिवारको परीक्षण गराउँदा घरका अन्य ४ जनालाई पनि कोभिड भएको रहेछ। वैशाख ६ गते लालबहादुरको दाजुको श्राद्ध गरिएको रहेछ, त्यस दिन परिवारका सदस्यका साथै अरू नातेदार पनि लालबहादुरको घर आएका थिए। आफ्नो परिवार कसरी सङ्क्रमित भयो भन्ने बारेमा लालबहादुरलाई ठ्याक्कै थाहा छैन। तर, सँगै मुक्तिनाथ भ्रमणमा गएका टोलीको अर्को एक जोडीमा पनि पीसीआर पोजिटिभ देखिएबाट भ्रमणको क्रममा रोग सरेको देखिन्छ। भ्रमण टोलीका सँगै हिँडेका अरू सदस्यहरूले पीसीआर परीक्षण नगरेकाले पनि हुनसक्छ, कसैको केस रिपोर्टिङ भएको छैन। अथवा, सामान्य रुघाखोकी वा ज्वरो ठानेर अरूले बेवास्ता गरेको पनि हुनसक्छ वा तिनीहरूमा जटिल लक्षण नदेखिएको पनि हुनसक्छ। तर, भक्तपुरमा लालबहादुर कोजूको केस नै दोस्रो लहरको सुरुआती केसमध्ये भएको अनुमान गर्न सकिन्छ।

**केस नं २**

क्यान्सरको आशङ्का भएपछि त्यसको परीक्षणको निम्ति भारतको कुनै अस्पताल गएर वैशाखको पहिलो साता नेपाल फर्किएका भनपा वडा नं ८ का प्रवोध प्रजापति (नाम परिवर्तन) को कोभिड परीक्षण नै नगराई किमोथेरपी सुरु गरिएको थियो। रोगका अरू लक्षणको आधारमा आशङ्का भई कोभिड परीक्षण गराउँदा परिणाम पोजिटिभ आयो, त्यतिबेलासम्ममा परिवारका अन्य सदस्यलाई रोग सरिसकेको रहेछ। कोभिड चेक नै नगरी किमोथेरपी गरिँदा बिरामी नराम्ररी थलिए। धेरै दिनसम्म भेन्टिलेटरमा उपचार गर्दागर्दै बिरामीको मृत्यु भयो।

**केस नं ३**

भक्तपुर कमलविनायककी कमला श्रेष्ठ (नाम परिवर्तन) भक्तपुर नगरपालिकाले सञ्चालन गरेको 'आइसोलेसन केन्द्र' मा बसी उपचाररत छिन्। नारायणघाट माइती गएकी श्रेष्ठ वैशाखको पहिलो साता माइतीघरको 'घरपूजा' सकाएर भक्तपुर फर्किँदा गाडीमा भीडभाडमा परिन्। घर फर्किएको ३-४ दिनमा उनलाई ज्वरो आयो, निको होला कि भनेर ६ दिनसम्म घरमै बसिन्। कमलालाई सास फेर्न गाऱ्हो हुनथाल्यो, खान मनलाग्न छोडेपछि पीसीआर परीक्षण गराइन्। नतिजा पोजिटिभ आयो। त्यतिबेलासम्ममा परिवारका केही व्यक्ति सङ्क्रमित भए, अरू कतिजना सम्पर्कमा आए, त्यसको हिसाब छैन। अक्सिजन स्याचुरेसन बिन्दु ७७ मा झरेपछि कमला भनपाले सञ्चालन गरेको आइसोलेसन केन्द्रमा भर्ना भइन्। खुसीको कुरा कमला अहिले स्वास्थ्यलाभ गर्दै छिन्।

**केस नं ४**

ललितपुर अस्थायी बसोबास गरिरहेका कुसुम बोहजू (नाम परिवर्तन) लाई वैशाखको दोस्रो सातातिर खोकी लाग्यो । स्थानीय एउटा औषधी पसल सञ्चालकले सामान्य रुघाखोकी हो, निको हुन्छ भनेर केही औषधी दिएछन् । उनी ज्वरो अलिकति कम भएको अनुभव भएपछि श्रीमती र एउटा बच्चासाथ भक्तपुर वडा नं ८ स्थित आफ्नो घर आएर बस्नथाले । तर, ज्वरो र खोकी घटेन । कुसुमकी श्रीमतीमा पनि लक्षण देखापर्न थालेको थियो तर सामान्य रुघाखोकी भनेर तिनीहरू चुपचाप बसे । सास फेर्न गाऱ्हो हुन थालेपछि पीसीआर परीक्षण गर्दा पोजिटिभ देखियो । त्यतिबेलासम्ममा घरका अन्य सदस्य तथा आफन्तमा कोभिड फैलिसकेको थियो ।

लामो समयपछि घर आएको नाति 'सबैको प्यारो' हुन्छ । माया गरी काखमा लिइन्, सिँगान पुछिदिइन् हजुरआमाले । तीन वर्षको बच्चालाई आफन्त र छरछिमेकका अन्य केटाकेटीसँग खेल्न दिइयो । एकाघरका ६ जना सदस्यको भान्सा एउटै थियो । बच्चामा रोगको कुनै लक्षण देखानपरे पनि उसबाट सर्ने सम्भावना छँदै थियो । त्यसको ख्याल नै नगर्दा सङ्क्रमण फैलियो । कुसुमका दम्पति पनि भनपाको आइसोलेसन केन्द्रमा स्वास्थ्यलाभ गर्दै छन् ।

प्रस्तुत केही घटनाबाट भक्तपुरमा कोभिड–१९ सङ्क्रमणको दोस्रो लहर कसरी फैलियो भन्ने कुराको छनक पाइन्छ । यस्ता कैयौँ केस होलान्, यो सानो आलेखमा ती सबैको विश्लेषण गर्न सकिन्न । यसबाट काठमाडौं उपत्यका कोभिड–१९ को 'हटस्पट' कसरी बन्न गयो भन्ने बुझ्न सजिलो हुन्छ कि !

माथि प्रस्तुत सबैजसो घटनाका पात्र वा तिनका परिवारका सदस्यमध्ये कोही न कोहीले कलेजस्तरको शिक्षा प्राप्त गरेका रहेछन् । यसमानेमा ती 'कोही' पनि कोभिड–१९ बारे सूचनाविहीन वा जानकारी राख्न नसक्ने त होइनन् तर किन असावधानी भयो ? कि त कोरोना भाइरस केही होइन भनेर त्यसै बसे ? ती पात्रहरू रोगको लक्षण देखिनेबित्तिकै सचेत नहुँदा रोग फैलिरहयो । यसले हाम्रो शिक्षाको गुणस्तरमाथि नै प्रश्न गरिरहेको छ ।

यसैबीच 'लगन' को नाममा विवाह समारोहमा भएका जमघटबाट सङ्क्रमण बढिरहेको पाइएको छ । सरकारबाट जारी निषेधाज्ञामा भनिएझैँ कतिपयले घरका सदस्यमात्र बसेर विवाहको औपचारिकता पुऱ्याउने काम गरेको देखिन्छ । यसै अवधिमा सगर्व 'आमाको मुख' पनि हेरियो । नेवार समुदायका केही मानिसले स्थानीय नगरपालिकाको आह्वानविपरीत आइतबार र अक्षय तृतीयाको दिन देवाली पर्व मनाएका छन् । आफ्नो परिवारमात्र बसेर देवालीको 'सामाजिक भोज' खाएका छन् । यसको दुष्परिणाम आउन बाँकी छ ।

**समुदाय परिचालन उत्तम उपाय**

छिमेकी भारतको केरला प्रान्त कोभिड महामारी नियन्त्रणमा सफल हुनुमा जनसमुदायको क्रियाशिलता मानिएको छ । चीन, क्युवा, भेनेजुयलाको सफलतामा पनि स्थानीय जनसमुदायको सक्रियता, जिम्मेवारीबोध र आपसी सहयोगलाई मुख्य कारक मानिएको छ ।

समुदायमा कोही सङ्क्रमित भएमा आवश्यक औषधी, खाद्यान्न, तरकारीलगायत आवश्यक सामान घरसम्म पुऱ्याइदिने काम तालिमप्राप्त स्वयम्सेवकहरूले गर्नसक्छन् । रोग लागिसकेपछि छरछिमेक र आफन्तले प्रेम र सद्भाव देखाउँदा बिरामीको रोग आधा निको हुनसक्छ ।

वडा वा टोलमा बसोबास गर्ने चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीको समन्वयात्मक भूमिकासहित घरघरमा आइसोलेसनमा रहेका स्थानीय रोगीलाई आवश्यक चिकित्सकीय सल्लाह दिन सकिन्छ । तिनले नै बिरामीलाई खानपानसम्बन्धी सल्लाह र ढाडस दिने हो भने रोग जटिल हुन पाउँदैन । कोरोना पोजिटिभ भएको सुन्नेबित्तिकै आत्तिने र रोइकराइ गरेका घटना पनि सुनिन्छ । तनावले रोग झन् बल्झिने स्थिति बन्छ । जस्तो, कुनै बिरामीले सास फेर्न गाऱ्हो भएको सूचना दियो भने घरमै गर्नसक्ने उपचार, कुन अवस्थामा अस्पताल जाने भन्नेबारे टोल वा गाउँका स्वास्थ्यकर्मीले सल्लाह दिन सक्छन् । कुन अस्पतालमा बेड खाली छ भन्नेसमेत बिरामीले नै बुझ्नुपर्ने अवस्थाले गर्दा बिरामीलाई झनै गलाएको छ । समुदायमा स्वास्थ्यज्ञान भएका स्वयम्सेवकले बिरामीलाई अस्पताल पुऱ्याउन आवश्यक सहयोग गर्न सक्छन् । आजकल टेलिप्याथीको माध्यमबाटै कसैको उद्धार उपचार कार्यमा सहभागी हुन सम्भव छ ।

*('श्रमिक' साप्ताहिक, जेष्ठ ४ बाट सङ्क्षिप्त)*

**कोरोनाबाट बच्न पटक पटक**
**साबुन पानीले हात धोऔं ।**
**शारीरिक दूरी कायम गरौं ।**

पुस्तक समीक्षा

# हेनरी किसिञ्जरको आँखामा चीन (५)

• एक शिक्षक



**राष्ट्रपति रेगन र सम्बन्ध सामान्यीकरणतर्फ**

संरा अमेरिकाको विदेश नीति कार्यान्वयनमा एउटा समस्या छ । आवधिक निर्वाचनसँगै सरकार परिवर्तन हुन्छ । कम्तीमा पनि हरेक आठ वर्षमा माथिदेखि तलसम्मका प्रशासक तथा कर्मचारी हेरफेर हुन्छन् । लगभग पाँच हजार मुख्य कर्मचारी फेरिन्छन् । नीतिको निरन्तरता सधैँ सङ्कटमा पर्ने गर्दछ । चीनसँगको सम्बन्ध विकासमा संरा अमेरिकालाई यही नै चुनौती थियो । यी झन्झटबाट चीन भने टाढा थियो । नेतृत्वको परिवर्तन भइरहनाले विदेश नीति जस्तो उच्च संवेदनशीलता तथा सतर्कता आवश्यक हुने विषय प्रभावित हुनु आश्चर्य होइन ।

संरा अमेरिका र चीन दुवै देशबीच सन् १९७० को दशकमा नाटकीय सम्बन्धको ढोका खोल्ने राष्ट्रपतिले अठार महिनापछि राजीनामा दिनुपऱ्यो । यद्यपि, मुख्य विदेश नीति भने परिवर्तन भएन । सन् १९८० को राष्ट्रपतीय निर्वाचनमा **रोनाल्ड रेगन** निर्वाचित भए । उनी **'दुई चीन नीति'** को वकालत गर्थे र ताइपेइको दूतावासलाई नै आधिकारिक मान्थे । कार्टरझैँ रेगन पनि थाइवानलाई हातहतियार बिक्री गर्ने पक्षमा थिए । रेगनले प्रशासन सम्हाल्ने बितिक्कै थाइवानलाई हातहतियार उपलब्ध गराउने विषयमा चिनियाँ नेताहरूको धारणा माग गरेका थिए । रेगन आफू त्यसको पक्षमा रहेको स्पष्ट पारे । तर, उनका विदेशमन्त्री **अलेक्जान्डर हेग** राष्ट्रपति रेगनसँग सहमत भएनन् । हेग निक्सनको पालामा सन् १९७१ मा गुप्त ढङ्गमा पेचिङ भ्रमणको टोलीका एक सदस्य थिए । तर, विभिन्न उपाय अपनाइ अन्तरक्रिया गरिसकेपछि निक्सन, फोर्ड र कार्टर प्रशासनले स्थापना गरेको संरा अमेरिका–चीन रणनीतिक सहकार्यको सिद्धान्तमा सहमति जनाए । साङ्घाइ घोषणा र सन् १९७९ को सम्झौताबमोजिम कूटनीतिक सम्बन्धमा सामान्यीकरण गर्न राष्ट्रपति रेगन सहमत भए ।

चीनले थाइवान विषय आन्तरिक मामिला भएको बारम्बार प्रस्ट पाऱ्यो । संरा अमेरिकाले चीनको शान्तिपूर्ण एकीकरणप्रति सहमति जनायो । थाइवानलाई हातहतियार बिक्री रोक्ने प्रतिबद्धता व्यक्त गऱ्यो । तर, उता चीनसँग गरेको सम्झौता तोडेर थाइवानसँग अर्को गोप्य सम्झौता गऱ्यो ।

**नयाँ शक्ति समीकरण**

सन् १९८० को दशकको वाशिङ्टन र पेचिङबीचको सम्बन्धले भन्दा पनि ती दुईको मस्कोसँगको सम्बन्धले चर्चा कमाउँदै थियो । हिन्द–चिनी क्षेत्रमा संरा अमेरिकाको प्रभाव अन्त्य भएपछि सोभियत सङ्घ र आश्रित देशहरू विकासशील देशहरूतिर लागे । अङ्गोला, इथियोपिया, अफगानिस्तान र हिन्द–चीनमा प्रभाव जमाए । तर, अन्तर्राष्ट्रिय मामिलामा संरा अमेरिका–चीनबीच भएको मेलमिलापले तिनीहरूलाई अगाडि बढ्न सहज बनाएन ।

चीनले भियतनाममाथि गरेको दण्डात्मक कारबाहीको क्रममा सोभियत सङ्घले अत्यन्त कमजोर जवाफ दियो । उसको पतनको सङ्केत त्यतिखेर नै देखिएको थियो । मस्कोमा देखिएको तीन सङ्क्रमणकालीन अवधि – लियोनिद ब्रेझनेभदेखि युरि आन्द्रोपोभ (सन् १९८२), आन्द्रोपोभदेखि कोन्स्तान्तिन चेर्नेन्को (सन् १९८४) र सन् १९८५ मा कोन्स्तान्तिनदेखि गोर्भाचोभसम्म – ती सबैले घरेलु सङ्कटको सङ्केत दिइसकेका थिए । रेगन प्रशासनसम्म आइपुग्दा विश्व शक्ति सन्तुलन क्रमशः फेरबदल भयो र सोभियत सङ्घलाई वरपर हस्तक्षेप गर्न रोक्यो ।

सन् १९९० मा कम्बोडियामाथि भियतनामी प्रभुत्व अन्त्य भयो । सन् १९९१ मा अङ्गोलाबाट क्युवा फर्कियो । इथियोपियामा सन् १९९१ मा कम्युनिस्ट

व्यवस्थाको अन्त्य भयो । सन् १९९० मा निकारागुवाका सान्डानिस्टाहरू पूँजीवादी निर्वाचनमा फर्किए । सन् १९८९ मा सोभियत सेना अफगानिस्तानबाट फिर्ता भयो । सोभियत सङ्घ चारैतिरबाट पछाडि हटेपछि चिनियाँ कूटनीति केही लचिलो बन्यो । मस्कोसँग नयाँ कूटनीतिक सम्भावनातर्फ पेचिङले ध्यान पुऱ्यायो । सोभियत–चीन सम्बन्धको सुधारका लागि चीनले तीन शर्त अगाडि साऱ्यो – साइबेरिया र मङ्गोलियामा सेना तैनाथ गर्न बन्द गर्ने, चीनको उत्तरी सीमामा रहेका सोभियत सेना हटाउने र अफगानिस्तानबाट पनि सोभियत सेना फिर्ता लाने । सोभियत सङ्घ विश्व शक्ति सन्तुलनमा आएको हेरफेरबमोजिम यी तीनै कार्यमा क्रमशः अगाडि बढ्दै थियो । चीनले पनि क्रमशः अन्तर्राष्ट्रिय दबुमा उपस्थिति जनाउन सुरु गऱ्यो । **चीनले अब तीन ओटा क्षेत्रमा प्राथमिकता दिन थाल्यो** –

१) महाशक्तिहरू

२) विकसित देशहरूको क्षेत्र

३) तेस्रो विश्व ।

यसप्रकार चीन तीन विश्व नीति (Three World Approach) तिर लाग्यो ।

सन् १९९२ को सेप्टेम्बरमा सम्पन्न चिनियाँ कम्युनिस्ट पार्टीको बाऱ्हौं राष्ट्रिय महाधिवेशनमा चिनियाँ विदेश नीतिको अवधारणा प्रस्तुत गर्दै महासचिव **हु याओपाङ** (Hu Yaobang) ले भने, *'कुनै महाशक्ति या शक्ति समूहसँग चीन पछि लाग्दैन र कुनै ठूलो शक्तिको दबाब पनि स्वीकार्दैन ।'* अध्यक्ष माओले दिनुभएको नारा *'चीन जागी उठिसक्यो !'* नै महासचिव हुको मूलमन्त्र थियो । एक अर्को प्रसङ्गमा उनले भने, *'सोभियत नेताहरूले धेरै पटक चीनसँग सम्बन्ध सुधार्न चाहेको अभिव्यक्ति दिएको हामीले सुनेका छौँ । तर, शब्द होइन, व्यवहार महत्त्वपूर्ण हो ।'* तेस्रो विश्वमा चीनले आफ्नो स्थान व्यापक तथा बलियो बनाउन थाल्यो । दुईओटै महाशक्तिबाट अलग्ग र कहिलेकाहीं दुई ओटैको विरुद्ध चीन उभिन थाल्यो ।

चीन–सोभियत सङ्घबीच उच्चस्तरीय बैठक तथा दुई कम्युनिस्ट पार्टीबीचको अन्तरक्रियामार्फत सम्बन्ध सुधारेबाट नजिक बनिरहेको सन् १९८५ को सीआइए रिपोर्टले बतायो । दुई दशकसम्म हुन नसकेको हातहतियार नियन्त्रणसम्बन्धी छलफल सुरु भयो । चिनियाँ उपप्रधानमन्त्री **याओ यिलिन** (Yao Yillin) द्वारा सन् १९८५ मा भएको एकहप्ते मस्को भ्रमणको क्रममा दुई देशबीच ऐतिहासिक व्यापार तथा आर्थिक सहकार्यको आपसी सम्झौता भयो । सोभियत सङ्घको पतनपश्चात् संरा अमेरिकालाई पिर पर्न थाल्यो कतै चीनको उदयले फेरि विश्व दुई ध्रुवीय नै बनाउने त होइन ?

शक्ति सन्तुलनमा आएको फेरबदलसँगै सन् १९८९ पछि अर्थात रेगनको कार्यकाल समाप्तिसँगै क्रमशः शान्ति छाउन थाल्यो चीन र एसियामा ।




तङ स्याओ पिङले अगाडि सारेको **'सुधार तथा खुलापन'** तथा **चिनियाँ विशेषतासहितको समाजवाद** सँगसँगै चीन आर्थिक विकासको बाटोमा हिँड्न थाल्यो । विशेष आर्थिक क्षेत्र घोषणा गरी विदेशी पूँजी तथा प्रविधिलाई स्वागत गरियो । विकेन्द्रीकरण लागू गरियो । कृषि कम्युनहरू खारेज गरिए । **'ढुङ्गाहरू छाम्दै नदी तर्ने'** उपाय चीनले अपनायो । राज्यको स्वामित्व रहेता पनि व्यक्तिलाई व्यवस्थापनको जिम्मा दिइयो । उद्योग, कलकारखानामा पार्टी सचिवहरूको ठाउँमा अर्कै व्यवस्थापक ल्याए ।

## थियानमन स्क्वायरको उपद्रव

७३ वर्षे हु याओपाङको मृत्यु अप्रिल १५, १९८९ मा भयो । उनलाई ८ अप्रिलको दिन हृदयघात भएको थियो । सन् १९८६ को विद्यार्थी प्रदर्शनीमा बल प्रयोग नगरेको आरोप खेपेका हु पार्टी महासचिव पदबाट मुक्त भएपछि **चाउ चियाङ** (Zhao Ziyang) चिनियाँ कम्युनिस्ट पार्टीको नयाँ महासचिव भए । हुको निधनले नयाँ तरङ्ग फैलायो ।

थिआनमन स्क्वायरमा उपद्रव मच्चियो । हिंसा भड्कियो । त्यो सात हप्तासम्म चालू रह्यो । परिस्थितिबमोजिम आवश्यक कदम चाल्न आनाकानी भएपछि जून ४ का दिन चाउ चियाङलाई महासचिव पदबाट मुक्त गरियो । त्यसपछि थिआनमन स्क्वायरको उपद्रव पूर्णरूपमा नियन्त्रणमा लिइयो ।

संरा अमेरिकाले 'प्रजातन्त्र' निर्यात गर्ने आफ्नो विदेश नीतिको उद्देश्य रहेको घोषणा गरिसकेको थियो । संरा अमेरिकाले मानव अधिकार, व्यक्तिगत स्वतन्त्रता र प्रजातन्त्रको विषय जोडजोडले उठायो । पश्चिमा सञ्चारमाध्यमहरूले निहुँ पाउनासाथ

होहल्ला गर्न थाले । त्यस घटनाको तीन हप्तापछि गुप्त ढङ्गमा संरा अमेरिकी टोली पेचिङ पुग्यो । त्यो टोली अधिकार सम्पन्न तथा उच्च प्रविधि एवम् सुविधा सम्पन्न थियो ।

नेता तङले अमेरिकी टोलीसँगको कुराकानीमा थियानमन स्क्वायरको उपद्रवमा संरा अमेरिकाको हात रहेको र त्यो जनवादी गणतन्त्र चीन र समाजवादी व्यवस्था ढाल्न गरिएको दाबी गरे । उनले युद्ध निम्तिने भय रहेको प्रस्ट पारे । नेता तङले स्पष्ट शब्दमा भने, *'चीन-संरा अमेरिका सम्बन्ध अत्यन्त जटिल मोडमा छ र अझ खतरनाक अवस्थामा छ भन्दा पनि हुन्छ ।'* बाहृय दबाबको जवाफमा उनले भने, *'हामी नाकाबन्दीसँग डराउँदैनौँ । हामी तिनीहरू कोहीसँग डराउँदैनौँ । अमेरिकीहरूले इतिहास बुझ्न आवश्यक छ ।'* गाँठो जसले कस्छ उसैले फुकाउनुपर्छ भन्ने चिनियाँ भनाइ स्मरण गराउँदै सम्बन्ध सुधार्ने इच्छा छ भने त्यो संरा अमेरिकाकै जिम्मामा रहेको नेता तङले स्पष्ट पारे ।

सन् १९७१ बाट पुनः सुरु भएको चीन-संरा अमेरिका सम्बन्ध सन् १९८९ को अन्त्यतिर अत्यन्त सङ्कटग्रस्त बनिसकेको थियो । सन् १९८० को दशकको अन्तिमतिर विभिन्न क्षेत्रमा थालिएको सहयोग तथा सहकार्य टुङ्गिने स्थितिमा पुगिसकेको थियो । **त्यही तनावपूर्ण परिवेशमा सन् १९८९ को नोभेम्बरमा हेनरी किसिञ्जर पेचिङ पुगे ।** यो उनको निजी भ्रमण थियो तर संरा अमेरिकी राष्ट्रपति र अन्य अधिकारीलाई जानकारी गराएका थिए ।

नेता तङ र किसिञ्जरबीचको भेटमा तङले चीनमा हुने अशान्तिले विश्वलाई मात्र होइन महाशक्ति देशलाई पनि छुने बताए । उनले चीन-अमेरिका सम्बन्ध विकास गर्न आफूले ठूलो समय व्यतित गरिसकेको र राष्ट्रपति बुशको कार्यकालमा पनि अघि बढोस् भन्ने आफ्नो चाहना रहेको प्रस्ट पारे ।

चिनियाँ कम्युनिस्ट पार्टीका एक वैचारिक नेता **ली रुइहुवान**ले समानरूपमा व्यवहार गर्ने देशहरूसँग मित्रता गाँस्न अध्यक्ष माओले जीवनभर सङ्घर्ष गर्नुभएको स्मरण गराए ।

नेता तङले सन् १९९० देखि नै जिम्मेवारी घटाउँदै लगे । सन् १९९२ मा अर्थात नेता तङ ८७ वर्षको छँदा दक्षिण चीनका नयाँ आर्थिक केन्द्रहरूको भ्रमणमा निस्के । आफ्नी छोरी तङ नान र अन्य सहयोगीहरू साथमा थिए । त्यसलाई **'दक्षिण भ्रमण'** को नाम दिइयो । त्यो भ्रमण नै उनको जीवनको अन्तिम सार्वजनिक कार्यक्रम बन्यो ।

चीनको नेतृत्व गर्ने जिम्मा **चियाङ चमिन**ले पाइसकेका थिए । उनले जिम्मा सम्हालिरहँदा सोभियत सङ्घ विघटन भयो र पूर्वी युरोपका समाजवादी देशहरूमा पनि पूँजीवादको पुनः स्थापना भयो । अन्तर्राष्ट्रिय परिस्थिति अत्यन्त प्रतिकूल थियो । आन्तरिक परिस्थिति पनि अत्यन्त चुनौतीपूर्ण थियो ।

नेता तङको निधन सन् १९९७ मा भयो ।

### चियाङ चमिन र सम्बन्धको पुनः स्थापना

चियाङ चमिन साङ्घाइका मेयर थिए । त्यतिखेर नै किसिञ्जरले उनलाई भेटेका थिए । साङ्घाइको परिवर्तनमा उनको ठूलो देन थियो । समयक्रममा उनी चीनका राष्ट्रपति बने । **चीनको इतिहासमा उल्लेखनीय प्रतिव्यक्ति आम्दानी बढाउने, हङ्कङ्ग शान्तिपूर्ण ढङ्गमा फिर्ता लिने, संरा अमेरिकासँग सम्बन्ध पुनः स्थापित गर्ने, अन्य धेरै देशसँग सम्बन्ध जोड्ने, चीनलाई विश्वकै आर्थिक शक्ति बनाउने आदि कार्यको नेतृत्व चियाङ चमिनले गरे ।**

चियाङ चमिनकै कार्यकालमा चीन-अमेरिका सम्बन्धले फड्को मार्‍यो । चीन-अमेरिका वार्ताको क्रममा आपसी सम्बन्ध नै प्रमुख विषय बनेको अन्तिम पटक उनकै पालामा थियो ।

सहस्राब्दीसँगै चिनियाँ नेतृत्वमा **'चौथो पुस्ता'** को उदय भयो । **हु चिन्ताओ** (Hu Jintao) राष्ट्रपति र **वेन चियापाओ** (Wen Jiapao) प्रधानमन्त्री भए । उता संरा अमेरिकामा **जर्ज डब्लु बुश** र सन् २००९ मा **बाराक ओवामा** राष्ट्रपति भए । हु र वेनले **'सौहार्द्रपूर्ण समाज'** र **'सौहार्द्रपूर्ण विश्व'** को नारा दिए । अवस्थाको सामान्यीकरण र स्थिरता उनको पहिलो प्राथमिकता थियो ।

**'मध्यमस्तरको सम्पन्न'** समाज निर्माण उनको उद्देश्य थियो । राष्ट्रपति हुले शान्तिपूर्ण विकास (peaceful development) को अवधारणा अगाडि सारे । संयुक्त राष्ट्रसङ्घको सभामा बोल्दै हुले भने, *'चीन शान्ति मन पराउँछ । चीनको विकासले कसैलाई चोट पुर्‍याउँदैन र धम्काउँदैन । त्यसले विश्वको शान्ति, स्थायित्व र साझा समृद्धिमा टेवा पुर्‍याउनेछ ।'*

सन् २००७ र २००८ मा अमेरिका र युरोपमा आर्थिक सङ्कट सुरू हुँदा चीन अप्रभावित रह्यो । अन्तर्राष्ट्रिय व्यवस्थाको संरचनामा विश्वमा हेरफेर देखापर्न थालिसकेको थियो । पश्चिमलाई आर्थिक सङ्कटले अठ्यारो पारिरहँदा चीनले विश्वलाई चकित पार्दै ओलम्पिक खेल भव्यरूपमा

आयोजना गऱ्यो । ओलम्पिक खेल चीनको सम्पन्नताको प्रतीक बनेर प्रस्तुत भयो । ओलम्पिक खेल र उद्घाटनले चीनको पुनर्जागरणबारे विश्वलाई बतायो । चीनमा नयाँ युगको सुरूआत भएको घोषणा भएको आभास विश्वले पायो । अफिम युद्धदेखि शताब्दी लामो विदेशी थिचोमिचो तथा हस्तक्षेप सदाका लागि अन्त्य गर्दै चीन उदाएको अनुभूति दियो । यद्यपि, चीन अझै पनि गरिबीविरुद्धको अन्तिम लडाइँ लड्दै थियो ।

जब कूटनीतिले काम गर्दैन तब रणनीति, हतियारको होडबाजी, द्वन्द्व र युद्ध देखापर्छ । विश्वमा धेरै युद्धहरू भए । मानिसको शान्तिको चाहना पूरा हुन सकेन । किसिञ्जर भन्छन्, *'चीन र संरा अमेरिकाबीच सैन्य क्षेत्रमा भन्दा पनि आर्थिक तथा सामाजिक क्षेत्रमा सघन प्रतिस्पर्धा हुने देखिन्छ ।'*

चीनको गुप्त भ्रमणको क्रममा चीन र संरा अमेरिकाबीचको सहमति घोषणा भइरहँदा प्रधानमन्त्री चाउ एनलाइले भन्नुभएको थियो, *'यसले विश्वलाई हल्लाउनेछ ।'* किसिञ्जर कल्पना गर्छन्, ''' चालीस वर्षपछि संरा अमेरिका र चीनले संयुक्त प्रयास विश्व हल्लाउनलाई नभई अब विश्व निर्माण गर्नलाई लगाउन सकेका भए ।'

**अन्तमा,**

प्रधानमन्त्री चाउ एनलाइको शब्दमा चीन र संरा अमेरिकाबीचको सम्बन्ध 'विश्व हल्लाउने' स्थितिसम्म पुऱ्याउन किसिञ्जरले पनि सक्दो योगदान अथकरूपमा गरेको यो पुस्तकले प्रस्ट पार्छ । जीवनको बहुमूल्य समय, अथक परिश्रम र बल-बुद्धि उनले त्यस कार्यमा लगाए । उनी त्यतिखेर ४७-४८ वर्षका अनुभवी थिए । उनको लगन, धैर्य तथा अर्जुन-दृष्टि आज पनि नयाँ पिँढीका निम्ति अनुकरणीय मान्न सकिन्छ । सम्भावित द्वन्द्व, युद्ध र तनावबाट विश्व मानवजगतलाई जोगाउन उनले एक जिम्मेवार नागरिकका नाताले कूटनीतिक क्षेत्रबाट महत्त्वपूर्ण भूमिका निर्वाह गरे । पानी बारबारको स्थितिमा रहेका दुई विशाल देश संरा अमेरिका र चीनलाई नजिक ल्याउन उनले खेलेको भूमिका सराहनीय मान्नेहरू कम छैनन् । दुई फरक विचारधारा मान्ने मुलुकबीच सम्बन्ध पुनः स्थापित गराउन सामान्य खुबी या प्रयासबाट सम्भव हुने कुरै थिएन ! विषम परिस्थितिमा सम्पूर्ण चुनौतीसँग सामना गर्दै समाधानको बिन्दुमा पुऱ्याउनु कूटनीतिक चातुर्यमात्र होइन कूटनीतिक विशिष्ट गुण मान्न सकिन्छ । व्यवहार गर्दै जाँदा विश्वाससमेत जितेर अगाडि बढ्न सक्नु इमानदारीको प्रमाण हो भन्नु अन्यथा हुनेछैन । चीन र संरा अमेरिका सम्बन्धको प्रकाशमा हेर्दा किसिञ्जरले एक सफल कूटनीतिज्ञको छवि निर्माण गरे साथै चिनियाँ मित्रहरूबाट एक विश्वासिलो मित्र र एक सङ्कटको साथीको उपमा पाए । किसिञ्जरको बौद्धिकता, व्यवहार र अनुभवको चिनियाँ बौद्धिक तथा राजनीतिक समुदायले अद्यापि प्रशंसा गर्दछ । **हालै निर्वाचित अमेरिकी राष्ट्रपति जो बाइडेनलाई चीनसँग राम्रो सम्बन्ध कायम गर्न सुझाव दिएर विश्वकै वरिष्ठ कूटनीतिज्ञ किसिञ्जरले आफ्नो कर्तव्य पूरा गरे ।** यी दुई देशबीचको मामिलामा आफ्नो इमानदारी जीवनको उतरार्द्धमा समेत देखाए । कूटनीतिक क्षेत्रका एक जिउँदो इतिहास मानिने किसिञ्जरको चिलि (दक्षिण अमेरिका) सम्बन्धी दृष्टिकोणको आलोचना गर्नेहरू पनि धेरै छन् ।

किसिञ्जरको पुस्तकका कतिपय प्रसङ्गबारे आलोचना, खण्डन या समर्थन गर्न त्यसमा चर्चा गरिएका चिनियाँ नेताहरू एक-दुईलाई छोडेर प्रायः आज यो भौतिक संसारमा छैनन् । यस पुस्तकमा दिइएका कतिपय भनाइ तथा सन्दर्भबारे चिनियाँ नेताहरू स्वयम्ले अभिव्यक्ति दिएको व्यापक पाठकबीच जानकारीमा आएको छैन । यदि दिएको खण्डमा धेरै थप कुरा प्रस्ट हुने र पाठकका कतिपय खुल्दुली मेटिने तथा भ्रम हट्ने निश्चित छ । किसिञ्जर प्रस्टरूपमा प्रजग कोरियाप्रति सकारात्मक हुन नसकेको या नबनेको पुस्तकमा स्पष्ट देखिन्छ । उनको त्यो वक्रदृष्टिका कारण उनीप्रति केही आशङ्का पाठकमा उब्जिनुलाई पनि अन्यथा मान्न सकिन्न । समग्रमा यस पुस्तकको अध्ययनले चिनियाँ समाजवादको केही क्षेत्रमा देखिएका बाङ्गाटिङ्गा धर्काहरूको के कसरी कठिन घडी पार गऱ्यो, घरेलु तथा बाह्य चुनौती या उथलपुथलको स्थिति कस्तो रह्यो र आँधीबेहरीमा चिनियाँ नेतृत्वले कसरी साहस तथा बुद्धिमत्ता देखाएर सफलता तथा उपलब्धि हासिल गऱ्यो भन्नेबारे विस्तृत जानकारी दिनेछ ।

आधुनिक चीन स्थापनापश्चात्का ६० वर्षका केही महत्त्वपूर्ण झलक या घटनाक्रममात्र यस पुस्तकमा समेटिएको छ । आजको शक्तिशाली तथा समृद्ध चीन निर्माणको पृष्ठभूमिको एउटा अंश यो पुस्तकले प्रस्तुत गर्दछ भन्नु अतियुक्ति नहोला । किसिञ्जर त्यस्ता कूटनीतिज्ञ हुन् जसले अध्यक्ष माओ र प्रधानमन्त्री चाउ एनलाइदेखि आजका चिनियाँ राष्ट्रपति सि चिङ फिङलाई नजिकबाट चिने, देखे र अनुभव गरे । विश्वमा धेरै कमलाई मात्र यस खालको अवसर प्राप्त हुने गर्छ ।

(समाप्त)

मजदुर दैनिकबाट

# अदुवा खेती प्रविधि



सबिन ख्याजू

**पृष्ठभूमि-**अदुवा नेपालको प्रमुख मसलाबालीमध्येमा पर्दछ । अदुवाको अङ्ग्रेजी नाम Zinger हो । अदुवा जिन्जीविरेसी (Zingiberaceae) परिवारमा पर्ने प्रमुख विरुवा हो । यसको वैज्ञानिक नाम Zingiber officinale Rosc हो । नेपालको मध्य पहाडी जिल्लाहरूमा अदुवाको व्यवसायिक खेती गरिएको पाइन्छ । अदुवा बहुवर्षीय बाली भए पनि एक वर्षीय बालीको रूपमा खेती गरिन्छ । अदुवा नेपाली भान्सामा नभई नहुने मसालाबाली हो । अदुवामा मानिसलाई चाहिने ६ वटा महत्त्वपूर्ण तत्त्वहरू जस्तै कार्बोहाइड्रेट, प्रोटिन, चिल्लो पदार्थ, भिटामिन, खनिज पदार्थ, पानी आदि पाइनुका साथै रेसा तथा अन्य औषधीयुक्त तत्त्व पनि प्रशस्त मात्रामा पाइन्छ । अदुवालाई विभिन्न प्रकारका आयुर्वेदिक तथा रसायनिक औषधि र श्रृंगारका वस्तुहरू तयार गर्न समेत प्रयोग गरिन्छ ।

सन् २०१९ मा संरा सङ्घको खाद्य तथा कृषि सङ्गठन (एफ्एओ) को प्रतिवेदनअनुसार भारत, नाइजेरिया र चीनपछिको चौथो ठूलो मात्रामा अदुवा उत्पादन हुने देश नेपाल हो । नेपालले विश्वको उत्पादनमा ९.२ प्रतिशत भाग ओगटेको छ ।



सन् २०१६/१७ मा २२,६४९ हेक्टरमा खेती र २,७९,५०४ मे.टन अदुवा उत्पादन भएको थियो (MoAD, 2018) । नेपालमा अदुवा खेती हुने प्रमुख जिल्लाहरू इलाम, सल्यान, नवलपरासी, पाल्पा, डोटी, तनहुँ, कास्की र मोरङ आदि हुन् ।

परापूर्वकालदेखि औषधीको रूपमा प्रयोगमा आएको अदुवाबाट मसला, क्याण्डी, तेल आदि तयार गर्न सकिन्छ । अदुवाको सुठोमा १.५ प्रतिशत वास्नायुक्त तेल र ६ प्रतिशत ओलियोरेजिन पाइन्छ भने काँचो अदुवामा १२.३ प्रतिशत कार्बोहाइड्रेट, २.३ प्रतिशत प्रोटिन, ०.९ प्रतिशत बोसो र केही भिटामिनहरू पाइन्छन् । अन्य बालीको तुलनामा अदुवाको उत्पादन धेरै हुने कारण यस बालीबाट मनग्य आयआर्जन पनि गर्न सकिन्छ । यसलाई एकलबाली वा अन्य बाली जस्तै मकै, तरकारी, भटमास आदि सँग पनि लगाउन सकिन्छ ।

## अदुवा खेतीको लागि चाहिने हावापानी

अदुवाको लागि न्यानो र ओसिलो हावापानी भएको समुद्री सतहबाट ३०० देखि १६०० मिटर उचाइ राम्रो हुन्छ । बाली अवधीमा १५००-२००० मि. मि. वर्षा र २०-३० डि. से. तापक्रम उचित हुन्छ । ३५ डिग्रीभन्दा माथि भए विरुवा डढ्छ भने १३ डिग्रीभन्दा कम भए अदुवा सुषुप्त अवस्थामा रहन्छ । अदुवा खेती प्रायः खुल्ला ठाउँमा गरिन्छ । अदुवा बालीले हल्का छायाँ मन पराउँछ । अदुवा खेतीको निम्ति दोमट किसिमको माटो सबभन्दा उत्तम हुन्छ ।

माटोमा प्राङ्गारिक पदार्थको मात्रा धेरै भएको, पानीको राम्रो निकास भएको र पि. एच. ५.५-६.५ हुनु आवश्यक । अदुवा खेती गर्न जमिन दक्षिण-पूर्वी मोहडा निकै उपयुक्त मानिन्छ ।

## अदुवाका जातहरू

नेपालमा सिफारिस गरिएका अदुवाका जातहरू कपुरकोट-१ र कपुरकोट-२ हुन् ।

- ☐ कपुरकोट-१ : पाक्ने: २२५-२४० दिन, उत्पादन: २२-३८ मे.टन/हे, सिफारिस क्षेत्र: १६०० मिटर उचाइसम्मको भित्री तराई, मध्ये पहाड, बेंसी ।
- ☐ कपुरकोट-२ : पाक्ने: २४०-२६० दिन, उत्पादन: ३२.७५मे.टन/हे, सिफारिस क्षेत्र: १६०० मिटर उचाइसम्मको भित्री तराई, मध्ये पहाड, बेंसी ।

नेपालको पूर्वी भेगका किसानहरूले सिक्किम, दार्जलिङतिरका गोरुबथाने, माझ्फौले, भैंसे आदि जातका अदुवाहरू पनि खेती गरेको पाइन्छ ।

## अदुवा रोप्ने समय र बीउ दर

अदुवा खेती वानस्पतिक प्रसारणबाट गरिन्छ । अदुवा रोप्ने समय मुख्यतः लगाउने ठाउँको हावापानीमा भर पर्छ । सामान्यतया जाडोयाम सकिएपछि मात्र अदुवा रोप्नुपर्छ । अदुवाको गानो फागुन अन्तिमदेखि चैत्रसम्म रोप्नु पर्दछ ।

बीउको मात्रा गानोको आकार, मोटाइ, जात तथा

लगाउने तरिकाअनुसार फरक पर्ने गर्दछ। बीउ ठूलो र सानो गरी दुई प्रकारको हुने हुनाले ठूलो गानो हुने पूर्वेली जातको लागि ३०० के.जी. प्रतिरोपनी र सानो गानो हुने पश्चिमेली जातको लागि २०० के.जी. प्रति रोपनी बीउको आवश्यकता पर्दछ।

## बीउ छनौट

बीउ (गानो) छनौटको लागि निम्न कुरामा ध्यान दिनु आवश्यक छ :

- सामान्यतयाः अदुवाको बीउ ५०-६० ग्रामको प्रयोग गर्ने।
- गानो नकाटिएको, नचाउरिएको र बोक्रा नखुइलिएको हुनुपर्ने।
- गानो रोगकीरा मुक्त हुनुपर्ने।
- गानोमा कम्तिमा एक ओटा टुसा पलाएको हुनुपर्ने।
- गानोमा टुसा २ से.मि.भन्दा कम भएको हुनुपर्ने।

## जमिनको तयारी

अदुवा खेतीको लागि माटोलाई २० से. मि. गहिरो गरी दुई पटक खनजोत गरी धूलो बनाउनु पर्दछ। माटोमा आवश्यक मात्रामा कम्पोष्ट मल मिसाई माटोको तयारी गर्नु पर्दछ। ड्याङ् बनाउँदा पानी नजम्ने गरी कुलेसो बनाउनु पर्दछ। ड्याङ २०-३० से. मि. उचाइ भएको हुनुपर्दछ।

## बीउ रोप्ने र छापो राख्ने

अदुवा रोप्दा बोटदेखि बोटसम्म र हारबाट हारसम्मको दूरी ३०X३० से.मि. हुनुपर्दछ। बीउ ७-१० से.मि. गहिरो रोप्नुपर्दछ।

अदुवा खेतीको लागि मल्चिङ वा छापो लगाउनु अत्यन्त आवश्यक छ। सुकेको सोत्तर, हरियो स्याउला, खर, पराल, धानको भुस आदि छापो राख्ने सामग्रीहरू हुन्। छापो दिनाले अन्य झार ननिस्कने, माटोमा चिस्यान कायम रहने, झरीले माटो बग्न नदिने, माटोमा प्राङ्गारिक पदार्थ थप्न, उपयुक्त तापक्रम मिलाउन आदि फाइदा हुन्छ।

## मलखाद व्यवस्थापन

एक के.जी. अदुवा उत्पादनको लागि तपसिलका खाद्यतत्त्वको आवश्यकता पर्दछ :

नाइट्रोजन - ५.३ ग्राम, फोस्फरस - २.४ ग्राम
पोटास - ६.० ग्राम, म्याग्नेसियम - २.० ग्राम
क्याल्सियम - २.४ ग्राम

माथि उल्लिखित तथ्य विश्लेषण गरेरै अदुवा खेतीमा निम्नानुसार मलखादको आवश्यकता पर्दछ :

- प्राङ्गारिक मल/गोठेमल - २४ मे.टन/हे
- नाइट्रोजन - ३० केजी/हे - फोस्फरस - ३० केजी/हे
- पोटास - ६० केजी/हे - जिंक - २० केजी/हे
- तोरीको पिना - २ मे.टन/हे

**सिँचाइ** - अदुवा वर्षाको समयमा रोपिने भएकाले पानीको अभाव खासै हुँदैन। यदि चिस्यानमा कमी आए आवश्यकताअनुसार स्प्रिङ्कलरको सहायताले सिँचाइ गर्न सकिन्छ। अदुवा बारीमा पानी जम्दा बाली बिग्रने हुनाले निकासको उचित बन्दोबस्त गर्नु आवश्यक हुन्छ।

## झारपात हटाउने र उकेरा दिने

अदुवाको बिरुवा हुर्कँदै गएपछि झारको समस्या पनि आउँछ। झारले गर्दा बाली राम्ररी सप्रन नदिने हुँदा समयमै झारपातको व्यवस्थापन गर्नुपर्ने हुन्छ। बाली लिने बेलासम्ममा २-३ पटक झारपात हटाइदिने गर्नुपर्दछ।

झारपात हटाइसकेपछि अदुवामा उकेरा दिनुपर्ने हुन्छ। अदुवाको उत्पादन वृद्धि हुँदै गएपछि यदि अदुवा बाहिर देखिएमा माटोले छोपिदिनुपर्दछ। उकेरा लगाउने बेला गानोमा चोट नपुग्ने गरी गर्नुपर्दछ।

## अन्तरबाली प्रणाली

अदुवाको उत्पादन लिन लामो समय लाग्ने र अन्य बाली पनि सँगै लगाउन मिल्ने भएका कारण अन्तरबाली प्रणाली फाइदाजनक हुन्छ। अदुवासँग मकै, खुर्सानी, रहर, सूर्यमुखी, केरा मध्ये कुनै एक बाली अन्तरबालीको रूपमा लगाउन सकिन्छ।



अदुवा बाली भित्र्याउँदै

## अदुवाको बुनी वा माउ निकाल्ने

अदुवा खेतीमा बीउको लागत ५०-६० प्रतिशतसम्म पर्न जान्छ। यसर्थ, बाली पाक्न अगाडि नै माउ बीउ निकाल्ने गरिन्छ। यसले गर्दा किसानको खर्चमा कटौती मात्र नभई बजार भाउ पाउने समयमा किसानको आम्दानी पनि वृद्धि हुन्छ। माउ बीउ हटाइसकेपछि पुनः माटोले छोपी छापो हालिदिनुपर्दछ। बीउ रोपेको ९० प्रतिशतसम्म माउ बीउ निकाल्न सकिन्छ।

## रोग कीरा व्यवस्थापन

अदुवा खेतीमा गानो कुहिने रोग, पातमा लाग्ने टिका रोग, भण्डारणमा कुहिने रोग, राइजोम फ्लाई, गवारो, खुम्रे र पातबेरुवा कीरा महत्त्वपूर्ण रोगकीरा हुन्। यी समस्याको समाधान निम्नानुसार गर्न सकिन्छ :

- रोग प्रतिरोधात्मक जातको पहिचान गरी बाली लगाउनु पर्दछ।
- अदुवाको बीउ गानो रोप्नु अगाडि डाइथेन एम-४५ ०.२५ प्रतिशत र वेभिस्टिन ०.१ प्रतिशतले बीउ उपचार गर्नुपर्दछ।
- तीन वर्षे बालीचक्र वा घुम्ती बाली नियमित अपनाउने गर्नुपर्दछ।

- अदुवा खेती गरेको जग्गामा खुम्रेकीरा, रातो कमिला आदि कीराले नोक्सान पुऱ्याउने भएकाले जैविक विषादीको प्रयोगबाट कम गर्न सकिन्छ । मालाथियन, कार्बोफुरान, डसवान, फुराडोन मध्ये कुनै एक विषादी एक किलो प्रतिरोपनीका दरले जमिन तयार गर्दा माटोमा मिलाउनुपर्दछ ।
- उचित निकासको व्यवस्था मिलाउनुपर्दछ ।
- अदुवा बाली लिइसकेपछि जरा, सरा, रोगी गानो आदि सबै सङ्कलन गरी नष्ट गर्नुपर्दछ ।
- अदुवामा लाग्ने गवारो नियन्त्रणको लागि रोग र वा डेसिस ०.१ प्रतिशत घोल छर्नुपर्दछ ।
- कार्बान्डाजिम ५० प्रतिशत डब्लु. पी. ले बीउ उपचार गरिनुपर्दछ ।
- ट्राइकोडर्मा भिरीडि जैविक विषादीले बीउ र कम्पोष्ट उपचार गर्न सकिन्छ ।
- वेभिष्टिनले उपचार गरिएको बीउमात्र भण्डारण गर्नुपर्दछ ।
- भण्डारणको लागि स्वस्थ र घाउ नलागेको गानो मात्र छनौट गर्नुपर्दछ ।




प्रशोधन गर्ने उपकरणहरू

## बाली लिने, ग्रेडिङ र भण्डारण

अदुवाको बोट ७५ प्रतिशत ढल्न थालेपछि खन्न तयार हुन्छ । अदुवा खनिसकेपछि जरा, सरा र माटो हटाई एक हप्ताजति सुतिको बोराले छायामा छोपेर राख्नुपर्दछ । काटिएको, बिग्रेको, कीरा लागेको, कुहिएको अदुवा हटाउने र भण्डारण वा बजारीकरणको लागि तयारी गर्नुपर्दछ ।

अदुवा भण्डारणको समयमा सुक्ने, कुहिने, टुसा आउने आदि समस्या निस्कने हुनाले विशेष सावधानी अपनाउनुजरुरी छ । अदुवालाई १२-१४ डि. से. तापक्रम र ६५-७० प्रतिशत सापेक्षित आर्द्रता भएको वातावरणमा ५-६ महिनासम्म पनि भण्डारण गर्न सकिन्छ । खाडल, सेलार, भकारी भण्डारण प्रचलनमा रहेका अदुवा भण्डारण विधि हुन् । सुठो भण्डारणको लागि यसमा चिस्यान १० प्रतिशतभन्दा कम हुनुपर्ने र सुगन्धित तेल १.५ प्रतिशतभन्दा कम हुनुहुँदैन ।

उचित भण्डारण नहुँदा किसानले व्यवसायिक स्तरमा माथि उठ्न सकेको अवस्था छैन । ठूलो मात्रामा अदुवा भण्डारण गर्न सकिने भण्डारण भवनहरू निर्माण गरे किसानहरूलाई उत्पादन गर्न प्रेरणा मिल्छ ।

## बजारीकरण

अदुवाको बिक्री बढाउनको लागि बजारको पहिचान गर्ने र सोहीअनुसार व्यवस्थापनमा ध्यान दिनु आवश्यक छ । फसल लिने बेलामा अदुवा धेरै उपलब्ध हुने भएकाले बजार मूल्य कम हुने समस्या छ । अदुवा उत्पादनको पकेट क्षेत्रहरूमा भण्डारण र चिस्यान केन्द्रहरू सञ्चालनमा ल्याउन सके कुहिने र बजार नपाउने समस्याबाट किसानहरू मुक्त हुनेछन् ।

उत्पादित अदुवालाई प्रशोधन गरी धेरै थरीका वस्तुहरू तयार पार्न सकिन्छ र यसरी अदुवाको मागमा पनि वृद्धि गर्न मद्दत मिल्छ ।

## निष्कर्ष

अदुवा खेतीको लागि नेपालको भूगोल र हावापानी सुहाउँदो भएकाले यसको उत्पादनलाई अझ बढाउनु आवश्यक छ । बाँझो जमिनलाई उपयोगमा ल्याउनु पर्दछ । अदुवाबारे अनुसन्धान गर्ने केन्द्रहरू विस्तार गरी उन्नत जातको बीउ उत्पादन गर्ने र किसानको पहुँचमा पुऱ्याउनु अति महत्त्वपूर्ण छ ।

कृषिको अनुदानलाई कमिशन र भ्रष्टाचारको जालोमा पार्ने पदाधिकारीहरूको छानबिन गरी यस्ता घृणित कार्य रोक्न लगाउनु आवश्यक छ । कागजमा हुने खेती बन्द गर्नुपर्दछ । अदुवा बालीमा लाग्न सक्ने रोग कीरा, मल, सिँचाइ, ढुवानी, भण्डारण, प्रशोधन र अन्य समस्याहरूको समाधान गर्न सरकारका सम्बन्धित निकायहरू सक्रिय हुनु जरुरी छ । अदुवा किसानहरूलाई प्रोत्साहन गर्न सके उत्पादन र उत्पादकत्वमा वृद्धि हुन्छ । यसरी अदुवा र यसको प्रशोधित वस्तु अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन सकेमा नेपालको अर्थतन्त्र बलियो बनाउन टेवा पुग्नेछ ।

## सन्दर्भ स्रोत


- **कृषि डायरी, २०७६** । नेपाल सरकार ।
- प्रा. डा. फणीन्द्रप्रसाद नेउपाने, २०७४ - **बालीबिरुवाका शत्रु र तिनको रोकथाम ।**
- डा. केदार बुढाथोकी, २०६३ - **बजारमुखी अर्गानिक र बेमौसमी तरकारी खेती प्रविधि ।**
- गोविन्द के.सी, जनार्दन गौतम र वशिष्ठ आचार्य, २०६९ । **अदुवा तथा बेसार उत्पादनको उन्नत प्रविधि** । नेपाल कृषि अनुसन्धान परिषद् ।
- https://www.aesacademy.org/**journal/volume4/issue4**/AAES-04-04-08.pdf


चित्र : इन्टरनेटबाट

(khyajusabin@gmail.com)

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासी स्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७८ वैशाख ३० गते, बिहीबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सचिव श्री रामलाल श्रेष्ठ | ऐ |

## निर्णयहरू

### कोभिड युनिट

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रद्वारा ख्वप अस्पताल, कोभिड युनिटको सञ्चालन एवं व्यवस्थापन गर्ने गरी जिम्मा दिने निर्णय गरियो ।

### मेडिकल सामग्री सहयोग

कोभिड-१९ रोगबाट मृत्यु भएका मृतकहरूको शव व्यवस्थापनको लागि श्री नेपाली सेना इन्द्र बक्स गण, भक्तपुरद्वारा माग भएको मेडिकल सामग्रीहरूको सहयोग सम्बन्धमा यस नगरपालिकाबाट रु. १ लाख ५० हजार राशी बराबरको मेडिकल सामग्रीहरू (इन्द्र बक्स गण ) लाई हस्तान्तरण गरी दिने निर्णय गरियो ।

### स्वयंसेवक निर्देशिका

कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि वडा-वडाहरूमा स्वयंसेवक परिचालन सम्बन्धमा तत्कालै एउटा निर्देशिका (Guideline) तर्जुमा गरी पेश गर्न निम्मानुसारको एक कार्यदललाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो :

१. श्री रबिन्द्र ज्याख्व, वडाअध्यक्ष वडा नं. ९- संयोजक
२. श्री उकेश कवां, वडाअध्यक्ष वडा नं. ७- सदस्य
३. श्री महेन्द्र खायमली, वडाअध्यक्ष वडा नं. ८- सदस्य
४. श्री श्यामकृष्ण खत्री, वडाअध्यक्ष वडा नं. १- सदस्य
५. श्री रोशन मैया सुवाल,कार्यपालिका सदस्य - सदस्य

### लगत सङ्कलन

भूमिहीन दलित, भूमिहीन सुकुम्बासीहरूलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने सम्बन्धमा मिति २०७८।१।१४ गते यस नगरपालिका र आयोगबीच हस्ताक्षर भएको समझदारी पत्रको अनुमोदन गर्दै, प्रचलित यस सम्बन्धी कार्यविधि बमोजिम नगर र वडा स्तरीय सहजीकरण समिति गठन गरी लगत सङ्कलनसम्बन्धी कार्य अगाडि बढाउने निर्णय गरियो ।

### सामग्री हस्तान्तरण गर्ने

श्री पद्म मा.वि. बाट 'एक विद्यालय एक नर्स' कार्यक्रमको लागि माग भएको सामग्रीको सम्बन्धमा यस अघि बासु. मा.वि.लाई उपलब्ध गराएको बजेटको सीमाभित्र रही सामग्रीको व्यवस्थापन गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

### प्राधिकरणको कार्यको विरोध

काठमाण्डौ उपत्यका विकास प्राधिकरणको काठमाडौं ईशान (पूर्व-उत्तर) नयाँ नगरको विस्तृत योजना स्वीकृति, आयोजना व्यवस्थापन उप समिति गठन र जग्गा प्राप्त गर्ने सम्बन्धमा काठमाडौं उपत्यका भौतिक विकास समितिको मिति २०७४।१।२४ गतेको निर्णयअनुसार उक्त क्षेत्रमा भौतिक विकास तर्जुमा गर्न कित्ताकाट र भौतिक परिवर्तन गर्न तीन वर्षको लागि रोक्का गरिने सूचना नेपाल समाचार पत्रमा मिति २०७४।१।२९ गते जारी भएको र मिति २०७४।३।५ मा नेपाल राजपत्र प्रकाशित भएकोमा यस नगरपालिका क्षेत्रको वडा नं.

१० को केही जग्गा र वडा नं. २ र ६ मा देको–मिवा–इतापाके जग्गा एकीकरण आयोजनासमेत उक्त योजनामा परेको बारेमा छलफल हुँदा भक्तपुर नगरपालिकासँग कुनै सल्लाह र सहमति नगरी यस नगरपालिकाको भौगोलिक क्षेत्रसमेत समेटेर उक्त नयाँ नगर योजना तर्जुमा गरी उक्त क्षेत्रमा भौतिक विकास तर्जुमा गर्न कित्ताकाट र भौतिक परिवर्तन गर्न तीन वर्षको लागि रोक्का गरिएको विषयमा यस नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको र उक्त निर्णय भक्तपुर नगरपालिकाको कार्य क्षेत्राधिकारमाथि ठाडो हस्तक्षेप भएको ठहर गर्दै प्राधिकरणको उक्त कार्यको विरोध गर्ने निर्णय गरियो ।

## स्वीकृति प्रदान

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ.व. ०७८/०७९ को लागि मिति २०७८।१।२० गतेको स्थानीय निर्देशक समितिको बैठकबाट सिफारिस भै आएका वडागत विवरणलाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

## समितिको निर्णय अनुमोदन

विभिन्न समितिहरूको निर्णय अनुसारको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो –

### निर्माण समिति

**मिति २०७८।०१।१४ र २९ गते**

| क्र. सं. | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | उ.स.अ. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण कार्यका लागि Ramp मा छाना तथा चेनगेट राख्ने कार्य | ९ | स्वास्थ्य सम्बन्धी शीर्षक | ७६३,४१८।०६ | | | | | | | | |
| **रिभाइज ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भाजु पोखरीको केन्द्रमा जलेश्वर मन्दिर पुन:निर्माण कार्य | १ | भाजु पोखरी जलेश्वर महादेव मन्दिर | १०,९३२,५८५।०२ | ९९,७२,२८८।२२ | | | | | | | |
| **पेश्की फछ्र्यौट, पुन:पेश्की तथा भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भाजु पोखरीको केन्द्रमा जलेश्वर मन्दिर पुन:निर्माण कार्य | १ | भाजु पोखरी जलेश्वर महादेव मन्दिर | १०,९३२,५८५।०२ | ९९,७२,२८८।२२ | ३,०००,०००।०० | ३,०७१,६६३।४६ | ७१,६६३।४६ | ४,०५७,९३५।५० | आंशिक सम्पन्न | लक्ष्मी नारायण राजलवट | रू.७८५,२४७।४९ बराबरको सालको काठ भनपाबाट उपलब्ध गराएको । थप दोस्रो पेश्की रू. ३० लाख माग |
| २ | तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना अन्तर्गतको तुमचो स्थित दुगुरे क्षेत्र संरक्षण निर्माण कार्य | ९ | तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना | ८,७७०,५५३।३९ | | २,५००,०००।०० | २,८०६,२०६।८४ | ३०६,२०६।८४ | ५,०८२,९३०।६४ | आंशिक सम्पन्न | नित्यनाथ श्रेष्ठ | थप पेश्की रू. २५ लाख प्रदान |
| ३ | बांसी तं देखि लालाछेंसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ६ | सडक बोर्ड नेपाल | १,०२३,९०५।६९ | | ३३०,०००।०० | ९५८,५९२।०० | ६२८,५९२।०० | १,१६८,४००।७६ | सम्पन्न | लक्ष्मी नारायण कुसाथा | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | मचो भैरव लोहलादेखि मेतंसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ८ | सडक बोर्ड नेपाल | १,०५७,६५५।७३ | | ३४५,०००।०० | ९२२,१८५।०० | ५७७,१८५।०० | १,१४२,३९९।९२ | सम्पन्न | सिताराम बोहजू | |
| ५ | गणेश मा.वि. सभा हल निर्माण कार्य | १ | बाग्मती प्रदेश सांसद कोष | १,१५२,२९९।४३ | | ३५०,०००।०० | ४२१,१४९।३० | ७१,१४९।३० | ४३७,२०६।०७ | आंशिक सम्पन्न | बुद्धिभक्त सिन्ताकल | |
| **उपभोक्ता समिति गठन सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | बाल विकास स्कूलको उत्तरतर्फको खुला क्षेत्रमा ढुङ्गा छपाइ र उद्यान निर्माण कार्य | ८ | बाग्मती प्रदेश सांसद कोषमा २० लाख विनियोजित | २,०२७,८८८।२४ | | उ.स.अ. : कृष्णप्रसाद गोसाई<br>अ.स.स. : विश्वराम पक्कानेवार | | | | | | |
| **सिलबन्दी दररेट स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | यस भक्तपुर नगरपालिकाको आ.व. २०७७/७८ को खानेपानी शीर्षक बजेटबाट व्यहोर्ने गरी नगरवासीहरूलाई खानेपानी वितरण गर्ने कार्यका लागि म्यादभित्र प्राप्त दुई ओटा सिलबन्दी दररेटमध्ये न्यूनत्तम अङ्क प्रतिट्याङ्कर ७ हजार लिटर खानेपानी रू.१६७५।– (भ्याटबाहेक) र प्रतिट्याङ्कर ५ हजार लिटर खानेपानीको रू.१४७५।– (भ्याटबाहेक) कबोल गर्ने भक्तपुर नेचुरल ड्रिङ्किङ्ग वाटर प्रा.लि. को प्रस्ताव न्यूनत्तम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिएकोले स्वीकृत गर्ने निर्णय गरियो । | | | | | | | | | | | |
| **निर्माण समितिको मिति २०७८/०१/२९ गते** | | | | | | | | | | | | |
| **क्र. सं.** | **योजनाका विवरण** | **वडा नं** | **बजेट** | **ल.ई.रकम** | **रि ल.ई./ कबोल रकम** | **पेश्की** | **खर्च रकम** | **भुक्तानी रकम** | **मूल्याङ्कन रकम** | **योजना को अवस्था** | **उ.स.अ.** | **कैफियत** |
| **रिभाइज ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | प्रभात माविमा शौचालय निर्माण कार्य | ६ | बाग्मती प्रदेश सांसद कोष | २,६०८,७९३।२१ | २,६०५,८८५।२० | | | | | | | |
| २ | आदर्शदेखि जगातीसम्म खानेपानी पाइप बिछ्याउने कार्य | ५, ७ | खानेपानी | ५०९,५३५।९८ | ६३६,०३९।४५ | | | | | | | |
| ३ | फोहोरमैला प्रशोधन केन्द्र निर्माण कार्य | ८ | फोहोरमैला प्रशोधन केन्द्र निर्माण कार्य | ६,७९६,९८४।४८ | ७,४३३,२६४।३० | | | | | | | |
| ४ | भीम आदर्श आधारभूत विद्यालयमा प्लास्टर र भऱ्याङ्ग छोप्ने कार्य | ८ | बाग्मती प्रदेश सांसद कोष | १,१०५,०५८।४९ | १,११५,४०३।४० | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पेश्की फछ्र्यौट, पुन:पेश्की तथा भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | आदर्शदेखि जगातीसम्म खानेपानी पाइप बिछ्याउने कार्य | ५, ७ | खानेपानी | ५०९,५३५।९८ | ६३६,०३९।४५ | १६०,०००।०० | २०४,१५८।०८ | ४४,१५८।०८ | २७१,२५१।५२ | सम्पन्न | नारायण प्रसाद त्वानाबासु | पे.फ. भइसकेको |
| | | | | | | १६०,०००।०० | ३३१,१९३।६० | १७१,१९३।६० | | | | |
| | | | | | | ३२०,०००।०० | ५३५,३५१।६८ | २१५,३५१।६८ | ६३६,०३९।४५ | | | |
| २ | फोहोरमैला प्रशोधन केन्द्र निर्माण कार्य | ८ | फोहोरमैला प्रशोधन केन्द्र निर्माण कार्य | ६,७९६,९८४।४८ | ७,४३३,२६४।३० | २,०००,०००।०० | २,२१९,६५७।०१ | २१९,६५७।०१ | २,७८३,३३९।२८ | आंशिक सम्पन्न | कृष्णलाल किसी | थप पेश्की माग रू. २० लाख |
| ३ | भीम आदर्श आधारभूत विद्यालयमा प्लास्टर र भऱ्याङ्ग छोप्ने कार्य | ८ | वाग्मती प्रदेश सांसद कोष | १,१०५,०५८।४९ | १,११५,४०३।४० | ३५०,०००।०० | ४१४,४१३।९५ | ६४,४१३।९५ | ४५५,९२१।८७ | आंशिक सम्पन्न | विश्वराम दुवाल | |
| ४ | चपाल भैरव द्योंछें पुन:निर्माण कार्य | ३ | चपाल भैरव द्योंछें पुन: निर्माण कार्य | ९,१४६,७३८।६२ | | ३,०००,०००।०० | ४,७५९,४६२।०० | १,७५९,४६२।०० | ६,८७६,६७८।६३ | सम्पन्न | लक्ष्मीभक्त चवाल | |
| | | | | | | १,७४०,०००।०० | १,८५२,९०२।०० | ११२,९०२।०० | | | | |
| | | | | | | १,०००,०००।०० | १,०४१,४६३।७० | ४१,४६३।७० | १,९५०,९०४।५८ | | | |
| **म्याद थप सम्बन्धमा** | | | | | | ५,७४०,०००।०० | ७,६५३,८२७।७० | १,९१३,८२७।७० | ८,८२७,५८३।२१ | | | |
| १ | तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना अन्तर्गतको तुमचो स्थित दुगुरे क्षेत्र संरक्षण निर्माण कार्य | ९ | तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना | ८,७७०,५५३।३९ | | मिति २०७८ असार १५ गतेसम्म म्याद थप | | | | | | |
| २ | चपाल भैरव द्योंछें पुन:निर्माण कार्य | ३ | चपाल भैरव द्योंछें पुन:निर्माण कार्य | ९,१४६,७३८।६२ | | मिति २०७८ जेठ मसान्तसम्म म्याद थप | | | | | | |

**शिक्षा संस्कृति तथा स्वास्थ्यसमिति**

**मिति २०७८।१।९ गते**

निवेदक अर्जुन बुढाथोकी मेलुङ्ग गा.पा. वडा नं. ५ काउले दोलखा बस्नेको छोरा वर्ष २३ को मजदुर रामकुमार बुढाथोकी भ.न.पा. अन्तर्गत सडक बत्ती जडान गर्ने मजदुरी कामको क्रममा २०७७ साल पुष २१ गते मंगलबारको दिन करेन्ट लागेर मृत्यु भएको हुँदा निजलाई **राहत स्वरूप** यस भ.न.पा.बाट नगद रु.४०,०००।- (अक्षेरूपी चालिस हजार) दिने निर्णय गरियो ।

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

क. भक्तपुर न.पा.को बा १ क ९०२५ नं. को वाकोहो लोडर मर्मत गरे वापतको रु.३०,५००।-, बा १ क ३५५९ ट्रिपर मर्मत गरे वापत रु.१०,८००।- र बा १ ग २९४१ मर्मत गरे वापतको रु. १९,५००।- गरी जम्मा रु.६०,८००।- तुल्सी अटो वर्कशपको नाउँमा **भुक्तानी दिने** निर्णय गरियो ।

ख. भक्तपुर न.पा.को बा ५ च २५२८ नं को गाडी मर्मत गरे वापत रु.३०,३१२।-, बा २ च ६०४९ नं.को गाडी मर्मत गरे वापत रु.२५,१४२।-, सफाइ गाडी बा १ भ ८७५१ मर्मत गरे वापत रु.२७,२६१।-, बा १ भ ८७५० मर्मत गरे वापत रु.१९,१५३।- र बा ३ च ८७६ मर्मत गरे वापत रु.१७,४५८।- गरी जम्मा रु.१,१९,३२६।- अजिमा अटो वर्कशपको नाउँमा **भुक्तानी दिने** निर्णय गरियो ।

ग. न.पा.को सफाइ ट्राइसाइकलहरू १ स १६७५ मर्मत गरे वापत रु.६०००।-, १ स १६७४ मर्मत गरे वापत रु.१३,८००।-, १ स १६७२ को मर्मतको रु. २०५०।-, १ स १६७८ मर्मतको रु.१०,७२५।-, १ स १६७९ को रु.१७,३००।- गरी जम्मा रु.४९,८७५।- **भुक्तानी दिने** निर्णय गरियो ।

घ. न.पा.को मोटर साइकल वा ३४ प ८८२४ नं. को मर्मत गरे वापत रु.५,२००।- कृष्णगोविन्द सुवाललाई **भुक्तानी दिने** निर्णय गरियो ।

ङ. यस न.पा.को ना २ च ९७९ तीन पाङ्गे ट्राइसाइकल मर्मत गरे वापत रु.१,३९५।- भक्तपुर इलेक्ट्रिकल ट्रेनिङ्ग एण्ड वर्कशपको नाउँमा **भुक्तानी दिने** निर्णय गरियो ।

च. यस न.पा.को गाडी नं. २५२८ मर्मत गरे वापत रु.२,५५९।- मनोज कुमार छुकांको नाउँमा **भुक्तानी दिने** निर्णय गरियो ।

छ. यस न.पा.को सफाइ गाडी वा १ भ ८७५१ नम्बरको मर्मत गरे वापत रु.२,२००।-र सफाइ गाडी बा ३ च ८७३ मर्मतको रु. २,२००।- गरी जम्मा रु.४,४००।- वास नेशनल साउण्ड सिस्टमको नाउँमा **भुक्तानी दिने** निर्णय गरियो ।

ज. यस न.पा.को बा १ ग २२६४ नं. सफाइ गाडी मर्मत गरे वापत रु.५४,७१३।- र बा १ क ४५५४ जेट मेशिन मर्मत गरे वापत रु.३१,१३१।-, बा १ ग २२६५ को मर्मत गरे वापत रु.३१,०५२।-, बा १ ग २२६४ मर्मत गरे वापत जम्मा रु.१,१६,८९६।- मात्र सिद्धिगणेश मोटर पार्टसको नाउँमा **भुक्तानी दिने** निर्णय गरियो ।

झ. श्री पद्म मा.वि. र श्री वासु मा.वि.मा नियुक्ति भएका एक विद्यालय एक नर्स कार्यक्रमको प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत अत्यावश्यक औषधि रु.१०,०००।-, मसलन्द रु. १०,०००।-, अभिभावक स्वास्थ्य परीक्षण, स्वास्थ्य प्रवर्दत रु.२८,४००।- गरी जम्मा रु.४८,४००।- क्रमशः पद्म मा.वि. र श्री वासु मा.वि.को नाउँमा **निकासा पठाउने** निर्णय गरियो ।

ञ. यस न.पा.बाट आयोजित अन्तर नगर बुद्धिचाल प्रतियोगितामा खाना, खाजा र हल भाडा गरी रु.३,५८,४९२।- महेश्वरी ब्याङ्क्वेटको नाउँमा **भुक्तानी दिने** निर्णय गरियो ।

ट. यस न.पा.को बा ३४ प ८८२२ नं. को मोटरसाइकल मर्मत गरे वापत रु.९,३००।- गौत्तम प्रसाद लासिवालाई **भुक्तानी दिने** निर्णय गरियो ।

## मिति २०७८ जेठ ३ गते, सोमबार

## निर्णयहरू

**अक्सिजन प्लान्टको व्यवस्था**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रले विगत ४ दशकदेखि विभिन्न स्वास्थ्य सेवा प्रदान गर्दै आएकोमा हाल भक्तपुर नगरपालिकाबाट च्याम्हासिंहमा ओ.पि.डि, इमर्जेन्सी सर्भिस, प्रयोगशाला, एक्सरेलगायतका सेवा भगवती जनस्वास्थ्य केन्द्रबाट ओ.पि.डि सेवा र भ.न.पा सरे, ब्यासीमा शहरी स्वास्थ्य केन्द्रबाट स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ ।

हाल विभिन्न भेरियन्टसहित विश्वभर फैलिएको दोश्रो लहर महामारी कोभिड १९ का कारण विश्वमानव समुदाय आक्रान्त छ । छिमेकी मुलुक भारतबाट शुरुमा सीमा जोडिएका जिल्लाहरूमा देखिएको कोभिड हाल नेपालका लगभग ७७ वटै जिल्लामा फैलिएर महामारीको रूप लिएको छ । अझ मुख्यतया काठमाडौं उपत्यकालगायतका शहरी क्षेत्रमा यो रोग अनियन्त्रित ढङ्गले बढिरहेको छ । नेपाल सरकारले कोभिड १९ रोग रोकथाम र नियन्त्रणाको लागि स्थानीय तहहरूलाई सङ्क्रमितहरूको विवरण तयार गर्ने, सङ्क्रमितहरूलाई घर घरमै आइसोलेट गर्ने, आवश्यक स्वास्थ्य सामग्री उपलब्ध गराउने र स्वास्थ्य परामर्श प्रदान गर्ने तथा आइसोलेशन केन्द्र HDU सञ्चालन गर्ने जिम्मा दिइएको छ । सोही अनुसार भक्तपुर नगरपालिकाले निर्माणाधीन ख्वप अस्पताल अन्तर्गत

भक्तपुर नगरपालिका ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवनमा कोभिड १९ को पहिलो लहरको समय २०७७ वैशाखमा क्वारेन्टाइन र त्यसपछि आइसोलेशन केन्द्र सञ्चालन गरेको थियो। हाल कोभिडको नयाँ भेरियन्टसहितको दोश्रो लहर शुरु भएपछि भक्तपुर नगरपालिकाले उक्त बहुउद्देश्यीय भवनमा २५ शय्याको HDU र ५० शय्याको आइसोलेशन केन्द्र सञ्चालन गरिरहेको छ ।

नयाँ भेरियन्टसहितको कोभिड १९ रोग अनियन्त्रित ढङ्गले तीव्र गतिमा बढिरहेको वर्तमान अवस्थामा सरकारी एवम् निजी अस्पतालहरू सबै सङ्क्रमितहरूबाट भरिसकेको र स्थानीय तहहरूले सञ्चालन गरिराखेको आइसोलेशन र HDU केन्द्रहरूले पनि धान्न नसक्ने अवस्था छ। त्यस्तै, घर घरमै आइसोलेट भएर बसेका सङ्क्रमित बिरामीहरूको सङ्ख्या पनि अनियन्त्रित ढङ्गले बढिरहेको छ। अझ यसमा अहिले देखिएका बिरामीहरूमा श्वास प्रश्वाससम्बन्धी समस्या देखिएका बिरामीहरू तीव्र दरमा बढ्नाले अस्पताल, आइसोलेशन केन्द्र र HDU केन्द्रहरूले बिरामीहरूलाई पर्याप्त अक्सिजन उपलब्ध गर्न सकिएको छैन। यस्तो जटिल स्वास्थ्य सङ्कटलाई मनन गर्दै विश्व स्वास्थ्य सङ्गठनले समेत नेपालमा तत्काल कोभिड १९ रोग रोकथाम र नियन्त्रणको लागि खोपलगायत आवश्यक स्वास्थ्य सामग्री उपलब्ध गराउन संयुक्त राष्ट्र सङ्घलाई आव्हान गरेको छ।

कोभिड १९ रोगबाट सङ्क्रमित भई अक्सिजन प्रदान गरी उपचार गर्नुपर्ने बिरामीहरू पर्याप्त मात्रामा अक्सिजनको अभावले दिनानुदिन अस्पताल, आइसोलेशन केन्द्र र HDU केन्द्रहरूमा मृत्यु दर बढिरहेको कहालीलाग्दो अवस्था छ। कोभिड १९ बाट सङ्क्रमित श्वास प्रश्वाससम्बन्धी समस्या देखिएका बिरामीहरूको लागि भनी विदेशमा रहेका नेपालीहरूले समेत आर्थिक सहयोग सङ्कलन गरी अक्सिजन सिलिण्डरहरू नेपाल पठाएको छ। साथै, मित्रराष्ट्र चीनबाट पनि हजारौँको सङ्ख्यामा अक्सिजन सिलिन्डरहरू र अन्य स्वास्थ्य सामग्रीहरू नेपाल आइरहेको छ। यस्तो विषम् एवम् जटिल अवस्थालाई मध्यनजर गर्दै सबै अस्पतालहरूले आफ्नै अक्सिजन प्लान्टहरू व्यवस्था गर्न शुरु गरिसकेको छ भने नेपाल सरकारले समेत अस्पतालहरूलाई आफ्नै अक्सिजन प्लान्ट व्यवस्था गर्न सूचित गरिसकेको छ।

सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद १० को दफा ६६ अनुसार यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिए तापनि विशेष परिस्थिति उत्पन्न भई तत्काल खरिद नगर्दा सार्वजनिक निकायलाई थप हानि नोक्सानी हुने अवस्था आइपरेमा सार्वजनिक निकायले तत्काल खरिद गर्न वा गराउन सक्नेछ भनी उल्लेख भएको र सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद १५ नियम १४५ मा विशेष परिस्थितिमा खरिद गर्न सक्ने व्यवस्थाको उपनियम १ मा ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, सर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयारी गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समायावधिको लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवाप्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नुपर्ने छ भन्ने उल्लेख भए अनुसार यस नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल कोभिड युनिटको आइसोलेशन केन्द्र र HDU केन्द्रका कोभिड सङ्क्रमित बिरामीहरूको उपचारको लागि तत्काल अक्सिजन प्लान्ट राख्न अत्यन्त जरुरी भएको अन्यथा कोभिड १९ सङ्क्रमित बिरामीहरू दिनदिनै अक्सिजनको अभावमा विभिन्न अस्पतालमा रिफर गर्नुपर्ने र अस्पतालहरूमा शय्याको अभावमा बिरामीहरू मृत्यु हुने विवश भएर हेर्नुपर्ने स्वास्थ्य सङ्कट आइपरेको र खरिदका अन्य नियमित विधिहरू अवलम्बन गर्दा ज्यादै विलम्ब भई थप मानवीय क्षति हुने भएको र समयमा प्लान्ट जडान हुने समयको यकिन हुने नदेखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ को उपनियम (२) को अवस्था विद्यमान रहेकोले यस विशेष परिस्थितिलाई मध्यनजर गरी उक्त अक्सिजन प्लान्ट सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ बमोजिम खरिद गर्न सिफारिसको लागि भक्तपुर नगरपालिका कार्यपालिकाको बैठकमा अनुरोध गर्ने भनी ख्वप अस्पताल भवन निर्माण समितिबाट उक्त निर्माण समितिको निर्णय सिफारिससहितको पत्र आजको कार्यपालिका बैठकमा पेश भई छलफल हुँदा अक्सिजनको अभावमा बिरामीहरूको अकालमा मृत्यु हुने विवशताले स्वास्थ्य सङ्कट आइपरेको र खरिदका अन्य नियमित विधिहरू अवलम्बन गर्दा ज्यादै विलम्ब भै थप मानवीय क्षति भइरहने भएको र समयमा अक्सिजन प्लान्ट जडान हुने समयको यकिन सुनिश्चितता हुने नदेखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ को उप नियम २ को अवस्था विद्यमान कायम रहेबाट यस विशेष परिस्थितिलाई सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम यस नगरपालिकाबाट उक्त आयोजनालाई चालु आ.व. २०७७।०७८ को विनियोजित नियमित बजेटबाट खर्च व्यहोर्ने गरी लागत अनुमान र स्पेसिफिकेशनको आधारमा अक्सिजन प्लान्ट खरिद गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

## अक्सिजन प्लान्ट सम्बन्धी समिति गठन

निर्णय नं.१ बमोजिम अक्सिजन प्लान्ट खरिद गर्न आपूर्तिकर्ता एवं सेवाप्रदायक कम्पनीसँग वार्ता गरी आवश्यक प्रक्रिया पुऱ्याई उक्त अक्सिजन प्लान्ट खरिद गर्न प्रक्रिया अगाडि बढाउन यस नगरपालिकाको निर्माण समितिका संयोजक श्री उकेश कवांको संयोजकत्वमा निम्न अनुसारको ७ सदस्यीय

वार्ता समिति गठन गरी जिम्मेवारी दिने निर्णय गरियो–

१) संयोजक : श्री उकेश कवां, वडाअध्यक्ष भ.न.पा. ७

२) सदस्य : श्री महेन्द्र खायमली, वडाअध्यक्ष भ.न.पा. ८

३) सदस्यः डा. रत्नसुन्दर लासिवा, ईन्चार्ज, जनस्वास्थ्य केन्द्र, भक्तपुर

४) सदस्यः श्री सोनु श्रेष्ठ, बायोमेडिकल

५) सदस्यः श्री रामसुन्दर सुजखु, लेखा प्रमुख, भ.न.पा.

६) सदस्यः श्री रोशना न्याईच्याई, जिन्सी प्रमुख, भ.न.पा.

७) सदस्यः श्री विजयराम कोजु, आयोजना प्रमुख, ख्वप अस्पताल भवन निर्माण आयोजना

### जनप्रतिनिधि बहालीको चार वर्ष

यस नगरपालिकामा जनप्रतिनिधिहरू बहाल भएको चार वर्ष पुगेको अवसरमा जनप्रतिनिधिहरूको ४ वर्ष कार्यक्रम जुम मार्फत गर्ने निर्णय गरियो।

## मिति २०७८ जेठ ८ गते, शनिबार

## निर्णयहरू

### अक्सिजन प्लान्ट खरिद गर्ने

१. यस नगरपालिकाको मिति २०७८।२।३ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल कोभिड युनिटको लागि आवश्यक अक्सिजन प्लान्ट खरिद गर्ने प्रक्रिया अगाडि बढाउन यस नगरपालिकाका निर्माण समितिका संयोजक श्री उकेश कवांको संयोजकत्वमा गठित वार्ता समितिलाई जिम्मा दिएकोमा उक्त समितिबाट कोभिड १९ रोगबाट सङ्क्रमितभई अक्सिजन अभावको विशेष परिस्थितिमा ख्वप अस्पतालमा Bio-Medical Equipment अन्तरगत PSA Oxygen Generation Plant Machine खरिदको लागि Moon Rock International Pvt. Ltd., Global Trading, Aarogya Meditech समेत ४ कम्पनीहरूबाट पेश हुन आएको यसैसाथ संलग्न प्रस्तावहरूमध्ये सबैभन्दा कम मूल्य Henan Songnan Commercial & Trading Co. Ltd -yaozhai Road Jinshui China को PSA Oxygen Generation Plant 30 Nm 3/h Model–QTO 93N-30 नेपाल सरकारले तोकिएको स्फेसिफिकेसन बमोजिम रहेको भनी Bio Medical प्राविधिकबाट सिफारिस अनुसार प्लान्टको मूल्य US$ ६१,७३४।– र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंसम्मको हवाई ढुवानी भाडा US$ ३०,२१९।– गरी जम्मा US$ ९१,९५३।– (एक्कानब्बे हजार नौ सय त्रिपन्न) (कर र जडान बाहेक) सारभूत रूपमा प्रभावग्राही भएकोले उक्त प्रस्ताव स्वीकृत गर्न र चिनियाँ उक्त कम्पनीको तर्फबाट अख्तियारी प्राप्त Global Trade International, Bhaktapur का प्रोपाइटर, भक्तपुर जिल्ला चाँगुनारायण न.पा. वडा नं. ४ बस्ने श्री सुदिप खनाल र भक्तपुर नगरपालिकाबीच तपसिलका शर्तहरू उल्लेख गरी खरिद बिक्री तथा आपूर्ति सम्बन्धी सम्झौता गर्न भ.न.पा. मा सिफारिस गर्ने निर्णय गरी उक्त निर्णय सहितपत्र प्राप्त भएकोमा उक्त विषयमा आजको कार्यपालिका बैठकमा पेश भई छलफल हुँदा उपर्युक्त व्यहोरा बमोजिमको अक्सिजन प्लान्ट नेपाल सरकारले जारी गरेको कोभिड–१९ सङ्कट व्यवस्थापन अध्यादेश २०७८ को दफा २६ को उपदफा १, ४ र ७ बमोजिम खरिद गर्ने निर्णय गरियो।

२. निर्णय नं. १ बमोजिम अक्सिजन प्लान्ट खरिद गर्दा निम्न बमोजिम शर्तहरूको व्यवस्था गरी Henan Songnan Commercial & Trading Co. Ltd को तर्फबाट अख्तियारी प्राप्त Global Trade International, Bhaktapur का प्रोप्राइटर, भक्तपुर जिल्ला चाँगुनारायण न.पा. वडा नं. ४ बस्ने श्री सुदिप खनालसँग भक्तपुर नगरपालिकाको तर्फबाट सम्झौता गर्न र यस सम्बन्धी कार्यको सम्पर्क व्यक्ति (Focal Person) का रूपमा यस नगरपालिकाका प्रशासकीय अधिकृत श्री दामोदर सुवाललाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

**मुख्य शर्तहरू**

क. खरिद गर्ने उक्त सामानहरू चीन Henan Songnan Commercial & Trading Co. Ltd को तर्फबाट अख्तियारी प्राप्त Global Trade International, Bhaktapur का प्रोप्राइटर, भक्तपुर जिल्ला चाँगुनारायण न.पा. वडा नं. ४ बस्ने श्री सुदिप खनाल मार्फत प्रस्तावमा उल्लेखित स्पेसिफिकेशन र गुणस्तर अनुसारको सामान आपूर्तिको जिम्मेवारी बहन गर्दै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौंसम्म डेलिभरी गर्ने र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौं आएपछिको सम्पूर्ण खर्च (ढुवानी, जडान खर्च तथा नियमानुसार लाग्ने कर) भक्तपुर नगरपालिकाले व्यहोर्ने।

ख. Henan Songnan Commercial & Trading Co. Ltd लाई प्रस्तावमा उल्लेखित सामानहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंमा डेलिभरी गरेवापत (कर, कमिसन, सटही शुल्क बाहेक) जम्मा US$ ९१,९५३।– नेपाल बैंक लिमिटेड मार्फत भक्तपुर नगरपालिकाबाट कोभिड १९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा २६ को उपदफा ४ बमोजिम विना जमानत अग्रिम पूरै भुक्तानी उपलव्ध गराउने र भुक्तानी भएको मितिले १५ दिनभित्र Henan Songnan Commercial & Trading Co. Ltd को तर्फबाट अख्तियारी प्राप्त Global Trade International, Bhaktapur का प्रोप्राइटर, भक्तपुर जिल्ला चाँगुनारायण न.पा. वडा नं. ४ बस्ने श्री सुदिप खनाले स्पेसिफिकेशन अनुसारको PSA Oxygen Generation Plant Machine त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंसम्म डेलिभरी गर्ने।

# भक्तपुर नपालाई सहयोगको ओइरो, दाताहरूलाई हार्दिक धन्यवाद !

**(जेठ १९ गतेसम्म रु. ४,०५,८७,०८९।-)**

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को दोस्रो लहरले भक्तपुर जिल्लामा पनि जनस्तरमा फैलिरहेको अवस्थामा भक्तपुर नगरपालिकाले २०७८ वैशाख १७ गतेदेखि २५ शय्याको एचडीयुसहित ७५ शय्याको ख्वप अस्पताल (कोभिड युनिट) सञ्चालन गरी सङ्क्रमितहरूलाई निःशुल्क उपचार सेवा प्रदान गरिरहेको छ। हाल देशैभरि अक्सिजनको अभावले गर्दा सङ्क्रमितहरूले अकालमा ज्यान गुमाउन बाध्य भइरहेको अवस्थामा भक्तपुर नपाले कोभिड नियन्त्रण र रोकथाम गर्न तथा सङ्क्रमितहरूको उपचारमा अक्सिजन अभाव हुन नदिन ख्वप अस्पतालमा अक्सिजन प्लान्ट, भेन्टिलेटर, आइसीयुलगायत अन्य स्वास्थ्य उपकरणहरू खरिद गर्ने कार्य अगाडि बढाइरहेको छ। विषम परिस्थितिमा जनतालाई स्तरीय उपचार सेवा प्रदान गर्न आवश्यक स्वास्थ्य उपकरण खरिद कार्यमा जनस्तरबाट स्वेच्छाले आर्थिक, भौतिक, तथा नैतिक सहयोग प्रदान गर्नुहुने सङ्घ संस्था, विद्यालय, कलेज, उद्योगी व्यवसायी तथा शुभचिन्तक महानुभावहरूमा नपाले हार्दिक धन्यवाद ज्ञापन गरेकोछ। ख्वप अस्पताललाई जनताको अस्पतालको रूपमा सञ्चालन गर्न देशविदेशमा रहनु भएका शुभचिन्तकहरूबाट निरन्तर सहयोगको अपेक्षा राखेको छ।

कोभिड-१९ सङ्क्रमणको रोकथाम र नियन्त्रणको लागि यस नगरपालिकामा स्थापित प्रकोप व्यवस्थापनमा मिति २०७८ जेठ ५ गतेदेखि १९ गतेसम्म सहयोग गर्नुहुने विभिन्न व्यक्ति, सहकारी संस्था, विद्यालय, कलेज, एवम् सङ्घ संस्थाहरूको विवरण तपसिलबमोजिम रहेको छ। कारणवश सबै दाताहरूको चित्र नसमेटिएको व्यहोरा अनुरोध छ।

| क्र.सं. | सहयोगी दाताको नाम | ठेगाना | मिति | रकम |
|---|---|---|---|---|
| १. | बोरिस हेस संस्था नेपाल | भनपा-५ | २०७८।२।५ | १०४५५००।०० |
| | **जम्मा (सामानको रकम)** | | | १०,४५,५००।०० |
| २ | श्री सिद्धिगणेश बचत तथा ऋण सहकारी संस्था लि. | भनपा-७ | २०७८।२।९ | १००००००।०० |
| ३ | श्री भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. | भनपा-९ | २०७८।२।९ | १००००००।०० |
| ४ | श्री संगम बचत तथा ऋण सहकारी संस्था लि. | भनपा-५ | २०७८।२।९ | ५०००००।०० |
| ५ | श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. | भनपा-४ | २०७८।२।९ | ४०००००।०० |
| ६ | श्री जिल्ला बचत तथा ऋण सहकारी सङ्घ | भक्तपुर | २०७८।२।९ | १०००००।०० |
| ७ | श्री घनश्याम देउजा | सुनपा-१० | २०७८।२।९ | १०१०६।०० |
| | **जम्मा** | | | ३०,१०,१०६।०० |

| | | | | |
|---|---|---|---|---|
| ८ | श्री चन्द्रबहादुर उलक | भनपा–१० | २०७८।२।१० | १०००००।०० |
| ९ | श्री पुरुषोत्तम प्रजापति | भनपा–९ | २०७८।२।१० | ५०००५।०० |
| १० | श्री ज्ञानप्रसाद न्यौपाने | चाँनपा–३, भौखेल | २०७८।२।१० | २५५५५।०० |
| ११ | श्री न्हुछेराम भेले | भनपा–४ | २०७८।२।१० | ५१०५।०० |
| | **जम्मा** | | | **१,८०,६६५।००** |
| १२ | श्री भक्तपुर श्रमिक बचत तथा ऋण सहकारी संस्था | भनपा–२ | २०७८।२।११ | २०००००।०० |
| १३ | श्री डायमण्ड बचत तथा ऋण सहकारी संस्था लि. | भनपा | २०७८।२।११ | ५००००।०० |
| १४ | श्री हरिगोपाल साँयजु | भनपा–७ | २०७८।२।११ | १००००।०० |
| १५ | श्री केदारनाथ बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–७ | २०७८।२।११ | १११०००।०० |
| १६ | श्री श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–८ | २०७८।२।११ | १७२६५०।०० |
| १७ | श्री एस.बी.एस. इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | भनपा | २०७८।२।११ | ११११११।०० |
| १८ | श्री समय बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–८ | २०७८।२।११ | ११५०००।०० |
| १९ | श्री वागीश्वरी कलेज | भनपा | २०७८।२।११ | ४०००००।०० |
| २० | श्री वागीश्वरी माध्यमिक विद्यालय | भ्नपा | २०७८।२।११ | ६०००००।०० |
| २१ | श्री पाटन रोटरी क्लब र नेपाल हृदय रोग निवारण प्रतिष्ठान | पाटन | २०७८।२।११ | पीपीई ११०, एन ९५ (बीवाईडी) २०, सर्जिकल मास्क ३० बाकस, ग्लोभ्स १० बाकस, पल्स अक्सिमिटर २, थर्मल गन २, ड्राइ फ्रुट्स प्याकेट, ५०, एन ९५ (लोकल) ५०) |
| २२ | श्री प्रेमगोपाल कर्माचार्य, वडाध्यक्ष | भनपा–५ | २०७८।२।११ | १०००००।०० |
| २३ | श्री आरम्भ नेपाल | भनपा | २०७८।२।११ | २५०००।०० |
| २४ | श्री निओ फ्युजन स्कूल अफ कम्प्युटर | भनपा–७ | २०७८।२।११ | ५५५५।०० |
| २५ | श्री न्हुः इन्टरप्राइजेज | भनपा–४ | २०७८।२।११ | ११११।०० |
| २६ | श्री कमलविनायक बचत तथा ऋण सहकारी संस्था | भनपा–१० | २०७८।२।११ | १०००००।०० |
| २७ | नेपाल रेडक्रस सोसाईटी भक्तपुर | भक्तपुर | २०७८।२।११ | ५० सेट हेल्थ किट |

| | | | | |
|---|---|---|---|---|
| २८ | श्री दिक्षा (गौरी) हाडा स्मृति प्रतिष्ठापन नेपाल | भनपा–२ | २०७८।२।११ | १०००००।०० |
| | जम्मा (रकम मात्र) | | | २१,०१,४२७।०० |
| २९ | स्व. कृष्ण गोसाई/लक्ष्मी थकु गोसाई | भनपा–७ | २०७८।२।१३ | १२०३३।०० |
| ३० | श्री कविन्द्र शाक्य/सुनिला माक | भनपा | २०७८।२।१३ | ३००००।०० |
| ३१ | श्री सदिच्छा बचत तथा ऋण सहकारी संस्था | भनपा | २०७८।२।१३ | ११११११।०० |
| ३२ | श्री कृष्णप्रसाद ताम्राकार | भनपा–२ | २०७८।२।१३ | १०००००।०० |
| ३३ | श्री दियालो बचत तथा ऋण सहकारी संस्था | भनपा–१ | २०७८।२।१३ | १०००००।०० |
| ३४ | श्री कमलश्वरी सुवाल | भनपा–२ | २०७८।२।१३ | ५०००।०० |
| ३५ | श्री संचित बचत तथा ऋण सहकारी संस्था | भनपा–२ | २०७८।२।१३ | १०००००।०० |
| ३६ | श्री भगीगु ख्वप बचत तथा ऋण सहकारी संस्था | भनपा–७ | २०७८।२।१३ | १०००००।०० |
| ३७ | श्री लोकेश्वर बचत तथा ऋण सहकारी संस्था | भनपा–२ | २०७८।२।१३ | ११११११।०० |
| ३८ | श्री महेश्वरी बचत तथा ऋण सहकारी संस्था | भनपा–७ | २०७८।२।१३ | ११९६५५।०० |
| ३९ | श्री हरिबहादुर कवां | भनपा–७ | २०७८।२।१३ | ५०५०५।०० |
| ४० | श्री सिद्धि गणेश मोटर मार्टस | भनपा | २०७८।२।१३ | १०१००।०० |
| ४१ | श्री सुबिन कवां (हाल अमेरिका) | भनपा–७ | २०७८।२।१३ | २००००।०० |
| ४२ | श्री नाति कवां | भनपा–७ | २०७८।२।१३ | २००००।०० |
| ४३ | श्री विश्वराम कवां | भनपा–७ | २०७८।२।१३ | १०००००।०० |
| ४४ | श्री जय भीमसेन बचत तथा ऋण सहकारी संस्था | भनपा–७ | २०७८।२।१३ | ५००००।०० |
| ४५ | श्री मीनबहादुर ग्वाछा | भनपा–७ | २०७८।२।१३ | ५०००।०० |
| ४६ | श्री विकास बचत तथा ऋण सहकारी संस्था | भनपा–७ | २०७८।२।१३ | २५०००।०० |
| ४७ | श्री २ नं. वडा कृषक समूह | भनपा–२ | २०७८।२।१३ | १००००।०० |
| ४८ | प्रा.डा. श्री सिद्धिवीर कर्माचार्य | भनपा–१० | २०७८।२।१३ | १०४४४४।०० |
| ४९ | श्री आशकुमार कोजु | भनपा–२ | २०७८।२।१३ | १०००००।०० |
| ५० | श्री सत्यनारायण सुवाल | भनपा–२ | २०७८।२।१३ | २५५५५।०० |
| ५१ | श्री बाल विकास स्कूल (शिक्षक र कर्मचारी) | भनपा–९ | २०७८।२।१३ | १०१११११।०० |
| ५२ | श्री आवश्यक कृषि सहकारी संस्था लि. | भनपा–१ | २०७८।२।१३ | ५०००।०० |
| ५३ | श्री तुल्सीकृष्ण बाटी | भनपा–२ | २०७८।२।१३ | ५००००।०० |

| | | | | |
|---|---|---|---|---|
| ५४ | श्री मेथिबारी युवा समूह | भनपा–२ | २०७८।२।१३ | ९५०० ।०० |
| ५५ | श्री सुकुन्दा बचत तथा ऋण सहकारी संस्था | भनपा–७ | २०७८।२।१३ | २००००० ।०० |
| ५६ | श्री बाबुराजा ह्यौम्बा | भनपा–९ | २०७८।२।१३ | ११११९ ।०० |
| ५७ | श्री लोकेश्वर इन्टरप्राइजेज | भनपा | २०७८।२।१३ | ५३३३ ।०० |
| ५८ | चोछेँ छुमा गणेश बचत तथा ऋण सहकारी संस्था | भनपा–६ | २०७८।२।१३ | ११११११ ।०० |
| ५९ | श्री रामबहादुर कसपाल | सुनपा–५ | २०७८।२।१३ | १०००० ।०० |
| ६० | श्री श्री श्री इन्द्रायणी माता निजी गुठी | भनपा–२ | २०७८।२।१३ | ५०००० ।०० |
| ६१ | श्री इको प्यानल नेपाल प्रा.लि. | भनपा | २०७८।२।१३ | १००००० ।०० |
| ६२ | श्री जयसुन्दर हाडा | भपना–२ | २०७८।२।१३ | ५०००० ।०० |
| ६३ | श्री ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ | भनपा–८ | २०७८।२।१३ | २५००००० ।०० |
| ६४ | श्री गणेश समूह | भनपा–७ | २०७८।२।१३ | ५०००० ।०० |
| ६५ | श्री निवृत्त शिक्षक समाज | भनपा | २०७८।२।१३ | १००००० ।०० |
| ६६ | श्री सिद्धिगणेश खेलकुद समिति | भनपा | २०७८।२।१३ | २०००१ ।०० |
| ६७ | श्री तुल्सीमाया सुवाल | भनपा–६ | २०७८।२।१३ | १००००० ।०० |
| ६८ | श्री रामप्रसाद प्रजापति, | भनपा–३ | २०७८।२।१३ | १०५००० ।०० |
| ६९ | श्री नवदुर्गा नास बचत समूह | भनपा–८ | २०७८।२।१३ | ३०३३३ ।०० |
| ७० | श्री श्रद्धा बचत तथा ऋण सहकारी संस्था | भनपा–७ | २०७८।२।१३ | ५०५५५ ।०० |
| ७१ | श्री आधुनिक कृषि सहकारी संस्था लि. | भनपा–४ | २०७८।२।१३ | २५०६० ।०० |
| ७२ | श्री यक्षेश्वर बचत तथा ऋण सहकारी संस्था | भनपा–५ | २०७८।२।१३ | १००००० ।०० |
| ७३ | श्री हरिकृष्ण महर्जन | चन्द्रागिरी | २०७८।२।१३ | ५०००३ ।०० |
| ७४ | श्री ज्ञानमान डंगोल | टोखा | २०७८।२।१३ | १००११ ।०० |
| ७५ | श्री अष्ट महर्जन | चन्द्रागिरी | २०७८।२।१३ | २५००१ ।०० |
| ७६ | श्री अस्मिता महर्जन | चन्द्रागिरी | २०७८।२।१३ | २५००१ ।०० |
| ७७ | श्री बासुदेवप्रसाद जोशी स्मृति प्रतिष्ठान, पुत्री सर्जनी जोशीमार्फत | भक्तपुर | २०७८।२।१३ | ५०००० ।०० |
| ७८ | श्री हाडा (बिजुक्छेँ) दिगु–द्यो जीर्णोद्धार समिति | भक्तपुर | २०७८।२।१३ | १००००० ।०० |
| ७९ | श्री आकृति त्वानाबासु | भक्तपुर–८ | २०७८।२।१३ | ५५५५ ।०० |
| ८० | श्री भक्तपुर लायन्स समन्वय समिति | भक्तपुर | २०७८।२।१३ | ३००००० ।०० |

| | | | | |
|---|---|---|---|---|
| ८१ | श्री पृथ्वीकुमार प्रजापति | भनपा–४ | २०७८।२।१३ | ५०५०५।०० |
| ८२ | श्री कमलाभक्त फाउण्डेशन | भनपा–२ | २०७८।२।१३ | २२२२२२।०० |
| ८३ | श्री कस्मिक बचत तथा ऋण सहकारी संस्था | भनपा–२ | २०७८।२।१३ | २०००००।०० |
| | **जम्मा** | | | **७१,३१,९२७।००** |
| ८४ | श्री साथीभाइ बचत तथा ऋण सहकारी संस्था | भनपा–१ | २०७८।२।१४ | २५०००।०० |
| ८५ | श्री रत्नप्रसाद भुजु | भनपा–१ | २०७८।२।१४ | ५००००।०० |
| ८६ | श्री विजय/सुनिता मुनंकर्मी | भनपा–१० | २०७८।२।१४ | ११११।०० |
| ८७ | श्री कृष्णकुमार राजचल | भनपा–६ | २०७८।२।१४ | ५००००।०० |
| ८८ | श्री ज्ञानकुञ्ज टोल सुधार समिति | भनपा–१ | २०७८।२।१४ | ५३७२५।०० |
| ८९ | श्री ज्ञानकुञ्ज बचत तथा ऋण सहकारी संस्था | भनपा–१ | २०७८।२।१४ | २००००।०० |
| ९० | श्री रत्नलाल कैटी | भनपा–६ | २०७८।२।१४ | ६१०५।०० |
| ९१ | श्री हेरामाया सुवाल | भनपा–२ | २०७८।२।१४ | ५१०१।०० |
| ९२ | श्री कृष्ण ग्वाछा | भनपा–६ | २०७८।२।१४ | २५०००।०० |
| ९३ | श्री नारायणभक्त भेले | भनपा–५ | २०७८।२।१४ | Infrared thermometer and stand 1 set, KN 95 mask 200 piece |
| ९४ | श्री सिद्धि कृषि सहकारी संस्था लि. | भनपा–१० | २०७८।२।१४ | ३२१००।०० |
| ९५ | श्री सुरेश बोयजु | भनपा–१० | २०७८।२।१४ | १५०००।०० |
| ९६ | श्री स्व. जानकीलाल प्रधान (मधुमैया प्रधान–लाकौल) | भनपा–५ | २०७८।२।१४ | २००००।०० |
| ९७ | श्री अभियान बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–९ | २०७८।२।१४ | ५५५५५।०० |
| ९८ | श्री श्रमजीवी बचत तथा ऋण सहकारी संस्था | भनपा–६ | २०७८।२।१४ | ११११११।०० |
| ९९ | श्री बुद्धिबहादुर ज्याख्व | भनपा– ९ | २०७८।२।१४ | ५०५०।०० |
| १०० | श्री चण्डेश्वरी अजिमा बचत तथा ऋण सहकारी | भनपा–५ | २०७८।२।१४ | ११००००।०० |
| १०१ | श्री सहयोग संस्था | भनपा–२ | २०७८।२।१४ | ७०७०७।०० |
| १०२ | श्री प्रेमलाल ध्वोजु | भनपा–२ | २०७८।२।१४ | ५००००।०० |
| १०३ | श्री सयपत्री बचत तथा ऋण सहकारी संस्था | चाँनपा सौडोल | २०७८।२।१४ | ५५५५५।०० |

| | | | | |
|---|---|---|---|---|
| १०४ | श्री राजेश मचामसी | चाँनपा–९ | २०७८।२।१४ | १५१००।०० |
| १०५ | श्री तलेजु बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–३ | २०७८।२।१४ | ३०३००।०० |
| १०६ | श्री जनक देवी राजभण्डारी/युवक राजभण्डारी | भनपा–४ | २०७८।२।१४ | १०१०००।०० |
| १०७ | श्री लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–४ | २०७८।२।१४ | १०१०००।०० |
| १०८ | श्री स्वयम्भुराज किलम्बु, अजिमा अटो वर्कसप | भनपा–१ | २०७८।२।१४ | १५०००।०० |
| १०९ | श्री ब्राइट स्टार ई. स्कूल | भनपा–४ | २०७८।२।१४ | २५०००।०० |
| ११० | श्री पुष्पलाल सुजखु | भनपा | २०७८।२।१४ | १००००।०० |
| १११ | श्री ब्रम्हायणी आधारभूत विद्यालय तथा शिक्षक, विद्यालय कर्मचारी | भनपा–८ | २०७८।२।१४ | ३४०००।०० |
| ११२ | श्री तुल्सीराम ग्वाछा | भनपा–७ | २०७८।२।१४ | १०१०५।०० |
| ११३ | श्री विष्णुनारायण ग्वाछा | भनपा–९ | २०७८।२।१४ | ५५५५५।०० |
| ११४ | श्री नारायणप्रसाद कवां | भनपा–७ | २०७८।२।१४ | ५५५५५।०० |
| ११५ | श्री द लास्ट फ्राइडे | भनपा | २०७८।२।१४ | १५५५५।०० |
| ११६ | श्री चन्द्रकेशरी प्रधानाङ्ग (छोरा रबिन्द्र प्रधानाङ्गमार्फत) | भनपा–६ | २०७८।२।१४ | ५००००।०० |
| ११७ | श्री न्हुछेरत्न खाइतु | भनपा–५ | २०७८।२।१४ | ५०५०५।०० |
| ११८ | श्री ख्वप कलेज/शारदा क्याम्पस (संस्थागत) र श्री ख्वप कलेज/ शारदा क्याम्पस (शिक्षक/ कर्मचारी) | भनपा–६ | २०७८।२।१४ | ६१००००।०० |
| ११९ | श्री ख्वप मावि/शारदा क्याम्पस मावि (संस्थागत) र ख्वप मावि/शारदा क्याम्पस मावि (शिक्षक/कर्मचारी) | भनपा–६ | २०७८।२।१४ | २३९५०००।०० |
| | **जम्मा (रकम मात्र)** | | | ४३,४४,७९५।०० |
| १२० | श्रीमती कमल मल्ल (हाल अमेरिका) | भनपा–३ | २०७८।२।१६ | ५०,०००।– |
| १२१ | श्री लक्ष्मी भक्त राजचल | भनपा–५, | २०७८।२।१६ | १०,०००।– |
| १२२ | श्री प्रकाशमान बज्राचार्य | भनपा–२ | २०७८।२।१६ | १०,०००।– |
| १२३ | श्री पुण्यराम त्वानाबासु | भनपा–५ | २०७८।२।१६ | ११,६००।– |
| १२४ | श्री सप्ततारा बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–४ | २०७८।२।१६ | ५०,०००।– |

| | | | | |
|---|---|---|---|---|
| १२५ | श्री स्काईलाइन आर्किटेक्ट | भनपा | २०७८।२।१६ | ५०,०००।– |
| १२६ | श्री पुष्परत्न हाडा | भनपा–३ | २०७८।२।१६ | ११,१११।– |
| १२७ | श्री रामसुन्दर श्रेष्ठ | भनपा–४ | २०७८।२।१६ | ४४,४४४।– |
| १२८ | श्री बेल बहादुर कायष्ठ, श्री मदन बहादुर कायष्ठ समेत कायष्ठ परिवार | भनपा | २०७८।२।१६ | १,११,१०२।– |
| १२९ | श्री चन्द्रलक्ष्मी राय ख्वाउन्जु, | भनपा–१ | २०७८।२।१६ | ११,१११।– |
| १३० | श्री हरि कृष्ण ख्वाउन्जु | भनपा–१ | २०७८।२।१६ | ११,१११।– |
| १३१ | श्री पृथक बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–४ | २०७८।२।१६ | १,००,०००।– |
| १३२ | श्री चोडा गणेशस्थान विकास संस्था | भनपा–१ | २०७८।२।१६ | ३,३३,३३३।– |
| १३३ | श्री न्हुगु भीगु बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–१० | २०७८।२।१६ | २५,०२५।– |
| १३४ | श्री दयालक्ष्मी थुसा | भनपा–६ | २०७८।२।१६ | १०,००५।– |
| १३५ | श्री निभा युवा क्लब | भनपा–५ | २०७८।२।१६ | १५,०००।– |
| १३६ | श्री भीगु आस्था पुचः | भनपा–७ | २०७८।२।१६ | ५०,०००।– |
| १३७ | श्री सुनिल ग्वाछा समेत ग्वाछा परिवार | भनपा–७, | २०७८।२।१६ | १०,००५।– |
| १३८ | श्री नपुखु बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–२ | २०७८।२।१६ | १,००,०००।– |
| १३९ | श्री दुमलाचा युवा बचत समूह | भनपा–४ | २०७८।२।१६ | २५,५५५।– |
| १४० | श्री नवयुग बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–९ | २०७८।२।१६ | १,०५,५५५।– |
| १४१ | श्री गोविन्द नाथ योगी | भनपा | २०७८।२।१६ | ११,०२०।– |
| १४२ | श्री जेन्यूइन सेकेण्डरी स्कूल | भनपा–६ | २०७८।२।१६ | २,००,०००।– |
| १४३ | श्री सुलोचना साखकर्मी, कमलकेशरी थुयाजु र राजु बाला | भनपा | २०७८।२।१६ | ८,०००।– |
| १४४ | श्री लुपा बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–१० | २०७८।२।१६ | ४०,०००।– |
| १४५ | श्री केशव लघु | भनपा–२ | २०७८।२।१६ | २०,०००।– |
| १४६ | श्री बाबुराजा जोशी | भनपा–४ | २०७८।२।१६ | ११,१११।– |
| १४७ | श्री भक्तपुर फर्मास्युटिकल्स | भनपा–१० | २०७८।२।१६ | १०,०००।– |
| १४८ | श्री जगत कृषि पसल | भनपा–४ | २०७८।२।१६ | ११,१११।– |
| १४९ | श्री भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–२ | २०७८।२।१६ | २,००,०००।– |
| १५० | श्री छोलेश्वर महादेव कृषि सहकारी संस्था लि. | भनपा–६ | २०७८।२।१६ | २५,०००।– |

| | | | | |
|---|---|---|---|---|
| १५१ | श्री दिगो बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–१० | २०७८।२।१६ | ५०,०००।– |
| १५२ | श्री केशव दिवाकर | भनपा–५ | २०७८।२।१६ | १,००,००१।– |
| १५३ | श्री त्रिपुरादेवी बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–५ | २०७८।२।१६ | २५,०००।– |
| १५४ | श्री शुभकामना बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–४ | २०७८।२।१६ | ४,४४,४४४।४४ |
| १५५ | श्री विर भद्रेश्वर बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–७ | २०७८।२।१६ | २०,०००।– |
| १५६ | श्री कृष्णभक्त वाङायो | भनपा–७ | २०७८।२।१६ | ८,०००।– |
| १५७ | श्री गोर्खा इको रेड ब्रिक्स | काभ्रे जिल्ला | २०७८।२।१६ | १,०१,०००।– |
| १५८ | श्री जनसेवा आ.वि. स्कूल तथा शिक्षक कर्मचारी, | भनपा–४ | २०७८।२।१६ | १७,८९३।– |
| १५९ | श्री नागपुखु गेष्ट हाउस | भनपा–१० | २०७८।२।१६ | ५०,०००।– |
| १६० | श्री केदार त्वायनाबासु | भनपा–५ | २०७८।२।१६ | ५१,१११।– |
| १६१ | श्री नारायण प्रसाद कर्माचार्य | सुनपा–८ | २०७८।२।१६ | १००५।– |
| १६२ | श्री ब्यासी ब्याडमिन्टन क्लब | भनपा–२ | २०७८।२।१६ | ५०,०००।– |
| १६३ | श्री ब्यासी युवा समूह र रविन लघु | भनपा–२ | २०७८।२।१६ | १,००,०००।– |
| १६४ | श्री अजयन्द्र कुमार लघु | भनपा–२ | २०७८।२।१६ | १,००,०००।– |
| १६५ | श्री हरिराम बुहयो | भनपा–१० | २०७८।२।१६ | ५०,०००।– |
| १६६ | श्री इन्टरनेशनल ग्रिन डेभलपर्स नेपाल प्रा.लि. (गोर्खा इको प्यानल) | भनपा–८ | २०७८।२।१६ | १,०१,०००।– |
| १६७ | श्री एस. के. मेशिनरी | भनपा–१ | २०७८।२।१६ | ११,१११।– |
| १६८ | श्री पुण्यश्वरी सुजखु | भनपा–४ | २०७८।२।१६ | २०,०००।– |
| १६९ | श्री तारा मावि (शिक्षक, कर्मचारी र विद्यालय) | भनपा–४ | २०७८।२।१६ | ७२,०००।– |
| १७० | श्री शान्ति निकेतन मा.वि. | भनपा–४ | २०७८।२।१६ | १,००,०००।– |
| १७१ | श्री चन्द्र प्रसाद ग्वाछा | भनपा–७ | २०७८।२।१६ | १०,०००।– |
| १७२ | श्री सहलह बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–७ | २०७८।२।१६ | ७५,०००।– |
| १७३ | श्री भक्तपुर एकेडेमी अफ टुरिज्म् एण्ड हस्पिटालिटी म्यानेजमेन्ट | भनपा–१ | २०७८।२।१६ | १५,५५५।– |
| १७४ | श्री सम्यक महादान व्यवस्थापन सहयोग समिति | भनपा–५ | २०७८।२।१६ | १,०१,०००।– |
| १७५ | श्री राम प्रजापति | भनपा–८ | २०७८।२।१६ | ५०,०००। |
| १७६ | श्री हामादेव बचत तथा ऋण | भनपा–८ | २०७८।२।१६ | २०,०००।– |

| | | | | |
|---|---|---|---|---|
| | सहकारी संस्था लि. | | | |
| १७७ | श्री रत्न बेकरी | भनपा–८ | २०७८।२।१६ | ५,०००।– |
| १७८ | श्री लान्तले तन्हाँलिवी महिला समूह | भनपा–८ | २०७८।२।१६ | १६,०००।– |
| १७९ | श्री वागीश्वरी कलेज (शिक्षक कर्मचारी) | भनपा–९ | २०७८।२।१६ | २,०९,८८४।– |
| १८० | श्री वागीश्वरी मा.वि. (शिक्षक कर्मचारी) | भनपा–९ | २०७८।२।१६ | ६,०९,६६५।– |
| १८१ | श्री न्यू सिलाइ सामग्री केन्द्र, | भनपा–७, | २०७८।२।१६ | ५,५५५।– |
| १८२ | श्री न्हुज बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–७ | २०७८।२।१६ | १०,०५०।– |
| १८३ | श्री गणेश प्रसाद पलिखेल | भनपा–७ | २०७८।२।१६ | १०,५५०।– |
| १८४ | श्री नारी कल्याण बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–६ | २०७८।२।१६ | ३०,५००।– |
| १८५ | श्री अमर बहादुर मानन्धर | भनपा–९ | २०७८।२।१६ | ५१,००५।– |
| १८६ | श्री ललितपुर सचेत समूह | ललितपुर | २०७८।२।१६ | ३०,०००।– |
कोभिड महामारी अझ केही वर्षसम्म रहिरहने सम्भावना भएको वैज्ञानिकहरू भनिरहेका छन् । महामारीको तेस्रो लहर आउने सम्भावना पनि छ । साथै म्युकरमाइकोसिस नामको ढुसी फैलिँदैजाने र यसको कारण मृत्युदर बढ्ने सम्भावना पनि छ । भियतनामको कोरोना भाइरसको नयाँ भेरिअन्ट नेपाल आयो भने कसरी सामना गर्ने भन्ने तयारी आजैबाट सुरु गर्नु आवश्यक छ । यसको निम्ति समुदायको सहयोग फेरि पनि आवश्यक छ । विश्व अनुभवमा पनि जहाँ समुदायको 'सचेत हस्तक्षेप' भएको छ, ती देशहरूमा कोभिड महामारी नियन्त्रण सहज भएको छ । चीन, क्युवा, भियतनाम, भारतको केरला केही उदाहरण हुन् ।

टोलटोलमा स्वयंसेवकलाई तालिम तथा सामग्री दिई स्वास्थ्य सेवा विस्तार गर्नु आवश्यक लाग्छ ।

नि:स्वार्थ भावनाले गरिने सेवा नै सबभन्दा ठूलो कुरो हो, आफ्नो नाम प्रचार गर्नको निम्ति होइन । कसैले आफूलाई 'दानवीर' देखाउन सहयोग गरेकोजस्तो पनि लाग्दैन । यहाँ सहयोगीको नाम र सहयोग सार्वजनिक नगर्ने सर्तमा सहयोग गर्ने संस्कृतिको पनि विकास हुँदैगएको छ ।

भक्तपुर नगरपालिकाको आर्थिक पारदर्शिताको संस्कृति देखेर नि:स्वार्थ भावनाले सहयोग गर्ने मानसिकता बढ्दैगएको महसुस गरेका छौँ । सहयोगी समूहको नाताले हामी त्यस्तो भावनाको सम्मान पनि गर्दछौँ ।



नगरपालिका गतिविधि

नगरपालिका गतिविधि

# कोभिड १९ रोकथाम तथा नियन्त्रणमा भक्तपुर नपाको सहयोग आह्वान

## 'कोभिड १९ रोकथाम तथा नियन्त्रणमा सहकारी संस्थाहरूको भूमिका' बारे भर्चुअल अन्तरक्रिया



भक्तपुर नगरपालिकाको आयोजनामा विश्वव्यापी महामारीको रूपमा फैलिरहेको नयाँ भेरियन्टको कोभिड १९ रोकथाम तथा नियन्त्रणको लागि जेठ ५ गते भक्तपुर नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरूका प्रतिनिधिबीच भर्चुअल अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

'कोभिड १९ रोकथाम तथा नियन्त्रणमा सहकारी संस्थाको भूमिका' विषयक भएको कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कोभिडविरुद्धको लडाइँमा सबैको एकीकृत सहकार्यको खाँचो रहेको बताउनुहुँदै सबैको संयुक्त प्रयासले कोरोनालाई परास्त गर्न सकिने बताउनुभयो ।

उहाँले स्वास्थ्य नै अहिलेको प्रमुख प्राथमिकता रहेको हुँदा आफ्नो संस्थाका सदस्यहरूको जीवन रक्षाको निम्ति सहकारीकर्मीहरूले आ–आफ्नो तर्फबाट भूमिका खेल्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपाले कोभिड रोकथाम तथा नियन्त्रणमा गरिरहेको विभिन्न गतिविधिबारे अवगत गराउनुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नपाको आइसोलेसन केन्द्रमा अक्सिजन दिनुपर्ने सङ्क्रमितहरूको सङ्ख्या बढ्न थालेसँगै अक्सिजनको सहज आपूर्तिको लागि भक्तपुर नपाले ख्वप अस्पतालमा आफ्नै अक्सिजन प्लान्ट राख्नेबारे छलफल अगाडि बढाइरहेको र सोको लागि सबैले आ–आफ्नो तर्फबाट आर्थिक तथा भौतिक सहयोगको लागि उहाँले आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो – 'सहकारी संस्था लेनदेनमा मात्र सीमित हुनुहुँदैन, जनतालाई मर्का परेको बेला सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूको निम्ति आवश्यक सहयोग गर्नुपर्छ ।'

उहाँले सदस्यहरूको संरक्षण गर्ने कर्तव्य सहकारी संस्थाको भएको बताउनुहुँदै आ–आफ्नो क्षेत्रबाट आफ्ना सङ्क्रमित सदस्यहरूको निम्ति आइसोलेसन केन्द्र निर्माणको पनि निम्ति आग्रह गर्नुभयो ।

उहाँले सक्षम र क्षमतावान सहकारी संस्थाले आफ्ना सदस्यहरूको निम्ति सार्वजनिक भवन वा पार्टी प्यालेसमा आइसोलेसन केन्द्र सञ्चालन गरी नगरपालिकालाई सहयोग गर्न पनि आग्रह गर्नुभयो ।

भक्तपुर नपाले स्वास्थ्य क्षेत्रमा नगरवासीहरूका लागि उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको बताउनुहुँदै उहाँले सङ्घीय सरकारसँग भेन्टिलेटर, आइसीयु र अक्सिजन प्लान्टको लागि आवश्यक सहयोगको माग गरेको तर अहिलेसम्म सहयोग प्राप्त गर्न नसकेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाबाट सञ्चालित आइसोलेसन केन्द्रको सेवा र अवस्थाबारे जानकारी गराउनुहुँदै भनपा वडा नं. ९ का वडाध्यक्ष एवम् ख्वप अस्पताल कोभिड युनिट व्यवस्थापन समितिका संयोजक रबिन्द्र ज्याख्वले कोभिड १९ को दोस्रो लहर सुरु भएसँगै भक्तपुर नपाले २०७७ वैशाख १७ गतेबाट ख्वप अस्पताल कोभिड युनिट सञ्चालनमा ल्याएको र यो अवधिमा ११६ जना सङ्क्रमितहरूलाई उपचार सेवा दिइसकेकोमा ४०

जना निको भएको र हाल ५२ जना उपचाररत रहेको बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष कृष्णगोविन्द लाखाजुले भक्तपुरमा ६४० ओटा भन्दा बढी सहकारी संस्था रहेको र ३ लाख ४० हजार सदस्यहरू रहेको बताउनुहुँदै नपाले निःस्वार्थ रूपले सञ्चालनमा ल्याएको आइसोलेसन केन्द्र र अक्सिजन प्लान्टको लागि सहकारी संस्थाहरूले आफूले सक्दो सहयोगको लागि आह्वान गर्नुभयो । उहाँले जिल्ला बचत सङ्घको सामुदायिक विकास कोषको रु. १ लाख रकम भक्तपुर नगरपालिकालाई सहयोगस्वरूप प्रदान गर्ने निर्णय गरेको बताउनुभयो ।

कार्यक्रमको सञ्चालन भनपा वडा नं. २ का वडाध्यक्ष एवम् भनपा सहकारी समितिका संयोजक हरिप्रसाद बासुकलाले गर्नुभएको थियो ।

अन्तरक्रिया कार्यक्रममा विभिन्न सहकारी संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूले आ–आफ्नो राय सुझाव राख्नुहुँदै कोभिड नियन्त्रण तथा रोकथाममा भक्तपुर नपाले सञ्चालन गरिरहेको आइसोलेसन केन्द्रमार्फत नगरवासीहरूले आवश्यक स्वास्थ्य उपचार पाइरहनु सकारात्मक रहेको बताउनुभयो ।

साथै यस विषम परिस्थितिमा कोभिड रोकथाम तथा नियन्त्रणमा भक्तपुर नपाको प्रयास निकै सराहनीय भएको बताउनुहुँदै उहाँहरूले भक्तपुर नपाको आइसोलेसन केन्द्र सञ्चालन र अक्सिजन प्लान्ट निर्माणको लागि सहकारी संस्थाहरू नपासँग सहकार्य गर्दै अगाडि बढ्न प्रतिबद्ध रहेको बताउनुभयो ।

# सामुदायिक विद्यालयहरूका संस्थापक र प्रधानाध्यापकहरूसँगको बैठक

भक्तपुर नगरपालिकाको आयोजनामा जेठ १२ गते भक्तपुर नपाभित्र सञ्चालित सामुदायिक विद्यालयका संस्थापक तथा प्रधानाध्यापकहरूसँगको बैठक जुममार्फत सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कोभिड बिरामीको उपचारको लागि ख्वप अस्पतालमा बनाउन लागिएको अक्सिजन प्लान्ट निर्माणमा विभिन्न सहकारी संस्था, सङ्घ संस्था तथा व्यक्तिगत रूपमा आर्थिक र भौतिक सहयोगहरू प्राप्त भइरहेको बताउनुहुँदै शैक्षिक संस्थाहरूको तर्फबाट पनि आवश्यक सहयोगको लागि आह्वान गर्नुभयो ।

भक्तपुर नगरपालिकालाई केन्द्र र प्रदेश सरकारले राजनीतिक पूर्वाग्रहका आधारमा पक्षपातपूर्ण व्यवहार देखाइरहेको समयमा जनताको सहयोगमा बन्न लागेको अक्सिजन प्लान्ट उदाहरणीय कार्य बन्नेमा विश्वास व्यक्त गर्नुभयो । ख्वप अस्पताललाई देशकै नमुना अस्पतालको रूपमा अगाडि बढाउने उद्देश्यका साथ अगाडि बढिरहेको उहाँले बताउनुभयो ।

महामारीको बेला गरेको सहयोग जनताको हितमा केन्द्रित हुने बताउनुहुँदै उहाँले भन्नुभयो, महामारीको बेला जनताको जीवन सुरक्षा गर्ने काम नपाको मात्र नभई शिक्षक, बुद्धिजीवी, व्यापारी र सबै नगरवासीहरूको पनि कर्तव्य भएको बताउनुभयो ।

जनताको साथ पाएकै कारण भक्तपुर नपालाई काम गर्न सजिलो भएको भन्नुहुँदै उहाँले भन्नुभयो भक्तपुर नपा जनताको साझा संस्था हो र यो साझा संस्थालाई अगाडि बढाउन सबैको सहयोगी भावना र सहकार्य आवश्यक छ ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष एवम् नगर शिक्षा समितिका सदस्य उकेश कवांले अक्सिजन अभावका कारण कयौँले अकालमा ज्यान गुमाउनुपरेको यथार्थबारे प्रष्ट पार्नुहुँदै भक्तपुर नपाले छिटो भन्दा छिटो अक्सिजन प्लान्ट निर्माण गर्ने तयारीमा जुटेको जानकारी गराउनुभयो ।

कार्यक्रममा संयुक्त परीक्षा समितिको तर्फबाट आदर्श आजाद माविका प्रअ श्रीकृष्ण किसी, सार्वजनिक विद्यालय सङ्घका तर्फबाट मेधा माविका प्रअ गंगाधर हाडा, आधारभूत तह विद्यालय सङ्घका तर्फबाट दिपक माकले भक्तपुरलाई शैक्षिक गन्तव्यस्थल बनाउने उद्देश्यका साथ आफ्नो क्षेत्रबाट भूमिका खेलिरहेको, नपाको स्वागतयोग्य काममा सहयोग गर्न विद्यालयका शिक्षक कर्मचारीहरू जिम्मेवारीबोधका साथ सहयोग गर्न आह्वान गर्नुभयो । साथै उपस्थित प्रअहरूले नागरिकहरूको हितमा भक्तपुर नपाको काम सराहनीय र औचित्यपूर्ण भएको, जनताको लागि गरिरहेको नपाको कामसँग हातेमालो गर्न तयार रहेको बताउनुभयो ।

कार्यक्रममा वागीश्वरी माविका प्रअ कृष्णप्रसाद धन्छाले वागीश्वरी कलेज र वागीश्वरी माविका शिक्षक कर्मचारीहरूको तर्फबाट अक्सिजन प्लान्ट निर्माणको लागि रु. १६ लाख ५० हजार सहयोगको घोषणा गर्नुभयो भने अन्य विभिन्न विद्यालयका प्रअहरूले पनि ख्वप अस्पतालको लागि आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रममा नगर शिक्षा शाखा भक्तपुरका उपसचिव हरिप्रसाद निरौलाले शैक्षिक सत्र २०७७ को वार्षिक मूल्याङ्कन कार्यढाँचाबारे प्रस्तुतिकरण देखाउनुभएको थियो भने कार्यक्रमको सञ्चालन नगर शिक्षा शाखाका कृष्णप्रसाद कर्माचार्यले गर्नुभएको थियो ।

# उद्योगी व्यवसायीहरूसँगको बैठक

भक्तपुर नगरपालिकाको आयोजनामा जेठ १२ गते भक्तपुर नगरभित्रका उद्योगी व्यवसायीहरूसँगको बैठक जुममार्फत सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कोभिड बिरामीको उपचारको लागि ख्वप अस्पतालमा बनाउन लागिएको अक्सिजन प्लान्ट निर्माणमा विभिन्न सहकारी संस्था, सङ्घ संस्था तथा व्यक्तिगत रूपमा आर्थिक र भौतिक सहयोगहरू प्राप्त भइरहेको बताउनुहुँदै सो कार्यमा उद्योगी व्यवसायीहरूबाट पनि सहयोगको लागि आह्वान गर्नुभयो ।

भक्तपुर नगरपालिकालाई सरकारले आवश्यक सहयोग नगरेको गुनासो पोख्नुहुँदै जनताको सहयोगमा ख्वप अस्पतालमा जडान गर्न लागेको अक्सिजन प्लान्ट स्थानीय तहले कोभिड रोकथाम र नियन्त्रणमा एउटा उदाहरणीय कार्य हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

ख्वप अस्पताललाई देशकै नमुना अस्पतालको रूपमा अगाडि बढाउने उद्देश्यका साथ नगरपालिका अगाडि बढिरहेकोले महामारीको बेला गरेको सहयोग जनताको जीवन सुरक्षा गर्नु नगरपालिकालगायत उद्योगी व्यसायीहरूको समेत कर्तव्य भएको उहाँले बताउनुभयो ।

भक्तपुर नपाले २५ ओटा एचडीयुसहितको ७५ बेडको आइसोलेसनसहितको ख्वप अस्पताल (कोभिड युनिट) सञ्चालन गर्दै सङ्क्रमितहरूको उपचार गरिरहेको बताउनुहुँदै भक्तपुर नपा जनताको साझा संस्था भएकोले यसलाई अगाडि बढाउन सबैको सहयोगी भावना र सहकार्य आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाभित्र कोभिड-१९ रोग सङ्क्रमणको अवस्था र यसको रोकथाम र नियन्त्रणका लागि नगरपालिकाबाट भइरहेको प्रयासको चर्चा गर्नुभएको थियो भने भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष एवम् नगर शिक्षा समिति सदस्य उकेश कवांले अक्सिजन अभावका कारण कयौँले अकालमा ज्यान गुमाउनुपरेको यथार्थबारे प्रष्ट पार्नुहुँदै भक्तपुर नपाले छिटोभन्दा छिटो अक्सिजन प्लान्ट निर्माण गर्ने तयारीमा जुटेको जानकारी गराउनुभएको थियो ।

कार्यक्रममा उद्योगी व्यवसायीहरूको तर्फबाट विश्वराम कवां, जितेन्द्र खायमली, नातिभाई ह्योम्बा, राजेन्द्र प्रजापति, आशराम वैद्य र कृष्णभक्त दुवालले भनपाले कोरोना कहरको समयमा नगरवासीहरूको हितमा गरिरहेको कार्य प्रशंसनीय रहेको उल्लेख गर्नुहुँदै जनताको हितको लागि गरिरहेको नपाको काममा हातेमालो गर्न तयार रहेको बताउनुभयो ।

**शिक्षक कर्मचारीबीच अनलाइन अन्तरक्रिया**

# एउटै मात्र लक्ष्य : जनताको जीवन बचाउनु



ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा जेठ २० गते कोभिड-१९ को वर्तमान अवस्था र भक्तपुर नगरपालिकाबाट भइरहेका गतिविधिहरूबारे कलेजमा कार्यरत शिक्षक तथा कर्मचारीहरूबीच अनलाइन अन्तरक्रिया सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले भक्तपुर नपाले कोभिड-१९ को महामारीलाई जनताको सेवा गर्ने अवसरको रूपमा लिएको बताउनुभयो ।

उहाँले भन्नुभयो– 'सङ्कटबाट डराएर भाग्ने र निराश हुनेहरूले कहिल्यै प्रगति गर्न सक्दैन । हामीले प्रतिकूल अवस्थालाई पनि अनुकुलतामा लानुपर्छ । महामारीको यो समयमा भक्तपुर नगरपालिकाको एउटै मात्र लक्ष्य भनेको जनताको जीवन बचाउनु रहेको छ ।'

दोस्रो भेरियन्टको सङ्क्रमण बढ्न थालेसँगै भक्तपुर नगरपालिकाले ५० शय्याको आइसोलेसन र २५ शय्याको एचडीयू सेवासहित २०७८ वैशाख १७ गतेदेखि ख्वप अस्पताल कोभिड युनिट सञ्चालनमा ल्याएको बताउनुहुँदै उहाँले नेपाल सरकारसँग भेन्टिलेटर, आइसीयू र अक्सिजन प्लान्टको माग पटक पटक गर्दा पनि सरकारबाट कुनै सहयोग नपाएको हुँदा आफैले स्रोत जुटाई अक्सिजन प्लान्ट, भेन्टिलेटर र आइसीयूको व्यवस्थाको

लागि अगाडि बढेको बताउनुभयो ।

'हामीले गरेनौं भने अब कसले गर्छ' भन्ने भावनाले सहकारी संस्थाहरू, शैक्षिक संस्थाहरू, व्यवसायी, विभिन्न सङ्घ संस्थाहरू र महानुभावहरूसँग सहयोगको लागि आग्रह गरेको र नगरपालिकाको आग्रहलाई स्वीकार गर्दै अहिले जनस्तरबाट उल्लेख्य सहयोग प्राप्त भएको उहाँले बताउनुभयो ।

ख्वप अस्पताल जनताको अस्पताल भएको हुँदा जनताको भावना र आस्थाले यसको प्रवर्द्धन र विकास हुने बताउनुहुँदै प्रमुख प्रजापतिले जनता स्वयम्ले यसको संवर्द्धन गर्ने बताउनुभयो ।

कार्यक्रममा कलेज सञ्चालक समितिका उपाध्यक्ष एवं भक्तपुर नगरपालिकाका उपमेयर रजनी जोशीले अक्सिजनलगायत अन्य स्वास्थ्य सुविधाको अभाव भएको, जनताले स्तरीय स्वास्थ्य सुविधा नपाएको अवस्थामा भक्तपुर नगरपालिकाले जनताको साथ र सहयोगमा स्वास्थ्य सेवामा सुधार गर्न सक्ने बताउनुभयो ।

कार्यक्रममा कलेजका प्राचार्यद्वय ई. सुजन माक र ई. सुनिल दुवालले दोस्रो भेरियन्टको बीचमा पनि कलेजमा भइरहेका विविध शैक्षिक गतिविधिमाथि प्रकाश पार्नुभयो ।

कार्यक्रममा कलेजका उपप्राचार्य रविन्द्र फोजू, डा. राजुभाइ त्यात, रिजिना बज्राचार्य, सिद्धिराम सुवाल, सन्जय मानन्धर र राजन जतिले पनि बोल्नुभएको थियो ।

# मातातीर्थ औंसी र देवाली पूजाबारे नगर प्रमुखको सन्देश

**आदरणीय नगरवासी दाजुभाइ तथा दिदी बहिनीहरू,**

विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीबारे धेरै थोरै हामी सबै जानकार छौं । कोरोनाका कारण आज हाम्रो सिङ्गो देश आक्रान्त छ । कोरोनाको सहज उपचार अझै उपलब्ध छैन । भक्तपुर नगरपालिकाभित्र पनि केही दिन यता दैनिक सयौँको सङ्ख्यामा सङ्क्रमितहरू थपिँदै छन् । देशभर दैनिक ८ हजारदेखि १० हजार सङ्क्रमितहरू थपिएको, र ४०।५० जनाको मृत्यु भएका समाचारहरू आइरहेका छन् । भक्तपुर नगरवासी र नगरमा बसोबास गरिरहनुभएका तमाम नागरिकहरूको सुरक्षाको निम्ति हामी जनप्रतिनिधिहरू निरन्तर लागिरहेका छौं । कोरोना सङ्क्रमण हुनबाट जोगिन भक्तपुर नगरपालिकाले दैनिक माइकिङ गर्ने, सूचना प्रकाशित गर्ने, टोल टोलमा क्लोरिन र चुन छर्कने तथा अति आवश्यक काममा घरबाट निस्कन परेमा स्वास्थ्य मापदण्ड कायम गरी मात्रै निस्कन निरन्तर अनुरोध गर्दै आएकोबारे यहाँहरू सबै जानकार नै हुनुहुन्छ ।

अहिले भक्तपुर नगरपालिकाभित्र दिनदिनै कोरोना सङ्क्रमितहरूको सङ्ख्या वृद्धि भइरहेको छ । घरमा एकान्तबास बस्न नमिलेका सङ्क्रमितहरूको लागि नगरपालिकाले ५० शय्याको आइसोलेसन र २५ शय्याको एचडीयु (आइसियुभन्दा कम र साधारणभन्दा उच्च) सञ्चालनमा ल्याएको छ । हाल भक्तपुर नपाबाट सञ्चालित आइसोलेसन केन्द्रमा जम्मा ४७ जनाले स्वास्थ्य लाभ गरिरहनुभएको छ भने आ आफ्नै घरमा एकान्तवास बस्नेको हालसम्मको सङ्ख्या ५०० भन्दा बढिरहेको जानकारी गराउन चाहन्छौं ।

सामान्य उपचार गर्नुपर्ने र अक्सिजन दिनुपर्ने सङ्क्रमितहरूको लागि भनपाले नै आवश्यक चिकित्सक र नर्सहरू राखी व्यवस्थापन गर्दै आएको छ । ख्वप अस्पताल कोभिड युनिट गठन गरी कामलाई अगाडि बढाइएको छ । अत्यन्त जटिल प्रकारका बिरामीहरूका लागि भक्तपुर अस्पताल र अन्य अस्पतालमा पठाई स्वास्थ्य उपचारको व्यवस्था मिलाउँदै आएका छौं । यस कार्यमा जिल्ला प्रशासन कार्यालय, भक्तपुर अस्पताल, भक्तपुर उद्योग वाणिज्य सङ्घ, साना तथा घरेलु उद्योग सङ्घ, सहकारी, रेडक्रस, स्काउटलगायत सम्बन्धित सबै सङ्घ संस्थासित समन्वय गरी काम गरिरहेका छौं ।

**आदरणीय दाजुभाइ तथा दिदी बहिनीहरू,**

आमाको मुख हेर्ने औंसी आउँदै छ । देवालीको दिन नजिकिँदै छ । भक्तपुर नगरपालिकाले कोरोनाको बढ्दो सङ्क्रमणलाई ध्यानमा राखी यो वर्ष घर बाहिर आउने र जाने गर्नु पर्ने आमाको मुख हेर्ने र देवाली जस्ता चाडहरू हाललाई नगर्न सूचना र माइकिङमार्फत आग्रह गरिरहेको छ । यो रोगलाई बेवास्ता गर्नु आफ्नै निम्ति घातक हुनेछ । हालसम्म राम्रो औषधि पत्ता नलागेको र कोरोनाविरुद्धको खोप पनि पर्याप्त मात्रामा उपलब्ध हुन नसकेको अवस्थामा स्वास्थ्य मापदण्ड पालना गरी सुरक्षित हुनु नै एक मात्रै कोरोनाबाट बच्ने उपाय हो ।

कोरोनाको दोस्रो लहर अत्यन्तै घातक सिद्ध भएको छ । अस्पतालहरूमा आवश्यक मात्रामा अक्सिजन उपलब्ध छैन । भेन्टिलेटर र आइसीयुको अभावमा बिरामीहरू बीचबाटोमै मर्न थालेका थुप्रै घटनाहरू सार्वजनिक भएको छ । यसर्थ रोग लागेपछि चिन्तित भएर उपचारको लागि दौडिनुभन्दा रोग लाग्नबाट बच्न आआफैले सुरक्षाका मापदण्ड पालना गरी हिँड्न आग्रह गर्दछौं ।

आमाको मुख हेर्ने औँसी र देवालीलगायत हाम्रो टोलहरूमा हुने कुनै पनि किसिमको जात्रा, पर्व मेला नगरी स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्नुहुन तमाम नगरवासी तथा नगरभित्र बसिरहनुभएका दाजुभाइ दिदीबहिनीहरूमा विनम्रतापूर्वक आग्रह गर्दछौँ । स्वास्थ्य राम्रो भएमात्र जात्रा पर्व मनाउन पाउँछौँ । रोगको सङ्क्रमण कम भएपछि वा अनुकुल समयमा देवाली पूजा गर्ने गरी अहिले कोही कसैले पनि नगर्न अनुरोध गर्दछौँ ।

हाम्रो आग्रहलाई बेवास्ता गरी जथाभावी भोजभतेर गरी मानिसहरू जम्मा भई रोग सङ्क्रमण फैलाउन कसैले सहयोग गरेको पाइएमा प्रशासनको तर्फबाट कानुनबमोजिमको कारबाही हुने पनि यही सन्देशमार्फत जानकारी गराउन चाहन्छौँ ।

अन्त्यमा, रोगबाट निधन भएका सम्पूर्णमा श्रद्धाञ्जलीका साथै परिवारजनमा समवेदना दिन चाहन्छौँ र सङ्क्रमित सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौँ । कोरोनाबाट आफू बचौँ र समाजलाई बचाऔँ ।

धन्यवाद !

*(भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट २०७८ वैशाख २७ गते जारी सन्देश)*

## खोप लगाउने नगरवासीको विवरण



भक्तपुर नगरपालिकाले कोभिड १९ विरुद्धको चिनियाँ खोप भेरोसेलको दोस्रो मात्रा हालसम्म १६ हजार ५२ जनालाई दिइसकेको छ । सबै वडामा अलग्ग जनशक्ति तथा स्वयंसेवकहरु परिचालन गरी जेठ ५ गतेबाट उक्त खोपको दोस्रो मात्रा दिन थालेको र यस क्रममा स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर दिनैभरि खोप लगाउनेहरु आएको जनस्वास्थ्य केन्द्र इन्चार्ज डा. रत्नसुन्दर लासिवाले बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रले भेरोसेलको पहिलो मात्रा गत वैशाख ४ गतेबाट वैशाख १५ गतेसम्म जनस्वास्थ्य केन्द्र च्याम्हासिंह, इवामुरा अस्पताल र सिद्धिस्मृति अस्पतालमा दिएको थियो । पहिलो मात्रा लगाएका सबैलाई अहिले दोस्रो खोप लगाइएको हो ।

'जेठ ५ देखि १७ गतेसम्म सबै वडा कार्यालयको संयोजनमा वडाका निर्धारित स्थानहरुमा खोप लगाइएको थियो', डा. लासिवाले भन्नुभयो, 'जेठ १८ र १९ गते चाहिँ यसअघि भेरोसेलको पहिलो मात्रा लगाई दोस्रो मात्रा लगाउन छुट भएका सबैलाई वडा नं. १० कार्यालय भवन पछाडि नगरपालिकाको बक्सिङ प्रशिक्षण हलमा दिएका छौँ ।'

वडागत रुपमा भेरोसेल खोपको दोस्रो मात्रा लगाएको विवरण :

| वडा नं. | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १) | ६१५ | ७१८ | १३३३ |
| २) | ७७२ | ८४२ | १६१४ |
| ३) | ३९२ | ४५७ | ८४९ |
| ४) | ८५२ | १००० | १८५२ |
| ५) | ६४८ | ७७१ | १४१९ |
| ६) | ६६१ | ७७४ | १४३५ |
| ७) | ७४६ | ८३० | १५७६ |
| ८) | ८९३ | १०१२ | १९०५ |
| ९) | ९७१ | १०४७ | २०१८ |
| १०) | ८५० | १०६७ | १९१७ |
| जेठ १८ गते कमलविनायक | | | |
| | ६६ | ६८ | १३४ |
| **जम्मा** | **७४६६** | **८५८६** | **१६०५२** |

*(स्रोत : भक्तपुर नगरपालिका जनस्वास्थ्य केन्द्र, २०७८ जेठ १८ गते)*

डा. लासिवाले खोपको पहिलो मात्रा लगाएर कोभिड सङ्क्रमण भई स्वास्थ्यलाभ गरिरहेकाहरुलाई एक महिना पूरा नभई दोस्रो मात्रा दिन नहुने प्रष्ट पार्दै उहाँहरुको लागि अलग्ग बन्दोबस्त गरिने जानकारी दिनुभयो । त्यस्तै यसअघि भारतीय खोप कोभिसिल्डको पहिलो मात्रा लगाई दोस्रो मात्रा लगाउन बाँकी महानुभावहरुलाई दोस्रो मात्रा खोपको सूचना नआएकोले केही समय धैर्य गर्न आग्रह पनि गर्नुभयो ।

नगरपालिकाले भेरोसेलको पहिलो मात्रा २१ हजार ७२१ जनालाई र कोभिसिल्डको दोस्रो मात्रा २ हजार ४३९ जनालाई दिइसकेको जनस्वास्थ्य स्रोतले बताएको छ । भक्तपुर नगरवासीसँगै छिमेकी नगरपालिका र छिमेकी जिल्लाका बासिन्दाहरुले समेत भेरोसेलको पहिलो मात्रा खोप लगाएको र उहाँहरुमध्ये अधिकांशले आफ्नो नजिक परेको खोप केन्द्रमा

खोपको दोस्रो मात्रा लिएको डा. लासिवाको भनाइ थियो । खोपको पहिलो मात्रा लिएका सबैले दोस्रो मात्रा अनिवार्य लिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुरमा १८ वर्ष नाघेका अझै पनि धेरैले कोभिड विरुद्धको खोप लगाउन बाँकी नै छ । ६० वर्षदेखि ६५ वर्ष उमेर समूहका कसैले पनि हालसम्म खोप लगाउन पाएका छैनन् । खोप लगाउन नपाएका सबैले नेपाल सरकार स्वास्थ्य मन्त्रालयको वेवसाइट धधधाखबअअष्लभाफयजउानयखालउ मा गई अनलाइन माध्यमबाट फाराम भर्न सार्वजनिक आह्वान गरिएको छ । फाराम भर्नेहरुलाई खोपको पहिलो मात्रा दिने सम्बन्धमा छिटै नै अर्को सूचना प्रकाशित हुने बताइएको छ ।

## अनियमित निर्माण भत्काइयो

कोभिड १९ को सङ्क्रमणको महामारी फैलिरहेको मौका छोपी भक्तपुर नपा वडा नं. ८ जेल्ला (लान्तले) बस्ने सत्यनारायण प्रजापतिले चोक मिचि खुड्किला बनाएकोले जेठ १८ गते नगरपालिकाका कर्मचारीहरूले उक्त खुड्किला भत्काई ढुङ्गा समेत जफत गरेको छ । जीवन मरणको अत्यासलाग्दो समयमा अनियमित गरी निर्माण गर्न लागेकोमा स्थानीयहरू समेत आक्रोशित थिए । कोभिड १९ बाट कसरी बच्ने भने विषम् समयमा यस्तो अनियमित निर्माण गर्नु निन्दनीय भएको समेत स्थानीयले बताए ।



सत्यनारायण प्रजापतिले उक्त स्थानमा रहेको कित्ता नं ५१५ र ५४१ क्षे.फ. ०-१-१-२ भएको पुरानो घर भत्काई नगरपालिकामा पास गरेको नक्साभन्दा अदलबदल गरी चोक मिच्ने गरी खुड्कीला बनाउन लाग्दा अघिल्लो दिन नबनाउन अनुरोध गर्न गएको वडानिरीक्षक रामकृष्ण प्रजापतिले बताउनु भयो । उक्त अनुरोधलाई अटेर गरेकोले मिति २०७८ जेठ १८ गते बिहानै नगरपालिकाका वडा निरीक्षकहरू, ड्राइभर र हेल्परकर्मचारीहरू समेत गई खुड्कीला भत्काई त्यहाँ रहेको ढुङ्गा समेत जफत गरेको वडा नं ८ का निरिक्षक आशराम सुवालले बताउनुभयो ।

## भक्तपुर नपाबाट क्लोरिन तथा चुन छर्की सरसफाइ एवम् सचेतनामूलक कार्यक्रम

भक्तपुर नपाले कोभिड १९ महामारीलाई ध्यानमा राखी नगरका सबै वडामा वडावासीलाई सुरक्षित रहन सचेत पार्ने हेतुले क्लोरिन तथा चुन छर्की सरसफाइ एवम् सचेतनामूलक कार्यक्रम वैशाख २३ गतेदेखि शुरु गरेको छ ।



## भक्तपुर नपाको अनुगमन

### निषेधाज्ञामा व्यासीमा बजार अनुगमन

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा वैशाख २० गते व्यासीका विभिन्न ६ ओटा पसलहरू अनुगमन गरियो ।

कोभिड १९ को महामारी फैलिएको बेला स्वास्थ्य



मापदण्ड अपनाई पसल सञ्चालन भए नभएको र खाद्य सामग्रीहरूको कृत्रिम अभाव देखाई मूल्यवृद्धि र कालोबजारी नहोस् भने हेतुले बजार अनुगमन गरेको संयोजक गोराले बताउनुभयो ।

अनुगमनमा सम्बन्धितलाई पसल नवीकरण गर्न, मूल्य सूचि राख्न, प्याकेजिङ्ग सामानको लागि खाद्यमा अनुज्ञापत्र लिई लेबल राखिमात्र बिक्री वितरण गर्न, तराजु नापतौल विभागमा नवीकरण गर्न, खरिद र बिक्री बिलमात्र प्रयोग गर्न निर्देशन दियो ।

अनुगमनको क्रममा विभिन्न पसलहरूमा म्याद नाघेका सामानहरू फेला परेको र ती सामान जफत गरी नष्ट गरियो । म्याद नाघेका सामानहरूमा स्प्राइट, कोकाकोला, फाण्टा, जुस, बदामको जुस, फेस स्टाइल, फ्रुट ड्रिंक्स, विभिन्न नामका जुस, घ्यू, स्लाइस, मोसरुम, विभिन्न नामका तेल, कर्न चिप, बिस्कुट, सोडा, चिया, कुरकुरे, क्विक्स, चिजबल, चाउचाउ, पपकर्न, मसला, भुजिया, कुकिज आदि थिए । म्याद नाघेका सामान नराख्न र नबेच्न निर्देशन दिँदै केही पसलबाट तराजु जफत गरी नगरपालिकामा सम्पर्क राख्न सूचित गरियो ।

## कमलविनायकमा

समितिले वैशाख २१ गते कमलविनायकमा बजार अनुगमन गऱ्यो ।



अनुगमनमा विभिन्न पसल थोक बिक्रेता भएकोले श्रेणी बढाउन, मूल्य सूचिमा मूल्य लेखी व्यवस्थित गर्न निर्देशन दियो ।

अनुगमनको क्रममा फेला परेका म्याद नाघेका सामानहरू भ्यासेलिन, बासमति चामल, तेल, विभिन्न नामका साबुन, चिकेन मसला, चिल्ली पाउडर, सुजि, पेश्ता जफत गरी नष्ट गरियो भने तिनीहरूलाई नगरपालिकामा तीन दिन भित्र उपस्थित हुन निर्देशन दियो ।

## माताातीर्थ औँसीलाई मध्येनजर गरी मिठाई पसल अनुगमन

कमलविनायक र च्याम्हासिंहका मिठाई पसलहरूमा वैशाख २६ गते अनुगमन गरियो ।

भक्तपुर नपाले नयाँ भेरियन्टसहित फैलिएको नोवेल कोरोना भाइरस सङ्क्रमण रोकथाम र नियन्त्रणको लागि मातातीर्थ औँसी सामान्यरूपमै सम्पन्न गर्न र मिठाई पसलहरू नखोल्न र मिठाईका सामानहरू नबनाउन अनुरोध गरेको थियो । तर निषेधाज्ञामा चिया र मिठाई पसल खोल्न नपाउने भएपनि लुकिचोरी खोलिराखेको पसलहरूमा अनुगमन गरी कारबाही पक्रिया अगाडि बढाएको संयोजक गोराले बताउनुभयो ।

अनुगमनमा प्याकेजिङ्ग सामान खाद्यबाट अनुज्ञापत्र लिई लेबल राखीमात्र बिक्री वितरण गर्न, पसल नवीकरण गर्न निर्देशन दियो ।

अनुगमनको क्रममा भेटिएका ढुसी परेको खुवा, म्याद नाघेको खाद्य कलर (रङ्ग), म्याद नाघेको कलर(रङ्ग) बढी राखी बनाएको लड्डु, कलर बढी भएको निम्की, चाउचाउ जफत गरी नष्ट गरियो भने केही पसलबाट तराजु जफत गरी तीन दिन भित्र कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

## औद्योगिक क्षेत्रको डेरीमा अनुगमन

जेठ १८ गते भक्तपुर औद्योगिक क्षेत्रका डेरी उद्योगहरूको अनुगमन गरियो । डेरीको दूध वितरकहरू कोरोना पोजिटिभ भएकाहरूले वितरण गर्दै हिँड्दा महामारी फैलिएको जनगुनासो आएकोले डेरीमा अनुगमन गरेको संयोजक गोराले बताउनुभयो ।

कामदार र वितरकहरूलाई पिसिआर परीक्षण गराई स्वस्थ व्यक्तिहरूलाई मात्र काममा लगाउन सबै डेरीलाई निर्देशन दिइयो ।

अनुगमनको क्रममा केही डेरीमा दूधमा ल्याक्टो बढाउन मिसाउने दूधको पाउडरमा मुसाको लिडहरू भेटिएको, बरफ बनाउने भाँडोहरू र पानी ट्याङ्कीको पानीमा पनि प्रशस्त मुसाको लिड भेटिएकोले सरसफाइमा ध्यान दिन कडाइकासाथ निर्देशन दियो ।

केही डेरीमा फेला परेको म्याद नाघेको कलर फूड, चोको पाउडर, मुसाको लिड भएको दूधको पाउडर जफत गरी नष्ट गरियो भने दहीमा लेबल नभएकोले लेबल राखेर मात्र

बिक्री वितरण गर्न र नगरपालिकामा दर्ता प्रमाण पत्र, विल विजक नदेखाएकालाई उक्त कागजात लिएर तीन दिन भित्र कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

उपरोक्त अनुगमनमा समितिका सदस्य हरिराम सुवाल, रोशन मैया सुवाल, श्यानिटेशनका व.नि. रामकृष्ण प्रजापति, कर शाखाका न्हुज किज र अर्जुन खाईत्, भक्तपुर उद्योग वाणिज्य सङ्घका विश्वराम दुवाल, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका लक्ष्मीप्रसाद बाटी र प्रेमकृष्ण खर्बुजा, स्वास्थ्य कार्यालय भक्तपुरका दिलबहादुर बस्नेत, सहायक प्रहरी निरीक्षक नजरमान घलान र प्रेमराज महरा सहभागी रहेको थियो ।

## फलफुल पसलमा अनुगमन



कमलविनायकका फलफुल पसलहरुमा जेठ १९ गते अनुगमन गरियो । फलफुलमा मनपरि मूल्य बढाएर महँगोमा फलफुल बिक्री वितरण गरेकोले अनुगमन गरेको संयोजक गोराले बताउनुभयो ।

अनुगमनमा सबैलाई फलफुलमा मूल्य बढाएर महँगोमा बिक्री वितरण नगर्न र स्वास्थ्य मापदण्ड अनुसार पसल सञ्चालन गर्न निर्देशन दिइयो ।

केही पसललाई दर्ता गर्न एक थान तराजु जफत गर्दै निर्देशन दिइयो भने कुनै स्थलगत नै दर्ता गराइयो ।

अनुगमन टोलीले सम्बन्धितलाई मूल्य सूचि राख्न, तराजु नापतौल विभागमा नवीकरण गर्न, सरसफाइमा ध्यान दिन निर्देशन दिनुका साथै सबैजसो पसलबाट गरी करिब ९० किलो बिग्रेका विभिन्न फलफुल जपत गरी नष्ट गरियो ।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।

## ‘भक्तपुर’ मासिकलाई

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस् ।

साथमा सम्बन्धित तस्बिरहरू भए प्राथमिकतासाथ स्थान दिइनेछ ।

लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला ।

**रचना पठाउने ठेगाना:**

- भक्तपुर नगरपालिका कार्यालय भवन
- email-bhaktapurmasik@gmail.com

**बसिबियाँलोको उत्तर**



# विविध समाचार

## जनताको सहयोगमा अक्सिजन प्लान्ट निर्माण

– पूर्णभक्त दुवाल,

सत्तामा रहेका पहुँचवालाले आआफ्नो निर्वाचन क्षेत्रमा कोरोना महामारीका बेला विभिन्न स्वास्थ्य सामग्री र सरकारी बजेट रकमान्तरण गर्दै लगिरहेको बेला भक्तपुरका जनप्रतिनिधिहरू भने स्वास्थ्य बिमाअन्तर्गत पाउनुपर्ने स्वास्थ्य मन्त्रालयसँग लिनुपर्ने ५ करोड ५० लाख रुपैयाँ मात्र निकासा गर्न आग्रह गरिरहेका छन् ।

अरू जनप्रतिनिधि सरकारी कोषको दुरूपयोग गर्दै चुनावी अभियान शैलीमा काम गरिरहँदा भक्तपुरका जनप्रतिनिधि भने नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रमा उपचार गराएका बिरामीहरूको स्वास्थ्य बिमाको रकम निकासा गर्न आग्रह गरिरहेका हुन् ।

'हामीले अरूले जस्तो आफ्नो भोट सुरक्षित गर्न आवश्यक नपरे पनि बाँड्नका लागि बजेट मागेका हैनौं,' एक जनप्रतिनिधिले भने, 'नियमानुसार प्रस्तावित ख्वपः अस्पतालमा सञ्चालित केन्द्रले पाउनुपर्ने रकम मात्र माग गरेका हौं ।'

स्वास्थ्य मन्त्रालयअन्तर्गतको स्वास्थ्य बिमा बोर्डमा वार्षिक ३ हजार ५ सय रुपैयाँ तिरेर बिमा गरेका उपभोक्ताले बिमा कार्डबाट परिवारको १ लाख बिमा हुने गर्दछ । सोबाट



उपचार गराइसकेका बिरामीको उपचारका लागि जनस्वास्थ्य केन्द्रले सरकारको बजेट नआए पनि आफैले खर्च गरेर ५ करोड ५० लाखभन्दा बढीको उपचार दिइसकेको भक्तपुर नगरपालिका–९ का अध्यक्ष रबिन्द्र ज्याख्वले बताए ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य कार्यालय, च्यामासिंहमा कोरोना महामारीबीच पनि १० महिनाको अवधिमा ९६ हजार १ सय ५७ जना बिरामीले औषधि उपचार पाइसकेका छन् । यो कठिन समयमा पनि नगरपालिकाले स्वास्थ्य बिमाअन्तर्गत स्वास्थ्य मन्त्रालयसँग लिनुपर्ने बक्यौता ५ करोड ५० लाख रुपैयाँ नदिएपछि प्रस्तावित ख्वपः अस्पताललाई अक्सिजन प्लान्ट राख्न आर्थिक समस्या भएको थाहा पाएपछि भक्तपुरवासी सहयोग गर्न ओइरो लागेका हुन् ।

स्वास्थ्य बिमाको बक्यौता साढे ५ करोड दिन सरकारको आनाकानी 'साइनबोर्ड मात्रका अस्पताललाई पनि कोरोनाका महामारीका नाममा करोडौं रुपैयाँ दिने तर भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्यको बक्यौतासम्म नदिई यो एमाले सरकारले अत्यन्त पक्षपाती र निर्लज्ज काम गर्दै आएको छ । १५ लाखको हिसाबले ४० ओटा भेन्टिलेटर किन्नुपर्ने पैसा अड्काएर यो निरङ्कुश सरकारले भक्तपुरका जनताको स्वास्थ्यमाथि खेलबाड गरिरहेको छ,' स्थानीय रामसुन्दर बासीले आक्रोशित हुँदै भने ।

कोरोना महामारीसँग लड्नका लागि सरकारी सहयोगबिना नै उदाहरणीय रूपमा निःशुल्क खाना र उपचारसहित स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा आइसोलेसन र एचडीयू युनिट सञ्चालन गरिरहेको ख्वपः अस्पतालले अक्सिजन प्लान्ट खरिदको सम्झौता गरिसकेको छ ।

भक्तपुर नगरका कोरोना पीडितलाई मात्र नभई अन्यत्रका जोकोहीलाई पनि निःशुल्क सेवा दिँदै आएको ख्वपः अस्पताललाई सरकारको मुख नताक्न आग्रह गर्दै स्थानीयवासीले संस्थागत रूपमा र व्यक्तिगत रूपमा सहयोग गर्न थालेको छ ।

*– राजधानी दैनिक, जेठ १२*

## अक्सिजन प्लान्ट निर्माणमा सहयोग गर्नेको ओइरो

भक्तपुरको च्याम्हासिंह ब्रम्हायणीस्थित ख्वप अस्पतालमा कोभिडका बिरामीको उपचारका लागि बनाउन लागिएको अक्सिजन प्लान्ट निर्माणमा सहयोग गर्ने दाताको ओइरो लागेको छ । पहिलो पटक एकै दिन ३० लाख रूपैयाँभन्दा

बढी सहयोग उठेकोमा जेठ ११ गते मङ्गलबार पुनः दर्जनौँ सङ्घसंस्थाले लाखौँ सहयोग गरेका छन् ।

कोभिड–१९ सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल (कोभिड युनिट) मा आइसोलेसन केन्द्र र एचडीयु सञ्चालनका लागि अक्सिजन प्लान्ट व्यवस्था गर्न नगरपालिकामा स्थापित प्रकोप व्यवस्थापन कोषमा मङ्गलबार सहयोग गर्नेमा विभिन्न व्यक्ति र संस्था रहेको नगरपरपालिकाले जनाएको छ ।

सो रकम मङ्गलबार दाताहरूले नगरपालिकाको कार्यालय व्यासी भक्तपुर पुगेर उपप्रमुख रजनी जोशीलाई चेक हस्तान्तरण गरेको जनाएको छ । यसअघि नगरप्रमुख सुनिल प्रजापतिले सहयोगका लागि आह्वान गरेका थिए ।

*– नागरिक दैनिक, जेठ १२*

# अक्सिजन प्लान्ट र भक्तपुर नपालाई सहयोग

कोभिड–१९ को दोस्रो लहरले उचाइ लिएसँगै देशभरका अस्पताल र स्वास्थ्य चौकीहरूमा अक्सिजनको अभाव पनि चुलियो । अघिल्लो लहरभन्दा फरक दोस्रो लहरमा कोभिडका धेरै बिरामीलाई उपचारको लागि अक्सिजनको सख्त आवश्यकता पर्‍यो । धेरै बिरामीलाई एकैचोटि अक्सिजन चाहिने भएपछि अस्पतालहरूको आपूर्ति प्रणाली नै अस्तव्यस्त भयो । अक्सिजनको अपर्याप्तताको कारण कतिपय बिरामीको निधन भयो । चिकित्सकहरू अक्सिजनको पर्याप्त आपूर्ति हुँदो हो त मृतकमध्ये धेरैको ज्यान जोगाउन सकिन्थ्यो भन्दै छन् । नेपाललाई दोस्रो लहरले गाँज्नुअघि भारतमा दोस्रो लहरको दुष्प्रभाव विकराल बनिसकेको थियो । भारतमै पनि अक्सिजनको हाहाकारी भइसकेको थियो । जोगाउन सकिने भएर पनि अक्सिजनको अभावको कारण धेरै मानिसको जीवन गइरहेको थियो । तर, यता समय भएर पनि नेपाल सरकारले महामारी सामनाको लागि ठोस तयारी गरेन । जब अक्सिजनको अभावको कारण मानिसको भकाभक ज्यान जान थाल्यो, तब सरकारी निकायको बल्ल होस खुल्यो । विडम्बना ! त्यत्तिञ्जेल निकै ढिला भइसकेको थियो ।

सरकारकै मात्र भर पर्न नसकिने भएपछि केही स्थानीय तहले जनताको स्वास्थ्य रक्षाको लागि आ–आफ्नो अनुकूलतामा अक्सिजन प्लान्ट निर्माणको थालनी गरे । अधिकांश स्थानीय पालिकाले राज्यको माथिल्लो तहबाट आएको बजेटबाट अक्सिजन प्लान्टको निर्माण कार्य थाले । तर, स्थानीय पालिका सञ्चालनमा धेरै विषयमा उदाहरण बन्दै आएको भक्तपुर नगरपालिकाले अक्सिजन प्लान्ट निर्माणमा पनि भिन्न शैली अपनाएर अर्को उदाहरण प्रस्तुत गर्न खोजिरहेको छ । सधैँ माथि वा विदेशबाट आएको पैसाकै भरमात्र काम गर्ने प्रवृत्तिभन्दा भिन्न भक्तपुर नगरपालिकाले अक्सिजन प्लान्ट निर्माणको लागि आवश्यक पर्ने पैसा जोहो गर्न जनतासमक्ष आह्वान गर्‍यो । जनताको स्वास्थ्यको लागि नगरपालिकाले गरेको आह्वानलाई भक्तपुरका जनताले सहर्ष स्वीकारे । विशेषतः नगरका विभिन्न सहकारी संस्थाहरूले यो अभियानमा होस्टेमा हाइसँ गरे । व्यक्तिगत तहमा पनि नगरवासीहरूले सहायता गरिरहेका छन् ।

केन्द्रीय र प्रदेश सरकारले भक्तपुर नगरपालिकालाई राजनीतिक पूर्वाग्रहका आधारमा गरेको पक्षपातपूर्ण व्यवहारसामु जनताको सहभागितामा बन्न लागेको अक्सिजन प्लान्ट एउटा गतिलो जवाफ पनि बनेको छ । शासक दलले जितेका पालिकाभन्दा धेरै उदाहरणीय काम भएको भक्तपुरमा फेरि पनि शासकका पूर्वाग्रह चिर्दै अर्को उदाहरणीय काम हुन लागेको छ । जनताको सहभागितामा हुन लागेको यो काम 'माथिबाट झर्ला र खाउँला' भन्ने प्रवृत्तिको लागि चुनौती बनेको छ ।

जनताको लागि जनताकै सहमति र सहभागितामा विकास गर्नु नै वास्तवमा लोकतन्त्रको मूल भावना हो । भक्तपुर नपाले आज यही भावनालाई अघि बढाइरहेको देखियो । नगरपालिकाले आह्वान गरेलगत्तै भक्तपुर नगरपालिका, भक्तपुर जिल्ला र देशकै विभिन्न क्षेत्रका जनता र संस्थाले (विदेशबाट) समेत सहायता दिन थालेका छन् । यसले ख्वप अस्पताललाई देशकै उदाहरणीय अस्पताल बनाउने सङ्कल्पले जग बसाल्दै गरेको देखिँदै छ ।

बिहानीले दिनको सङ्केत गर्छ । ख्वप अस्पताल अहिले निर्माणको चरणमा छ । कोभिड–१९ महामारीसँगै अस्पतालअन्तर्गत कोभिड वार्ड सुरु गरेर जनतालाई कदरयोग्य सेवा भइरहेको छ । ख्वप अस्पतालकै हिस्साको रूपमा आकस्मिक रूपमा अक्सिजन प्लान्ट बनाउन गरिएको आह्वानप्रति सहयोगको वर्षाले ख्वप अस्पतालको फराकिलो बन्दै गएको भविष्यतिर सङ्केत गरेको छ । जनताको यो सहायताको वर्षा नगरपालिका, जनप्रतिनिधि, ख्वप अस्पतालप्रतिको विश्वास हो । त्यो विश्वास जिम्मेवारी पनि हो । जनताबीच हुर्केर जनताकै सेवा गर्ने भावनाका साथ अघि बढिरहेको भक्तपुर नपालाई अक्सिजन प्लान्ट स्थापनाको निम्ति आइरहेको सहायता जनताकै जगमा उभिएर पनि धेरै उदाहरणीय काम गर्न सकिने दमदार दृष्टान्त बनेको छ ।

*(मजदुर दैनिक, सम्पादकीय, जेठ १२, २०७८)*

# कोभिड विरुद्धको लडाइँमा भक्तपुरवासीको अतुलनीय सहयोग

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल कोभिड युनिटको लागि आवश्यक अक्सिजन प्लान्ट र स्वास्थ्य उपकरणहरू व्यवस्था गर्न जनसहयोगको क्रम जारी रहेको छ। नगरपालिकाले आह्वान गरेको सहायतालाई स्वीकार्दै सोमबार (जेठ १७ गते) पनि विभिन्न सङ्घसंस्था र दाताहरूबाट आर्थिक सहयोग प्राप्त हुने क्रम जारी रहेको हो।

सोमबार मात्र नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा रु. ७३ लाख ७० हजार २ सय ५४ रुपैयाँ सहयोग प्राप्त भएको नगरपालिकाले जनाएको छ। सोमबार सर्वाधिक रकम ईंटा व्यवसायी सङ्घ भक्तपुरले ५० लाख रुपैयाँ प्रकोप व्यवस्थापन कोषमा प्रदान गरेको छ। सङ्घका अध्यक्ष नातिभाई हेम्बाको नेतृत्वमा रहेको प्रतिनिधि मण्डलले उक्त रकम हस्तान्तरण गरेको हो। सङ्कटको यो घडीमा आफ्नो पेशा व्यवसाय पनि सङ्कटमा रहेतापनि नगरपालिकाको आह्वानलाई स्वीकार गर्दै सामाजिक उत्तरदायित्व बहन गरी सहयोग प्रदान गरिएको अध्यक्ष हेम्बाले बताए।

सहयोग ग्रहण गर्दै नगर प्रमुख सुनिल प्रजापतिले विश्वमहामारीको रुपमा फैलिएको कोरोना भाइरस सङ्क्रमणका कारण प्रभावित भक्तपुरलाई मानवीय क्षती हुनबाट बचाउन नगरपालिकाले गरेका प्रयासहरुबारे प्रष्ट पारे। सङ्घीय सरकारले भक्तपुरलाई सौतेनी व्यवहार गरेपनि जनताको साथ सहयोगले काममा उत्साह मिलेको भन्दै उनले कोभिडलाई परास्त गर्न सकिने बिश्वास व्यक्त गरे। उक्त अवसरमा नगर उपप्रमुख, वडाध्यक्ष, ईंटा व्यवसायी लगायतको उपस्थिति रहेको थियो।

*(कर्पोरेटआवाजडटकम बाट)*

# ख्वपमा अक्सिजन प्लान्ट : खोजेको सहयोग १ करोड २० लाख, उठ्यो ३ करोड २० लाख



– रेणु त्वानाबासु

भक्तपुर नगरपालिकाले ख्वप अस्पताल कोभिड युनिटमा अक्सिजन प्लान्ट राख्न एक करोड २० लाख रुपैयाँ आवश्यक भएको भन्दै सहयोगका लागि नगरवासीसँग अपिल गरेको थियो। तर दुई सातामै प्लान्ट राख्न चाहिनेभन्दा तेब्बर सहयोग प्राप्त भएको छ।

अक्सिजन प्लान्ट जडान गर्न सोमबार (जेठ १७ गते) सम्म तीन करोड २० लाख ८२ हजार रकम उठिसकेको नगरपालिकाले जानकारी दिएको छ। दुई साताअघि नगरप्रमुख सुनिल प्रजापतिले सरकारले सहयोग नगरेको भन्दै सहयोगका लागि नागरिकस्तरमा आह्वान गरेका थिए।

सोमबार अक्सिजन प्लान्टलगायत स्वास्थ्य उपकरणको व्यवस्था गर्न ७३ लाख ७० हजार २ सय ५४ रुपैयाँ आर्थिक सहयोग प्राप्त भएको भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले जानकारी दिइन्।

भक्तपुर नगरपालिका ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले बढी रकम उठेपछि बाँकी रुपैयाँ भेन्टिलेटर, आइसीयू तथा अरू स्वास्थ्य उपकरण खरिद गर्ने बताए। उनले सहयोगका लागि आएको रकम सबै स्वास्थ्य उपचार खरिदमा खर्च गर्ने योजना रहेको बताए। साथै उनले अक्सिजन प्लान्टका लागि चाहिने ट्रान्सफर्मर आइसकेको जानकारी गराए। 'जडान गर्ने काम भइरहेको छ, बाँकी उपकरण आज भोलिसम्म आइपुग्छ,' उनले भने।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा वैशाख १७ गतेदेखि ५० बेडको आइसोलेसन र २५ बेडको एचडीयू सञ्चालन हुँदै आएको छ।

नगरप्रमुख प्रजापतिले नेपाल सरकारसँग भेन्टिलेटर, आइसीयू र अक्सिजन प्लान्टका पटकपटक माग गर्दा पनि सरकारले सहयोग नगरेको बताए। 'सरकारले वास्ता नगरेपछि आफैले स्रोत जुटाई अक्सिजन प्लान्ट, भेन्टिलेटर र आइसीयूको व्यवस्थाका लागि अगाडि बढ्यौँ,' उनले भने।

सहयोगका लागि आव्हान गरेपछि सोचेभन्दा बढी सहयोगी हातहरू भएको उनले बताए। 'ती सबै सहयोगी संस्था र महानुभावहरूलाई भक्तपुर नगरपालिकाका तर्फबाट धन्यवाद दिन्छौँ,' उनले भने।

आगामी दिनमा भक्तपुर नगरपालिकाको कोषमा रकम जम्मा गर्न चाहने व्यक्ति तथा सङ्घसंस्थाहरूले भक्तपुर नगरपालिका, प्रकोप व्यवस्थापन कोषको नेपाल बैंक लिमिटेड, कमलविनायक शाखामा रहेको खाता नं ०१९०३०००००७००२००००३ मा जम्मा गर्न अथवा भक्तपुर नगरपालिकामा उपलब्ध गराउन नगरपालिकाले अनुरोध गरेको छ।

*(आयोमेल, जेठ १७)*

## अक्सिजन प्लान्ट खरिद गर्न भक्तपुर नपाले नगरवासीसँग सहयोग जुटाउँदै

भक्तपुर नगरपालिकाले अक्सिजन प्लान्ट तथा स्वास्थ्य सामग्री खरिदका लागि नगरवासीसँग सहयोग जुटाउन थालेको छ । अस्पतालमा अक्सिजनको चरम अभाव भएको र सरकारले तोकिदिए जत्ति पनि अक्सिजन नपाएपछि भक्तपुरले आफ्नै अक्सिजन प्लान्ट राख्ने योजनाका साथ जनताबीच गएको मेयर सुनिल प्रजापतिले बताए ।

सरकारले ख्वप अस्पताललाई दैनिक ८० सिलिन्डर अक्सिजन दिने भनेपनि नपाएको प्रजापतिले गुनासो गरे । सङ्क्रमितको उपचारको लागि बीमा संस्थानले दिनुपर्ने करिब साढे पाँच करोड रकम समेत नआएको उनको भनाइ छ । जेठ ४ गते नगरपालिकाको भर्चुअल बैठक गरेर जनतामाझ गएको हो । उनले भने 'हामीलाई केन्द्र सरकारले दिनुपर्ने रकम पनि नदिएका कारण हामीसँग दुई विकल्प रह्यो । एक, विकासको रकम कटौती गरेर यता लगाउने, अर्को जनतामाझ जाने ।'

नगरपालिकाको बैठकपछि नगरवासीलाई नै सोधेर उनीहरूको अनुसार अघि बढेको जनाएको छ । 'हामीले जनतालाई सोध्यौं । केन्द्र सरकारबाट पाउनुपर्ने रकम समेत आएको छैन । त्यसैले हामी विकासको काम रोकेर यता खर्च गरौँ कि तपाईँहरू सहयोग गर्नुहुन्छ ?' मेयर प्रजापतिले भने 'जनताले हामी सहयोग गर्छौं । विकासको काम नरोकौं भनेपछि सहयोग जुटाउन थालेका हौँ ।'

नगरपालिकाले जनतालाई अपिल गरेको १२ दिनमा नै तीन करोडभन्दा बढी जनताको सहयोग जुटेको छ । जनताको सहयोगबाट उठेको रकमले जनताकै स्वास्थ्य उपचारका लागि आवश्यक अक्सिजन प्लान्ट राख्ने र स्वास्थ्य सामग्री खरिद गर्ने योजना रहेको मेयर प्रजापतिले बताए ।

*(अनलाइनखबर, जेठ १८)*

## प्रतिनिधिसभा विघटन, दुई चरणमा निर्वाचन

राष्ट्रपति विद्यादेवी भण्डारीले मन्त्रिपरिषद्को सिफारिसमा जेठ ८ गते संसद्को तल्लो सदन प्रतिनिधिसभा विघटन गरी मध्यावधि निर्वाचनको मिति तोकेकी छन् ।

राष्ट्रपति कार्यालयबाट जारी विज्ञप्तिमा भनिएको छः 'नेपालको संविधानको धारा ७६ को उपधारा (७) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७८/२/८ मा निर्णय भई सोही बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूबाट सिफारिस भएकोले उक्त सिफारिस बमोजिम वर्तमान प्रतिनिधि सभा विघटन गरी अर्को प्रतिनिधि सभाको पहिलो चरणको निर्वाचन संवत् २०७८ साल कार्तिक २६ गते शुक्रवार र दोस्रो चरणको निर्वाचन संवत् २०७८ साल मङ्सिर ३ गते शुक्रवार सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्नु भएको छ ।'

प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्को जेठ ७ गते राति बसेको आकस्मिक बैठकले प्रतिनिधि सभा विघटन र निर्वाचन गर्न सिफारिस गरेको थियो ।

मन्त्रिपरिषद्को बैठक राष्ट्रपति भण्डारीले ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा दुवैको प्रधानमन्त्री पदका लागि गरिएको दाबीमा बहुमत पुग्ने आधार नदेखिने भनी खारेज गरेपछि बसेको हो ।

## अध्यादेश बजेट सार्वजनिक

चुनावी ओली सरकारले आर्थिक वर्ष २०७८/७९ का लागि रु. १६ खर्ब ४७ अर्ब ५७ करोडको बजेट जेठ १५ गते घोषणा गरेको छ । चालु आर्थिक वर्षको भन्दा १ खर्ब ७२ अर्ब ९३ करोड रुपैयाँ बढाएर ल्याइएको बजेटको स्रोतमा रु. ५ खर्ब ५९ अर्ब ३० करोड रुपैयाँ अपुग देखिएको छ ।

अर्थमन्त्री विष्णु पौडेलले प्रस्तुत गरेको बजेट भाषणमा कुल विनियोजित रु. १६ खर्ब ४७ अर्ब ५७ करोडमध्ये चालुतर्फ रु. ६ खर्ब ७८ अर्ब ६१ करोड रहेको छ भने पूँजीगततर्फ रु. ३ खर्ब ७४ अर्ब २६ करोड रहेको छ ।

आगामी आर्थिक वर्षका लागि अनुमानित खर्च व्यहोर्ने स्रोत व्यवस्थापनका लागि सरकारले राजस्वबाट १० खर्ब २४ अर्ब ९० करोड र वैदेशिक अनुदानबाट ६३ अर्ब ३७ करोड व्यहोर्ने र त्यसबाट समेत अपुग ५ खर्ब ५९ अर्ब ३० न्यून हुने देखिएको छ । त्यसमा थप ३ खर्ब ९ अर्ब २९ करोड ऋण लिने सरकारले योजना बनाएको छ ।

बजेटमा विगत केही वर्षदेखि विशेषगरि गणतन्त्र स्थापनाकालदेखि उस्तैखाले प्रतिबद्धताबाहेक खासै उल्लेख गर्नैपर्ने नयाँ खाले परियोजना रहेको छैन । विकास बजेटको लागि छुट्याइएको रकममध्ये ५० प्रतिशतभन्दा कममात्र खर्च हुने परम्परा रहेको अवस्थामा परियोजनाको सङ्ख्यामात्र देखाउनु जस्तै भएको छ । ओली सरकारको विशेषताअनुरूप यसपालि पनि दुईवर्षे कार्यक्रम निकै आएका छन् । विगत बजेटमा उल्लेख भएका दुई वर्षमा सम्पन्न गरिने जस्ता परियोजना यस वर्षको बजेटमा पनि दोहोरिएका छन् । भक्तपुरको सूर्यविनायकमा

प्राणी उद्यान स्थापना गर्ने आश्वासन यसपालिको बजेटमा पनि निरन्तरता पाएको छ ।

चुनावी सरकारले अध्यादेशबाट ल्याएको बजेटमा 'विस्तृत अध्ययन गरिने', 'प्रतिवेदन तयार गरिने', 'भूमिकालाई थप प्रभावकारी बनाइने', 'परिमार्जन गरिने' र 'क्रियाशील बनाइने' जस्ता अमूर्त प्रतिबद्धताको चाङ पूर्ववत यसपालिको बजेटमा पनि पाइन्छ ।

सांसद विकास कोष खारेज गरिएको बजेटमा मल कारखाना बनाउन ३ वर्षको भाखा राखेको छ ।

यद्यपि केही उद्योगी व्यवसायीले प्रशंसा गरेका छन् । तर विगतमा झैँ कार्यान्वयनको चुनौती भने अझ चुलिएको अर्थविद् र पर्यवेक्षकहरूले ठहऱ्याएका छन् ।

# प्रहरीबाट अक्सिजन सिलिण्डर हस्तान्तरण

भक्तपुरको महानगरीय प्रहरी परिसरले विभिन्न उद्योग, कारखाना, कवाडी सङकलन केन्द्रबाट अक्सिजन सिलिण्डर जम्मा गरी काठमाडौं उपत्यकाका विभिन्न अस्पतालहरूलाई हस्तान्तरण गरेको छ। खाली ७५ र भरिएका २० सिलिण्डर भक्तपुर अस्पताल, नेपाल कोरिया मैत्री अस्पताल, भक्तपुर इन्टरनेशनल अस्पताल र अल्का अस्पताल (ललितपुर) लाई हस्तान्तरण गरिएको छ ।



कोभिड १९ महामारीको बेला देशैभर अक्सिजन र सिलिण्डरको हाहाकार भएको र अक्सिजनको अभावमा सङ्क्रमितको मृत्युसमेत भएको थियो ।

विभिन्न जिल्लाका प्रहरीले पनि सिलिण्डरको खोजी र सङ्कलन गरी अस्पतालहरूलाई हस्तान्तरण गरिएको समाचार प्रकाशमा आएको छ ।

*चित्र : मजदुर दैनिक*

# नेपालभाषा शिरोमणि रमापतिराज शर्माको निधन

नेपालभाषा साहित्य, कला संस्कृति र परम्परा रक्षाका निम्ति निरन्तर रूपमा लागिरहनु भएका नेपालभाषा शिरोमणि रमापतिराज शर्माको निधन वैशाख १७ गते भयो ।

उहाँको जन्म विसं १९८७ फागुन कृष्ण पञ्चमि, ६ गते भएको थियो ।

उहाँका कविता सङ्ग्रह 'जिगु म्ये', भाषा अन्वेषण सम्बन्धी 'नेपाल भाषाया बँ–नेपालभाषामा नँ', 'नेवाः भायया हलिमलिइ, झीगु संस्कार संस्कृतिया जहाँ', 'नेपाल भाषाया क्रियातय् पुसाग्वः धुकू' र 'नेवार परिचय र पहिचान एवम् संस्कारहरू' (रमापतिराज शर्मा र बेलबहादुर शाक्य) पुस्तक प्रकाशित छन् ।

उहाँले नेपालभाषा साहित्य तःमुंज्यालगायत साहित्य संस्थाको नामाकरण गर्नु भएको थियो ।

नेपालभाषा शिरोमणि रमापतिराज शर्माको निधनमा हाम्रो हार्दिक श्रद्धाञ्जली ।



**रमापतिराज शर्माया चिनाखँ**

**जिगु मे**

चुइके हइगु व सिमाकचा थें
पुइके हइगु व धूया कण थें
तुला वइगु बा चागःचा थें
छ्वयमखु जीवन–गति उगुतालं ।
फयखः थें बा लःखः थें बा

मोटर थें जीवन-रथ न्ह्याके,
गुकिया चालक मानव आत्मा
सहृदय ज्ञानी सारथि हे दु ।
पराधीनतां पंवइ छख्यरं
वयात सिक्क क्यला यन्य प्यख्यरं,
द्रोही वैरी नापं ल्वाल्वां
विजय पताका फर फर ब्वयके ।
भाकल याय् धुन जीवनयात
शान्ति सत्यतां जग स्वंकेत,
तातुना वने उगु मंजिलया
लि च्वना च्वंपिनि लँपु थक्य चायका ।

*(नेपालभाषा अनलाइन)*

# मङ्गलग्रहमा चीनको यान अवतरण

चिनियाँ राष्ट्रिय अन्तरिक्ष प्रशासन (सीएनएसए) ले जेठ १ गते बिहान चीनले पठाएको रोबोट मङ्गलग्रहमा सफलतापूर्वक अवतरण गरेको बताएको छ । राष्ट्रपति सी चिनफिङले चिनियाँ वैज्ञानिकहरूको सफलताको लागि शुभकामना दिनुभएको छ ।

सीएनएसएका प्रमुख झाङ केजियानले चिनियाँ अन्तरिक्ष नियन्त्रण केन्द्रमा आयोजित पत्रकार सम्मेलनमा मङ्गल खोज अभियान पूर्ण सफल भएको घोषणा गर्नुभएको थियो । रोबोट मङ्गलग्रहको सतहमा अवतरण गरेको जानकारी प्राप्त हुनासाथ नियन्त्रण कक्षमा खुसी र उमङ्ग छाएको थियो ।



उहाँले चीनको अन्तरिक्ष खोजका लागि यो एउटा अर्को महत्त्वपूर्ण कोशेढुङ्गा रहेको बताउनुभयो ।

तियानवेन-१ नामको यानमार्फत पठाइएको चुरोङ नामको रोबोट मङ्गलग्रहको दक्षिणी युटोपिया प्लानिटियामा अवतरण गरेको थियो । पेइचिङ समयअनुसार बिहान ७ बजेर १८ मिनेटमा अवतरण गरेको नियन्त्रण कक्षले जनाएको छ ।



सफल अवतरण पछि अन्तरिक्ष नियन्त्रण कक्षमा खुसी र उमङ्ग

मङ्गलग्रहमा अवतरण गरेपश्चात् उक्त रोबोटले बिस्तारै सोलार प्यानल र एन्टेना खोलेको र त्यसपछि सिग्नल पठाउन थालेको थियो । पृथ्वीबाट मङ्गलग्रहबीचको दूरी ३२ करोड किलोमिटर टाढा रहेकोले समय अन्तराल १७ मिनेट रहेको छ ।

तियानवेन-१ गत जुलाई २३, २०२० मा दक्षिणी चीनको हैनानबाट प्रक्षेपण गरिएको थियो । यसमा एउटा अर्बिटर, ल्यान्डर र रोभर (रोबोट) रहेको थियो । ६ पाङ्गा भएको चुरोङ नामको यस रोबोटको तौल २० केजी छ र यसको आयु करिब तीन महिना हुने चिनियाँ वैज्ञानिकहरूले बताएका छन् ।

मङ्गलग्रहमा यसअघि अमेरिकाले एउटा यान यसै वर्ष अवतरण गराएको थियो । विश्वमै चीन मङ्गलग्रहमा यान पठाउने दोस्रो देश भएको छ । यसअघि भारतले गरेको प्रयास अन्तिम समयमा असफल भएको थियो ।

# 'हाइब्रिड धानका पिता' युआन लोङफिङको निधन

'हाइब्रिड धानका पिता' (Father of Hybrid rice) युआन लोङफिङ (Yuan Longping) को जेठ ८ गते (मे २२ तारिख) निधन भयो । उहाको जन्म सन् १९३० सेप्टेम्बर ७ मा भएको थियो ।

अन्तर्राष्ट्रिय समाजमा हाइब्रिड (वर्णशङ्कर) धान चीनको पाँचौं आविष्कार मानिन्छ । गत शताब्दीको ७० को दशकमा चीनको हाइब्रिड धानको उत्पादन मात्रा सामान्यभन्दा २० प्रतिशत बढी छ । प्रतिवर्ष बढेको खाद्यान्न ७ करोडभन्दा बढी जनतालाई खुवाउन पुगेको थियो । गत शताब्दीको ९० को दशकमा संयुक्त राष्ट्र सङ्घीय खाद्य तथा कृषि सङ्गठनले हाइब्रिड धानको प्रचारप्रसारलाई विकासोन्मुख मुलुकमा



देखिएको खाद्यान्न अभाव समस्याको समाधान गर्ने प्रथम रणनीतिक कदमको रूपमा लिँदै युआन लोङफिङलाई अन्तर्राष्ट्रिय प्रथम सल्लाहकारको रूपमा नियुक्त गरेको थियो । केही दशकमा युआनले ८० भन्दा बढी विकासोन्मुख मुलुकका लागि १४००० भन्दा बढी हाइब्रिड धान योग्य व्यक्ति प्रशिक्षित गर्नुभएको थियो ।




सन् २०१८ नेपालका ५ वटा प्रदेशमा ३०० हेक्टर चिनियाँ वर्णशङ्कर धान रोपिएर उत्पादन मात्रा ४० प्रतिशतदेखि १०० प्रतिशत वृद्धि भएको थियो । युआन ले अध्ययन गरेको वर्णशङ्कर धान अरू धानसँग अतुलनीय रहेको छ । यसले अविकसित मुलुकका जनतालाई कल्याण पुऱ्याएको छ ।

संयुक्त राष्ट्र सङ्घलगायत धेरै अन्तर्राष्ट्रिय संस्था, धेरै मुलुकका सरकार र विश्वव्यापी सञ्चार माध्यममा उहाँप्रति उच्च सम्मान गर्दै भावपूर्ण समवेदना प्रकट गरेका छन् । यी लेखहरूमा 'उहाँको धानले विश्वलाई खुवाउँछ । उहाँ एक जना वास्तविक खाद्य नायक हुनुहुन्छ, उहाँले एक अर्बभन्दा बढी जनताको खाद्य सुरक्षालाई साकार तुल्याउनुभयो ।'

त्यस्तै युआनलाई 'चीनको खाद्य सुरक्षाको प्रत्याभूत गर्ने वैज्ञानिक', 'युआनको वर्णशङ्कर धानले सारा विश्वका जनतालाई खुवाएको', 'युआन चीनका वैज्ञानिकमात्र नभई विश्वका वैज्ञानिक हुन्, युआनको योगदान विशाल भएर उनले अध्ययन गरेको वर्णशङ्कर धानले विश्वका अरू मुलुकको लागि महान् उपलब्धि पस्किएको छ ।'



आफ्ना राष्टपति सी चिनफिङ सँग युआन

यसले हाइब्रिड राइस प्रविधिले विश्वका लागि ठूलो योगदान सिर्जना गरेको प्रमाण दिइएको छ ।

विगत चालीस वर्षयता युआनले वर्णशङ्कर धान प्रविधिको तालिम कक्षा खोल्नुभयो, ८० भन्दा बढी विकासोन्मुख मुलुकका लागि १२ हजार जनाभन्दा बढी वर्णशङ्कर धान प्राविधिज्ञलाई तालिम दिनुभयो ।



'हाइब्रिड धानको विकास गर्दै विश्वका जनतामा फाइदा सिर्जना गर्नु' नै युआन लोङफिङको सपना हो । युआनको उपलब्धि नै चीनको उपायद्वारा अन्तर्राष्ट्रिय खाद्य अभावको समाधान गर्दै गरिबीको न्यूनीकरण कार्यको सफलता हो ।

चीनले विश्वको भोक समस्याको समाधान गर्नका लागि ठूलो योगदान दिएको छ । युआनको अभ्यासबाट चिनियाँले अन्नबालीको उत्पादनमा आत्मनिर्भर हुनुका साथै विश्वलाई चिनियाँ बुद्धि बाँडेको र विश्वका जनतालाई खाना समस्याको समाधान गर्न मद्दत दिएको कुरा प्रमाणित गरेको छ ।

# चीनबाट थप दस लाख खोप अनुदान सहयोग

चीनले अनुदानमा दिएकोमध्ये ८ लाख डोज खोप जेठ १८ गते काठमाडौं आइपुगेको छ । नेपाल एयरलाइन्सको विमानले ८ लाख डोज खोप त्रिभुवन विमानस्थलमा ल्याएको छ । बाँकी दुई लाख खोप तिब्बतले दिनेछ ।

यसअघि चीनले अनुदानमा दिएको ८ लाख डोज खोप नेपालमा ल्याई प्रयोगसमेत भइसकेको छ ।

राष्ट्रपति विद्यादेवी भण्डारी र चिनियाँ राष्ट्रपति सी चीनफिङबीच जेठ १२ गते भएको टेलिफोन वार्तामा राष्ट्रपति सीले थप १० लाख मात्रा कोभिड– १९ खोप अनुदानस्वरूप प्रदान गर्ने घोषणा गर्नुभएको हो ।

त्यस अवसरमा राष्ट्रपतिद्वयबीच नेपाल र चीनबीचको समग्र सम्बन्धसहित कोभिड–१९ सम्बन्धी सहायताबारे छलफल एवं विचार आदानप्रदान भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । कोभिड–१९ विरुद्धको नेपालको लडाइँमा जीवन रक्षक औषधि, चिकित्सा उपकरण र स्वास्थ्य सामग्री प्रदान गरेर नेपाललाई निरन्तर सहयोग गरेकामा राष्ट्रपति भण्डारीले चीन सरकारप्रति कृतज्ञता ज्ञापन गर्नुभयो ।

कोभिड–१९विरुद्धको खोप संसारभर सबैका लागि सार्वजनिक वस्तु हुनुपर्ने राष्ट्रपति सीको अभिव्यक्तिको प्रशंसा गर्दै राष्ट्रपति भण्डारीले यसअघि पनि चीनले नेपाललाई आठ लाख मात्रा खोप उपलब्ध गराएकामा आभार व्यक्त गर्नुभयो । नेपाललाई चीनबाट कोभिड–१९ विरुद्धको खोप खरीदमा सहजीकरणका निम्ति पनि उहाँले आग्रह गर्नुभयो ।

दोस्रो लहरको महामारीका कारण नेपालले सामना गर्नुपरेको कठिन परिस्थितिलाई स्वीकार गर्दै राष्ट्रपति सीले कोभिड–१९ विरुद्धको नेपालको लडाइँमा चीन सरकारको पूर्ण सहयोग रहने बताउनुभयो । उहाँले खोप सहायतामा चीनले नेपाललाई उच्च प्राथमिकतामा राख्ने आश्वासन पनि दिनुभएको मन्त्रालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

अहिलेको कठिन परिस्थितिमा थप खोप सहायता उपलब्ध गराउने चिनियाँ राष्ट्रपतिको नयाँ घोषणाका निम्ति उहाँप्रति आभार व्यक्त गर्दै राष्ट्रपति भण्डारीले कोरोनाविरुद्ध लडिरहँदा चिनियाँ सहयोग जारी रहने विश्वास व्यक्त गर्नुभयो ।

**पाठकपत्र**

# ‘फसि देग:को पाली’



